# नेपाल उद्योग वाणिज्य महासंघको
# वार्षिक प्रतिवेदन
# २०८२

# कार्यकारी सारांश

२०८० वैशाख ३ गते अध्यक्ष चन्द्र प्रसाद ढकालले कार्यभार सम्हालेको नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको पहिलो बैठकमा उहाँले यस कार्यकालका लागि पाँच प्राथमिकताहरू सार्वजनिक गर्नुभयो । यी प्राथमिकताहरूले त्यो समयको आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्दै नेपालको आर्थिक विकासलाई अगाडि बढाउने लक्ष्य राख्नु भएको थियो ।

**महासंघको पाँच प्रमुख प्राथमिकताहरू**

१. आर्थिक संकट समाधान – तरलता अभाव र मन्दीविरूद्ध सरकारसँग समन्वय गर्दै नीतिगत सुधारका लागि दबाब दिने ।

२. लगानी वातावरण सुधार – स्वदेशी र विदेशी दुवै लगानीकर्ताका लागि नीतिगत सरलीकरण, प्रशासनिक सहजीकरण र सुरक्षाको प्रत्याभूति ।

३. सार्वजनिक-निजी साझेदारी (PPP) सुदृढीकरण – पूर्वाधार र सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका विस्तार ।

४. दक्ष जनशक्ति र रोजगारी – शैक्षिक तथा व्यावसायिक तालिममार्फत् देशभित्रै दक्ष जनशक्ति तयार गरी बेरोजगारी घटाउने ।

५. नीति निर्माण र निर्णय प्रक्रियामा निजी क्षेत्रको सहभागिता ।

यी प्राथमिकताहरूले महासंघको वर्तमान कार्यकालको स्पष्ट दृष्टिकोण र कार्यदिशालाई प्रतिबिम्बित गर्दछन् । नेपालको दिगो आर्थिक वृद्धि, समृद्धि र स्थायित्वको लागि महासंघले निर्णायक र प्रभावकारी भूमिका निर्वाह गर्ने दृढ अपेक्षा रहेको थियो ।

महासंघको गतिविधिलाई निजी क्षेत्रको पैरवी, आर्थिक सुधारको नेतृत्व, लगानी सम्मेलन एवं प्रवर्द्धन, लगानी सम्बद्ध नीतिगत सुधार, महासंघको विधान संशोधन, उद्योग वाणिज्य प्रवर्द्धनका कार्यक्रमहरू, सचिवाय सुधार, संस्थागत सामाजिक उत्तरदायित्वमा महासंघ लगायतका विषयमा केन्द्रित गरिएको छ ।

# निजी क्षेत्रको पैरवी

## निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने विधेयक सम्बन्धमा :

राष्ट्रिय सभाबाट मिति २०७९ चैत्रमा पारित भई प्रतिनिधि सभामा आएको भ्रष्टाचार निवारण ऐन संशोधन सम्बन्धी विधेयकमा निजी क्षेत्रलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने विधेयकले निजी क्षेत्रलाई दूरगामी असर पार्न सक्ने र लगानीलाई समेत प्रभावित गर्न सक्ने भएकाले यसलाई रोक्न तत्काल पहल गरियो ।

**यस क्रममा महासंघले निम्न कार्यहरू गरेको थियो :**

- महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको नेतृत्वको प्रतिनिधिमण्डलले तत्कालिन संसदको सबैभन्दा ठूलो दलका मुख्य सचेतकसँग छलफल गरी विधेयकको नकारात्मक असरबारे जानकारी गराइएको ।
- कांग्रेस संसदीय दलद्वारा निजी क्षेत्रसँग छलफल : निजी क्षेत्रका सरोकारहरू बुझ्न र उनीहरूको राय लिन यो छलफल गरिएको ।

- प्रमुख राजनीतिक दलका नेताहरू र तत्कालीन प्रधानमन्त्रीसँग भेटघाट र बारम्बार छलफल : विधेयकका प्रावधानले पार्ने सम्भावित नकारात्मक असरबारे उच्च राजनीतिक नेतृत्वलाई जानकारी गराइएको ।

यसरी यस विषयलाई तार्किक निश्कर्षमा पुर्‍याउन २०८१ भदौ २ गते महासंघले संघीय संसदका सदस्यहरूसँग "**दीगो आर्थिक विकासका लागि नीतिगत सुधार**" विषयक अन्तरक्रिया आयोजना गरेको थियो । यो कार्यक्रममा दुवै सदनका करिब १७५ सांसदको उपस्थिति रहेको थियो । यस अन्तरक्रियामा विशेषगरी निम्न विधेयकहरूमा छलफल भयोः

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग विधेयक
- निजी क्षेत्रसँग सम्बन्धित संसदमा विचाराधीन विधेयकहरू जस्तैः
- बाफिया (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन)
- विद्युत ऐन
- राष्ट्रिय मर्यादा सम्बन्धी ऐन
- भन्सार ऐन
- विद्यालय शिक्षा ऐन
- लगायतका १२ भन्दा बढी विधेयकहरू

यस कार्यक्रमबाट निजी क्षेत्रले आफ्ना सरोकारहरू र संशोधन प्रस्तावहरू प्रत्यक्ष रूपमा सांसदहरू समक्ष प्रस्तुत गरिएको थियो ।



## अख्तियारको दायराबाट निजी क्षेत्रलाई हटाउन पाएको सफलता सम्बन्धमा :

महासंघले अख्तियार दुरूपयोग अनुसन्धान ऐन लगायतका विधेयकमा संशोधन प्रस्तावसहित राज्य व्यवस्था समितिमा लिखित माग पेस गरेको थियो । यसै सन्दर्भमा, २०८१ भदौ ५ गते राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा विस्तृत छलफल भयो ।

यी सबै प्रयासहरूको परिणाम स्वरूप, २०८१ माघ ६ गते प्रतिनिधि सभाले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित गर्‍यो, जसमा निजी क्षेत्रलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा ल्याउने विवादास्पद प्रावधान हटाइयो ।

त्यस्तै, अख्तियार अनुसन्धान विधेयकमा समेत उक्त प्रावधान हटाउन संसदीय उपसमितिले सर्वसम्मत सहमति जुटाएको अवस्था छ । यसले मुलुकभित्र नीतिगत सुधार गरी लगानी प्रवर्द्धन गर्न महासंघको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट पार्छ । यो सफलताले कानुन निर्माण प्रक्रियामा निजी क्षेत्रको सक्रिय सहभागिता र लबिङको प्रभावकारितालाई उजागर गरेको छ ।

यो कदमले नेपालमा लगानीको वातावरण सुधार गर्न र निजी क्षेत्रको मनोबल बढाउन थप मद्दत पुर्‍याउने अपेक्षा गर्न सकिन्छ ।

## “The State of Private Sector” अध्ययन प्रतिवेदन




विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (IFC) सँगको सहकार्यमा तयार पारिएको "The State of Private Sector" नामक अध्ययन प्रतिवेदन २०८० जेठ ४ महिनामा सार्वजनिक गरियो । उक्त प्रतिवेदनले पहिलोपटक नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदानलाई तथ्याङ्कसहित प्रस्तुत गर्यो । प्रतिवेदनअनुसार निजी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारी सिर्जनामा ८६ प्रतिशत योगदान पुर्याएको छ । यो प्रतिवेदन हाल नीति निर्माण तथा सार्वजनिक बहसमा व्यापक रूपमा सन्दर्भ सामग्रीको रूपमा उपयोग हुँदै आएको छ ।

## डेडिकेटेड र ट्रंकलाइन विवाद सम्बन्धमा :

नेपालमा डेडिकेटेड र ट्रंकलाइनको विषयमा लामो समयदेखि चलिरहेको विवाद २०८० सालमा फेरि चर्कियो । नेपाल विद्युत प्राधिकरणले सम्बन्धित उद्योगहरूको लाइन काट्ने चेतावनी दिएपछि २०८० भदौ २५ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर तत्कालका लागि लाइन काट्न रोक्यो ।

यद्यपि, यो विवाद केही महिनापछि फेरि चर्कियो र प्राधिकरणले ती उद्योगहरूको विद्युत लाइन काट्यो । यस समस्याको दीर्घकालीन समाधानका लागि महासंघ निरन्तर लागिरह्यो ।

## नेपाल विद्युत प्राधिकरण र व्यवसायी बीचको समस्या समाधान गर्न अर्ध न्यायिक आयोगको गठन

२०८० पुस ९ गते महासंघले एक प्रेस विज्ञप्ति जारी गर्दै यस समस्याको दीर्घकालीन समाधानका लागि उच्चस्तरीय न्यायिक आयोग गठनको माग गर्यो । यसको परिणामस्वरूप, २०८० पुस २४ गते सर्वोच्च अदालतका पूर्वन्यायधीश गिरिशचन्द्र लालको अध्यक्षतामा एक आयोग गठन भयो । आयोगले आफ्नो प्रतिवेदन पनि सरकारलाई बुझायो । आयोगको प्रतिवेदन सार्वजनिक भएपछि त्यसको कार्यान्वयनले विवादको दीर्घकालिन समाधानको बाटो खोल्ने आश गरिएको थियो ।


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

तर २०८२ कार्तिकको पहिलो साता फेरी विवाद चर्किएसंगै महासंघले सम्माननीय प्रधानमन्त्री सुशीला कार्की, अर्थ मन्त्री रामेश्वर खनाल, तत्कालिन उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री कुलमान घिसिङ, तत्कालीन मुख्य सचिव एकनारायण अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव एवं महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल समेतको उपस्थितिमा मिति २०८२ कार्तिक १७ गते भएको उच्चस्तरीय बैठकको छलफलमा डेडिकेटेड

फिडर र टंकलाइनको शुल्क सम्बन्धि विवादको महासंघले मध्यमार्गी प्रस्ताव अघि सारेको थियो । प्रस्तावमा उद्योगीहरूले नेपाल विद्युत प्राधिकरणले तोकेको २८ किस्ताको भुक्तानी सुविधालाई स्वीकार गरी, उद्योगीहरूले विवादित रकमको पहिलो किस्ता बराबरको रकमलाई धरौटी बुझाउने र धरौटी रकम बुझाए लगत्तै प्राधिकरणले काटिएका उद्योगहरूको विद्युत लाइन तुरुन्तै जडान गर्नुपर्ने सहमति भएको र सहमति बमोजिम लाइन काटिएका उद्योगहरूको लाइन जडान भएको अवस्था छ । सो सहमतिमा उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरू पुनरावलोकनमा जाने संगै अन्य कानुनी उपचार पनि खोज्न सकिने रहेको छ ।

तत्पश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उच्चस्तरीय वैठकमा भएको छलफलको आधारमा डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल भुक्तानीलाई सरलीकरण गर्ने तथा पुनरावलोकन सुन्ने व्यवस्था मिलाउन भनी उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई मिति २०८२ कार्तिक २१ गते पत्र प्रेषित गरी निर्देशन दिएको थियो ।

### महासंघको विधानको सातौँ संशोधन लागू :



नेपाल उद्योग वाणिज्य महासंघको विधान संशोधन महासंघको संस्थागत सुधार र सवलीकरणमा एउटा महत्वपूर्ण कोशेढुंगा हो । यो संशोधनको जिम्मेवारी महासंघको २०८० चैत्र २८ र २९ गते सम्पन्न ५८औं वार्षिक साधारणसभाले महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको संयोजकत्वमा पदाधिकारीहरूलाई दिएको थियो ।

पूर्व अध्यक्षहरू, पदाधिकारी समिति र स्थायी समितिमा व्यापक छलफलपछि, २०८१ असार २४ गतेको कार्यकारिणी समिति बैठकले दफावार छलफल गरी मस्यौदालाई सर्वसम्मत रूपमा अनुमोदन गरेको थियो र त्यसपछि सदस्यहरूलाई पठाइएको थियो ।

विधानको सातौँ संशोधन त्यसपछि २०८१ मंसिर २५ गते आयोजित विशेष साधारण सभाले सर्वसम्मत रूपमा पारित गऱ्यो । नेपाल सरकारले महासंघको विशेष साधारण सभाबाट पारित भएको विधानलाई २०८१ फाल्गुन ५ गते औपचारिक रूपमा स्वीकृति प्रदान गऱ्यो । यस स्वीकृतिसँगै, नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (सातौँ संशोधन) सोही मितिदेखि लागू भएको छ ।

## आर्थिक सुधारको नेतृत्व

### आर्थिक सुधारका लागि महासंघको पहल र उच्चस्तरीय आयोगको गठन :

२०८० असार २५ गते बाग्लुङको ढोरपाटनमा सम्पन्न तेस्रो कार्यकारिणी समितिको बैठकमा महासंघले आर्थिक सुधारका लागि दबाबमूलक कार्यक्रम आयोजना गर्ने र राष्ट्रिय बहस चलाउने निर्णय गऱ्यो । बजारमा लगानी र माग संकुचित भई निजी क्षेत्र र सर्वसाधारणको मनोबल घटेको अवस्थालाई मध्यनजर गर्दै महासंघले तत्कालीन प्रधानमन्त्री र अर्थमन्त्रीसँग भेट गरी समस्या समाधानका लागि पहल पनि गरिरह्यो ।

अर्थतन्त्र चलायमान बनाउने उपाय, अर्थतन्त्रसम्बद्ध विभिन्न क्षेत्रबीच समन्वयको अभाव, निजी क्षेत्रको नीति निर्माण तहमा सीमित पहुँच र दीगो आर्थिक विकासका लागि संरचनात्मक सुधारको आवश्यकता महसुस गर्दै महासंघले निजी क्षेत्रको संलग्नतामा उच्चस्तरीय आयोगको गठनको माग गऱ्यो । यसै क्रममा २०८० असोज २५ गते काठमाडौंमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यमा **"सुधारका लागि सहकार्य"** विषयक राष्ट्रिय आर्थिक बहस कार्यक्रम आयोजना गरियो ।




कार्यक्रममा प्रमुख अतिथि तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले अर्थतन्त्र माथि परेको दवावलाई समाधान गर्न बोल्ड डिसिजन आवश्यक रहेको, सरकारी कार्यक्रम बनाउने नीति, प्रकृया र विधि बजेट निर्माणको प्रकेया र विधिमा गम्भिर आत्मसमिक्षा गरिने वताउनुभयो । महासंघका अध्यक्ष ढकालले राखेको प्रस्ताव अनुरूप नै समस्या समाधानका लागि सर्वपक्षीय छलफल आयोजना गर्ने र सुधारका लागि उच्चस्तरिय संयन्त्र निर्माण गर्ने आश्वासन उहाँले दिनुभयो । कतै न कतै समस्या रहेको स्वीकार गर्दै उहाँले निजी क्षेत्रको सुझाव अनुसार तत्कालिन आर्थिक सुधारको लागि एक उच्च स्तरीर्य संयन्त्र गठन गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

महासंघले यो आयोगको टर्म अफ रिफरेन्स (ToR) को मस्यौदा तत्कालीन मुख्य सचिव, अर्थमन्त्री र प्रधानमन्त्रीलाई बुझाएको थियो ।

## सर्वपक्षीय छलफल आयोजना



नेपाल उद्योग वाणिज्य महासंघले मिति २०८० असोज २५ गते आयोजना गरेको राष्ट्रिय आर्थिक बहस कार्यक्रममा जनाइएको प्रतिवद्धता अनुरूप तत्कालिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले निजी क्षेत्र सहित सर्वदलीय र सर्वपक्षीय छलफल आयोजना गर्नुभयो । छलफलमा तत्कालिन सम्माननीय प्रधानमन्त्री दाहालले महासंघको आग्रह समेतलाई ध्यानमा राखी छलफल आयोजना गरिएको जानकारी गराउनुभयो ।

## आयोगको गठन र निजी क्षेत्रको सहभागिता

अर्थमन्त्रीको सय दिने कार्यक्रममा सरकारले पूर्व अर्थ सचिव रामेश्वर खनालको अध्यक्षतामा ५ सदस्यीय आयोग गठन गऱ्यो । महासंघको पहलमा बनेको आयोगमा निजी क्षेत्रलाई समेटिएन । त्यसको लागि महासंघको पैरवीका कारण २०८१ मंसिर ६ गतेको मन्त्रिपरिषद बैठकले महासंघका अध्यक्ष, नेपाल उद्योग परिसंघका अध्यक्ष र नेपाल चेम्बर अफ कमर्शका अध्यक्षलाई पनि सो उच्चस्तरीय आयोगको सदस्यमा समावेश गऱ्यो । यो निजी क्षेत्रको संलग्नताको लागि महत्वपूर्ण कदम थियो ।



## आयोगको प्रतिवेदन र निष्कर्ष



२०८१ चैत्र २९ गते आयोगका संयोजक रामेश्वर खनालले तत्कालिन उपप्रधानमन्त्री एवं अर्थमन्त्रीलाई अन्तिम प्रतिवेदन हस्तान्तरण गरेको थियो । प्रतिवेदनले आर्थिक वर्ष २०७८/७९ देखि हालसम्मको आर्थिक अवस्थाको समग्र विश्लेषण गर्दै मुलुकको आर्थिक सुस्तता अन्त्य गर्न माग र आपूर्ति दुवै पक्षमा सुधारको खाँचो रहेको निष्कर्ष निकालेको छ ।

आयोगको प्रतिवेदन अनुसार, तत्कालका समस्या समाधान गर्न माग-पक्षीय नीतिहरू मात्र पर्याप्त छैनन् । सम्मानजनक आर्थिक वृद्धि हासिल गर्न आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरी लगानीयोग्य वातावरण बनाउन र उत्पादनको लागत घटाउनुपर्नेमा जोड दिइएको छ । साथै, सार्वजनिक निकायहरूको संस्थागत क्षमता र विश्वसनीयतामा सुधार नल्याई क्षेत्रगत आर्थिक नीतिहरूले काम गर्न नसक्ने भएकाले यसमा सुधारका लागि सुझाव दिइएको छ ।

प्रतिवेदन बुझ्दै तत्कालिन तत्कालिन उपप्रधान एवं अर्थमन्त्रीले आयोगको प्रतिवेदनलाई गम्भीरतापूर्वक अध्ययन गरी चरणबद्ध ढंगले कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाए ।

## प्रतिवेदन कार्यान्वयन सम्बन्धमा

हालै माननीय अर्थमन्त्री रामेश्वर खनालले जो स्वयं आयोगका अध्यक्ष हुनुहुन्थ्यो उहाँले राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको मिति २०८२ कार्तिक २५ गतेको बैठकमा आयोगका सुझावहरू क्रमशः कार्यान्वयन गर्न थालिएको बताउनुभएको थियो ।

# लगानी प्रवर्द्धन एवं लगानी सम्मेलन

## लगानी कम्पनी स्थापना

ढोरपाटनमा सम्पन्न महासंघको तेश्रो कार्यकारिणी समितिको बैठकले देशभरिको साना लगानीलाई विभिन्न उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने उद्देश्यले निजी क्षेत्रका संस्थाहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शको सहभागिता रहने गरी "नेपालमा केही हुदैन र नेपालको पूंजीबाट केही गर्न सकिदैन" भन्ने भनाईलाई लक्षित गर्दै लगानी कम्पनी स्थापना गर्ने निर्णय गर्यो । महासंघ उक्त कम्पनीको प्रत्यक्ष सञ्चालकको भूमिकामा नरही प्रवर्द्धकको रूपमा रहने व्यवस्था गरिएको छ । कम्पनीको छुट्टै सञ्चालक समिति रहने र महासंघका सदस्य संघसंस्थाहरूका साथै गैरसदस्यहरू समेत लगानीकर्ताको रूपमा सहभागी हुन पाउने संरचना तयार गरिएको थियो ।

१० अर्ब रूपैयाँसम्म पुँजी रहने यस कम्पनीले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्नुका साथै स्थानीय पुँजी परिचालन गरी ठूला आयोजना सञ्चालन गर्न सकिने सन्देश दिने अपेक्षा राखिएको थियो ।

## स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन : महासंघको विशेष पहल

नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) मा जम्मा ०.२ प्रतिशत मात्र विदेशी लगानी रहेको तथ्याङ्कले नेपालमा वैदेशिक लगानीको हिस्सा निकै न्यून रहेको देखाएको थियो । यसैगरी स्वदेशी लगानी पनि निरन्तर निरूत्साहित हुँदै गएको अवस्थामा महासंघले स्वदेशी तथा विदेशी लगानी विस्तारका लागि विशेष पहल गर्‍यो ।

लगानी आकर्षित गर्ने उद्देश्यले महासंघले वि.सं. २०८०/२०८१ मा विभिन्न देशमा चारवटा वृहद् अन्तर्राष्ट्रिय व्यापार सम्मेलन आयोजना गर्यो । यसमा चीनमा आयोजित दुई नेपाल-चीन बिजनेस समिट, भारतमा आयोजित नेपाल-भारत समिट र दुबईमा आयोजित नेपाल-दुबई बिजनेस फोरम रहेका छन् । त्यस समयमा महासंघले नेपालको लगानी वातावरण र व्यावसायिक अवसरहरूको अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने उद्देश्यले चारवटा वृहद् अन्तर्राष्ट्रिय व्यापार सम्मेलन सफलतापूर्वक सम्पन्न गर्यो ।

## १. नेपाल-भारत बिजनेस समिट (नयाँ दिल्ली, भारत)

२०८० जेठ १८ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल विशिष्ट अतिथि रहेको यो समिटमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीमैत्री नीति, नियम तथा कानुनी सुधारमा भइरहेका प्रयासहरूले नेपालमा लगानी गर्ने उपयुक्त समय रहेको बताउनुभयो ।




## २. नेपाल-चीन बिजनेस समिट (बेइजिङ, चीन) – पहिलो संस्करण






२०८० असोज ७ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यमा नेपाल उद्योग वाणिज्य महासंघ र चाइना काउन्सिल फर प्रमोशन अफ इन्टरनेशनल ट्रेड (CCPIT) को संयुक्त आयोजनामा बेइजिङमा यो शिखर सम्मेलन सम्पन्न भयो । समिटमा करिब १२० चिनियाँ कम्पनीका प्रतिनिधि र नेपालबाट करिब ५० उद्योगी व्यवसायीको सहभागिता रहेको थियो ।

## ३. नेपाल-दुबई बिजनेस फोरम (दुबई)

२०८० मंसिर १४ गते महासंघले दुबई चेम्बर्ससँगको सह-आयोजनामा दुबईमा नेपाल-दुबई बिजनेस फोरम सफलतापूर्वक सम्पन्न गर्यो । COP २८ को समयमा विश्वभरको ध्यान दुबईमा केन्द्रित रहेको चुनौतीपूर्ण परिस्थितिमा संसारका धेरै मुलुकहरूको सहभागिता रहेको बेलामा आयोजित यो फोरममा तत्कालीन प्रधानमन्त्री दाहालको उपस्थितिमा करिब १७० नेपाली तथा दुबईका उद्योगी व्यवसायीको सहभागिता रहेको थियो ।



४. <u>नेपाल-चीन बिजनेस समिट (बेइजिङ, चीन) – दोस्रो संस्करण</u>




सन् २०२४ डिसेम्बर ४ मा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्य र चीनका वाणिज्य उपमन्त्री लियांगको विशेष उपस्थितिमा दोस्रो नेपाल-चीन बिजनेस समिट सम्पन्न भयो। यस समिटमा भैरहवा र पोखरा विमानस्थलमा चीनबाट सिधा उडानको माग, अन्तर्राष्ट्रिय व्यापार पूर्वाधार निर्माण लगायतका विषय उठाइए। दुवै समिटमा गरी करिब १५० चिनियाँ उद्यमी व्यवसायीको सहभागिता रहेको थियो।



**<u>विशेष उपलब्धि:</u>**

यी सम्मेलनहरूमा महासंघका अध्यक्ष ढकालले नेपालको पहिलोपटकको क्रेडिट रेटिङ, लगानी सम्बन्धी आठवटा कानुन संशोधन र महासंघमा स्थापित विदेशी लगानी सहायता कक्ष (FDI Help Desk) बारे अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई जानकारी गराउँदै नेपालमा लगानीको अनुकूल वातावरण तयार भएको सन्देश दिनु भएको थियो।

## एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (CACCI) को ३७ औं सम्मेलन आयोजना




२०८० कार्तिक २० र २१ गते काठमाडौंमा एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (CACCI) को ३७ औं सम्मेलन आयोजना गरियो। यो सम्मेलन सुरुमा क्याम्बोडियामा हुने तय भएको थियो, तर क्याम्बोडियाले असमर्थता जनाएपछि नेपालले यसको जिम्मेवारी लिएको थियो। सम्मेलनको समुद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुभयो र मुख्य विषयवस्तु “Chambers of Commerce Helping Business Get Set for the Future” रहेको थियो। एशिया-प्रशान्त क्षेत्रका ६० भन्दा बढी व्यावसायिक नेताहरूसहित करिब २०० उद्यमी, व्यवसायी र सरकारी प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

यस सम्मेलनले नेपाललाई एशिया-प्रशान्त क्षेत्रमा आफ्नो उपस्थितिलाई अझ सुदृढ गर्ने, लगानी आकर्षित गर्ने र क्षेत्रीय व्यापार तथा आर्थिक सहकार्यका लागि नयाँ सम्भावनाहरू खोल्ने महत्वपूर्ण अवसर प्रदान गर्‍यो।

## लगानी सम्बन्धी कानून सुधारमा महासंघको भूमिका :




महासंघले मुलुक बाहिर आयोजना गरिएको लगानी सम्मेलनहरूमा सहभागिता पश्चात नेपालमा विदेशी लगानी आकर्षित गर्न, आर्थिक वृद्धि हासिल गर्न, रोजगारी सिर्जना गर्न र देशलाई समृद्ध बनाउन लगानी सम्बन्धी कानून सुधार आवश्यक भएको र कानून सुधार विना लगानीकर्ताहरूलाई नेपालमा आकर्षित गर्न असंभव प्रायः हुने भएकोले महासंघको निरन्तर आग्रह र पहल पश्चात निजी क्षेत्रको संलग्नतामा सरकारले कानून सुधार सुझाव कार्यदल गठन गरेको थियो ।

कार्यदलले दिएको सुझाव बमोजिम, लगानी सम्मेलनअगावै निजी क्षेत्रको मागअनुसार लगानी प्रवर्द्धनका लागि विभिन्न आठ कानुनहमा सुधार भएको छ । ती आठ कानूनहरूमा :

१. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ (Foreign Investment and Technology Transfer Act, 2019)
२. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (Special Economic Zone Act, २०१६)
३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (National Parks and Wildlife Conservation Act, १९७३)
४. भूमिसम्बन्धी ऐन, २०२१ (Land Act, १९६४)
५. वन ऐन, २०७६ (Forest Act, २०१९)
६. वातावरण संरक्षण ऐन, २०७६ (Environment Protection Act, २०१९)
७. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ (Public Private Partnership and Investment Act, २०१९)
८. भूमि प्राप्ति ऐन, २०३४ (Land Acquisition Act, १९७७)

यी कानुनहरूमा गरिएका सुधारहरूले नेपालमा लगानीको वातावरणलाई थप सहज, स्पष्ट र आकर्षक बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । खासगरी, यसले विदेशी लगानीकर्ताहरूका लागि नियामक प्रक्रियाहरूलाई सरल बनाउने, जग्गा प्राप्तिका कठिनाइहरूलाई सम्बोधन गर्ने र विभिन्न क्षेत्रमा लगानीका अवसरहरूलाई अझ स्पष्ट पार्ने लक्ष्य राखेको छ ।

## महासंघको पहलमा द्विपक्षीय लगानी सम्झौताको खाका तयार

महासंघको अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरूमा निरन्तर संलग्नता र सम्बन्धित निकायमा अथक पैरवीपश्चात मन्त्रिपरिषद्ले द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement – BIA) को खाका (Framework) तयार भएको, केही मुलुकहरूसँग सम्झौताका लागि छलफल अगाडि बढेको साथै यस प्रक्रियाको लागि महासंघले सक्रिय सहजीकरणको भूमिका निर्वाह गर्‍यो ।

द्विपक्षीय लगानी सम्झौताले विदेशी लगानीकर्ताहरूलाई लगानीको कानुनी सुरक्षा, विवाद समाधानको संयन्त्र, लगानी फिर्ताको सुनिश्चितता र गैर-भेदभावपूर्ण व्यवहारको प्रत्याभूति प्रदान गर्दछ । यस उपलब्धिले नेपालमा विदेशी लगानी आकर्षण, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

## नेपालको आर्थिक सुधारका लागि ३०+ कानुनमा एकमुष्ट संशोधन

बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र शासन संरचनामा आएको परिवर्तनका बाबजुद पुराना कानुन, कमजोर सेवा प्रवाह र सुशासनको कमीका कारण देशको आर्थिक विकास अपेक्षित गतिमा अघि बढ्न सकेको थिएन । यस अवस्थालाई सुधार गर्न नेपाल उद्योग वाणिज्य महासंघले लामो समयदेखि व्यापक नीतिगत सुधारको आवश्यकता औंल्याउँदै आएको थियो ।

यसै सन्दर्भमा सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार, लगानी प्रवर्द्धन, सार्वजनिक सेवा सुदृढीकरण तथा निजीकरणसम्बन्धी विषय समेट्दै अध्यादेशमार्फत ३० भन्दा बढी कानुनमा एकैपटक संशोधन गरेको थियो । महासंघले यस कदमलाई अर्थतन्त्रलाई गतिशील र लगानीमैत्री बनाउने सकारात्मक पहलका रूपमा लियो ।

महासंघले संशोधित कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली र कार्यविधि समयमै तयार गरी शीघ्र लागू गर्न सरकारलाई आग्रह गरेको थियो । यी सुधारहरूले नेपालमा लगानी र व्यवसायका लागि अझ सहज र विश्वसनीय वातावरण सिर्जना गर्दै आर्थिक विकासलाई थप गति दिने विश्वास व्यक्त गरिएको छ ।

## सचिवालय सुधार :

नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो आन्तरिक सञ्चालन र सदस्यहरूलाई दिइने सेवाहरूलाई अझ प्रभावकारी बनाउन विभिन्न महत्वपूर्ण सुधारका कदमहरू चालेको छ ।

महासंघले आफ्नो दैनिक कार्य सञ्चालनलाई चुस्त र पारदर्शी बनाउन सचिवालयमा विशेष पहल गरेको छः

**बिजनेस इन्टेलिजेन्स सिस्टम सफ्टवेयर जडानः** प्रमाणमा आधारित निर्णय लिन र सुझावहरू दिनका लागि अनुसन्धान र विकासका लागि यो सफ्टवेयर जडान गरिएको छ । यसले महासंघको नीति निर्माण र पैरवी कार्यलाई थप सशक्त बनाउन मद्दत पुर्याउनेछ ।

**अनलाइन लेखा र प्रशासन शाखाः** महासंघको दैनिक कार्यहरूलाई प्रभावकारी बनाउन लेखा र प्रशासन शाखाहरूलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गरिएको छ । यसले काममा पारदर्शिता, दक्षता र सहजीकरण ल्याएको छ ।

**कर छुटको प्रमाणपत्र प्राप्तिः** लेखा र अन्य गतिविधिमा गरिएको प्रभावकारी सुधारका कारण विगत आठ वर्षदेखि रोकिएको कर छुटको प्रमाणपत्र महासंघले प्राप्त गरेको छ। यसले संगठनको साख वृद्धि गरेको छ र यसबाट अन्य सदस्यहरूलाई पनि कर छुटको प्रमाणपत्र लिन सहज भएको छ ।



## सदस्य सेवा तथा क्षमता विकास

- नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल धितोपत्र बोर्ड बीचको सहकार्यमा नयाँ लगानीकर्ताहरूका लागि बजारको जोखिम र अवसर बुझ्न पुँजी बजार शिक्षा तथा जनचेतना सम्बन्धी तालिम कार्यक्रम सबै प्रदेशमा आयोजना गरिएको छ ।
- स्थानीय बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउन मेला तथा महोत्सव आयोजना गर्ने जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूलाई एक-एक लाख रूपैयाँका दरले आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम महासंघले सुरू गरेको छ ।
- महासंघले जिल्ला नगरस्तरीय उद्योग वाणिज्य संघहरूमा नयाँ कार्यकारिणी समिति आएपछि कार्यशाला तथा गोष्ठी आयोजना गरी संघको क्षमता वृद्धि गर्ने कार्य गर्दै आएको छ ।

## संस्थागत सामाजिक उत्तरदायित्व

- महासंघले संस्थागत सामाजिक उत्तरदायित्वलाई विशेष प्राथमिकता दिएको छ । जाजरकोट र रूकुम पश्चिममा गएको विनाशकारी भूकम्पका पीडितहरूलाई करिब २० लाख रूपैयाँ बराबरको राहत सामग्री उपलब्ध गराइयो ।
- टर्किमा गएको भूकम्पका पीडितहरूलाई पनि महासंघले सहयोग प्रदान गर्यो ।
- यसैगरी २०८१ असोजको बाढीबाट प्रभावित जिल्लाहरूलाई एक-एक लाख रूपैयाँका दरले सहयोग प्रदान गरेको थियो ।
- खेलकुदको क्षेत्रमा पनि महासंघले प्रोत्साहनमूलक भूमिका निर्वाह गर्दै प्यारालम्पिकमा रजत पदक विजेता पलेशा गोवर्द्धनलाई पाँच लाख रूपैयाँ बराबरको सम्मान तथा सहयोग राशि प्रदान गर्‍यो ।

# लगानी प्रवर्द्धन र आर्थिक सहकार्यका महत्वपूर्ण पहलहरू

## नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना




२०८१ वैशाख १२ गते काठमाडौंमा कतारका अमिर शेख तमीम बिन हमाद अल थानी र तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा नेपाल उद्योग वाणिज्य महासंघ र कतार चेम्बरबीच नेपाल-कतार संयुक्त वाणिज्य परिषद् स्थापना गर्ने सम्झौता सम्पन्न भयो । परिषद्को उद्देश्य व्यापार विस्तार, लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन तथा प्रविधि हस्तान्तरणमा निजी क्षेत्रबीच सहकार्य बढाउनु हो । यसले दुई देशबीचको आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

## नेपाल-मलेसिया व्यापार तथा लगानी सहकार्य



२०८१ वैशाख १६ र १७ आयोजना भएको तेस्रो लगानी सम्मेलनको अवसरमा वैशाख १६ गते महासंघ र नेसनल चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रिज, मलेसियाबीच समझदारीपत्रमा हस्ताक्षर भयो । यस सहमतिले व्यापार तथा लगानी विस्तार गर्दै दुवै देशका निजी क्षेत्रबीच दीर्घकालीन सहकार्यको आधार तयार गरेको छ ।

## बिमस्टेक बिजनेस समिट २०२४ मा महासंघको सहभागिता



कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्रिज र भारतीय विदेश मन्त्रालयको संयुक्त आयोजनामा सन् २०२४ को अगष्ट ६-७ मा नयाँदिल्लीमा सम्पन्न बिमस्टेक बिजनेस समिटमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले व्यापार सहजीकरण सम्बन्धी सत्रलाई सम्बोधन गर्दै क्षेत्रीय पूर्वाधार विकास कोष स्थापना गर्नुपर्ने, नेपालको

पूर्व-पश्चिम राजमार्गलाई छिमेकी मुलुकसँग जोड्नुपर्ने, सुख्खा बन्दरगाहको विकास गर्नुपर्ने तथा क्षेत्रीय हवाई सम्पर्क अभिवृद्धि गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले बिमस्टेक सदस्य राष्ट्रहरूको सामूहिक विकासबाट मात्र अन्तर्राष्ट्रिय मञ्चमा साझा आवाज बुलन्द हुने विचार पनि व्यक्त गर्नुभयो ।




यसै अवसरमा महासंघ संस्थापक सदस्य रहने गरी बिमस्टेक चेम्बर अफ कमर्स को गठन भयो । चेम्बरको सचिवालय नयाँदिल्लीस्थित भारतीय उद्योग परिसंघको कार्यालयमा राखिने र अध्यक्षता वर्णानुक्रम अनुसार गर्ने निर्णय भयो । यस चेम्बरले बिमस्टेक स्वतन्त्र व्यापार सम्झौताको कार्यान्वयनमा गति दिने अपेक्षा गरिएको छ ।

## बिमस्टेक विजनेश कन्क्लेभ




बिमस्टेक बिजनेस कन्क्लेभ २०२३ जुन १३-१५, २०२३ मा भारतको कोलकातामा सम्पन्न बिमस्टेक बिजनेस कन्क्लेभ २०२३ र नयाँदिल्लीमा आयोजित बिजनेस समिट २०२४ मा महासंघले क्षेत्रीय आर्थिक एकीकरण, पूर्वाधार विकास र नीतिगत सरलीकरणमा जोड दियो । बिमस्टेक बिजनेस फोरम गठनको प्रस्ताव राखिएको थियो, जसले सदस्य राष्ट्रबीच व्यापार र लगानी प्रवर्द्धनमा निजी क्षेत्रलाई संगठित गर्ने लक्ष्य राखेको छ ।

## BIMSTEC Summit २०२५ :

२०८१ चैत १९ देखि २३ गतेसम्म (सन् २०२५ अप्रिल १-५) तत्कालिन प्रधानमन्त्री के.पी.शर्मा ओलीको नेतृत्वमा नेपाली व्यवसायीहरूको प्रतिनिधिमण्डलले थाइल्याण्डको औपचारिक भ्रमण गर्दै छैठौं बिमस्टेक शिखर सम्मेलनमा सहभागिता जनाएको थियो ।

सम्मेलनका क्रममा नेपाल उद्योग वाणिज्य महासंघ र Thai Chamber of Commerce and Board of Trade बीच व्यापार तथा लगानी प्रवर्द्धनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भयो । उक्त समझदारीमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र थाई चेम्बरका अध्यक्ष सानन अंगुबोल्कुलले हस्ताक्षर गर्नुभएको थियो ।





समझदारीका मुख्य बुँदाहरूमा व्यापार र लगानी प्रवर्द्धन, औद्योगिक तथा व्यावसायिक सहकार्य विस्तार, व्यापार मेला र फोरममा सहभागिता, विवाद समाधान संयन्त्रको सुदृढीकरण, तथा प्राविधिक विशेषज्ञता र तालिमको आदानप्रदान समावेश छन् । यी प्रतिबद्धताले द्विपक्षीय आर्थिक सम्बन्धलाई अझ मजबुत र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

साथै, नेपाल-थाइल्याण्ड संयुक्त वाणिज्य परिषद् गठन गर्ने प्रस्तावमाथि पनि छलफल भएको छ । प्रस्तावित परिषद्ले व्यापार विस्तार, लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण र पर्यटन विकासमा केन्द्रित भई काम गर्ने लक्ष्य राखेको छ । यस पहलले दुई देशबीचको व्यापारिक र लगानी सम्बन्धलाई उल्लेखनीय रूपमा विस्तार गर्ने विश्वास लिइएको छ ।

## रोजगार, स्टार्टअप र उद्यम प्रवर्द्धन




महासंघले रोजगार मेला, 'स्टार्टअप नेसन २०३०' सम्मेलन तथा स्टार्टअप नीति २०८० सम्बन्धी संवाद आयोजना गर्दै युवालाई स्वदेशमै उद्यमशीलतामा जोड दिएको छ । सहुलियत कर्जा, उद्यम संवर्द्धन केन्द्र स्थापना र लगानी कोषमार्फत स्टार्टअपलाई प्रोत्साहन गरिएको छ ।

साथै, साना तथा मझौला उद्यम विकास केन्द्र स्थापना गरी सीप, तालिम, परामर्श र कानुनी सहयोग उपलब्ध गराउने पहल गरिएको छ, जसले उद्यमशील वातावरणलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ ।

## आर्थिक कूटनीति र द्विपक्षीय मञ्चहरू

नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ) को दोस्रो बैठक तथा नेपाल-भारत बिजनेस फोरम जस्ता पहलहरूले द्विपक्षीय व्यापार, ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधार क्षेत्रमा सहकार्य विस्तार गर्ने आधार तयार गरेका छन् ।






त्यसैगरी, आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन नवनियुक्त राजदूत र उच्च सरकारी पदाधिकारीहरूसँग संवाद कार्यक्रम आयोजना गरी निर्यात प्रवर्द्धन र वैदेशिक लगानी आकर्षणमा सहकार्य सुदृढ गरिएको छ ।

# विशेष कार्यक्रम तथा सम्मेलनहरू

## महासंघमा पहिलोपटक दक्षिण–अ एशिया एसडीजी सम्मेलन




मिति २०८० असोज २३-२५ गते नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघको सहकार्यमा सातौं दक्षिण तथा दक्षिण-पश्चिम एशिया उपक्षेत्रीय मञ्च सम्पन्न भयो । करिब १०० विज्ञ तथा प्रतिनिधिहरू सहभागी भएको यो कार्यक्रम महासंघमा पहिलोपटक आयोजना गरिएको हो । सम्मेलनमा दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न निजी क्षेत्रको भूमिकामाथि विशेष छलफल भयो । महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, जलवायु परिवर्तन न्यूनीकरण, लैङ्गिक समानता, पूर्वाधार विकास र आर्थिक वृद्धिमा निजी क्षेत्रको सक्रिय योगदान उल्लेख गर्दै सहकार्य र नवप्रवर्तनको आवश्यकता औंल्याउनुभयो ।

## रोजगार मेला आयोजना




मिति २०८० जेठ १६-१७ गते महासंघ सचिवालयमा रोजगार मेला आयोजना गरियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा सम्पन्न उक्त मेलाको उद्देश्य रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिलाई एकै स्थानमा ल्याई रोजगारीका अवसर विस्तार गर्नु थियो ।

यो पहलले बेरोजगारी न्यूनीकरण, श्रम बजारमा सूचना आदानप्रदान तथा आर्थिक गतिविधि विस्तारमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## राष्ट्रिय महिला उद्यमी सम्मेलन–२०८०



२०८० फागुन ४-५ गते भैरहवामा 'महिलाको लगानी, घर-घरमा उद्यमी' नारासहित राष्ट्रिय महिला उद्यमी सम्मेलन सम्पन्न भयो । संघीय राजधानी बाहिर पहिलोपटक आयोजित यस सम्मेलनमा देशभरबाट ३५० महिला उद्यमी सहभागी भए ।

सम्मेलनमा महिला उद्यमशीलता नीति, वित्तीय पहुँच, बजार पहुँच, प्रविधि, पुँजी र दक्ष जनशक्ति जस्ता विषयमा गहन छलफल भयो । यसले महिला सशक्तिकरण र लघु तथा साना उद्योग प्रवर्द्धनमा महत्वपूर्ण आधार तयार गरेको छ ।

## श्रम समस्या समाधानका लागि संयुक्त फोरम



महासंघ र ट्रेड युनियनहरूबीच २०८१ मंसिर १३ गते श्रमसम्बन्धी समस्या समाधानका लागि संयुक्त फोरम स्थापना गर्ने सहमति भयो । रोजगारदाता-श्रमिक सम्बन्ध सुदृढ गर्दै सामाजिक सुरक्षा र न्यूनतम पारिश्रमिक जस्ता विषयमा सहकार्य गर्ने निर्णय गरिएको छ ।

## स्तरोन्नतिपछिका चुनौतीमाथि 'इनोभेसन डायलग'




नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुने सन्दर्भमा २०८१ मंसिर ३ गते 'एफएनसीसीआई इनोभेसन डायलग' आयोजना गरियो । कार्यक्रममा स्तरोन्नतिपछिका व्यापार, निर्यात, प्रतिस्पर्धा र साना उद्यममा पर्ने प्रभावबारे तीन सत्रमा छलफल भयो ।

सरकार र निजी क्षेत्रबीच रणनीतिक सहकार्य आवश्यक रहेकोमा जोड दिइयो ।

## विकासका लागि वित्त संवाद

२०८१ भाद्र ३ गते अर्थ मन्त्रालय, संयुक्त राष्ट्र संघ र महासंघको संयुक्त आयोजनामा 'विकासका लागि वित्त संवाद' सम्पन्न भयो । कार्यक्रममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा आवश्यक वित्तीय स्रोत परिचालन, निजी लगानी विस्तार र वैदेशिक लगानी आकर्षणबारे छलफल भयो ।

कार्यक्रमले नेपालको स्तरोन्नतिपछिका चुनौतीहरूको सामना गर्न वित्तीय रणनीति निर्माणमा महत्वपूर्ण दिशा प्रदान गरेको छ ।

# सम्बत् २०८२ मा महासंघको प्रमुख गतिविधिहरू

# कार्यकारी सारांश

नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभाको अवसरमा कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत यो वार्षिक प्रतिवेदनमा २०८१ चैत्र २८ गते सम्पन्न ५९ औं वार्षिक साधारण सभा पश्चातको एक वर्षको अवधिमा महासंघद्वारा सम्पादित मुख्य गतिविधि तथा उपलब्धि समेटिएको छ । महासंघका गतिविधि मुख्यतया निजी क्षेत्र प्रवर्द्धन, नीतिगत स्थायित्व, आर्थिक सुधार, निजी क्षेत्रको मनोबल वृद्धि, स्वदेशी एवं विदेशी लगानी प्रवर्द्धन सदस्यहरूको क्षमता बिकास एवं विस्तार, उद्यमशीलता बिकास, संस्थागत सुदृढिकरण र सामाजिक उत्तरदायित्व लगायतमा केन्द्रित रहे ।

यस अवधिमा महासंघले मुलुकमा शान्ति, स्थायित्व र समृद्धिको साझा लक्ष्य प्राप्तिका लागि नीतिगत सम्वाद, सरोकारवालासंगको सहकार्य लगायतमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । महासंघले ५९ औ बार्षिक साधारण सभाको मुल बहसको बिषय नै नीतिगत सुधार, शुसाशन र निजी क्षेत्रको मनोबल विस्तारलाई बनाएको थियो । भ्रष्टाचार मुक्त समाज र शुसासन कायम नभएसम्म दिगो बिकास सम्भव नभएकाले महासंघले यसमा पैरवी गर्दै आइरहेको छ । त्यसैले सुशासनलाई आर्थिक रूपान्तरणको आधारस्तम्भका रूपमा संस्थागत गर्नमा महासंघले अनवरत प्रयास गरिरहेको छ ।

न्युन माग र लगानीका कारण समस्यामा रहेको निजी क्षेत्रका लागि यो बर्ष धैर्यता, एकता र सुशासन स्थापित गर्ने सार्थक प्रयास गर्नुपर्ने समयका रूपमा पनि रह्यो । प्रतिकुल परिस्थितिका बाबजुद पनि महासंघले देखाएको संयम र दृढताले महासंघको संस्थागत गरिमालाई अझ बलियो बनाएको छ ।

नेपालको अर्थतन्त्रमा ८१ प्रतिशत हिस्सा र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याउँदै आएको निजी क्षेत्र मुलुकको आर्थिक विकासको मुख्य इन्जिन हो । राजस्व परिचालन, पूर्वाधार निर्माण, र आपूर्ति श्रृङ्खलालाई सुचारू राख्न मात्र नभई राष्ट्रको सम्पत्ति सिर्जनामा समेत यसको भूमिका अपरिहार्य छ । कुल आयकरमा झण्डै ८० प्रतिशत हिस्सा ओगट्ने यो क्षेत्र सक्षम राज्य निर्माणको मेरूदण्ड भए तापनि ऐतिहासिक रूपमै राज्यको प्राथमिकतामा पर्न सकेको छैन ।

नेपालमा सात दशक भन्दा लामो राजनीतिक यात्रामा एक दर्जनभन्दा बढी निर्णायक राजनीतिक आन्दोलनहरूले राजनीतिक स्वतन्त्रता प्राप्त भए पनि आम सर्वसाधारणको आर्थिक जीवनस्तरमा अपेक्षित सुधार हुन सकेन । यसको मुख्य कारण निजी क्षेत्रप्रतिको संकुचित दृष्टिकोण र यसलाई निर्वाध रूपमा काम गर्ने वातावरणको अभाव नै हो । जबसम्म निजी क्षेत्रले सम्मानजनक र सुरक्षित वातावरणमा व्यवसाय गर्न पाउँदैन, तबसम्म पर्याप्त रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना हुन सक्दैनन् ।

देशभित्रै पर्याप्त रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना हुन नसक्दा युवाशक्तिको वैदेशिक पलायन क्रम बढ्न थाल्यो । जसले समाजमा निराशा र असन्तोषको भावना विस्तार हुन थाल्यो र यसको प्रत्यक्ष प्रभाव युवावर्गको मनोबल र उत्पादक क्षमतामा नकारात्मक रूपमा पर्‍यो । त्यस्तै निजी क्षेत्र प्रतिको सरकारी र सामाजिक दृष्टिकोण अझै परम्परागत र नकारात्मक नै रही रह्यो ।

प्रायः सबै राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निजी क्षेत्र प्रभावित हुँदै आएको छ । भाद्र २३ र २४ गतेका जेनजी प्रदर्शनहरू सुशासन र भ्रष्टाचार नियन्त्रण जस्ता जायज मागहरूमा केन्द्रित भए तापनि, त्यस क्रममा भएका अवाञ्छित घुसपैठका कारणले निजी क्षेत्रलाई गहिरो चोट पुर्‍यायो र ठूलो धनजनको क्षति हुन पुग्यो । आन्दोलनका क्रममा ज्यान गुमाउनेहरू प्रति महासंघले हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गरेको थियो । प्रदर्शनका क्रममा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना

गरेको थियो । साथै दोषीमाथि कडा कारवाहीको माग पनि गरेको थियो ।

प्रदर्शनका क्रममा निजी क्षेत्रले व्यहोर्नुपरेको क्षतिको यथार्थ विवरण संकलनका लागि महासंघले भोलीपल्ट नै प्रश्नावली तयार गरी महासंघका सातै प्रदेशका सचिवालयहरूलाई परिचालन गरी क्षतिको विवरण संकलन गरेको थियो । संकलन गरिएको तथ्यांक अनुसार होटल तथा रेष्टुरेन्टहरू, डिमार्टमेन्टल स्टोर तथा खुद्रा व्यापारिक केन्द्रहरू, अटो मोबाइल सोरूमहरू, साना तथा ठूला उद्योगहरू, व्यापारिक भवन र व्यक्तिगत सम्पत्तिमा समेत ठूलो क्षति पुगेको र प्राप्त प्रारम्भिक विवरण अनुसार भौतिक क्षति रू.४० अर्व भन्दा बढि रहेको छ । व्यवसाय बन्द हुंदा भएको आम्दानीको घाटा र आपूर्ति श्रृखलामा भएको अवरोध समेतलाई गणना गर्दा अनुमानित कुल आर्थिक नोक्सानी करिब रू.८० अर्ब भन्दा बढि पुग्ने देखिन्छ । जसले राष्ट्रिय अर्थतन्त्र र लगानीकर्ताको मनोबलमा समेत गम्भिर असर पुर्‍यायो ।

यी क्षतिहरू यतिमै सीमित रहने सम्भावनालाई नकार्न सकिने अवस्था छैन । शान्ति, स्थायित्व र समृद्धिको मार्गमा अझै गम्भीर चुनौतीहरू विद्यमान छन् । ढलेका निजी क्षेत्रका संरचनाहरू पुनर्निर्माण गरिएपछि पनि फेरि सुरक्षित रहन्छन् भन्ने सुनिश्चितता छैन । निजी क्षेत्रको मनोबल हाल` सबैभन्दा न्यून बिन्दुमा पुगेको छ । पुँजी पलायनको जोखिम बढ्दो छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता हुँदाहुँदै पनि निजी क्षेत्र ऋण लिएर उद्यम गर्न तयार नदेखिनु अर्थतन्त्रका लागि गम्भीर चेतावनी रहेको छ ।

नेपालमा पछिल्लो समयमा असुरक्षाको बढ्दो वातावरणका साथै कमजोर बन्दै गएको व्यावसायिक वातावरणले आन्तरिक र बाह्य लगानीमा जोखिम बढाएको छ । विश्व बैंक समूहको सर्वेक्षणमा आधारित हालै सार्वजनिक गरिएको व्यावसायिक वातावरण सम्बन्धी प्रतिवेदनले (B–READY) संकेत गरेको छ कि नेपालमा लगानी मैत्री वातावरण निर्माणका लागि विगतमा गरिएका प्रयास अपेक्षित परिणाम दिन असफल भएका छन् । नेपाल राष्ट्र बैंकको अध्ययन अनुसार स्थापित उद्योगहरू आफ्नो कुल उत्पादन क्षमताको मात्र ४४ प्रतिशतमा सञ्चालन भइरहेका छन् । साथै, औद्योगिक कच्चा पदार्थ र अन्य मध्यमवर्ती वस्तुको आयात अपेक्षा अनुसार वृद्धि नभएको, बैंक तथा वित्तीय संस्थामा उपलब्ध न्यून लागतको कर्जा बावजुद निजी क्षेत्रमा आवश्यक वृद्धि नआएको, र गैर कार्यकुशल कर्जाको परिमाण बढिरहेको जस्ता तथ्यहरूले नेपालको अर्थतन्त्र कमजोर गतिमा रहेको देखाउँछन् ।

यसैगरी, निजी क्षेत्रमा कायम असुरक्षा र भयले सिर्जना गरेको न्यून मनोबल र कमजोर समष्टिगत मागका कारण उत्पादन र व्यापार प्रणालीमा सुस्तताको दोहोरो मारमा नेपालको अर्थतन्त्र चेपिएको छ । तर पनि महासंघले अर्थतन्त्रको विस्तारका लागि बर्षभरि नै निरन्तर पहल जारी राख्यो ।

## निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति :

आन्दोलनका कारण निजी क्षेत्रले भोग्नुपरेको पीडा र क्षतिको प्रत्यक्ष मौद्रिक मूल्याङ्कन सम्भव नहुन सक्छ । तथापि आगामी दिनमा यस्ता घटनाहरू पुनरावृत्ति नहुने स्पष्ट प्रतिवद्धता, सोही अनुरूपको प्रभावकारी सुरक्षा तथा संस्थागत व्यवस्था, र कमजोर हुन पुगेको निजी क्षेत्रको मनोबल पुनःउत्थान गर्ने उपायहरू अपरिहार्य देखिन्छन् । यस सन्दर्भमा यस्तै प्रकृतिका आन्दोलनबाट प्रभावित विभिन्न देशहरूले निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि अवलम्बन गरेका सफल अभ्यासहरूलाई अनुभवका रूपमा ग्रहण गर्दै, मुख्यतः आवश्यक व्यवस्था समेटिएको "निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति (Private Sector Protection and Promotion Strategy)" तर्जुमा एवं कार्यान्वयन गर्नु समय सापेक्ष आवश्यकता हो ।

निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति (Private Sector Protection and Promotion Strategy – PSPP) कार्यान्वयनको आवश्यकताबारे सरोकारवाला निकायहरू बीच साझा समझदारी र प्रतिवद्धता विकास गर्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघले सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२ कार्तिक २२ गते "सार्वजनिक बहस २.०" तथा मिति २०८२ पौष १६ गते "सर्वपक्षीय भेला" आयोजना गरिएको थियो । रणनीतिको मस्यौदा नेपाल सरकार समक्ष पेश गरिएको छ ।

यसैबीच नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने तयारीमा रहे तापनि आन्तरिक बजारमा देखिएको न्यून माग, नीतिगत अन्योलता र हालैका आन्दोलनजन्य अवरोधका कारण निजी क्षेत्र निकै प्रभावित भएको छ । यस्तो संवेदनशील अवस्थामा स्तरोन्नति हुँदा निर्यातजन्य उद्योगहरूले ठूलो धक्का व्यहोर्नुपर्ने देखिन्छ । तसर्थ, निजी क्षेत्रलाई अनुकूल बनाउन स्तरोन्नतिको समयसीमा ३ वर्ष थप गर्न पहल गर्दै आएको छ ।

नीजि क्षेत्र निरूत्साहित भएको अवस्थामा स्तरोन्नतिले निजी क्षेत्र थप प्रभावित हुनेछ । यसबाहेक मुलुकको वाह्य क्षेत्र निक्कै सुदृढ हुँदा पनि भैरहेको न्युन लगानी, निजी क्षेत्रप्रतिको दृष्टिकोण, प्रविधिको बिकास लगायतका बिषयले अर्थतन्त्रमा पारेको प्रभाव लगायतका बिषयमा महासंघ निक्कै चनाखो भै काम गरिरहेको छ ।

## निजी क्षेत्र प्रवर्द्धन, नीतिगत स्थायित्व, आर्थिक सुधार

### शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य राष्ट्रिय सम्वाद

नेपाल उद्योग वाणिज्य महासंघले २०८२ पौष १६ गते (डिसेम्बर ३१, २०२५) मा "शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य" विषयक सर्वपक्षीय राष्ट्रिय सम्वाद कार्यक्रम आयोजना गरेको थियो । यस वृहद् कार्यक्रमको पहिलो तथा प्राथमिक कार्यका रूपमा सरकार, राजनीतिक दल, निजी क्षेत्र र जेन-जी समूहबीचको प्रतिबद्धतालाई स्पष्ट रूपमा परिभाषित गर्दै निजी क्षेत्रको प्रवर्द्धनमा साझा सहमति निर्माण गर्न, निर्वाचन मार्फत स्थायित्व, सुशासन सहित निर्वाध पेशा व्यवसाय गर्न पाउने प्रत्याभूति सहित सबै सरोकारवालाहरूको प्रतिबद्धता र सहकार्यका लागि महासंघले आग्रह गरेको थियो ।



सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीको प्रमुख आतिथ्यताहरूमा पूर्व प्रधानमन्त्रीज्यू माननीय अर्थ मन्त्री रामेश्वर प्रसाद खनाल, माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिंन्हा, तत्कालिन माननीय संचार तथा सूचना प्रविधि मन्त्री जगदीश खेरल, पूर्व प्रधानमन्त्रीज्यूहरू पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई, माधव कुमार नेपाल, नेपाली कांग्रेसका सदस्य एवं प्रवक्ता डा. प्रकाश शरण महत, नेकपा एमाले सचिव डा. राजन भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीका उप सभापति डिपि अर्याल, नेपाल जनमत पार्टिका अध्यक्ष डा. सि.के. राउत, नेपाल उद्योग परिसंघका अध्यक्ष विरेन्द्र पाण्डे, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश कुमार अग्रवाल, नेपाल उद्योग व्यापार तथा व्यवसायी संघका अध्यक्ष भागीरथ सापकोटा, नागरिक समाजका डा. भगावन कोइराला, विद्याधर मल्लिक, नेपाल पत्रकार महासंघका सभापति निर्मला शर्मा, नेपाल जेनजी फ्रन्टका संयोजक रक्षा बम, जेन जेड मुभमेन्ट अलायन्सका सुदिप सेठ लगायतका वक्ताहरूले उक्त कार्यक्रममा आफ्नो राख्नु भएको थियो ।

त्यसैगरी कार्यक्रममा पूर्व मुख्य सचिव, नेपाल सरकारका सचिव लगायतका महासंघका पूर्व अध्यक्षहरू साथै पूर्व पदाधिकारीहरू एवं कार्यकारिणी समितिका सदस्यहरू, महासंघका सदस्य संघ/संस्थाका प्रतिनिधिहरू, नेपाल बैंकर्स संघका अध्यक्ष, होटल एशोसिएशन नेपाल अध्यक्ष, गैर आवासीय नेपाली संघका अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष, एनवाईएफका अध्यक्ष लगायत अन्य संघका संघ/संस्थाका प्रतिनिधिहरूको साथै संचारकर्मीहरूको सहभागिता रहेको थियो ।

## कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालको सम्बोधन



अध्यक्ष ढकालले गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको घुसपैठ, आगजनी र तोडफोडप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो । उक्त घटनाबाट निजी क्षेत्रले प्रत्यक्ष भौतिक क्षति करिब ४० अर्ब रूपैयाँ र समग्रमा झण्डै ८१ अर्ब रूपैयाँ बराबरको नोक्सानी बेहोर्नु परेको जानकारी दिँदै उहाँले दोषीमाथि कडा कारबाहीको माग गर्नुभयो । निजी क्षेत्रको मनोबल इतिहासकै न्यून बिन्दुमा पुगेको र यसले पुँजी पलायनको जोखिम बढाएको उहाँको ठहर रहेको थियो ।

अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको निजी क्षेत्रलाई चलायमान बनाउन अध्यक्ष ढकालले सरकारसँग 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति (PSPP)' तत्काल मन्त्रिपरिषदबाट पारित गरी कार्यान्वयनमा ल्याउन आग्रह गर्नुभयो । यस रणनीति अन्तर्गत निम्न बुँदाहरूलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छः

- उद्योग र निजी प्रतिष्ठानहरूलाई 'आन्दोलन निषेधित क्षेत्र' घोषणा गरी सुरक्षाको ग्यारेन्टी गर्ने ।
- सुरक्षाका लागि छुट्टै हटलाइन र द्रुत सुरक्षा दस्ताको व्यवस्था गर्ने ।
- झन्झटिलो प्रशासनिक प्रक्रियाको अन्त्य गरी व्यवसायीमैत्री वातावरण निर्माण गर्ने ।

बैंकहरूमा करिब ११ खर्ब रूपैयाँ लगानी योग्य रकम भए तापनि असुरक्षा र नीतिगत अन्योलका कारण निजी क्षेत्रले ऋण लिएर लगानी गर्न नसकेको यथार्थ उहाँले प्रस्तुत गर्नुभयो । राजस्वले कर्मचारीको तलब भत्ता समेत धान्न नसक्ने अवस्था आएको तर्फ सचेत गराउँदै उहाँले भन्नुभयो, "निजी क्षेत्रले निर्बाध रूपमा काम गर्न नपाएसम्म लगानी हुँदैन, लगानी बिना रोजगारी र राजस्व वृद्धि सम्भव छैन ।"

युवाहरू विदेशिनुको मुख्य कारण स्वदेशमा अवसरको अभाव र नीतिगत अवरोध भएको उल्लेख गर्दै उहाँले सुशासन र भ्रष्टाचारमुक्त समाजका लागि युवाहरूले गरेको पैरवीको प्रशंसा गर्नुभयो । उहाँले 'युवा उद्यमशीलता विकास योजना' लाई रणनीतिको मुख्य अङ्ग बनाएर महासंघसँग सहकार्य गर्न युवा पुस्तालाई आह्वान गर्नुभयो ।

निर्वाचनलाई लोकतन्त्र संस्थागत गर्ने विधिको रूपमा स्वीकार गर्दै अध्यक्ष ढकालले आगामी निर्वाचनले मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । अर्थतन्त्रको एजेन्डालाई सबै राजनीतिक दलहरूको 'साझा एजेन्डा' बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राज्यको चौथो अङ्गका रूपमा मिडियाले सूचनाको शक्तिलाई जिम्मेवार ढङ्गले प्रयोग गर्नुपर्ने र निजी क्षेत्रप्रतिको नकारात्मक धारणा चिर्न सहयोग गर्नुपर्ने उहाँको अपेक्षा छ । गलत सूचनाले निजी क्षेत्र र रोजगारीमा अपूरणीय क्षति पुग्ने तर्फ उहाँले सचेत गराउनुभयो ।

अध्यक्ष ढकालले निजी क्षेत्रले ५५ लाखभन्दा बढीलाई रोजगारी दिएको र अर्थतन्त्रमा ८१ प्रतिशत योगदान पुऱ्याएको स्मरण गराउँदै भन्नुभयो– "निजी क्षेत्र समृद्धिको सारथी हो ।" उहाँले स्वदेशी पुँजी परिचालन गरी ठूला पूर्वाधारमा

लगानी गर्न महासंघको पहलमा 'नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (NDP)' स्थापना गरिएको जानकारी समेत दिनुभयो । अन्त्यमा, उहाँले निजी क्षेत्रलाई अपमानित गर्ने क्रम रोकी सम्मानित भएर काम गर्ने वातावरण निर्माण गर्न सबै सरोकारवालासँग अपिल गर्नुभयो ।

## सम्माननीय प्रधामन्त्री सुशिला कार्कीको मन्तव्य :



सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीले कठिन परिस्थितिमा पनि व्यवसाय निरन्तरता दिएकोमा निजी क्षेत्रको प्रशंसा गर्दै नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजित सर्वपक्षीय बृहत् बहसलाई सरकारका लागि आवश्यक पहलकदमीको रूपमा चित्रण गर्नुभयो । महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकाललाई धन्यवाद दिँदै उहाँले सरकारको मुख्य म्यान्डेट सुशासनको जग बसाल्ने र फागुन २१ गते निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने रहेको स्पष्ट पार्नुभयो । लोकतान्त्रिक उपलब्धि रक्षा र व्यावसायिक वातावरण सुनिश्चित गर्न निर्वाचनलाई अनिवार्य माध्यमका रूपमा उहाँले उल्लेख गर्नुभयो ।

जेनजी आन्दोलनबाट भएको ८४ अर्ब रूपैयाँ बराबरको क्षतिमध्ये ३३ अर्बभन्दा बढी निजी क्षेत्रले व्यहोरेको उल्लेख गर्दै उहाँले अराजक तत्वलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाउनुभयो । व्यवसाय पुनरूत्थानका लागि मौद्रिक तथा वित्तीय सहुलियत, बैंक कर्जाको पुनरतालिकीकरण, कर म्याद थप, बीमा दाबीको अग्रिम भुक्तानी, अनलाइन कर प्रणाली, जोखिममा आधारित लेखा परीक्षण, वैदेशिक लगानीमा सहजीकरण तथा जग्गा कित्ताकाटसम्बन्धी अवरोध हटाउने जस्ता कदमहरू प्रस्तुत गर्नुभयो ।

उद्योग तथा निजी सम्पत्तिको संरक्षण सुनिश्चित गर्ने, बन्द-हडताल र तोडफोड निषेधित क्षेत्रका रूपमा उद्योगलाई संरक्षण गर्ने र थप नीतिगत निर्णय मन्त्रिपरिषदबाटै गर्ने आश्वासन उहाँले दिनुभयो । विगतका राजनीतिक परिवर्तन दिगो नहुनुको कारण नागरिक जीवनस्तरमा सुधार नहुनु रहेको उल्लेख गर्दै न्यायपूर्ण व्यवहारमार्फत असन्तुष्टि न्यूनिकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सम्बोधनका क्रममा उहाँले स्वच्छ र मर्यादित व्यवसाय सञ्चालन, आचारसंहिताको पूर्ण पालना, पुनर्निर्माणपछि स्थायित्वको "ग्यारेन्टी" र लगानीका बाधा हटाउन सरकार-महासंघ संयुक्त कार्ययोजना अघि बढाउने आह्वान गर्नुभयो ।

## पूर्व प्रधामन्त्री एवं नेपाली कम्युनिष्ट पार्टिका संयोजक पुष्पकमल दाहालको मन्तव्य

पूर्व प्रधानमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टिका संयोजक पुष्पकमल दाहालले भदौ २३-२४ को 'जेन जि' आन्दोलनले राजनीतिक नेतृत्वलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको उल्लेख गर्दै यसले नयाँ संकल्पसहित अघि बढ्ने वा इतिहासबाट पन्छिने निर्णायक घडी सिर्जना गरेको बताउनुभयो ।

मुलुक जटिल अवस्थामा रहेको स्वीकार गर्दै उहाँले यसको



समाधान राष्ट्रिय राजनीतिक सहमति र समयमै सम्पन्न हुने निर्वाचन नै भएको स्पष्ट पार्नुभयो । निर्वाचनले देशलाई अन्योलबाट मुक्त गरी सकारात्मक र स्थिर वातावरण निर्माण गर्ने अचुक माध्यम रहेको उहाँको धारणा थियो ।

## पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको मन्तव्य :



कार्यक्रममा मन्तव्य राख्नु हुदै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले मुलुकको आर्थिक विकासका लागि ६० प्रतिशत जनसंख्या निर्भर रहेको निर्वाहमुखी कृषिलाई विस्थापित गर्दै औद्योगिक क्रान्तिमा जानुपर्नेमा जोड दिनुभएको छ । चीन र जापान जस्ता देशहरूको विकास मोडलको उदाहरण दिँदै उहाँले राज्यले नै उद्योगहरू खोलेर निजी क्षेत्रलाई हस्तान्तरण गर्ने वा विशेष संरक्षण दिने नीति लिनुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले राजनीतिक स्थायित्व बिना नीतिगत स्थायित्व असम्भव भएको र त्यस्तो स्थायित्व नभई लगानी बढ्न नसक्ने उल्लेख गर्दै नेपालले चीन र भारतजस्ता ठूला अर्थतन्त्रहरूलाई जोड्ने गरी आर्थिक नीति बनाउनुपर्ने सुझाव दिनुभयो । यसका साथै उहाँले भूमि र बैंकिङ क्षेत्रमा आमूल सुधारको आवश्यकता औंल्याउँदै, एक पटकका लागि सम्पत्ति घोषणाको अवसर दिएर प्रगतिशील कर लगाउनुपर्ने र ठूला पूर्वाधारका आयोजनाहरूमा गैरआवासीय नेपालीको लगानी आकर्षित गर्नुपर्नेमा जोड दिनुभएको छ ।

## पूर्व प्रधानमन्त्री माधव कुमार नेपालको मन्तव्य :



कार्यक्रममा मन्तव्य राख्नु हुदै पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले जेनजी आन्दोलनमा भएको तोडफोडको घटनालाई अत्यन्तै आपत्तिजनक र दण्डनीय संज्ञा दिँदै दोषीहरू पहिचान हुँदा समेत कारबाही नहुनुले सरकारको गम्भीरतामाथि प्रश्न उठाएको बताउनुभएको थियो । उहाँले भिडियोमा स्पष्ट रूपमा तोडफोडकारीहरू देखिएका र चोरीका सामान समेत फेला पर्दा पनि गिरफ्तारी नहुनुले सरकारको 'उदार' वा फितलो रवैया प्रदर्शन गरेको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

## माननीय अर्थ मन्त्री रामेश्वर प्रसाद खनालको मन्तव्य :



अर्थमन्त्री रामेश्वर खनालले कार्यक्रममा मन्तव्य राख्नु हुदै सरकार निजी क्षेत्रका समस्या समाधान गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनु भएको थियो । उहाँले न्यून मूल्यवृद्धि, सस्तो ब्याजदर, पर्याप्त तरलता र उच्च विदेशी मुद्रा सञ्चिति जस्ता सकारात्मक आर्थिक सूचकहरूले लगानीका लागि बलियो आधार तयार गरेको उल्लेख गर्नुभयो । यी उत्साहजनक सूचकहरूका बाबजुद पनि लगानीको दर बढ्न नसक्नुलाई उहाँले एक चुनौतीको रूपमा स्वीकार गर्नुभएको छ ।

## मानननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री अनिल कुमार सिन्हाको मन्तव्य :



कार्यक्रममा मन्तव्य राख्नु हुदै माननीय मन्त्री श्री अनिल कुमार सिन्हाले शान्ति र स्थायित्व बिना आर्थिक विकास सम्भव नहुने भन्दै नीतिगत स्थिरतामा जोड दिनुभयो । उहांले स्वदेशी उत्पादनको प्रवर्द्धन, व्यापार घाटा न्यूनीकरण र मर्यादित आपूर्तिका लागि मन्त्रालय प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । समृद्धिको लक्ष्य प्राप्त गर्न सरकार, निजी क्षेत्र र सबै राजनीतिक दलहरूबीच साझा सहमति र सहकार्य आवश्यक रहेको उहाँको मुख्य सन्देश थियो । निजी क्षेत्रलाई प्रोत्साहन गर्न र लगानीमैत्री वातावरण बनाउन सरकारले आवश्यक नीतिगत सुधार गर्ने आश्वासन उहाँले दिनुभयो ।

## तत्कालिन माननीय संचार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेलको मन्तव्य



तत्कालिन माननीय संचार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले वर्तमान सरकार सुशिला कार्कीको नेतृत्वमा सुशासन, विकास र समृद्धिको मार्गमा दृढतापूर्वक अघि बढिरहेको बताउनुभयो । सरकारले आफ्नो जनादेश प्रभावकारी रूपमा कार्यान्वयन गर्दै निर्वाचनको वातावरण सुनिश्चित गरिसकेको उल्लेख गर्दै, विगत दुई दशकमा पहिलो पटक ठूला भ्रष्टाचारका मुद्दाहरू कानुनी प्रक्रियामा अगाडि बढाइनु र संवैधानिक निकायहरूलाई स्वायत्तता प्रदान गरिनु सुशासनतर्फको ऐतिहासिक उपलब्धि भएको उहाँले दाबी गर्नुभयो ।

## श्री डि.पी अर्याल, उप सभापति, राष्ट्रिय स्वतन्त्र पार्टिको मन्तव्य



राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति अर्यालले २१औँ शताब्दीको प्रविधिमैत्री विश्व बजारसँगै नेपालले विकासको स्पष्ट मार्गचित्र कोर्नुपर्ने बताएका छन् । संविधानपछि पनि शान्ति-स्थायित्वमै बहस भइरहनु ढिलाइ भएको उल्लेख गर्दै 'जेन जी' युवाहरू सुशासन र पारदर्शिताका लागि सडकमा आउनु परेको अवस्थाको समीक्षा गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले निजी क्षेत्रले करिब ५५ लाख रोजगारी (८५% भन्दा बढी) सिर्जना गरेको उल्लेख गर्दै हालैका आन्दोलनमा भएको करिब ८० अर्ब रूपैयाँ क्षतिप्रति दु:ख व्यक्त गर्नुभयो र "शान्ति बिना समृद्धि सम्भव छैन" भन्नुभयो ।

## नेपाली कांग्रेका नेता डा. प्रकाश शरण महतको मन्तव्य



नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतले शान्ति, स्थायित्व र समृद्धि एक–अर्काका पूरक भएको उल्लेख गर्दै कानुनी शासनको सुनिश्चितता बिना समृद्धि सम्भव नहुने स्पष्ट पार्नुभयो । लोकतान्त्रिक व्यवस्थामा विधिको शासन र स्वतन्त्र न्यायालयको भूमिका अनिवार्य हुने बताउँदै उहाँले हालैका असन्तुष्टि र आन्दोलनहरूलाई शान्तिपूर्ण ढंगले सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । भदौ २३–२४ का घटनाले करिब ८६ अर्ब रूपैयाँ बराबरको आर्थिक क्षति पुर्‍याएको उल्लेख गर्दै अराजकतालाई वैधानिकता दिने प्रवृत्तिले भविष्यमा गम्भीर संकट निम्त्याउन सक्ने चेतावनी दिनुभयो ।

## एमालेका सचिव डा. राजन भट्टराईको मन्तव्यः

नेकपा (एमाले) का सचिव डा. राजन भट्टराईले वर्तमान अर्थतन्त्रले भेलिरहेका चुनौती र निजी क्षेत्रको खस्किएको मनोबललाई सम्बोधन गर्न राजनीतिक तथा सरकारी तहबाट सामूहिक प्रतिबद्धताको आवश्यकता औंल्याउनुभयो । भदौ २३ र २४ गतेका घटनाहरूले लगानीकर्ताको आत्मविश्वासमा गम्भीर चोट पुर्‍याएको चर्चा गर्दै उहाँले केवल सरकारी घोषणाले मात्र अर्थतन्त्रमा सुधार नआउने स्पष्ट पार्नुभयो । लगानीकर्ताले आफ्नो पुँजी, श्रम र प्रतिफलको सुरक्षाका साथै आगामी पुस्तासम्म सम्पत्ति हस्तान्तरण गर्न सकिने विश्वसनीय वातावरण खोज्ने उहाँको तर्क रहेको थियो ।



## महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको धन्यवादज्ञापन



नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले कार्यक्रममा धन्यवादज्ञापन एवं मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उहांले विषम परिस्थितिमा मुलुक सम्हाल्दै निर्वाचन र सुशासनको प्रत्याभूति गराउन सरकारले गरेको प्रयत्नको प्रशंसा गर्नुभएको छ । गत भदौको आन्दोलनमा निजी क्षेत्रमाथि भएको आक्रमण र आगजनीका दोषीलाई कारबाही गरी सुशासनको अनुभूति गराउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । राजनीतिक स्थिरता र बलियो व्यवस्थाका लागि पटक–पटक क्रान्ति भए तापनि निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण र व्यावसायिक नीतिमा ठोस सुधार नभएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले अर्थतन्त्रमा ८१ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्र असुरक्षित भएमा त्यसको प्रत्यक्ष असर सरकार र सर्वसाधारणमा पर्ने बताउँदै महासंघले अघि सारेको 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति' मा सबै

राजनीतिक दल र सरोकारवालाको साथ खोज्नुभएको छ । रेमिट्यान्स र उपभोगमा आधारित अर्थतन्त्रबाट माथि उठेर उत्पादन र प्रतिस्पर्धामा आधारित अर्थतन्त्र निर्माण गर्नु अहिलेको अनिवार्य आवश्यकता रहेको उहाँको तर्क छ । युवा पुस्ताले मागेको सुशासन र भ्रष्टाचारमुक्त समाजको समर्थन गर्दै उहाँले उद्यम र रोजगारी बिना परिवर्तन दिगो नहुने उल्लेख गर्नुभयो ।




उहाँले नेपाललाई 'विदेश जानै पर्ने देश' को गलत भाष्यबाट मुक्त गराई 'अवसरको देश' बनाउन निजी क्षेत्रको सम्मान र संरक्षण हुनुपर्नेमा जोड दिनुभयो । निजी क्षेत्रले पनि आफ्नो जिम्मेवारी र आचरणको समीक्षा गर्दै अघि बढ्नुपर्ने र निर्वाचनमार्फत मुलुकमा व्याप्त अन्योलता हट्ने विश्वास व्यक्त गर्दै उहाँले लगानीकर्ताहरूलाई नेपालमै लगानी बढाउन आह्वान समेत गर्नुभएको थियो ।

## राष्ट्रिय आर्थिक बहस–२.०: शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य




"जेनजी आन्दोलन" पश्चात् उत्पन्न परिस्थिति, निजी क्षेत्रमा पुगेको क्षति र मुलुकको समग्र आर्थिक कार्यदिशा तय गर्ने उद्देश्यले मिति २०८२ कार्तिक २२ गते सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीज्यूको प्रमुख आतिथ्यतामा यो बहस आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सरकारका उच्च पदस्थ व्यक्तित्व, राजनीतिक नेतृत्व, विकास साझेदार र निजी क्षेत्रका विभिन्न छाता संगठनहरूको बृहत् उपस्थिति रहेको थियो ।



## प्रमुख वक्ताहरूको धारणा र मागहरू

### क) निजी क्षेत्रको नेतृत्व (महासंघ र अन्य संघ-संस्था)

**अध्यक्ष चन्द्र प्रसाद ढकालको सम्बोधनका प्रमुख बुँदाहरू:**



**सुरक्षा र कानुनी प्रत्याभूतिः** 'जेनजी आन्दोलन' बाट निजी क्षेत्रले करिब ८८ अर्ब रूपैयाँको कुल नोक्सानी (४९ अर्ब भौतिक क्षतिसहित) बेहोर्नु परेको तथ्य प्रस्तुत गर्दै दोषीमाथि कडा कारबाही र सुरक्षा संयन्त्रको सुदृढीकरणका लागि माग गर्नुभयो ।

**निजी क्षेत्रको योगदानः** अर्थतन्त्रमा ८१ प्रतिशत योगदान र ८६ प्रतिशत रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई 'अपराधी' वा 'नाफाखोर' का रूपमा हेर्ने नकारात्मक सामाजिक भाष्य चिर्नुपर्नेमा जोड दिनुभयो ।

**नीतिगत मागः** निजी क्षेत्रको संरक्षणका लागि 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन कार्यक्रम' मन्त्रिपरिषद्‌बाट पारित गर्न र निर्यात अनुदान सुचारू गर्न सरकारसँग आग्रह गर्नुभयो ।

**पूर्वाधार र लगानीः** ठूला परियोजनामा निजी पुँजी परिचालन गर्न 'नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड' (NDPL) स्थापना गरिएको जानकारी दिँदै नेपालको LDC स्तरोन्नति म्याद ३ वर्ष पर सार्नुपर्ने प्रस्ताव राख्नुभयो ।

**सुशासन र सहकार्यः** युवाको चाहना अनुरूप सुशासन र स्टार्टअप नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै जिल्ला सुरक्षा समितिमा निजी क्षेत्रलाई सामेल गर्ने गृह मन्त्रालयको निर्णयलाई सकारात्मक कदमका रूपमा स्वागत गर्नुभयो ।

### ख) सरकारको तर्फबाट प्रतिबद्धता र सम्बोधन

**प्रमुख अतिथिको सम्बोधनः सम्माननीय प्रधानमन्त्री सुशीला कार्की**




राष्ट्रिय आर्थिक बहस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीले मुलुकको आर्थिक स्थायित्व र समृद्धिका लागि निजी क्षेत्रको भूमिकालाई मेरूदण्डको रूपमा स्वीकार गर्नुभयो । उहाँका सम्बोधनका मुख्य बुँदाहरू निम्न रहेका छन्:

**निजी क्षेत्रको संरक्षणः** निजी क्षेत्रले रोजगारी सिर्जना र सामाजिक सुरक्षाको क्षेत्रमा राज्यको ठूलो दायित्व वहन गरिरहेको चर्चा गर्दै यस क्षेत्रको सुरक्षा र संरक्षण गर्नु राज्यको प्रमुख कर्तव्य भएको स्पष्ट पार्नुभयो ।

**आर्थिक सुशासन र सुधारः** 'जेनजी आन्दोलन' ले उठाएका मुद्दाहरू र यसको मर्मलाई आत्मसात् गर्दै सरकारले शासन व्यवस्थामा सुधार र आर्थिक सुशासन कायम गर्न ठोस कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**मनोबल वृद्धिः** उद्योगी र व्यवसायीहरूको मनोबल नउठेसम्म देशको अर्थव्यवस्था बलियो हुन नसक्ने यथार्थलाई स्वीकार गर्दै औद्योगिक वातावरण निर्माणमा सरकारले कुनै कसर बाँकी नराख्ने आश्वासन दिनुभयो ।

**राजनीतिक जिम्मेवारीः** सफलतापूर्वक निर्वाचन सम्पन्न गरी सहज र लोकतान्त्रिक तवरले सत्ता हस्तान्तरण गर्नु वर्तमान सरकारको मुख्य कार्यभार र प्राथमिकता रहेको धारणा राख्नुभयो ।

## माननीय अर्थमन्त्री रामेश्वर खनालको मन्तव्य




अर्थमन्त्री रामेश्वर खनालले देशको आर्थिक विकास र रोजगारी सिर्जनामा निजी क्षेत्रलाई सरकारको अभिन्न साझेदारको रूपमा चित्रण गर्दै निम्न प्रमुख प्रतिबद्धताहरू व्यक्त गर्नुभयो:

**निजी क्षेत्रसँगको साझेदारीः** देशको अर्थतन्त्रलाई गति दिन सरकार र निजी क्षेत्रको सहकार्य अनिवार्य रहेको उल्लेख गर्दै निजी क्षेत्रका समस्या र मागहरूलाई सरकारले प्राथमिकताका साथ सुन्ने र तत्काल कार्यान्वयनमा लैजाने आश्वासन दिनुभयो ।

**सुशासन र भ्रष्टाचार नियन्त्रणः** 'जेनजी आन्दोलन' को मूल भावना अनुरूप भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न सरकार दृढ रहेको बताउनुभयो । विशेषगरी भन्सारमा हुने राजस्व चुहावट रोक्न सुधारका प्रक्रियाहरू सुरु भइसकेको जानकारी दिनुभयो ।

## माननीय गृह मन्त्री ओमप्रकाश अर्यालको मन्तव्य




गृह मन्त्री ओमप्रकाश अर्यालले निजी क्षेत्रको सुरक्षा र शान्ति सुव्यवस्थालाई सरकारको मुख्य प्राथमिकताको रूपमा उल्लेख गर्दै निम्न धारणा राख्नुभयो:

**निजी क्षेत्रको सुरक्षा**: देशको अर्थतन्त्रको जगेर्ना गर्ने निजी क्षेत्रको सुरक्षा सरकारको पहिलो प्राथमिकतामा रहेको र व्यवसायीहरूले उठाएका सुरक्षा सम्बन्धी चासोलाई सरकारले अत्यन्त गम्भीरतापूर्वक लिएको बताउनुभयो ।

**अवस्था सामान्यीकरणः** 'जेनजी आन्दोलन' पछि सिर्जित असहज परिस्थितिलाई सामान्य तर्फ उन्मुख गराउन र औद्योगिक वातावरणलाई सुरक्षित बनाउन सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

## माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिंन्हाको मन्तव्य



उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिंन्हाले नेपालको औद्योगिक विकास र लगानीका बाधाहरू फुकाउने सम्बन्धमा निम्न धारणा राख्नुभयो:

कानुनी जटिलताको अन्त्यः नेपालको आर्थिक विकासमा वर्तमानका नियन्त्रणमुखी र जटिल कानुनी प्रक्रियाहरू मुख्य बाधक रहेको स्वीकार गर्दै ती व्यवधानहरू हटाउनु पर्नेमा जोड दिनुभयो ।

## ग) प्रशासनिक र वित्तीय नियामकको धारणा






**तत्कालिन मुख्य सचिव एकनारायण अर्यालः**

ऊर्जा, कृषि र पर्यटनलाई अर्थतन्त्रका मुख्य खम्बा मान्दै विकास र संरक्षणको सन्तुलन मिलाउन युवा केन्द्रित नीति आवश्यक रहेको बताउनुभयो ।

**गभर्नर डा. विश्वनाथ पौडेलः**

बैंकहरूमा पर्याप्त तरलता र न्यून ब्याजदर रहेकाले यसलाई अवसरका रूपमा लिन निजी क्षेत्रलाई आग्रह गर्नुभयो । साथै, बैंकिङ प्रणालीको 'एभरग्रिनिङ' र कालोसूची सम्बन्धी समस्या सुधार गर्ने संकेत दिनुभयो ।

बहसले निम्न बुँदाहरूलाई नेपालको आर्थिक संकट समाधानको अनिवार्य सर्तका रूपमा पहिचान गरेको छ :

- **सुरक्षाको प्रत्याभूतिः** जिल्ला सुरक्षा समितिमा निजी क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने र औद्योगिक सुरक्षा बलियो बनाउने ।
- **नीतिगत स्थिरता र सुधारः** 'स्टार्ट अप' नीतिको कार्यान्वयन र अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने म्याद थप ३ वर्ष पर सार्ने पहल गर्ने ।
- **सुशासन र प्रविधिः** जेनजी पुस्ताको माग बमोजिम सार्वजनिक सेवामा पारदर्शिता र डिजिटल प्रणाली लागू गर्ने ।
- **भाष्य परिवर्तनः** निजी क्षेत्रलाई अपराधीका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गरी 'सम्मानजनक लगानीको वातावरण' निर्माण गर्ने ।

**धन्यवाद ज्ञापन र समापन**

महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले धन्यवाद ज्ञापन गर्दै औद्योगिक सुरक्षा, कानुनी राज्यको प्रत्याभूति र नयाँ अवसरहरूको खोजी नै अहिलेको आवश्यकता रहेको बताउनुभयो । गृह मन्त्रालयले सुरक्षा समितिमा निजी क्षेत्रलाई सामेल गर्ने निर्णयलाई उहाँले सकारात्मक कदमका रूपमा स्वागत गर्नुभयो ।



## घोषणापत्रमा निजी क्षेत्र




नेपाल उद्योग वाणिज्य महासंघले फागनु २१ हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलहरूलाई निजी क्षेत्रको संरक्षण, प्रवर्द्धन र लगानीमैत्री नीति घोषणापत्रमा स्पष्ट समावेश गर्न आग्रह गरेको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार, निजी क्षेत्रको मनोबल कमजोर हुँदै गएर आर्थिक पुनरूत्थान र समृद्धि चुनौतीपूर्ण भएको छ । निजी क्षेत्रले करिब ८१% अर्थतन्त्रमा योगदान र ८६% रोजगारी सिर्जना गर्ने भएकाले यसको सशक्तिकरण सरकार र राजनीतिक दलको प्रमुख दायित्व हो ।




महासंघले निजी–सार्वजनिक साझेदारीमा आधारित उदार, नवप्रवर्तनमुखी र समावेशी आर्थिक नीति, व्यवसाय प्रक्रिया डिजिटलकरण, उद्यमशीलता प्रवर्द्धन, 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन योजना', औद्योगिक सुरक्षा क्षेत्र, कृषि र पर्यटन प्रवर्द्धन, लगानी बोर्ड एकीकरण, ऊर्जा–पूर्वाधारमा निजी लगानी, स्टार्टअप र सूचना प्रविधि क्षेत्र कर छुट, शिक्षा–स्वास्थ्यमा निजी क्षेत्रको योगदान, र कर प्रणाली सुधार जस्ता सुझावहरू अघि सारेको छ ।

महासंघको निष्कर्ष छ कि निजी क्षेत्र सुरक्षित, सम्मानित र उत्साहित भए मात्र रोजगारी, राजस्व वृद्धि र समृद्ध नेपाल सम्भव छ । वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले यसका लागि केवल दृष्टिकोण सुधार पर्याप्त नभई व्यावहारिक कार्यान्वयन आवश्यक भएको जोड दिनुभयो ।

प्रमुख राजनीतिक दलहरूले महासंघले उठाएका बिषयलाई आफ्नो घोषणापत्रमा समावेश पनि गरेका छन् । निजी क्षेत्रको महत्व र उद्यमशीलता प्रवर्द्धनका बिषयलाई दलहरूले घोषणापत्रमा समावेश गरेका छन् ।

## बजेट र मौद्रिक नीतिमा महासंघका सुझाव



तत्कालिन उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलद्वारा जेठ १५ गते प्रस्तुत संघीय सरकारको आ.व. २०८२/८३ को बजेटले निजी क्षेत्रलाई अर्थतन्त्रको संवाहकका रूपमा अगाडि सार्दै आर्थिक सुधारलाई प्राथमिकता दिएको देखिन्छ । महासंघद्वारा प्रस्तुत सुझाव मध्ये स्थायी तथा पूर्वानुमानयोग्य नीति अवलम्बन गर्ने, भूतप्रभावी कानून नबनाउने तथा नीतिगत स्थिरता कायम गर्ने विषयलाई बजेटले समेटेको छ । महासंघको आग्रहमा गठित उच्चस्तरीय आर्थिक सुधार आयोगका सुझावहरू क्रमशः कार्यान्वयन गरिने प्रतिबद्धता सकारात्मक छ ।

उद्यमी-व्यवसायीले एकै स्थानबाट सेवा प्राप्त गर्नुपर्ने माग आंशिक रूपमा सम्बोधन भई व्यवसाय स्थापना तथा बन्द गर्ने प्रक्रियालाई एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यी सेवा नागरिक एप लगायत डिजिटल प्लेटफर्मबाट प्रभावकारी रूपमा उपलब्ध गराइनुपर्ने महासंघको सुझाव छ ।

सार्वजनिक-निजी साझेदारी (PPP) सम्बन्धी कानूनमा समयानुकूल सुधार गर्ने, लगानीसम्बद्ध कानूनसँगै नियमावली र कार्यविधि परिमार्जन गरी सुशासन सुनिश्चित गर्ने विषय छ । इआईए/आईईई अध्ययन प्रक्रिया सरल र छोटो बनाउने, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने, पर्यटकीय गन्तव्य विकासमा निजी क्षेत्रलाई सहभागी गराउने तथा सूचना प्रविधि र होटल/रिसोर्टलाई विशेष उद्योग सरह सुविधा दिने व्यवस्था लगानीमैत्री कदम हुन् ।

विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रको भाडादर घटाउने र ३० प्रतिशतभन्दा बढी उत्पादन निर्यात गर्ने उद्योगलाई विशेष आर्थिक क्षेत्र सरह सुविधा दिने व्यवस्था सकारात्मक छ । औद्योगिक ४.० को अवधारणा अवलम्बनले प्रविधि उपयोग विस्तारमा टेवा पुग्नेछ । औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत आयोजना सरह सुविधा र त्यहाँ स्थापित उद्योगलाई विशेष आर्थिक क्षेत्र सरह सुविधा दिने व्यवस्था गरेको छ ।

विदेशी लगानी सहजीकरणका लागि लगानी बोर्डलाई अधिकार सम्पन्न बनाइए पनि लगानी बोर्ड, उद्योग विभाग लगायत निकायलाई एकीकृत गरी एकल विन्दु सेवा तथा एकीकृत कानूनी संरचना आवश्यक रहेको महासंघको धारणा छ ।

नवप्रवर्तनमा आधारित स्टार्टअप प्रवर्द्धन, इन्कुवेसन सेन्टर सञ्चालन, पाँच वर्षसम्म आयकर छुट, सहुलियत ब्याजदर जस्ता व्यवस्थाले युवा उद्यमशीलता प्रवर्द्धन गर्नेछन् । महासंघसँगको सहकार्यमा देशव्यापी इन्कुवेसन केन्द्र स्थापना अपेक्षित छ ।

लघु, घरेलु तथा साना-मझौला उद्योग प्रवर्द्धन, स्वदेशी काठ उपयोग सरलीकरण, महिला उद्यमीलाई व्यवसाय दर्तामा छुट, आईटी पार्क स्थापना, एआई तथा मेसिन लर्निङ अनुसन्धान प्रवर्द्धन, सूचना प्रविधि निर्यातमा ५% अग्रिम आयकरलाई अन्तिम कर मानिने व्यवस्था, आईटी पार्कमा आयकर छुट वृद्धि जस्ता प्रावधान सकारात्मक छन् ।

होटल तथा रिसोर्टलाई विशेष उद्योग सरह सुविधा, पाँच हजार डलरसम्म नगद ल्याउन पाउने व्यवस्था पर्यटन प्रवर्द्धनमा सहयोगी हुन सक्छ । तर हवाई टिकटमा भ्याट यथावत राखिएकोले नेपाल महँगो गन्तव्य बन्ने जोखिम कायम छ ।

ऊर्जा, कृषि, खानीजन्य सामग्री, अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल निर्माण, एसेट म्यानेजमेन्ट कम्पनी स्थापना, स्वचालित भन्सार मूल्याङ्कन, केवाईसी सरलीकरण, कर्जा पुनर्तालिकीकरण जस्ता व्यवस्था सकारात्मक छन् ।

मौद्रिक नीतिले नेपाली रूपैयाँको भारतीय रूपैयाँसँगको स्थिर विनिमय दरलाई अन्तरिम लक्ष्यका रूपमा यथावत् राखिएको व्यवस्था बाह्य क्षेत्र सन्तुलन र व्यापार स्थायित्वका लागि सकारात्मक छ ।

बैंक दर, नीतिगत दर तथा निक्षेप संकलन दरमा गरिएको कटौतीले ब्याजदर घटाई कर्जा प्रवाह बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

निजी आवास कर्जा सीमा ३ करोड रूपैयाँ कायम तथा पहिलो घरका लागि ८०% सम्म कर्जा–मूल्य अनुपात निर्धारणले निर्माण क्षेत्र र समग्र अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्नेछ ।

कृषि, लघु, घरेलु तथा साना-मझौला व्यवसायका लागि चालु पुँजी कर्जा मार्गदर्शन परिमार्जन र १० लाखसम्म कर्जा सहजीकरण गर्ने व्यवस्था स्वागतयोग्य छ ।

हुलाकी राजमार्ग तथा मध्य–पहाडी लोकमार्ग आसपासका उद्योग–व्यवसायलाई सहुलियतपूर्ण कर्जा प्रवाह तथा अधिकतम २% प्रिमियमको व्यवस्था क्षेत्रीय आर्थिक विकासका लागि सकारात्मक छ ।

जग्गा विकास, भवन निर्माण तथा भूकम्प प्रभावित क्षेत्रका ऋणीलाई कर्जा पुनरसंरचना/पुनरतालिकीकरणमा सहजीकरण गरिने व्यवस्था व्यवसाय पुनरूत्थानका लागि महत्वपूर्ण कदम हो ।

शेयर धितो कर्जाको एकल ग्राहक सीमा २५ करोड रूपैयाँ कायम गरिनुले पूँजी बजारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा छ ।

पूर्वाधार क्षेत्रमा जारी डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न पाउने तथा विदेशी लगानी र लाभांश फिर्ता (Repatriation) सहजीकरण गरिने व्यवस्था लगानी वातावरण सुधारतर्फ उन्मुख छ ।

KYC लाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने, डिजिटल लेन्डिङ मार्गदर्शन परिमार्जन गर्ने, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना पहल गर्ने तथा सटही सुविधा वृद्धि गर्ने व्यवस्था वित्तीय प्रणाली आधुनिकीकरण र पारदर्शिताका लागि सकारात्मक छन् ।

## नेपालको विकासशील मुलुक स्तरोन्नतीबाट पर्ने प्रभावबारे निरन्तर पैरवी र छलफल

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालको विकासशील मुलुक (LDC) बाट अतिकम विकसित मुलुकमा स्तरोन्नति सम्बन्धी निर्णयमा समय सीमा कम्तीमा तीन वर्ष थप्न सरकारसँग पहल गर्न आग्रह गर्नुभएको छ । मिति २०८२ कार्तिक २४ गते राष्टिय योजना आयोगले आयोजना गरेको नेपालको विकासशील मुलुकमा स्तरोन्नती सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उहांले २०८३ मंसिर (२०२६ नोभेम्बर) मा नेपाल स्तरोन्नति हुँदैछ, तर यसपछि हुने असरमा नीति निर्माता र योजनाविद्हरू संवेदनशील हुनुपर्ने धारणा राख्नु भएको थियो ।

उहाँले बंगलादेशले संयुक्त राष्ट्रसंघसँग पुनर्मुल्यांकनको आग्रह गरिसकेको उदाहरण दिँदै नेपालमा पनि निजी क्षेत्रको उत्पादन र रोजगारीमा असर नपर्ने निर्णय गर्न सरकारसँग अनुरोध गर्नुभयो । ढकालले नेपालमा वास्तविक आम्दानी नबढी धनी बन्ने चुनौती, न्यून मनोबल र आर्थिक जोखिमको विषयमा ध्यान दिनुपर्ने बताए ।

विशेष गरी साना उद्यमी र महिलाहरूको रोजगारीमा असर पर्न सक्ने भएकाले निजी क्षेत्रको दृष्टिकोणलाई गम्भीरतापूर्वक सुनिनुपर्ने अध्यक्ष ढकालको भनाइ थियो । साथै, SAFTA अन्तर्गत उत्पत्तिको नियम र अन्तर्राष्ट्रिय श्रम महासन्धी (ILO Convention ८७) सम्बन्धी प्रभावका अध्ययन विगतमा पर्याप्त नभएको र यी विषयले नेपालका श्रम सम्बन्धमा नकारात्मक असर पार्न सक्ने चेतावनी पनि उहाँले दिनुभयो ।

## नेपाल कतार वाणिज्य परिषदको पहिलो वैठक नेपालमा

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको निमन्त्रणामा कतार चेम्बर अफ कमर्श एन्ड इन्डस्ट्रीज (QCCI) को उच्चस्तरीय प्रतिनिधिमण्डल २०८२ माघ २५-२८ गते नेपाल भ्रमणमा रह्यो । भ्रमणको क्रममा दुवै पक्षले द्विपक्षीय लगानी, व्यापार विस्तार, हवाई कनेक्टिभिटी, पर्यटन, ऊर्जा, पूर्वाधार र सेवा क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल गरेको थियो ।

भ्रमण अन्तर्गत प्रतिनिधिमण्डलले अर्थ, परराष्ट्र, उद्योग-वाणिज्य, संस्कृति, पर्यटन, नागरिक उड्डयन मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग उच्चस्तरीय भेटवार्ता गरी नीतिगत सहजीकरण, बैंकिङ सुविधा र दीर्घकालीन लगानी सुनिश्चित गर्ने विषयमा समझदारी कायम गर्‍यो ।








यस अवसरमा नेपाल-कतार संयुक्त व्यवसाय परिषद् (जेबीसी) को पहिलो बैठक चन्द्रागिरीमा सम्पन्न भएको थियो । बैठकले संस्थागत सहकार्य सुदृढ पारेर ऊर्जा, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि, स्वास्थ्य र सेवा क्षेत्रलाई प्राथमिकतामा राखेर परियोजना-केन्द्रित साझेदारी अगाडि बढाउने निर्णय गर्‍यो ।



भ्रमणको अन्त्यमा कतारी प्रतिनिधिमण्डल २०८२ माघ २८ गते स्वदेश फर्कियो । यस भ्रमणले नेपाल-कतार आर्थिक सम्बन्धलाई दीर्घकालीन, परिणाममुखी र विश्वासमा आधारित साझेदारीको दिशामा अघि बढाउने आधार तयार गरेको अध्यक्ष ढकालले बताउनुभयो ।

## स्पेनका उद्यमी व्यवसायीलाई नेपालमा लगानीको लागि आग्रह:



महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र स्पेनबीचको आर्थिक सम्बन्धलाई अझ मजबुत बनाउँदै लगानी सहकार्य विस्तार गर्न स्पेनी व्यवसायीलाई आग्रह गर्नुभएको थियो । मिति २०८२ असोर १९ गते म्याड्रिडस्थित नेपाली दूतावासले आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले पर्यटन, ऊर्जा, कृषि, सूचना प्रविधि र पूर्वाधार क्षेत्रमा दुवै देशबीच सहकार्यको ठूलो सम्भावना रहेको बताउनुभयो ।



अध्यक्ष ढकालले नेपालमा 'वान-स्टप सर्भिस सेन्टर' स्थापना, कर छुट, व्यापार सजिलो बनाउने सुधारात्मक नीति तथा ३० भन्दा बढी कानून संशोधनमार्फत लगानीमैत्री वातावरण निर्माण भएको उल्लेख गर्नु हुदै स्वच्छ ऊर्जा, विशेष गरी जलविद्युत् क्षेत्रमा विशाल सम्भावना रहेको र स्पेनी कम्पनीहरूका लागि उपयुक्त समय भएको पनि उहाँले प्रष्ट पार्नुभएको थियो ।



साथै, पर्यटनमा गुणस्तरीय सेवा र पूर्वाधारमा लगानी गर्न सके नेपालले विश्वभरका पर्यटक आकर्षित गर्न सक्ने विश्वास व्यक्त गर्दै उहाँले स्पेनी व्यवसायीलाई नेपाल भ्रमण र साझेदारीका लागि आमन्त्रण गर्नुभयो ।

## "Empowering Resilience: Climate–Smart Financing for Sustainable LDC Graduation" कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालको सम्बोधन :




महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मिति २०८२ असार १७ गते स्पेनमा आयोजित "Empowering Resilience: Climate–Smart Financing for Sustainable LDC Graduation" कार्यक्रममा सम्बोधन गर्नुभएको थियो । सम्बोधनमा उहांले नेपाल एलडीसी स्तरोन्नती पश्चात पनि विश्व समुदायबाट बलियो साझेदारी र जलवायुमैत्री वित्तीयकरणको आवश्यकता रहेको बताएको थियो । उहाँले नेपालले जलविद्युत, पर्यटन र डिजिटल सेवामा ठूलो सम्भावना बोके पनि जलवायु जोखिम, घट्दो कर राजस्व र सीमित निजी लगानीका कारण पर्याप्त वित्तीय स्रोत अभाव रहेको बताउनुभएको थियो । सन् २०५० सम्म करिब ४७ अर्ब अमेरिकी डलरको जलवायु अनुकूलन आवश्यक पर्ने अनुमान र वार्षिक जीडीपीको करिब ११% को वित्तीय अन्तर रहेको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले अन्तर्राष्ट्रिय सहयोग, दीर्घकालीन लगानी र क्षेत्रीय सहकार्य अपरिहार्य भएको उल्लेख गर्नुभएको थियो । नेपाल सरकारले व्यापार तथा लगानी वातावरण सुधारका लागि ३० भन्दा बढी कानून संशोधन गरेको र द्विपक्षीय लगानी सम्झौताहरूलाई अघि बढाएको जानकारी दिनुहुदै अध्यक्ष ढकालले एलडीसी स्तरोन्नतीले सहयोगको अन्त्य नभई नयाँ प्रकारको साझेदारीको सुरूवात हुनुपर्नेमा जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा विश्वभरका नीति निर्माताहरू, विकास साझेदारहरू, निजी क्षेत्रका नेताहरू र विशेषज्ञहरूले एलडीसी राष्ट्रहरूमा जलवायु लचिलोपन र दीगो विकासका लागि वित्तीय चुनौती र अवसरहरूबारे छलफल गरेका थिए ।

## नेपाल–भियतनाम आर्थिक सम्बन्ध विस्तार तथा लगानी छलफल




नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको सुखद अवसरमा दुई देशका उद्योगी–व्यवसायीबीच आर्थिक सहकार्य सुदृढ बनाउने उद्देश्यले भियतनामको राजधानी हनोईमा मिति २०८२ मंसीर २५ गते छलफल भएको थियो । छलफलका क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालको विद्यमान लगानीको वातावरण र सम्भावित क्षेत्रहरूको बारेमा प्रकाश पारेको थियो जसमा नेपालमा विशेष गरी पर्यटन (होटल, रिसोर्ट, केबलकार, साहसिक पर्यटन), जलविद्युत्, र कृषि क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको जानकारी दिइयो भने नेपालबाट हस्तकला, चिया, कफी, र जडीबुटी जस्ता उत्पादनहरू भियतनाम निर्यात गर्न सकिने र ती वस्तुहरूको त्यहाँ राम्रो बजार रहेको उल्लेख गरियो । भियतनामको कृषि उत्पादन, सी–फूड, र इलेक्ट्रोनिक्स सामानहरूका लागि नेपाल राम्रो बजार हुन सक्ने र दुवै देशका अर्थतन्त्र एकअर्काका पूरक बन्न सक्ने धारणा

राख्नु भएको थियो । त्यसैगरी उहांले नेपालमा वैदेशिक लगानीको लागि अनुकूल वातावरण सिर्जना भइरहेको जम्मा लगानीमैत्री कानूनको निर्माण, लाइसेन्स, भन्सार र कर प्रशासनमा गरिएका सुधारहरू लगायत विदेशी लगानीको सुरक्षाका लागि सरकारको प्रतिबद्धता लगायतका विषयहरूमा सुधार भएको जानकारी गराउनु भएको थियो ।

भियतनाम चेम्बर अफ कमर्श एण्ड इन्डस्ट्रीका उपकार्यकारी अध्यक्ष न्गुयेन क्याङ भिनले नेपालसँगको आर्थिक साझेदारीलाई मजबुत बनाउन आफूहरू इच्छुक रहेको बताउनुभएको थियो । हाल दुई देशबीच ठूलो व्यापारिक सहकार्य नभए तापनि भविष्यमा यसलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

थाइल्याण्ड तथा भियतनामका लागि नेपाली राजदूत धनबहादुर ओलीले विश्व अर्थतन्त्रमा देखिएका नयाँ चुनौतीहरूको सामना गर्न दुई देशबीचको आर्थिक सहकार्य अपरिहार्य रहेको बताउनुभयो । ५० वर्षको कूटनीतिक सम्बन्धलाई अब आर्थिक उपलब्धिको रूपमा बदल्नुपर्नेमा उहाँको जोड थियो ।

छलफलमा अध्यक्ष ढकालले भियतनामी व्यवसायी टोलीलाई महासंघको आगामी वार्षिक साधारणसभामा सहभागी हुन र नेपालको व्यवसायिक वातावरण प्रत्यक्ष अवलोकन गर्न निमन्त्रणा दिनुभयो ।

## नेपाल र भियतनामबीच द्विपक्षीय लगानी तथा व्यापारिक सहकार्य सम्बन्धी छलफल



नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलले अध्यक्ष चन्द्र प्रसाद ढकालको नेतृत्वमा भियतनामको भ्रमण गरी त्यहाँको अर्थतन्त्र मन्त्रालय अन्तर्गतको लगानी प्रवर्द्धन र अन्तर्राष्ट्रिय सहकार्य विभाग सँग शुक्रबार हनोईमा महत्वपूर्ण भेटवार्ता सम्पन्न गरेको छ । यस छलफलको मुख्य उद्देश्य नेपाल र भियतनामबीचको व्यापारिक खाडल कम गर्दै लगानीका नयाँ ढोकाहरू खोल्नु रहेको थियो । छलफलका क्रममा दुवै पक्षले व्यापार, लगानी र आर्थिक कूटनीतिको माध्यमबाट सम्बन्ध सुदृढ बनाउने विषयमा जोड दिएका थिए । महासंघका अध्यक्ष ढकालले नेपालमा लगानी गर्न चाहने भियतनामी लगानीकर्ताहरूका लागि नीतिगत सहजीकरण गर्न र सरकारसँग समन्वय गर्न महासंघ तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । उहांले विशेष गरी जलविद्युत्, पर्यटन (होटल, केबलकार, वेलनेस), सूचना प्रविधि, चिया, कफी र हस्तकलालाई मुख्य लगानीका क्षेत्रका रूपमा रहेको बताउनुभयो ।

## नेपाल-भारत आर्थिक सहकार्य सुदृढ बनाउन महासंघको जोड



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मिति २०८२ फागुन ९ गते नयाँ दिल्लीमा आयोजना भएको 'दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६' मा नेपाल-भारत आर्थिक सहकार्यलाई थप परिणाममुखी बनाउन जोड दिनुभएको छ । उहाँले सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण, साना-मझौला उद्योगको वित्तीय र प्रविधि पहुँच सुनिश्चित गर्नुपर्ने बताए ।

अध्यक्ष ढकालले भारतलाई नेपालको प्रमुख व्यापार साझेदार र लगानी स्रोत भन्दै खुला सीमा, सांस्कृतिक निकटता र आपसी विश्वासले सहकार्यलाई विशिष्ट बनाएको बताए । उहाँले ऊर्जा, पर्यटन, औद्योगिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवा लगायतका क्षेत्रमा लगानीका अवसरहरू रहेको उल्लेख गर्दै भारतीय उद्योगी र लगानीकर्तालाई आह्वान गर्नुभयो ।

## कतार चेम्बर अफ कमर्श एण्ड इण्डिष्ट्रिजका अध्यक्षसंग भेटघाट :



नेपाल र कतारबीचको आर्थिक सम्बन्धलाई सुदृढ बनाउने उद्देश्यले मिति २०८२ पौष २१ गते महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बरका अध्यक्ष शेख खलिफा बिन जासिम बीच कतारमा उच्चस्तरीय भेटवार्ता सम्पन्न भयो ।

अध्यक्ष चन्द्र प्रसाद ढकालले कतारी लगानीकर्ताहरूलाई नेपालको जलविद्युत्, पर्यटन, नवीकरणीय ऊर्जा, सूचना प्रविधि र कृषि प्रशोधन क्षेत्रमा लगानी गर्न आह्वान गर्नुभएको थियो । त्यसैगरी उहांले नेपाल सरकारले वैदेशिक लगानी आकर्षित गर्न गरेका कानुनी सुधार र सार्वजनिक-निजी साझेदारीका प्रयासहरूबारे कतारी पक्षलाई अवगत गराउनु भयो भने कतारमा कार्यरत नेपाली श्रमिकले आर्जन गरेको विश्वासलाई व्यापारिक साझेदारीमा रूपान्तरण गर्नुपर्नेमा जोड दिनु भएको थियो ।

## ११३ औं अन्तराष्ट्रिय श्रम सम्मेलनमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको सम्बोधन :




२–१३ जुन, २०२५ सम्म जेनेभामा आयोजना भएको ११३ औं अन्तराष्ट्रिय श्रम सम्मेलनमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जुन ९ का दिन सम्मेलनलाई रोजगारदाताहरूको तर्फबाट सम्बोधन गर्नुभएको थियो । विश्वका करिव १८७ मुलुकका सरकार, रोजगारदाता र ट्रेड यूनियनका प्रतिनिधिहरूको सहभागिता रहेको सम्मेलनलाई सम्बोधन गर्ने क्रममा उहांले लगानी सहजीकरण र औपचारिक अर्थतन्त्र विस्तारमा नेपालको उलेख्य सुधार, लगानीका लागि भएका कानुनी सुधार साथै नेपालमा रहेका अवसरकाबारे विश्व समुदायलाई जानकारी गराउनु भएको थियो । त्यसैगरी उहांले नीतिगत सुधारसंगै नेपालको भौगर्भिक विविधता एवं भौगोलिक अवस्थितिले लगानीको पर्याप्त अवसर रहेको जानकारी गराउनुभयो ।



महासंघको आग्रहमा करिब ३० वटा लगानी सम्वद्ध कानुनमा परिमार्जन गरिएको र द्विपक्षीय लगानी सम्झौताको खाका तयार भएको जानकारी गराउँदै उहांले नेपालमा अवसर खोज्न सहभागीहरूमा आग्रह गर्नुभयो । उहांले नेपाल स्तरोन्नती पश्चात पनि भारत चीन लगायतका मुलुकमा नेपाली उत्पादनको भन्सार रहित सुविधा

कायमै रहने हुँदा नेपालमा थप अवसर कायमै रहेकोले नेपालको भौगोलिक अवस्थितिका कारण कृषिजन्य उत्पादन, जलविद्युत, पर्यटन क्षेत्रमा लगानीको प्रशस्त सम्भावना र अवसरहरू रहेको बताउनुभयो । यसैगरी उहांले अर्थतन्त्रको औपचारिकीकरणमा नेपालले गरिरहेको प्रयासको विश्व मञ्चमा प्रसंशा भएकोमा खुशी व्यक्त गर्नुभयो साथै उहांले नेपालको अर्थतन्त्रको औचारिकीकरणका लागि महासंघ, ट्रेड युनियन र सरकारले समिति बनाएर काम गरिरहेको समेत सम्मेलनमा बताउनु भएको थियो ।

## आइएलओका महानिर्देशकसंग भेटवार्ता :



२–१३ जुन, २०२५ सम्म जेनेभामा आयोजना भएको ११३ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनकै क्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जुन १०, २०२५ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का महानिर्देशक गिल्बर्ट एफ. होङ्बोसँग भेटवार्ता गर्नुभएको थियो । उक्त भेटवार्तामा श्रम तथा रोजगारका विविध विषयमा छलफल भएको थियो ।

सो अवसरमा महासंघका अध्यक्ष ढकालले महासंघ मर्यादित श्रम र समावेशी आर्थिक वृद्धिका लक्ष्यहरूमा प्रतिबद्ध रहेर काम गर्दै आएको बताउँदै रोजगारदाता लक्षित सहयोग विस्तारमा जोड दिनु भयो । उहाँले आइएलओको निरन्तर सहयोगबाट नेपालका श्रमिक तथा उद्यम दुवैले ठोस प्रगति गर्न सक्नेमा आफु विश्वस्त रहेको बताउँदै आउने दिनमा थप सहयोगको अपेक्षा गरेको बताउनु भयो । यस्तै अध्यक्ष ढकालले नेपालको निजी क्षेत्रमा युवा, दक्ष जनशक्ति, बढ्दो डिजिटल सीप, तथा जलविद्युत, पर्यटन र सूचना प्रविधि जस्ता क्षेत्रमा राम्रो सम्भावना रहेको उल्लेख गर्नु भयो ।

सो अवसरमा आइएलओका महानिर्देशक गिल्बर्ट एफ. होङ्बोले महासंघसंगको आपसी सहयोग र सहकार्यका विषयमा आफु सकारात्मक रहेको धारणा राख्नु भएको थियो ।

११३ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनको अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको भएका विभिन्न उच्चस्तरीय भेटवार्तामा महासंघका उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति ज्योत्सना श्रेष्ठ र महासंघका कार्यकारिणी सदस्य बाबुकाजी कार्कीको पनि सहभागिता रहेको थियो ।

## आइओई र डब्ल्यूटीओ उच्च नेतृत्व- महासंघ अध्यक्ष भेटवार्ता




२–१३ जुन, २०२५ सम्म जेनेभामा आयोजना भएको ११३ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनको अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जुन १० का दिन रोजगारदाताहरूको अन्तरराष्ट्रिय संगठन इन्टरनेशनल अर्गनाइजेशन अफ इम्पोलयर्स (आइओइ) का महासचिव रोबर्टो स्वारेज सान्तोस तथा डब्ल्यूटीओका उपमहानिर्देशक झाङ शियाङछेन्सँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो । सो क्रममा उहाँले नेपाल भित्र भएका लगानीका संभावना र दुवै संस्थाहरूसंगको सहकार्यका सम्बन्धमा छलफल भएको थियो ।

आइओइका महासचिव रोबर्टो स्वारेज सान्तोससँगको भेटवार्ताका क्रममा अध्यक्ष चन्द्र प्रसाद ढकालले विकासका चुनौतीहरू पार गर्न तत्काल लगानीको खाँचो रहेको उल्लेख गर्नु भयो त्यसैगरी उहांले अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सम्पर्कलाई मजबुत बनाउन र यस क्षेत्रमा प्रयोग भइरहेका उत्कृष्ट अभ्यासहरू नेपालमा भित्र्याउन साथै नेपालमा पर्यटन, जलविद्युत् र सूचना तथा सञ्चार प्रविधि जस्ता क्षेत्रहरूमा नेपालमा उल्लेखनीय लगानीका अवसरहरू उपलब्ध रहेको सन्देश अन्तर्राष्ट्रिय जगतमा फैलाउन सहयोग गर्न महासचिव रोबर्टो स्वारेज सान्तोससँगको आग्रह गर्नुभयो ।



सो अवसरमा आइओइका महासचिव रोबर्टो स्वारेज सान्तोसले महासंघ आइओइको पुरानो र क्रियाशलि सदस्य रहेको उल्लेख गर्दै महासंघले अन्तरराष्ट्रियस्तरमा निर्वाह गरेको भूमिका र सहकार्यको प्रसंशा गर्नु भयो साथै उहाँले आगामी दिनमा पनि थप सहयोग र सहकार्यका लागि आइओइ सधैं तयार रहेको बताउनु भयो ।

यसैगरी सम्मेलनको क्रममा महासंघका अध्यक्ष ढकालले विश्व व्यापार संगठन (डब्ल्यूटीओ) का उपमहानिर्देशक झाङ शियाङछेन्सँग पनि भेटवार्ता गर्नुभयो । उक्त भेटमा उहाँले नेपालले अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा भोगिरहेका केही संरचनात्मक चुनौतीहरूबारे चर्चा गर्नुभयो ।

## आइओई महासचिवको पहिलो नेपाल भ्रमण



गत जुन महिनमा जेनेभामा सम्पन्न ११३ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा अध्यक्ष ढकाल र रोजगारदाताहरूको अन्तर्राष्ट्रिय संगठन (आईओई) का महासचिव सान्तोसबीच भएको भेटवार्ताका क्रममा अध्यक्ष ढकालले महासचिव सान्तोसलाई नेपाल भ्रमणको निम्तो दिनु भएको थियो । सोही अनुसार मिति २०८२ साउन ८ गतेदेखि १० गतेसम्म नेपाल भ्रमणमा आउनु भएका महासचिव रोबर्टो सुवारेज सान्तोसले महासंघ सचिवालयमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र पदाधिकारीसँग २०८२ साउन ८ गते भेटवार्ता गर्नुभएको थियो । भेटवार्तामा महासचिव सान्तोसले न्यूनतम ज्याला निर्धारण, सामाजिक सुरक्षा र औपचारिकीकरणमा महासंघको योगदान अनुकरणीय रहेको बताउनुभयो । उहाँले सरकार र ट्रेड यूनियनहरूको रचनात्मक भूमिका पनि महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।



अध्यक्ष ढकालले सन् २०२६ मा नेपाल एलडीसी स्तरोन्नतीमा जाने सन्दर्भमा अन्तर्राष्ट्रिय सहजिकरण, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र आइओईसँगको अनुभव आदानप्रदान आवश्यक हुने बताए । उहाँले महासंघले सरकार, रोजगारदाता र श्रमिक संगठनबीच सुमधुर सम्बन्ध कायम गर्दै लगानीमैत्री औद्योगिक वातावरण

निर्माणमा निरन्तर योगदान गर्दै आएको पनि उल्लेख गर्नुभयो ।

भेटमा महासंघका उपाध्यक्ष हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष भरतराज आचार्य, तथा अन्य कार्यकारिणी समितिका सदस्यहरूले पनि नेपालमा रोजगारदाता-श्रमिक सम्बन्ध र औद्योगिक वातावरण सुधारका बिषयमा धारणा राख्नुभयो ।

१९२० मा जेनेभामा स्थापना भएको आइओई विश्वकै सबैभन्दा ठूलो निजी क्षेत्र सञ्जाल हो । यसले १४० भन्दा बढी देशका १५० भन्दा बढी रोजगारदाताहरूको संगठनलाई प्रतिनिधित्व गर्दछ । नेपाल उद्योग वाणिज्य महासंघ आइओईको सदस्य संस्था हो ।

## नेपाल-यूएई आर्थिक सम्बन्ध र लगानी विस्तार सम्बन्धी उच्चस्तरीय भेटवार्ता



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मिति २०८२ पौष २३ गते संयुक्त अरब इमिरेट्स (यूएई) को वित्त मन्त्रालयका सचिव महामहिम अब्दुल्ला अहमद अल सालेहसँग भेटवार्ता गरी नेपाल-यूएईबीचको द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ गर्दै व्यापार तथा लगानी सहकार्य विस्तार गर्ने विषयमा छलफल गर्नुभएको छ ।

नेपाल र संयुक्त अरब इमिरेट्स (यूएई) बीचको द्विपक्षीय आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउने र व्यापारिक साझेदारीका नयाँ अवसरहरू पहिल्याउने उद्देश्यले महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र यूएईको वित्त मन्त्रालयका सचिव महामहिम अब्दुल्ला अहमद अल सालेहबीच मिति २०८२ पौष २३ गते दुबईमा एक उच्चस्तरीय भेटवार्ता भएको थियो ।

भेटवार्तामा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालको जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, ठूला पूर्वाधार र सूचना प्रविधि (IT) जस्ता उत्पादनशील क्षेत्रहरूलाई प्राथमिकताका साथ प्रस्तुत गर्दै कतारी लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि आह्वान गर्नुभएको थियो । उहांले काठमाडौँका लागि एमिरेट्स एयरलाइन्सको प्रत्यक्ष उडान सुचारू हुनु पर्यटन प्रवर्द्धन र व्यावसायिक आवागमनका लागि कोसेढुङ्गा सावित हुने विषयमा विशेष छलफल गर्नुभएको थियो ।

यूएईका लागि नेपाली राजदूत महामहिम तेजबहादुर क्षेत्रीको उपस्थितिमा भएको उक्त छलफलमा दुवै देशका निजी क्षेत्रबीचको सम्बन्धलाई थप मजबुत र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

उक्त अवसरमा यूएईका वित्त सचिव महामहिम अल सालेहले नेपालले प्रस्तुत गरेका लगानीका परियोजना र अवसर हरूप्रति गहिरो चासो व्यक्त गर्नुभयो । उहाँले सन् २०१८ मा आफ्नो नेपाल भ्रमणको स्मरण गर्दै नेपाली आतिथ्यता र सांस्कृतिक पक्षको प्रशंसा गर्नुका साथै निजी क्षेत्रमार्फत आर्थिक सहकार्य बढाउन सकारात्मक रहेको बताउनुभएको थियो ।

यस भेटवार्ताले नेपाल र यूएईबीचको आर्थिक कूटनीतिलाई थप उचाइमा पुऱ्याउन सहयोग पुग्ने साथै आगामी दिनमा दुवै देशका निजी क्षेत्र बीचको साझेदारीलाई ठोस परिणाममा बदल्न र थप लगानी भित्र्याउन यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको छ ।

## दुबईमा नेपाल प्रवर्द्धन कार्यक्रममा सहभागिता



अबुधाबीस्थित नेपाली राजदूतावास र दुबईस्थित गैरआवासीय नेपाली संघको सहकार्यमा मिति २०८२ वैशाख ८ गते आयोजना गरेको नेपाल महोत्सव २०२५ महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले सहभागिता गर्नुभएको थियो । उक्त कार्यक्रममा विदेशमा सिकेको सिपलाई स्वदेशमा प्रयोग गरेर स्वदेशमै अवसरहरू सिर्जना गर्नु पर्ने साथै नेपालमा पर्याप्त सम्भावना रहेकोले ती सम्भावनाबाटै आर्थिक समृद्धि हासिल गर्न पर्ने धारणा राख्नु भयो । त्यसैगरी उहांले नेपालको सन्दर्भमा उर्जा, पर्यटन, कृषि, सूचना प्रविधी जस्ता क्षेत्रमा व्यापक सम्भावना रहेकोले यी क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सके यसले रोजगारी सिर्जना तथा नेपालको समग्र आर्थिक विकासमा टेवा पुग्ने बताउनु भयो ।

## महासंघका अध्यक्षद्वारा युएई लगानीकर्तालाई नेपालमा लगानीको लागि आग्रह:



२०८२ साउन २ गते, महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले युएईका लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आग्रह गर्नुभएको थियो ।

अध्यक्ष ढकालले 'युएई आर्थिक प्रवर्द्धन कार्यक्रम' मा धारणा राख्दै नेपालमा ऊर्जा, पर्यटन, कृषि प्रशोधन र सूचना प्रविधि (आईटी) क्षेत्रमा लगानीका ठूलो अवसर रहेको बताउनुभयो । उहाँले जलविद्युत, सौर्य ऊर्जा, रिसोर्ट, साहसिक पर्यटन, कृषि प्रशोधन र आईसीटी आउटसोर्सिङमा संयुक्त लगानीको सम्भावना रहेको औँल्याउनुभयो ।

अध्यक्ष ढकालले नेपाल-युएई ऐतिहासिक सम्बन्धलाई अझ सशक्त बनाउन र युएईमा कार्यरत ३ लाखभन्दा बढी नेपालीलाई लक्षित गरी वित्तीय सेवा, तालिम र सीप विकासमा लगानीको लागि आग्रह गर्नुभयो । महासंघले युएईका लगानीकर्ताका लागि सम्पर्क, मार्गदर्शन र सहजीकरणमा पूर्ण सहयोग गर्न तत्पर रहेको जानकारी दिनुभयो ।

## महासंघ र कम्बोडियन फेडेरेसन अफ एम्प्लोयर्स एन्ड बिजनेस एशोसिएसन (क्याम्फेबा) बीच समझदारी:



जेनेभामा आयोजना भएको ११३ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनकै क्रममा महासंघ र कम्बोडियन फेडेरेसन अफ एम्प्लोयर्स एन्ड बिजनेस एशोसिएसन (क्याम्फेबा) का बीच द्विपक्षीय व्यापारिक सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको थियो । माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीको उपस्थितीमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र क्याम्फेबाका उपाध्यक्ष सोक लोरले २०२५ जुन

१० मा सो समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

समझदारीपत्रमा दुवै पक्षले रोजगारी, श्रम कानुन, व्यवसायका उत्कृष्ट अभ्यासबारे जानकारी साझेदारी, तालिम, अनुसन्धान, र क्षमता अभिवृद्धिका संयुक्त कार्यक्रमहरू सहित लगानी प्रवर्द्धनलाई जोड दिइने उल्लेख छ । समझदारीपत्रमा बिटुबी सहकार्यलाई प्राथमिकता तथा दुवै संस्थाले व्यापारिक साझेदार पहिचान, व्यावसायिक मञ्च बिच सहकार्य र लगानीका अवसरबारे आ–आफ्ना सदस्यहरूलाई सहयोग गर्ने प्रतिबद्धता उल्लेख गरिएको छ ।

महासंघ र क्याम्फेबाका बीचमा भएको यो समझदारीले नयाँ अवसर सिर्जना, बलियो सञ्जाल, र क्षेत्रीय सहकार्यको मार्ग प्रशस्त गर्ने छ भने समझदारीको प्रभावकारी कार्यान्वयनका लागि नियमित परामर्श र आवश्यक कार्य व्यवस्था मिलाइने छ ।

## नेपाल – यूके टेक फोरममा अध्यक्ष ढकालको सम्बोधन :



मिति २०८२ असार २१ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले बेलायती व्यवसायीलाई डिजिटल व्यापार र लगानीमा दीर्घकालीन सहकार्यका लागि आग्रह गर्नुभएको थियो । लन्डनस्थित नेपाली दूतावासले आयोजना गरेको "नेपाल–यूके टेक फोरम"लाई सम्बोधन गर्दै उहाँले सूचना प्रविधि, ई–गभर्नेन्स, फिनटेक, एजु–टेक तथा स्टार्टअप एक्सचेन्ज जस्ता क्षेत्रमा नेपाल–बेलायत सहकार्यको ठूलो सम्भावना रहेको बताउनुभएको थियो ।

अध्यक्ष ढकालले लगानीमैत्री वातावरण निर्माणका लागि नेपालमा ३० भन्दा बढी कानुन संशोधन भइसकेको उल्लेख गर्दै व्यवसाय प्रक्रिया सजिलो भएको र एफडीआई सपोर्ट डेस्क तथा डिजिटल सेवा प्रणालीमार्फत लगानीकर्तालाई सहजीकरण गरिएको जानकारी दिनुभयो ।



सन् २०२६ पछि नेपाल एलडीसीबाट स्तरोन्नती हुने तयारीमा रहेको सन्दर्भमा डिजिटल पूर्वाधार, अनलाइन प्रणाली र प्राविधिक मापदण्ड सुदृढीकरणका लागि अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य भएको उहाँले उल्लेख गर्नु भएको थियो ।

## विश्व बैंक वार्षिक बैठकमा अध्यक्ष चन्द्र प्रसाद ढकालको सहभागिता :




अमेरिकामा मिति २०८२ कार्तिक २ गते सम्पन्न विश्व बैंक वार्षिक बैठक २०२५ मा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले सहभागिता गर्नुभई विश्वका वित्तीय तथा विकास संस्थाका वरिष्ठ अधिकारीहरूसँग उच्चस्तरीय भेटवार्ता गर्नुभएको थियो । उक्त भेटवार्ताका क्रममा अध्यक्ष ढकालले निजी क्षेत्रको दिगो विकासका लागि ऊर्जा, पर्यटन,

डिजिटल अर्थतन्त्र र पूर्वाधारजस्ता क्षेत्रहरूमा बहुपक्षीय सहकार्य आवश्यक रहेको धारणा राख्नु भएको थियो ।

बैठकका क्रममा अध्यक्ष ढकालले अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), विश्व बैंक समूह, र अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का वरिष्ठ प्रतिनिधिहरूसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो ।

## बेलायत–नेपाल चेम्बर अफ कमर्श र दूतावासद्वारा आयोजित कार्यक्रमलाई अध्यक्ष चन्द्र प्रसाद ढकालबाट सम्बोधन:



नेपालमा लगानी गर्न बेलायती व्यवसायीलाई अध्यक्ष चन्द्र प्रसाद ढकालले आग्रह गर्नुभएको थियो । मिति २०८२ असार २० गते लण्डनस्थित नेपाली दूतावास र बेलायत-नेपाल चेम्बर अफ कमर्सको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा सम्बोधन गर्दै उहाँले जलविद्युत, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार र उत्पादन क्षेत्रमा आकर्षक अवसरहरू रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष ढकालले नेपाल-बेलायत बीचको २०० वर्षभन्दा लामो ऐतिहासिक सम्बन्धलाई स्मरण गर्दै यसलाई व्यापार र लगानीमार्फत अझ उचाइमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपालमा ४० हजार मेगावाटभन्दा बढी जलविद्युत उत्पादन क्षमतासहित स्वच्छ ऊर्जा, युवा जनशक्ति, कम श्रम लागत र बढ्दो मध्यम वर्गले लगानीमैत्री वातावरण तयार भएको पनि उहाँको भनाइ थियो ।

## महासंघ र स्पेन चेम्बर अफ कमर्सबीच भेटवार्ता:



मिति २०८२ साउन २३ गते महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र स्पेन चेम्बर अफ कमर्सकी प्रमुख कार्यकारी अधिकृत इमाकुलाडा रियरा रेनेबीच महासंघ सचिवालयमा औपचारिक भेटवार्ता भएको थियो ।

भेटवार्तामा नेपाल-स्पेन आर्थिक सहकार्य, व्यापार, लगानी, साना तथा मझौला उद्यम (SME) र दीर्घकालीन साझेदारीका विषयमा छलफल भएको थियो । अध्यक्ष ढकालले निजी क्षेत्रमार्फत नेपाल-स्पेन सम्बन्धलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता औँल्याउँदै स्पेनबाट प्रविधि, पुँजी र अनुभव भित्र्याउने अवसर रहेको बताउनुभयो ।

## दक्षिण अफ्रिकी राजदूतसंग भेटघाट



२०८२ असार १० गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालका लागि दक्षिण अफ्रिकाका राजदूत प्रो. अनिल सुकलालसँग महासंघ सचिवालयमा भेटवार्ता गर्नुभएको थियो ।

ढकालले नेपाल, विशेषगरी पर्यटन र पूर्वाधार क्षेत्रमा दक्षिण अफ्रिकी लगानीकर्ताका लागि ठूलो सम्भावना रहेको उल्लेख गर्दै राजदूत सुकलाललाई व्यवसायीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्न आग्रह गर्नुभयो ।

राजदूत सुकलालले दक्षिण अफ्रिका-नेपाल बीच व्यापार र लगानी सम्बन्ध प्रगाढ बनाउन आफू प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले नेपालको भौगोलिक विविधता, जैविक सम्पदा र सांस्कृतिक धरोहरलाई दक्षिण अफ्रिकी वन्यजन्तु पर्यटन जस्तै प्रवर्द्धन गर्न सकिनेमा जोड दिनुभयो ।

भेटमा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा दक्षिण अफ्रिकाका महावाणिज्यदूत प्रदीप कुमार श्रेष्ठ पनि उपस्थित हुनुहुन्थ्यो । दुवै पक्षले यस भेटले नेपाल-दक्षिण अफ्रिका सम्बन्धलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

नेपाल-दक्षिण अफ्रिका व्यापारमा नेपालले अन्न, फलफूल, पेय पदार्थ र मेसिनरी आयात गर्ने र कार्पेट, तयारी कपडा तथा फलामजन्य सामग्री निर्यात गर्ने गर्दछ ।

## महासंघ अध्यक्ष ढकाल र ग्वाङ्दोङ मन्त्री वाङ शीबीच भेटवार्ता:



मिति २०८२ असार १३ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र चीनको ग्वाङ्दोङ प्रान्तीय युनाइटेड फ्रन्ट वर्क डिपार्टमेन्टका मन्त्री वाङ शी बीच महासंघ सचिवालयमा भेटवार्ता भएको थियो ।

भेटमा अध्यक्ष ढकालले नेपाल-चीन लामो विश्वासिलो सम्बन्ध रहेको उल्लेख गर्दै प्रविधि, नवप्रर्वतन, पर्यटन, पूर्वाधार र ऊर्जा क्षेत्रमा ग्वाङ्दोङका लगानीकर्तासँग सहकार्य गर्न आग्रह गर्नुभयो । उहाँले महासंघको पहलमा ३० भन्दा बढी कानुन संशोधन भइसकेको जानकारी दिँदै द्विपक्षीय लगानी सम्झौताले लगानीकर्ता लागि विश्वासिलो वातावरण तयार गर्ने धारणा व्यक्त गर्नुभयो ।

## कोशी प्रदेश लगानी सम्मेलन :



मिति २०८२ वैशाख १८ गतेदेखि १९ गतेसम्म कोशी प्रदेश सरकारले पहिलोपटक विराटनगरमा आयोजना गरेको प्रदेश लगानी सम्मेलन-२०८२ को उद्घाटनमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले मन्तव्य दिनु भएको थियो । मन्तव्यमा उहांले आगामी १० बर्षलाई लगानी दशकको रूपमा घोषणा गर्न, लगानीसंग सम्बन्धित कानुनहरू वन, लगानी र आर्थिक विकासका लागि नीतिगत स्थायित्व हुनुपर्ने, व्यवसायको दर्ता नागरिक एपबाट हुने व्यवस्था गर्नुपर्ने, कर बुझाएको आधारमा स्वतः नविकरण हुने व्यवस्था गर्न तथा विदेशी लगानीलाई अनलाइनबाट सबै प्रक्रिया पुरा गरेपछि फाइल बुझाए पुग्ने व्यवस्था गरि फाइल लगानीकर्ता आफैले डुलाउँदै हिडनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने लगायतका विषयमा धारणा राख्नु भएको थियो । यस्तै उहाँले लगानी बोर्ड, उद्योग विभाग लगायत अन्य निकाय एकिकृत गरि अधिकारसम्पन्न लगानी सहजीकरण निकायको निर्माण गरि लगानी सहजीकरणलाई जोड दिन आग्रह गर्नु भयो ।

कोशी प्रदेश पर्यटन, कृषि, उद्योग, ऊर्जा, पूर्वाधार, सूचना प्रविधि लगायतका क्षेत्रमा व्यापक सम्भावना बोकेको क्षेत्र भएको उल्लेख गर्दै अध्यक्ष ढकालले सम्मेलनमा प्रस्तुत हुने परियोजनाहरूको सम्भाव्यता, लगानीको ढाँचा तथा प्रदेश सरकारको भूमिका स्पष्ट पारेर लगानीकर्तालाई आश्वस्त पार्न कोशी प्रदेश सरकारलाई आग्रह गर्नु भयो ।

## नेपाल-मलेसिया व्यापार सहकार्यमा छलफल:



२०८२ असार १९ गते महासंघ र मलेसिया-नेपाल व्यापार परिषद् (एमएनबीसी) बीच सचिवालयमा भेटवार्ता भएको थियो ।

भेटवार्तामा नेपाल-मलेसिया व्यापार, लगानी प्रवर्द्धन, पर्यटन, पूर्वाधार, कृषि, ऊर्जा, सूचना प्रविधि र सेवा क्षेत्रका सहकार्यका सम्भावनाहरूमा छलफल भएको थियो । वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नेपालले बिमस्टेक र सार्कजस्ता क्षेत्रीय संगठनमार्फत सहकार्यलाई प्राथमिकता दिएको र व्यापार घाटा घटाउँदै निर्यात वृद्धि र लगानी भित्र्याउने लक्ष्य रहेको जानकारी दिनुभयो । उहाँले सरकारले विदेशी लगानी प्रोत्साहनका लागि आठवटा कानुन संशोधन गरेको र द्विपक्षीय लगानी सम्झौताको ढाँचा स्वीकृत भइसकेको पनि उल्लेख गर्नुभयो ।

उपाध्यक्ष ज्योत्सना श्रेष्ठ र कोषाध्यक्ष भरतराज आचार्यले पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, मानव संसाधन र सूचना प्रविधि क्षेत्रमा सहकार्यका अवसर रहेको बताउँदै मलेसियाली व्यवसायीलाई नेपालमा लगानी गर्न महासंघ सधैं तयार रहेको स्पष्ट गर्नुभयो ।

एमएनबीसी अध्यक्ष डाटो प्रदीप कुमार कुकरेजाले मलेसियाले पूर्वाधार, सूचना प्रविधि र पर्यटनमा गरेको प्रगतिमा नेपालसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै प्रविधि र अनुभव साझा गर्न सकिनेमा जोड दिनुभयो ।

## चिनीयाँ प्रतिनिधीमण्डलसंग भेटघाट :



मिति २०८२ वैशाख २६ गते नेपाल-चीन आर्थिक सम्बन्धलाई थप प्रगाढ बनाउँदै द्विपक्षीय व्यापार असन्तुलन न्यूनीकरण, संयुक्त लगानीका सम्भावनाका बारेमा छलफलको लागि महासंघमा बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले चिनीयाँ प्रतिनिधीमण्डलसंग भेटघाट गर्नुभएको थियो । छलफलका क्रममा उहांले नेपाल-चीन सम्बन्धले व्यापार, लगानी र सहकार्यका लागि ठूलो सम्भावना बोकेको चर्चा गर्दै नेपाली उत्पादनको बजार पहुँच र निर्यात तथा सीमापार व्यापारमा चीनको सहयोग आवश्यक रहेको बताउनु भयो ।

## अन्तर्राष्ट्रिय वित्त निगम (ifc) का प्रतिनिधिसंग भेटघाट :

अन्तर्राष्ट्रिय वित्त निगम (ifc) का दक्षिण एसिया क्षेत्रका म्यानेजर ग्रेगोरी स्मिथ तथा महासंघका उपाध्यक्ष हेमराज ढकाल बीच मिति २०८२ वैशाख १८ गते महासंघमा भेटघाट भएको थियो । उक्त भेटमा अन्तर्राष्ट्रिय वित्त निगम

(ifc) र महासंघ बीच नेपालको आर्थिक विकास, रोजगारी तथा आपसी सहकार्यका विषयमा छलफल भएको थियो ।



महासंघका उपाध्यक्ष ढकालले महासंघले विगतमा पनि आईएफसीसँगको सहकार्यमा विभिन्न काम गरेको जानकारी गराउँदै नेपालको निजी क्षेत्रको सुदृढीकरणका लागि आइएफसीको सहयोग प्रति आभार व्यक्त गर्नु भयो । उहांले सन् २०२२ मा महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमले संयुक्त रूपमा तयार पारेको "नेपालको निजी क्षेत्रको अवस्था" सम्बन्धी अध्ययन प्रतिवेदनलाई सार्वजनिक गरिएको र उक्त अध्ययनले नेपालको निजी क्षेत्रका शक्ति, चुनौती र सम्भावनाहरूलाई उजागर गर्दै नीति निर्माण र लगानीका लागि मार्गनिर्देशक भूमिका खेलेको छ बताउनु भयो ।

## निजी क्षेत्रको मनोबल बढाउन, उच्चस्तरीय भेटघाट

### सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलसंग भेटवार्ता :

नेपाल उद्योग वाणिज्य महासंघ र अन्य निजी क्षेत्रका प्रमुख प्रतिनिधिहरूले २०८२ मंसीर ५ गते राष्ट्रपति रामचन्द्र पौडेलसँग शीतल निवासमा भेटवार्ता गरेका थिए । बैठकमा निजी क्षेत्रले दण्डहीनता अन्त्य, कानुनी प्रत्याभूति, औद्योगिक सुरक्षा र लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए ।



महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले जेनजी आन्दोलनका एजेन्डा सही भएपनि पछिल्लो घुसपैठ र भाद्र २३-२४ का घटनाहरूले निजी क्षेत्रको मनोबल कमजोर बनाएको उल्लेख गर्दै कानुनी प्रक्रिया सुनिश्चित गर्न माग गर्नुभएको थियो ।

भेटमा नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, होटल संघ नेपाल (हान) र विभिन्न उद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो ।

### सम्मानीय प्रधानमन्त्री सुशिला कार्कीसंग भेटघाट :

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले २०८२ असोज ५ गते प्रधानमन्त्री सुशीला कार्कीसँग भेटेर अर्थतन्त्रको पुनर्निर्माण, नवनिर्माण र पुनरूत्थानका लागि निजी क्षेत्र र सरकारबीच सुरक्षा, समन्वय र सहकार्य आवश्यक भएकोमा जोड दिनुभयो ।

उहाँले अधिकार सुरक्षित वातावरण, कर्जा पुनर्संरचना, भन्सार/आयकर छुट, बीमा दाबीको शीघ्र भुक्तानी, ध्वस्त उद्योग पुनर्स्थापना, दोषीमाथि कारबाही र निरन्तर संवाद संयन्त्र स्थापनाको माग गर्नुभयो । साथै २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेको तयारीमा जोखिम र व्यापार सुविधा समस्यामा सरकारको ध्यानाकर्षण गराउनुभयो ।



छलफलमा निजी क्षेत्रका प्रतिनिधिहरूले साना-मझौला उद्यमको राहत, कर्जा सहुलियत, बजेट पुनरावलोकन र वित्तीय सहायताको आवश्यकता औंल्याए । प्रधानमन्त्री कार्कीसँग भएको यो संवादले सरकार-निजी क्षेत्र साझेदारीमा सहयोग र लगानीमैत्री वातावरण सुदृढ गर्ने आधार तयार गरेको छ ।

छलफलका क्रममा चालु पूँजी कर्जा मार्गदर्शन कम्तीमा दुई वर्ष स्थगन पुर्नकर्जा, ब्याज अनुदान लगायतका वित्तिय सहुलियत तत्कालदिन सकिने तर्फ व्यवसायीहरूले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गराएका थिएँ ।

## निजी क्षेत्रका प्रतिनिधिहरूको अर्थमन्त्रीसँग भेट



२०८२ भाद्र ३१ गते, निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूले अर्थमन्त्री रामेश्वर खनाललाई भेटेर आन्दोलनका कारण सिर्जित चुनौती र अर्थतन्त्र सुधारका लागि तत्काल कार्यान्वयन गर्न सकिने सुझावहरू पेश गरे ।

उहाँहरूले तोडफोड, लुटपाट र आगजनीबाट क्षति पुगेका व्यवसायहरूको मूल्यांकन र राहत, व्यवसाय पुनःस्थापना कोष, दोषीमाथि कडा कानुनी कारबाही, सुरक्षित लगानी वातावरण, राजस्व विवरण बुझाउने समयसीमा थप, कर छुट र बैंकिङ/बीमा सहुलियत, साथै सरकारी भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सुनिश्चित गर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

यो भेटले आन्दोलन प्रभावित निजी क्षेत्रको मनोबल सुधार, पुनर्निर्माण र सरकार-निजी क्षेत्र सहकार्य सुदृढ बनाउने दिशामा महत्वपूर्ण कदमको भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## महासंघद्वारा गृहमन्त्रीसँग भेटः

२०८२ असोज २ गते, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले गृहमन्त्री ओम प्रकाश आर्यालसँग भेट गरी व्यवसाय गर्न सुरक्षित वातावरण, शान्ति-सुरक्षा प्रत्याभूति र दण्डहीनता अन्त्यका लागि तत्काल कदम चाल्न आग्रह गरे ।



उहाँले जिल्लास्तरमा निजी क्षेत्रले सुरक्षाको अनुभूति नपाउँदै आएको र आन्दोलनका क्रममा भएको

घुसपैठ, तोडफोड र आगजनीमा संलग्न व्यक्तिहरूको कडा कारबाही आवश्यक भएको औंल्याउनुभयो । उपाध्यक्षहरू हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ र कोषाध्यक्ष भरतराज आचार्यले सयौं उद्योग-व्यवसाय प्रभावित भएको र आर्थिक क्षति पुगेको उल्लेख गर्दै दोषीमाथि कारबाही नगर्दा दण्डहीनता फैलने चेतावनी दिनुभयो ।

यो भेटले सरकार-निजी क्षेत्र सहकार्य र व्यवसाय सुरक्षित वातावरण सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण कदमको आधार तयार गरेको छ ।

## महासंघद्वारा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीसँग भेट:



२०८२ असोज ९ गते, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति एवं कानून मन्त्री अनिल कुमार सिन्हासँग भेट गरी हालैको आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी र सार्वजनिक सम्पत्तिमा क्षति रोक्न, दोषीमाथि कडा कारबाही, व्यवसायिक सुरक्षा र लगानीमैत्री वातावरण निर्माण गर्न सरकारलाई आग्रह गर्‍यो ।

उपाध्यक्ष अञ्जन श्रेष्ठले निजी क्षेत्रमाथि हुने प्रहार रोक्न, पुनर्निर्माणमा स्वदेशी वस्तुको प्राथमिकता, र नेपालका आगामी अतिकम विकसित मुलुकबाट स्तरोन्नति सम्बन्धी निर्णयको पुनर्विचारका लागि संयुक्त राष्ट्रसंघसँग पहल गर्न सुझाव दिनुभयो । उपाध्यक्षहरू हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ र कोषाध्यक्ष भरतराज आचार्यले कानूनी राज्य र सुशासन, भ्रष्टाचारमुक्त र पारदर्शी शासन सुनिश्चित गर्न सरकारलाई ठोस कदम चाल्न जोड दिनुभयो ।

यो भेटले व्यवसायिक पुनर्निर्माण, निजी क्षेत्रको मनोबल सुधार र दीर्घकालीन आर्थिक स्थायित्व सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण आधार तयार गरेको छ ।

## महासंघद्वारा प्रहरी महानिरीक्षकसँग भेट:

२०८२ कार्तिक ३० गते, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले नेपाल प्रहरीका महानिरीक्षक दान बहादुर कार्कीसँग भेट गरी जेनजी आन्दोलनका क्रममा उद्योग, व्यवसाय र निजी सम्पत्तिमा भएको तोडफोड र घुसपैठका दोषीमाथि कडा कानूनी कारबाही, औद्योगिक सुरक्षा, र व्यवसायीको मनोबल वृद्धिका लागि आवश्यक कदम चाल्न आग्रह गर्‍यो ।



अध्यक्ष ढकालले कारबाही नभएमा दण्डहीनता र लगानी वातावरणमा नकारात्मक प्रभाव पर्ने चेतावनी दिनुभयो । महानिरीक्षक कार्कीले शान्ति-सुरक्षा कायम गर्नु प्रहरीको पहिलो दायित्व भएको उल्लेख गर्दै, हिंसा, तोडफोड र

अराजकतामा संलग्न व्यक्तिहरूलाई प्रमाणका आधारमा कानूनी दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भेटमा निवर्तमान अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरकृष्ण वैद्य, हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ, र कोषाध्यक्ष भरतराज आचार्य लगायत सहभागी थिए ।

## महासंघद्वारा जांचबुझ आयोगसँग छलफल:



२०८२ मंसीर १ गते, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले भदौ २३ र २४ गतेका घटना सम्बन्धी जांचबुझ आयोग २०८२ का पदाधिकारीहरूसँग भेट गरी जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको गलत घुसपैठ, तोडफोड र आर्थिक असर सम्बन्धमा जानकारी प्रदान गर्यो ।

अध्यक्ष ढकालले निजी क्षेत्र मुलुकको अर्थतन्त्रको मेरूदण्ड भएको र यस्ता घटना दोहोरिन नदिन राज्य संयन्त्रको प्रभावकारी भूमिका आवश्यक भएकोमा जोड दिनुभयो । उहाँले आयोगले दिने सुझावले भविष्यमा विधिको शासन र सुरक्षित व्यावसायिक वातावरण सुनिश्चित गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

आयोगका अध्यक्ष पूर्व न्यायाधिश गौरीबहादुर कार्कीले घटनाको सत्यतथ्यगत प्रतिवेदन तयार गरिने र निजी क्षेत्रको संरक्षण सरकारको दायित्व भएको उल्लेख गर्नुभयो । भेटमा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरकृष्ण वैद्य, हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ, र कोषाध्यक्ष भरतराज आचार्य सहभागी थिए ।

### महासंघका सुझावहरू बुंदागत रूपमा

- जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको गलत घुसपैठ, तोडफोड र आक्रमणमा संलग्न व्यक्तिहरूलाई कडा कानूनी कारबाही गर्नुपर्ने ।
- भविष्यमा यस्ता घटना दोहोरिन नदिन राज्य संयन्त्रको प्रभावकारी भूमिका सुनिश्चित गर्नुपर्ने ।
- निजी क्षेत्र राजस्व र रोजगारीमा योगदान गर्ने मुख्य आधार भएकाले यसको सुरक्षा सुनिश्चित गर्न सरकार, आयोग, राजनीतिक दल र आम नागरिकलाई बुझाउनु आवश्यक ।
- निजी क्षेत्रको मनोबल र लगानी वातावरण सुरक्षित र स्थिर बनाउने पहल गर्नुपर्ने ।
- आयोगले तयार गर्ने सत्यतथ्यगत प्रतिवेदनले नीति निर्माणमा उपयोगी सुझावहरू प्रदान गर्नुपर्ने ।
- विधिको शासनको पूर्ण पालना गर्दै शान्तिपूर्ण र सुरक्षित व्यवसायिक वातावरण सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्ने ।

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्र सिंह भण्डारीसँग भएको भेट

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरूलाई स्थानीय स्तरमै सरल र सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभएको छ । नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्र सिंह भण्डारीसँग भएको भेटमा उहाँले श्रमिकहरू ३६ प्रतिशतसम्म महँगो ब्याज तिर्न बाध्य भएको उल्लेख गर्दै बैंक, वित्तीय संस्था, मनि ट्रान्सफर, बीमा र सामाजिक सुरक्षा कोषमार्फत

समन्वय गरी सहज ऋण व्यवस्था गर्न आग्रह गर्नुभयो ।



उहाँले सामाजिक सुरक्षा कोषमा संकलित ठूलो रकमलाई उद्योग, कृषि, ऊर्जा र पर्यटनजस्ता उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने धारणा राख्दै यसबाट रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारमा टेवा पुग्ने बताउनुभयो । साथै, उद्योगको आवश्यकता अनुसार सीपयुक्त जनशक्ति उत्पादन, श्रमिकको सुरक्षा सुनिश्चितता र औद्योगिक करिडोरहरूमा विशेष औद्योगिक सुरक्षाबल गठन आवश्यक रहेको उल्लेख गर्नुभयो ।

यसैगरी, वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भूवन सिंह गुरूङले सेवा शुल्कसम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन गरी श्रमिक ठगी रोक्ने उपाय खोज्न आग्रह गर्नुभयो । मन्त्री भण्डारीले उठाइएका विषयमा सकारात्मक प्रतिक्रिया जनाउँदै नीति सुधार र कार्यान्वयनमा आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भेटमा महासंघकी उपाध्यक्ष ज्योत्सना श्रेष्ठ तथा वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नरसँग भेटवार्ता



मिति २०८२ जेष्ठ ७ गते महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेललाई भेटेर बधाई तथा शुभकामना व्यक्त गरेको थियो ।

भेटमा महासंघले मुख्य रूपमा निम्न सुझावहरू प्रस्तुत गरेको थियोः

- लगानीमैत्री वातावरण निर्माण गर्दै देशको समग्र अर्थतन्त्र चलायमान बनाउने ।
- कर्जा पुनःसंरचना र पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था सुनिश्चित गर्ने ।
- मौद्रिक नीतिहरूले बजारमा माग सिर्जना गर्ने र उत्पादनमूलक उद्योगलाई अन्य व्यवसायभन्दा कम व्याजदरमा कर्जा प्रवाह गर्नुपर्ने ।
- साना तथा मझौला उद्यमीहरूलाई पुनःकर्जा उपलब्ध गराउने व्यवस्था लागू गर्ने ।
- परियोजनाको सम्भाव्यता अनुसार परियोजना कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

गभर्नर डा. पौडेलले निजी क्षेत्र अर्थतन्त्रको संवाहक भएको स्मरण गर्दै, सुझावहरूलाई समावेश गरी अर्थतन्त्र चलायमान बनाउन र देशको आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# सदस्यहरुको क्षमता बिकास एवं विस्तार, संस्थागत बिकास

## महासंघको १४ औं कार्यकारिणी समितिको बैठक भियतनाममा

महासंघमा एक कार्यकालको कम्तिमा एउटा कार्यकारिणी समितिको बैठक विदेशमा आयोजना गर्ने गरि भएको योजना र सङ्गठनको अन्तर्राष्ट्रिय छवि सुदृढ गर्ने रणनीति अनुसार १४ औं कार्यकारिणी समितिको बैठक मित्रराष्ट्र भियतनामको हनोईमा मिति २०८२ मंसीर २४ गते सम्पन्न भएको छ ।

यो अभ्यासले कार्यसमिति सदस्यहरूलाई अन्तर्राष्ट्रिय व्यावसायिक वातावरणको प्रत्यक्ष अनुभव गराउनुका साथै महासंघको संस्थागत क्षमतालाई विश्वस्तरमा प्रदर्शन गर्ने अवसर प्रदान गरेको छ ।

## उत्पत्तिको प्रमाणपत्र पूर्णरुपमा अनलाइन प्रणालीमा :

नेपाल सरकारले ७४ औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा उत्पत्तिको प्रमाणपत्रलाई पूर्णरूपमा अनलाइन प्रणालीमा लैजाने निर्णय छ । भन्सार कार्यालयमा आयात निर्यात सम्बन्धि अधिकाशं प्रक्रियाहरू पूर्ण स्वचालित भईसकेको अवस्थामा उत्पत्तिको प्रमाणपत्रलाई पूर्णरूपमा अनलाइन हुनु पर्दछ भनेर महासंघले लामो समय देखि भन्दै आएको र सरकारले निजी क्षेत्रको सो मागलाई सम्बोधन गरेको छ । कुनै पनि वस्तु निकासी गर्नको लागि उत्पत्तिको प्रमाणपत्रलाई अन्तर्राष्ट्रिय भन्सार प्रशासनमा आधारभूत कागजातको रूपमा लिइन्छ । यो प्रणाली कार्यान्वयन हुँदा मुलुकको निकासी सम्वन्धी सबै विवरणहरूको विश्वसनीय तथ्याङ्क प्राप्त हुने, मुलुकलाई अन्तर्राष्टिय व्यापार सम्वन्धी नीति नियम र आर्थिक विषयमा लिनु पर्ने अन्य नीतिगत निर्णय लिनमा सहज हुनुका साथै अन्तर्राष्ट्रिय व्यापारमा मुलुकको विश्वसनीयता थप बढ्न जाने छ ।

यस अवधिमा महासंघका अध्यक्ष लगायत पदाधिकारीहरूले अन्तर्राष्ट्रिय बैठकहरूमा महासंघको सहभागिताले नेपालको आर्थिक कूटनीति सुदृढ गर्न, वैदेशिक लगानी आकर्षित गर्न, र निजी क्षेत्र तथा बहुपक्षीय संस्थाबीचको सहकार्य बलियो बनाउन मद्दत गर्ने अपेक्षा गरिएको छ ।

# संस्थागत सामाजिक उत्तरदायित्व

## महासंघद्वारा म्यानमारका भुकम्प पिडितहरुका लागि राहत सामग्री हस्तान्तरण :

मिति २०८१ चैत्र १५ (२८ मार्च २०२५) मा ७.७ म्याग्निच्युडको विनाशकारी भूकम्पले म्यानमारमा ठुलो क्षति पुर्याएको र त्यस लगत्तै २०८१ साल चैत्र २१ गते परराष्ट्र मन्त्रालयमा बसेको बैठक अनुसार म्यानमारमा भूकम्प पिडितहरूका लागि राहत पठाउने निर्णय भएको थियो । सोही निर्णय बमोजिम महासंघले म्यानमारका भुकम्प पिडीतहरूका लागि राहत सामग्री हस्तान्तरण गरेको थियो । महासंघका विपद् व्यवस्थापन समितिका सभापति भक्त बहादुर हमालले गृह मन्त्रालयका प्रतिनिधी मार्फत राहत सामाग्री हस्तान्तरण गर्नुभएको थियो । महासंघले राहत स्वरूप चामल, मसुरो दाल, भाडँकुडाको सेट, मस्क्युटो नेट, ब्लड ब्याग, ब्लड ट्रान्सफ्यूजन सेट, ब्यान्डेज, इलास्टिक एडजेस्टेबल ब्याण्ड तथा पेपर टेप लगायतका सामग्रीहरु प्रदान गरेको थियो ।



सामाजिक उत्तरदायित्व अन्तर्गत महासंघले देश भित्र र बाहिर हुने प्राकृतिक विपत्तिका घटनाहरूमा राहत सामग्री वितरण गर्दै आइरहेकामा पछिल्लो पटक म्यानमारका लागि यो सामग्री हस्तान्तरण गरेको थियो ।

## महासंघद्वारा उद्योग विभागलाई सहयोग स्वरुप कम्प्युटरहरु हस्तान्तरण :



मिति २०८२ मंसीर ३ गते नेपाल उद्योग वाणिज्य महासंघले उद्योग विभागलाई कम्प्युटरहरू हस्तान्तरण गरेको छ । भाद्र २३ र २४ गतेको आन्दोलनका क्रममा उद्योग विभाग परिसरमा भएको आगजनीका कारण कम्प्युटर तथा अन्य सामग्री जलेर नष्ट भएपछि विभागको आग्रह अनुसार महासंघले सहयोग स्वरूप कम्प्युटरहरू उपलब्ध गराएको छ । सो अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले निजी क्षेत्र र राज्यका निकाय बीचको सहकार्यले मात्र सेवा प्रवाहको गुणस्तर सुधारिने बताउनु भएको छ । उहांले क्षति न्यूनीकरणमा महासंघको तर्फबाट सानो सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै, आउँदा दिनमा पनि महासंघ र विभागबीच सहकार्य जारी रहने साथै यो सहकार्यको माध्यमबाट संस्थागत क्षमताबृद्धिमा योगदान पुग्ने विश्वास रहेको बताउनुभएको थियो ।

उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवालीले आन्दोलनको क्रममा विभागको भौतिक सामग्रीमा ठूलो क्षति पुगेको उल्लेख गर्नुहुदै महासंघले कम्प्यूटरहरू सहयोग उपलब्ध गराएकोमा आभार व्यक्त गर्नुभयो साथै उहांले महासंघको यो सहयोगले विभागको दैनिक सेवा सञ्चालनमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

## महासंघद्वारा नेपाल प्रहरीलाई सहयोग स्वरुप कम्प्यूटर एवं प्रिन्टरहरु हस्तान्तरण :



नेपाल उद्योग वाणिज्य महासंघले मिति २०८२ पौष २५ गते नेपाल प्रहरी अपराध अनुसन्धान महाशाखा, टेकु लाई दुई तथा ल्यापटप,एक थान डेस्कटप कम्प्युटर र तीन थान प्रिन्टर हस्तान्तरण गरेको छ ।

महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले टेकु परिषरमा आयोजित एक कार्यक्रमका बीच उक्त सामग्री हस्तान्तरण गर्नुभएको हो । सो अवसरमा अध्यक्ष ढकालले अपराध अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाउन प्राविधिक साधनको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै निजी क्षेत्र सदैव राज्यका संस्थाहरूसँग सहकार्यमा अघि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षा निकायको क्षमता सुदृढ हुनु समग्र लगानी वातावरण र आर्थिक गतिविधिका लागि पनि सकारात्मक संकेत हो । महासंघले संस्थागत सुदृढीकरणका यस्ता प्रयासमा निरन्तर सहयोग गर्नेछ ।"

महाशाखाका प्रतिनिधिहरूले उपलब्ध गराइएको सामग्रीले अनुसन्धान कार्यलाई थप सहज बनाउने विश्वास व्यक्त गर्दै सहयोगका लागि महासंघप्रति आभार व्यक्त गरेका थिए ।

# अन्य गतिविधि

## महासंघ र आईएफसीद्वारा इएसजी कार्यशाला सम्पन्न :

महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले वातावरणीय, सामाजिक र सुशासन (इएसजी) व्यवसायका लागि अब केवल ट्रेन्ड नभई दिगो भविष्यको अपरिहार्य बाटो भएको बताएका छन् । महासंघले मिति २०८२ असार ६ गते काठमाडौंमा आयोजित कार्यशालामा इएसजीलाई एकीकृत गर्दै नेपाली व्यवसायलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार तयार पार्ने योजना घोषणा गरेको छ ।




कार्यशालामा सर्भेक्षणमार्फत तालिम र क्षमता विकासका कार्यक्रम पहिचान गरिनुका साथै कोशी प्रदेशमा पनि यस्तै कार्यशाला आयोजना गरिएको थियो । प्रधानमन्त्री, निजी क्षेत्रका प्रतिनिधि, नीति निर्माताहरू र अन्तर्राष्ट्रिय साझेदार हरूको सहभागितामा वातावरण, समाज र सुशासनलाई समग्र रूपमा समेट्न जोड दिइएको थियो ।

## ३० व्यवसायिक कम्पनी तथा संस्थालाई महत्वपूर्ण व्यावसायिक व्यक्ति (सीआईपी) सीआईपी सम्मान :




नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले ३० व्यवसायिक कम्पनी र संस्थालाई महत्वपूर्ण व्यावसायिक व्यक्ति (सीआईपी) सम्मान प्रदान गरेको छ । मिति २०८२ असार ३२ गते आयोजित कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले व्यक्तिगत र संस्थागत सीआईपी सम्मान हस्तान्तरण गर्नुभयो ।

पुरस्कृतमा २१ कम्पनी/फर्म र ९ प्रतिनिधिमूलक संस्थाहरू रहेका छन् । प्रतिनिधिमूलक संघबाट नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, नेपाल हस्तकला महासंघ, निर्यात व्यवसायी महासंघ, नेपाल छुर्पी व्यवसायी संघ, नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघ, नेपाल तयारी पोशाक उद्योग संघ र नेपाल ऊनी फेल्ट उत्पादक तथा निर्यात संघलाई सीआईपी सम्मान प्रदान गरिएको थियो ।

यसैगरी, ऊनी गलैंचा, तयारी पोशाक, ऊनी फेल्ट, छुर्पी, पश्मिना, कृषिजन्य र जडीबुटी उत्पादन, बैंकिङ, पर्यटन र स्टार्टअप क्षेत्रका अग्रस्थानका कम्पनी/व्यक्तिहरूलाई पनि यस अवसरमा सिआईपी सम्मान गरिएको थियो ।

तत्कालिन मन्त्री भण्डारीले निजी क्षेत्रसँगको सहकार्यलाई अझ बलियो बनाइ देशको समृद्धि अघि बढाउन सीआईपी सम्मानले उद्योगी व्यवसायीको मनोबल उच्च राख्ने बताउनुभएको थियो । अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालको निर्यात क्षमता र लगानी सम्भावनामा विश्वास व्यक्त गर्दै निजी क्षेत्रको योगदान र सरकारको सहकार्यको महत्वलाई औंल्याउनुभएको थियो ।

अध्यक्ष ढकालले अन्तर्राष्ट्रिय अभ्यास अनुसार प्रत्येक दुई वर्षमा सीआईपी प्रदान गर्ने निश्चित मिति तोकेर "सीआईपी डे" मनाउने र यसमार्फत व्यवसायीको मनोबल र आर्थिक सुधारमा हुने योगदानलाई प्रोत्साहन गर्नुपर्ने सुझाव पनि दिनुभयो ।

## नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको दशौं संस्करण:

**१०औँ नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला सम्पन्न: स्वदेशी उत्पादनको अन्तर्राष्ट्रिय प्रवर्द्धनमा जोड**



नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजित १०औँ नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०८२ वैशाख २५ देखि २९ गतेसम्म सफलतापूर्वक सम्पन्न भएको छ । मेलाको उद्‌घाटन तत्कालिन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले गर्नुभएको थियो ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (TEPC) को सहयोग तथा ललितपुर उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघको सहआयोजनामा सम्पन्न मेलामा नेपाल, चीन र बंगलादेशका गरी १२० भन्दा बढी स्टल सहभागिता रहेका थिए ।

उद्घाटन समारोहमा तत्कालिन मन्त्री भण्डारीले मेलाले नेपाली वस्तुको गुणस्तर र मौलिकतालाई विश्व बजारमा स्थापित गर्दै स्वदेशी उत्पादनको ब्रान्डिङमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले वर्तमान जटिल आर्थिक अवस्थामा बजारमा सकारात्मक सन्देश दिन र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न मेला महत्वपूर्ण भएको बताउनुभयो ।

मेलामा स्वदेशी तथा विदेशी उद्योगी-व्यवसायीबीच व्यापारिक सम्बन्ध विस्तार, लगानी आकर्षण र रोजगारी सिर्जनाका अवसरहरूमा छलफल भएको थियो । महासंघले यस मेलालाई वार्षिक क्यालेन्डरअन्तर्गत निरन्तर परिस्कृत गर्दै अन्तर्राष्ट्रिय स्तरमा नेपालको ब्रान्डिङ सुदृढ गर्ने योजना अघि बढाएको जनाएको छ ।

## महासंघ र नेपाल विश्वविद्यालय बीच समझदारी :



नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल विश्वविद्यालय बीच नेपालको शैक्षिक क्षेत्रको विकास, अनुसन्धान तथा दक्ष जनशक्ति उत्पादनका लागि सहकार्य गर्ने विषयमा मिति २०८२ जेठ १६ गते छलफल सम्पन्न भएको थियो । छलफलमा उद्योग-व्यवसायको आवश्यकता अनुरूपको दक्ष जनशक्ति उत्पादन, विद्यार्थीलाई व्यावहारिक सीप विकास तथा रोजगारीका अवसर

सिर्जना गर्ने विषयमा सहमति व्यक्त गरिएको थियो ।

उक्त सहकार्यलाई औपचारिकता दिँदै मिति २०८२ मंसिर ३ गते पाँच वर्षे समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । समझदारीपत्रमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र विश्वविद्यालयका रजिष्ट्रार डा. सूर्यराज आचार्यले हस्ताक्षर गर्नुभएको थियो ।

समझदारीपत्र अन्तर्गत पाठ्यक्रम विकास, तालिम कार्यक्रम सञ्चालन, संयुक्त परियोजना अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन, र उद्यमशीलता विकास लगायतका क्षेत्रमा सहकार्य गरिनेछ ।

महासंघका अध्यक्ष ढकालले उक्त सहकार्यले निजी क्षेत्र र शैक्षिक संस्थाबीचको दूरी घटाउँदै देशमै दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । विश्वविद्यालयका कुलपति डा. विन्दुनाथ लोहनीले यसले नेपालको शैक्षिक प्रणालीलाई विश्व बजारसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

## राष्ट्रिय आर्थिक गणना २०८२ बारे छलफल




नेपाल उद्योग वाणिज्य महासंघ र राष्ट्रिय तथ्याङ्क कार्यालय को संयुक्त आयोजनामा राष्ट्रिय आर्थिक गणना २०८२ सञ्चालन सम्बन्धमा उद्योगी-व्यवसायीसँग महासंघ सचिवालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले गणनालाई प्रभावकारी बनाउन सरकारी निकाय र निजी क्षेत्रबीच सशक्त सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । महासंघका उपाध्यक्ष हेमराज ढकालले गणनाले देशको वास्तविक आर्थिक अवस्था, लगानी प्रवृत्ति तथा रोजगारीसम्बन्धी यथार्थ तथ्याङ्क उपलब्ध गराई नीति निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने बताउनुभयो ।

तथ्याङ्क कार्यालयका सहसचिव ढुण्डिराज लामिछानेले औद्योगिक, व्यापारिक तथा सेवा क्षेत्रका विस्तृत तथ्याङ्क संकलनमार्फत प्रमाणमा आधारित नीति निर्माणमा सहयोग पुग्ने उल्लेख गर्दै तथ्याङ्कको गोपनीयता सुनिश्चित गरिने स्पष्ट पार्नुभयो ।

राष्ट्रिय आर्थिक गणना २०८२ मिति २०८२ वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुने जानकारी दिइएको छ । कार्यक्रममा गणनाको उद्देश्य, आवश्यकता र महत्वबारे विस्तृत प्रस्तुतीकरण समेत गरिएको थियो ।

## कार्यस्थलमै शिशु स्याहार केद्र

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा सञ्चालित सशक्त महिला संवृद्ध नेपाल कार्यक्रम अन्तर्गत कैलालीको गोदावरी-६ स्थित ग्रिन होम प्रा.लि. परिसरमा शिशु स्याहार, प्राथमिक उपचार तथा स्तनपान कक्ष स्थापना गरिएको छ ।



करिब १० लाख रूपैयाँको लगानीमा निर्माण गरिएको उक्त केन्द्रमा महिला कर्मचारीहरूले आफ्ना बालबच्चाको समय-समयमा हेरचाह गर्न सक्ने व्यवस्था गरिएको छ । केन्द्रमा पोषणयुक्त खाना तयारीका सामग्री, खेल सामग्री तथा सहजकर्ताको समेत प्रबन्ध गरिएको छ ।

महासंघका कोषाध्यक्ष भरतराज आचार्यले यस्तो पहलले अवैतानिक हेरचाह कार्यको बोझ घटाउँदै लैङ्गिक समानता र जनशक्ति स्थायित्वमा टेवा पुग्ने बताउनुभयो । उद्योगका सञ्चालक दिनेश लम्सालका अनुसार बाल हेरचाह सुविधाको अभावमा महिला कर्मचारीले काम छोड्ने समस्या बढेपछि यो केन्द्र स्थापना गरिएको हो ।

यस पहलले कार्यस्थलमै सुरक्षित बाल हेरचाहको वातावरण सिर्जना गर्दै महिला श्रमिकलाई उत्साहित बनाएको छ ।

## महासंघलाई ब्रिटिस काउन्सिलको गोइङ ग्लोबल पार्टनरसीप अवार्ड २०२५




नेपाल उद्योग वाणिज्य महासंघ ले British Council द्वारा प्रदान गरिने गोइङ ग्लोबल पार्टनरसीप अवार्ड २०२५ प्राप्त गरेको छ । नेपालमा हरित सीप विकास तथा सार्वजनिक-निजी क्षेत्रबीच सहकार्य प्रवर्द्धनमा पुर्‍याएको योगदानको कदर गर्दै उक्त अवार्ड प्रदान गरिएको हो ।

अवार्डको घोषणा अक्टोबर २८ मा लन्डनमा आयोजित Going Global २०२५ सम्मेलनका क्रममा गरिएको थियो । नेपाली साझेदारका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव चूडामणि शर्माले अवार्ड ग्रहण गर्नुभएको थियो ।

नेपालमा पहिलो पटक ग्रीन स्किल्स एडभाइजरी बोर्ड (जीसाब) को औपचारिक शुभारम्भ कार्यक्रममा सचिव शर्माले महासंघका महानिर्देशक गोकर्ण राज अवस्थीलाई उक्त अवार्ड हस्तान्तरण गर्नुभएको थियो ।

यस अवसरमा बोल्दै सचिव शर्माले बेलायत-नेपालबीचको उत्कृष्ट साझेदारीको सम्मान स्वरूप यो अवार्ड महत्वपूर्ण रहेको उल्लेख गर्दै हरित सीप विकास क्षेत्रमा आगामी दिनमा थप प्रगति हुने विश्वास व्यक्त गर्नुभयो ।

## नि:शुल्क क्यान्सर जाँच शिविर सम्पन्न



नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको महिला उद्यमी विकास समिति, नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघ र लायन्स क्लब अफ काठमाडौं सेन्टरको संयुक्त आयोजनामा तथा क्यान्सर सेन्टर ललितपुरको प्राविधिक सहयोगमा कन्या विद्याश्रम मा.वि., डिल्लिबजारमा स्तन तथा पाठेघरसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा नेपाल क्यान्सर हस्पिटलका विशेषज्ञ चिकित्सक डा. मुरारीमान श्रेष्ठ, डा. अनुशा शर्मा र डा. सुनिता श्रेष्ठसहितको टोलीले सेवा प्रदान गरेको थियो ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले महिला स्वास्थ्य सचेतनामा यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उपाध्यक्ष ज्योत्सना श्रेष्ठले क्यान्सरको प्रारम्भिक पहिचान र समुदायस्तरमा सचेतना विस्तारमा शिविर प्रभावकारी हुने धारणा राख्नुभयो ।

शिविरमार्फत १५० जना महिलाको स्तन तथा पाठेघर क्यान्सर लगायत अन्य स्त्रीरोगसम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण गरिएको महिला समिति सभापति कमला श्रेष्ठले जानकारी दिनुभयो ।

## नेपालगन्ज–दिल्ली सिधा उडानले पश्चिम नेपालमा आर्थिक विकासको गति बढाउने




नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपालगन्ज–दिल्ली सिधा हवाई उडानको लागि प्रभावकारी पहल आवश्यक रहेको बताएका छन् । महासंघ मिति २०८२ साउन २५ गते आयोजित सर्वपक्षीय छलफल कार्यक्रममा अध्यक्ष ढकालले सिधा उडानले पश्चिम नेपालको पर्यटन, कृषि र क्षेत्रीय सम्पर्कमा ठूलो योगदान पुऱ्याउने उल्लेख गर्नुभयो । उहांले पर्यटन पूर्वाधारको प्रभावकारी सञ्चालन र लगानीमैत्री वातावरण निर्माणमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउनु भएको थियो ।

कार्यक्रममा पूर्वमन्त्री, सांसद, राजनीतिक दलका प्रतिनिधि, पर्यटन व्यवसायी, पत्रकार र नागरिक समाजका अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## औपचारिकीकरणः दिगो र समावेशी अर्थतन्त्रको आधार



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले दिगो विकासका लागि अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रमा समाहित गर्नुपर्नेमा जोड दिनु भयो । महासंघ र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को सहयोगमा मिति २०८२ साउन २ गते काठमाडौंमा सञ्चारकर्मीहरूसँगको अन्तरक्रियामा उहाँले व्यवसाय दर्ता प्रक्रियालाई सरल र डिजिटल बनाउने, कर प्रणाली पारदर्शी र व्यवसायमैत्री बनाउने, महिला, युवा र ग्रामीण उद्यमका लागि विशेष कार्यक्रम ल्याउने आवश्यकता औँल्याउनु भयो ।

उपाध्यक्ष हेमराज ढकाल र ज्योत्सना श्रेष्ठले औपचारिकीकरणका पहलहरूलाई निरन्तर साथ दिनुपर्ने र सरकार, निजी क्षेत्र तथा सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्नु भयो ।

कार्यक्रममा प्रदीप कुमार कोइराला, महेश दाहाल, गगन विष्ट, सौरभ शाह, गोकर्ण अवस्थी र सञ्चारकर्मी मोदनाथ ढकालले नेपालमा औपचारिकीकरणका प्रयास, यसको प्रभाव र सञ्चार माध्यमको भूमिका बारे प्रकाश पारे ।

कार्यक्रममा सरकारी अधिकारी, निजी क्षेत्रका प्रतिनिधि र सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# परिषद्/प्रदेश/समिति/फोरमहरूको प्रतिवेदन

## उद्योग वाणिज्य परिषद :

### जिल्ला/नगर उद्योग वाणिज्य संघका नव निर्वाचित अध्यक्षज्यूलाइ बधाई कार्यक्रम :

मिति २०८२ साल ज्येष्ठ ११ गते बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष श्री राजन कुमार शाक्यज्यू तथा मिति २०८२ साल ज्येष्ठ १८ गते सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष श्री हर्ष विक्रम खड्काज्यूलाई नव निर्वाचित अध्यक्षज्यूहरूलाई महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैद्यज्यूले महासंघको पिन र खादा ओढाई कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।





### आर्थिक सहयोग

मिति २०८१ असोज ११-१२ गते अविरल वर्षा र बाढी-पहिरोबाट क्षति पुगेका जिल्लाका उद्योग, व्यवसाय तथा सर्वसाधारणलाई राहत उपलब्ध गराउन, नेपाल उद्योग वाणिज्य महासंघको पदाधिकारी समितिको मिति २०८१ असोज १४ गतेको बैठकले प्रति जिल्ला रू १,००,००० राहत दिने निर्णय गरेको थियो । सोअनुसार सिन्धुली र काभ्रे उद्योग वाणिज्य संघबाट माग आएको रकम प्रदान गरिएको छ ।

### कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य गोरखा उद्योग वाणिज्य संघको ४९ औं वार्षिक साधारण सभा तथा १७ औं अधिवेशनबाट नया कार्यसमिति पदाधिकारीहरू चयन भई कार्यभार सम्हाल्दै आइरहेको र आगामी ३ वर्षको लागि गरिने कार्यक्रमहरू तय गर्ने उद्देश्य अनुरूप योजना तर्जुमा कार्यशाला गोष्ठि कार्यक्रम २०८१ चैत्र १ र २ गते सम्पन्न भएको र उक्त गोष्ठिमा सहजकर्ताको रूपमा उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक निल वहादुर केसी र कार्यक्रम अधिकृत श्री गणेश सुवेदिले गर्नु भएको थियो ।

उक्त कार्यक्रम संचालन गरे वापत सहजकर्ताको पारिश्रमिक वापत महासंघले रू २५,००० गोरखा उद्योग वाणिज्य संघलाइ भुक्तानी गरिएको थियो ।

## दैलेख उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा स्वागत



जिल्ला नगर उद्योग वाणिज्य संघका उपाध्यक्ष र उद्योग वाणिज्य परिषद्का सभापति श्री सुर कृष्ण वैद्यले दैलेख उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई तथा स्वागत कार्यक्रम आयोजना गर्नुभएको थियो । यो कार्यक्रम २०८२ साल असार ७ गते सम्पन्न भएको थियो ।

कार्यक्रममा दैलेखकी माननीय सांसद श्री सूर्य कुमारी श्रेष्ठ र नवनिर्वाचित पदाधिकारीहरूको उपस्थिति थियो । उपाध्यक्ष सुर कृष्ण वैद्यले नवनिर्वाचित पदाधिकारीहरूलाई महासंघको पिन र खादा लगाएर बधाई तथा स्वागत गर्नुभएको थियो । यस कार्यक्रममा महासंघका कार्यकारिणी समितिका सदस्य श्री प्रयास कार्की पनि उपस्थित हुनुहुन्थ्यो ।

यो कार्यक्रमले दैलेखको उद्योग वाणिज्य क्षेत्रको विकासका लागि थप समन्वय र सहकार्यको वातावरण सिर्जना गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## देवचुली उद्योग वाणिज्य संघको बधाई तथा स्वागत कार्यक्रम



महासंघले देवचुली उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूको लागि २०८२ साल असार २३ गते एक बधाई तथा स्वागत कार्यक्रम आयोजना गरिएको थियो ।

सो कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठ र उपाध्यक्ष श्री सुर कृष्ण वैद्यको उपस्थिति रहेको थियो । उहाँहरूले देवचुली उद्योग वाणिज्य संघका अध्यक्ष श्री सत्य नारायण भुसाल र अन्य नवनिर्वाचित पदाधिकारीहरूलाई महासंघको पिन र खादा लगाएर बधाई तथा स्वागत गर्नुभएको थियो ।

सोही अवसरमा, देवचुली उद्योग वाणिज्य संघले महासंघका वरिष्ठ उपाध्यक्षज्यूलाई मायाको चिनो प्रदान गरेको थियो ।

## पूँजी बजार साक्षरता तथा लगानीकर्ता सचेतना अभिवृद्धि कार्यक्रम

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल धितोपत्र बोर्ड (Nepal Securities Board) बीच पूँजी बजार साक्षरता कार्यक्रम सञ्चालन गर्नका लागि एक समझदारी पत्र (Memorandum of Understanding – MOU) मा हस्ताक्षर भएको थियो ।

यसै समझदारी अनुसार, धितोपत्र बोर्डले मधेस प्रदेशका ६ वटा स्थानीय उद्योग वाणिज्य संघहरूको सहकार्यमा पूँजी बजार साक्षरता तथा लगानीकर्ता सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको छ ।

**कार्यक्रम सञ्चालन गरिएका स्थानहरू:**

१. लाहान उद्योग वाणिज्य संघ

२. जनकपुरधाम उद्योग वाणिज्य संघ

३. बर्दिवास उद्योग वाणिज्य संघ

४. उद्योग वाणिज्य संघ लालबन्दी

५. बारा उद्योग वाणिज्य संघ

६. जीतपुर-सिमरा नगर उद्योग वाणिज्य संघ

यो कार्यक्रमले लगानीकर्ताहरूलाई पूँजी बजारबारे शिक्षित गराउन र वित्तीय साक्षरता बढाउन मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ ।

## स्थानीय करका विषयमा छलफल कार्यक्रम



मिति २०८२ साउन ११ गते आइतबार नेपाल उद्योग वाणिज्य महासंघले स्थानीय र प्रदेश सरकारहरूले लगाएका विभिन्न करका कारण उद्योग व्यवसायमा देखिएका समस्याबारे छलफल कार्यक्रम आयोजना गऱ्यो । यस कार्यक्रममा महासंघका पदाधिकारीहरू, कार्यकारिणी समितिका सदस्यहरू, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू र व्यवसायीहरूको सहभागिता थियो ।

कार्यक्रममा सहभागी व्यवसायीहरूले स्थानीय र प्रदेश सरकारहरूले जबरजस्ती कर उठाउँदा व्यवसाय नै धराशायी भएको गुनासो गरे । उनीहरूका अनुसार, हरेक पाइलामा कर तिर्नुपर्दा व्यवसायको लागत बढेको र व्यवसायिक वातावरण बिग्रँदै गएको छ ।

## महासंघका पदाधिकारीको धारणा:

वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ: उहाँले संविधानको मस्यौदा तयार गर्दादेखि नै निजी क्षेत्रले कर एकै ठाउँमा तिर्न पाउनुपर्ने 'एकद्वार प्रणाली' (single–window system) को व्यवस्थाका लागि पहल गरेको स्मरण गराउनुभयो । उहाँले कानुनले तोकेभन्दा बाहिरको कर संकलनको खुलेर विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

उपाध्यक्ष सुर कृष्ण वैद्य: उहाँले अत्यधिक करका कारण व्यवसायीहरू आजित भएको र यसले व्यवसायको लागतका साथै व्यवसायिक वातावरण पनि बिगारेको बताउनुभयो ।

उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ: उहाँहरूले गैरकानुनी करले व्यवसायीको लागत मात्र नबढाएर मानसिक चिन्तासमेत बढाएको भन्दै यस विषयमा महासंघले सरकारी निकाय र स्थानीय सरकारसँग निरन्तर छलफल गरी समस्या समाधानमा पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

कोषाध्यक्ष भरतराज आचार्य: उहाँले नेपालमा कूल गार्हस्थ्य उत्पादन (GDP) मा करको अनुपात (Tax to GDP ratio) सार्क राष्ट्रहरूमध्ये अझै पनि बढी रहेको उल्लेख गर्नुभयो । दक्षिण एसियाको औसत १३-१४% हुँदा नेपालमा १८.५६% रहेको बताउँदै, कानुनको सीमा नाघेर उठाइएको करले उद्यमशीलता विकासमा अवरोध सिर्जना गरेको गुनासो गर्नुभयो । उहाँले यस्ता छलफलका सुझावहरूका आधारमा स्थानीय निकायका प्रतिनिधि संस्थाहरूलाई बुझाउने योजना रहेको जानकारी दिनुभयो ।

## प्रदेश अध्यक्षहरूको भनाइ:

लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण शर्माले स्थानीय सरकार सञ्चालन ऐनमा तोकिएको वस्तु तथा सेवामा मात्र कर लगाउँदा समस्या नआउने बताउनुभयो ।

बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठले अनावश्यक करका कारण व्यवसायीहरू समस्यामा परेको र यस विषयमा बागमती प्रदेशले सरोकारवाला निकायमा असन्तुष्टि व्यक्त गरेको जानकारी दिनुभयो ।

सुझावः छलफलमा सहभागीहरूले स्थानीय करका समस्या समाधान गर्नका लागि स्थानीय, प्रदेश र संघीय सरकार तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागितामा एक स्थायी बोर्ड गठन गर्नुपर्ने सुझाव दिए ।

## नवनिर्वाचित लेखनाथ उवासंघका पदाधिकारीहरुलाई बधाई एवं स्वागत :



महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षद्वय सुर कृष्ण वैद्य, ज्योत्सना श्रेष्ठले मिति २०८२ साल कार्तिक १६ गते सचिवालयमा लेखनाथ उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरू स्वागत तथा बधाईज्ञापन गर्नुभएको थियो । अध्यक्ष चन्द्र प्रसाद ढकालले नवनिर्वाचित पदाधिकारीहरूलाई पिन तथा खांदा लगाई स्वागत गर्नुभएको थियो ।

## कैलाली उद्योग वाणिज्य संघ एवं कृष्णनगर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई एवं स्वागत :



नेपाल उद्योग वाणिज्य महासंघले कैलाली उद्योग वाणिज्य संघ एवं कृष्णनगर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूलाई महासंघको सचिवालयमा मिति २०८२ साल मंसिर १ गतेका दिन बधाई तथा स्वागत कार्यक्रम आयोजना गरेको थियो ।



सो कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष श्री सुरकृष्ण वैद्य, महासंघका कार्यकारिणी समिति सदस्य एवं कृषि उद्यम केन्द्रका सभापति श्री डि.वी बस्नेत, कार्यकारिणी समिति सदस्य श्री पुष्प राज कुवर एवं कार्यकारिणी समिति सदस्य श्री कमल कुमार श्रेष्ठको उपस्थिति रहेको थियो । उहाँहरूले कैलाली उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष श्री पुष्कर राज ओझा र नवनिर्वाचित पदाधिकारीहरूलाई महासंघको पिन र खादा लगाएर बधाई तथा स्वागत गर्नुभएको थियो भने कृष्णनगर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष श्री रितेश शर्मालाई पनि महासंघको पिन र खादा लगाई बधाई तथा स्वागत गर्नु भएको थियो ।

यो कार्यक्रमले महासंघको जिल्ला/नगर स्तरका संघहरूको नयाँ नेतृत्वलाई औपचारिक रूपमा स्वागत गरेको र उनीहरूको व्यावसायिक सफलताको लागि शुभकामना दिएको दर्शाउँछ ।

## जिल्ला/नगर उद्योग वाणिज्य संघहरुको वार्षिक गतिविधि समेटिएको स्मारिका प्रकाशन

नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत रहेका जिल्ला/नगर उद्योग वाणिज्य संघहरूले हरेक वर्ष आफ्नो जिल्लाभित्रका औद्योगिक, व्यापारिक तथा आर्थिक क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् । ती गतिविधिहरूलाई एकीकृत गरी राष्ट्रिय स्तरमा प्रस्तुत गर्ने उद्देश्यले यस वर्ष उद्योग वाणिज्य परिषदले "जिल्ला/नगर उद्योग वाणिज्य संघहरूको वार्षिक गतिविधि स्मारिका" प्रकाशन गर्ने योजना रहेको छ । स्मारिकामा महासंघका सदस्य जिल्ला/नगर उद्योग वाणिज्य संघहरूले सञ्चालन गरेका कार्यक्रम, उपलब्धि, चुनौती र आगामी योजनाहरूलाई समेटी तथ्याङ्क र चित्र स्थानीय स्तरको आर्थिक अवस्था, उद्योग वाणिज्य प्रवर्द्धनका प्रयास र क्षेत्रगत समस्या समाधानका पहलहरू सहित महासंघले स्मारिका प्रकाशन गर्ने प्रकृयामा रहेको छ ।

## कार्य योजना गोष्ठी

यस महासंघका सदस्य सुर्खेत उद्योग वाणिज्य संघ, धादिङ उद्योग वाणिज्य संघ, देवचुली उद्योग वाणिज्य संघ र बागलुङ उद्योग वाणिज्य संघहरूको महाधिवेशनबाट नया कार्यकारिणी समितिको चयन भएको हुदा नयाँ कार्यकारिणी समितिको संस्थागत विकास लगायत संघको लक्ष्य परिपुर्तिका लागि ३ बर्षे कार्य योजना तर्जुमा गोष्ठी आयोजनाको लागि यस महासंघमा अनुरोध भई आए अनुसार कार्य योजना तर्जुमा कार्यक्रम सम्पन्न भैसकेको छ ।

## प्रदर्शनका क्रममा क्षति भएका उद्योग वाणिज्य संघहरुलाई सहयोग प्रदान

मिति २०८२ भदौ २३ र २४ गते प्रदर्शनका क्रममा तिलोत्तमा उद्योग वाणिज्य संघ, बर्दघाट उद्योग वाणिज्य संघ र अत्तरिया उद्योग वाणिज्य संघको भवनमा क्षति भएको हुदा आवश्यक सहयोग माग भै आएकोले क्षति भएका तिन वटै उद्योग वाणिज्य संघलाई प्रति जिल्ला रू २,००,००० (अक्षरूपी रू दुई लाख मात्र ।) सहयोग प्रदान गरियो ।

## बाजुरा उद्योग वाणिज्य संघलाई आगलागिको राहत

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य बाजुरा उद्योग वाणिज्य संघको कार्यक्षेत्रमा पर्ने बुढीगंगा न.पा. ६ बाम्का बजारमा मिति २०८२ जेष्ठ २३ गते शुक्रबार दिउसो नवदुर्गा होटलमा ग्यास सिलिन्डर बाट आगलागि हुदा १६ पसल पूर्ण रूपमा क्षती भएका र २५ भन्दा बढी पसल आशिंक क्षति भई करोडौं मुल्य बराबरको धनमाल नोक्सानी भएको भन्ने पत्र महासंघमा प्राप्त भई आएकोमा रू ५,००,००० (अक्षरूपी रू पाच लाख) रूपैया राहत उपलब्ध गराउने ।

## नवनिर्वाचित रामनगर मिर्चैया उवासंघका पदाधिकारीहरुलाई बधाई एवं स्वागत :



मिति २०८२ साल माघ १८ गतेका दिन जिल्ला/नगर उद्योग वाणिज्य संघका उपाध्यक्ष एवं उद्योग वाणिज्य परिषद्का सभापति श्री सुर कृष्ण वैद्यज्यूले रामनगर मिर्चैया उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्षज्यूलाई नेपाल उद्योग वाणिज्य महासंघका पिन र खादा लगाई दिनु भई बधाई तथा स्वागत कार्यक्रमको आयोजना गर्नुभएको थियो । सो कार्यक्रममा नेउवामहासंघ बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठ, कार्यकारिणी समिति सदस्य अमरेश चन्द्र बैदार एवं रामनगर मिर्चैया उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष हरि शंकर शाहको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

## नेपाल उद्योग वाणिज्य महासंघ

## जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघको वार्षिक साधारण सभा, अधिवेशनएवं कार्यक्रमको आयोजना

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०१/१० | तौलिहवा उद्योग वाणिज्य संघको नवौं प्रँचीन कपिलवस्तु महोत्सव २०८२ | विशिष्ट अतिथि- श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश |
| २०८२/०१/२४ | दैलेख उद्योग वाणिज्य संघको ११औं वार्षिक साधारण सभा एवं १० औं अधिवेशन कार्यक्रम । | मुख्य प्रतिनिधि- श्री पदम वहादुर शाहि, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश । |
| २०८२/०१/२७ | सुन्दरहरैचा उद्योग वाणिज्य संघको २६ औं वार्षिक साधारण सभा कार्यक्रम । | अतिथि- श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०२/०२ | मोरंग व्यापार संघको ६८ औं साधारण सभा कार्यक्रम | अतिथि- श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री उमेश डालमिया, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०२/०५ | सुनसरी उद्योग वाणिज्य संघको ४१ औं वार्षिक साधारण सभा | प्रमुख अतिथि - श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि- श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि- श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री उमेश डालमिया, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री तारा बहादुर कार्की, का.का सदस्य नेउवामहासंघ<br>अतिथि- श्री अरनिको राजभण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०२/२३ | देवचुली उद्योग वाणिज्य संघको ९ औं साधारण सभा तथा चौथौं अधिवेशन कार्यक्रम | प्रमुख अतिथि - श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि - श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश |
| २०८२/०२/२४ | उद्योग वाणिज्य संघ लालबन्दी १० साधारण सभा तथा ७ औं अधिवेशन | |
| २०८२/०२/३० | उद्योग संगठन मोरङ ५२ औं साधारण सभा | विशिष्ट अतिथि- श्री राजेन्द्र राउत, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश । |
| २०८२/०३/०६ | भक्तपुर उद्योग वाणिज्य संघको भक्तपुर औद्योगिक व्यापार मेला उद्घाटन कार्यक्रम | |
| २०८२/०४/०१ | भोजपुर उद्योग वाणिज्य संघको १४ औं साधारण सभा तथा अधिवेशन कार्यक्रम । | |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०४/२० | जितपुरसिमरा नगर उद्योग वाणिज्य संघको ८ औं स्थापना दिवस कार्यक्रम । | प्रमुख अतिथि - श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ |
| २०८२/०४/२६ | सुनसरी उद्योग वाणिज्य संघको सपत ग्रहण कार्यक्रम | |
| २०८२/०५/१४ | पोखरा उद्योग वाणिज्य संघको ७१ औं वार्षिक अधिवेशन कार्यक्रम । | प्रमुख अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि – श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डिकी प्रदेश<br>विशेष अतिथि – श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>विशेष अतिथि – श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि – श्री युवराज राज भण्डारी, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०५/२० | लेखनाथ उद्योग वाणिज्य संघको २९ औं वार्षिक साधारण सभा तथा १५ औं अधिवेशन कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री अमृत चन्द्र भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश<br>विशिष्ट अतिथि– श्री अमरेश चन्द्र बैदार, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०५/२१ | टिकापुर उद्योग वाणिज्य संघको २६ औं साधारण सभा तथा चुनावी सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष नेउवामहासंघ<br>अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि– श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०६/२४ | रामपुर उद्योग वाणिज्य संघको एघारौं वार्षिक साधारण सभा एवम् दशौं वार्षिक उत्सव समारोह कार्यक्रम । | विशिष्ट अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>विशिष्ट अतिथि– श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डिकी प्रदेश<br>विशिष्ट अतिथि– श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री किशोर आचार्य, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री महोन प्रसाद श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री कृष्ण कटुवाल, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री तारा बहादुर कार्की, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०६/२५ | रत्ननगर उद्योग वाणिज्य संघको २६ औं वार्षिक साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि – श्री वेद बहादुर श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०६/२५ | पाल्पा उद्योग वाणिज्य संघको ७१ साधारण सभा तथा १७ औं अधिवेशन<br>कार्यक्रम । | प्रमुख अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि – श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री किशोर आचार्य, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री तारा बहादुर कार्की, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री कृष्ण कटुवाल, का.का सदस्य नेउवामहासंघ<br>अतिथि – श्री मोहन प्रसाद श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०६/२५ | कैलाली उद्योग वाणिज्य संघको साधारण सभा एवं अधिवेशन कार्यक्रम । | |
| २०८२/०६/२७ | बुटवल उद्योग वाणिज्य संघको ७२ औं वार्षिक साधरण सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि– श्री उज्जल कसजु, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०६/३१ | ललितपुर उद्योग वाणिज्य संघको ४६औं वार्षिक साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू<br>श्री भरत राज आचार्य, श्री दिल सुन्दर श्रेष्ठ, श्री सविन श्रेष्ठ, श्री रोशनी मैया धौबन्जा, श्री कमला श्रेष्ठ |
| २०८२/०७/२३ | काभ्रे उद्योग वाणिज्य संघको ४३ औं वार्षिक साधारण सभा तथा ५९ औं स्थापना दिवस कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री जोत्सना श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री भरत राज आचार्य, कोषाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>अतिथि– श्री अमरेश चन्द्र बैदार, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री कल्पना गैरे, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री मञ्जु कुमार कोजु, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री तारा बहादुर कार्की, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री अनिल कृष्ण श्रेष्ठे, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री उज्जवल कसजु, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री डि.बि बस्नेते, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री कमल कुमार श्रेष्ठे, का.का सदस्य नेउवामहासंघ<br>अतिथि– श्री रोशनी मैया धौबन्जो, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०७/२७ | धादिङ उद्योग वाणिज्य संघको ३२ औं साधारण सभा कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष नेउवामहासंघ<br>विशेष अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश<br>विशिष्ट अतिथि– श्री अमृत भट्टचन, नेउवामहासंघ गण्डकी प्रदेश<br>विशेष अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>विशेष अतिथि– श्री युवराज राज भण्डारी, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री बेद बहादुर श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री प्रयास कार्की, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री सविन श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री तारा बहादुर श्रेष्ठ, का.का. सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री मन्जु कुमार कोजु, का.का. सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री कृष्ण कटवाल, का.का सदस्य नेउवामहासंघ<br>विशेष अतिथि– श्री रोशनी मैया धौबन्जा, का.का सदस्य नेउवामहासंघ |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०८/१० | लम्कीचुहा उद्योग वाणिज्य संघले लम्की महोत्सव २०८२ कार्यक्रम । | विशेष अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश ।<br>विशेष अतिथि– श्री पदम बहादु शाही, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ– कर्णाली प्रदेश<br>अतिथि – श्री पुष्प राज कुवर, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०८/१० | पोखरा उद्योग वणिज्य संघले ३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला एवं १३ औं क्यान ईनफँटेक २०८२ को समुद्घाटन कार्यक्रम । | |
| २०८२/०८/१९ | रामनगर मिर्चौया उद्योग वाणिज्य संघको दोस्रो वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रम । | विशिष्ट अतिथि – श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश ।<br>विशिष्ट अतिथि – श्री अमरेश चन्द्र बैदार, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०८/२० | वर्दघाट उद्योग वाणिज्य संघको साधारण सभा कार्यक्रम । | विशेष अतिथि –श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०८/२२ | कैलाली उद्योग वाणिज्य संघको सुदुरपश्चिम महोत्सव कार्यक्रम । | विशिष्ट अतिथि –श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ । |
| २०८२/०८/२३ | सिन्धुली उद्योग वाणिज्य संघको ३५ औं वार्षिक साधरण सभा कार्यक्रम । | विशिष्ट अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>अतिथि–श्री अमरेश चन्द्र वैदार, का.का सदस्य नेउवामहासंघ ।<br>अतिथि– श्री वेद वहादुर श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ ।<br>अतिथि– श्री कृष्ण कटुवाल, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/०३ | लेखनाथ उद्योग वाणिज्य संघको महोत्सव कार्यक्रम । | विशिष्ट अतिथि– श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश । |
| २०८२/०९/०४ | दमक उद्योग वाणिज्य संघको ३४ औं वार्षिक साधरण सभा कार्यक्रम । | प्रमुख अतिथि – श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>अतिथि – श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>अतिथि – श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ ।<br>अतिथि – श्री उमेश डाल्मीयाँ, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/०४ | नवलपूर उद्योग वाणिज्य संघको १३ औं साधरण सभा तथा छैठौं अधिवेशन समुद्घाटन समारोह । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ ।<br>अतिथि– श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश । |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०९/०६ | सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको ३० औं साधारण सभा उद्घाटन समारोह । | प्रमुख अतिथि– श्री अन्जन श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नउवामहासंघ ।<br>विशिष्ट अतिथि – श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री अमरेश चन्द्र वैदार, श्री वेद बहादुर श्रेष्ठ, श्री कृष्ण प्रसाद कटुवाल, श्री अनिल कृष्ण श्रेष्ठ, श्री तारा वहादुर कार्की, श्री कमल कुमार श्रेष्ठ, श्री रोशनीमैया द्यौबन्जा, श्री नरेश लाल श्रेष्ठ |
| २०८२/०९/०८ | पर्वत उद्योग वाणिज्य संघको स्वर्णजन्मोत्सवमा गण्डकी प्रदेशस्तरीय औद्यौंगीक व्यापार मेला तथा आठौं पर्वत महोत्सव २०८२ समुद्घाटन समारोह । | अतिति– श्री युवराज राज भण्डारी, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/०९ | कोहलपूर उद्योग वाणिज्य संघको कोहलपूर महोत्सव कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ ।<br>विशेष अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>विशेष अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश ।<br>विशेष अतिथि– श्री पदम बहादुर शाही, अध्यक्ष, नेउवामहासंघ कर्णाली प्रदेश ।<br>अतिथि –श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/११ | बगलुङ उद्योग वाणिज्य संघको गण्डकी प्रदेश स्तरीय पर्यटन, कृषि, औद्यौंगिक व्यापार मेला एवं ८औं बागलुङ महोत्सव २०८२ कार्यक्रम | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ । |
| २०८२/०९/१४ | गोरखा उद्योग वाणिज्य संघको १२ औं गोरखा महोत्सव एवं प्रदेश स्तरीय कृषि, पर्यटन तथा औद्यौंगिक व्यापार मेला–२०८२ कार्यक्रम । | विशिष्ट अतिथि – श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>अतिथि – श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश । |
| २०८२/०९/१८ | प्युठान उद्योग वाणिज्य संघको आयोजनामा स्वर्गद्धारी महोत्सव–२०८२ | प्रमुख अतिथि – श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि –श्री किशोर आचार्य, का.का सदस्य नेउवामहासंघ ।<br>अतिथि–श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/१९ | चितवन उद्योग वाणिज्य संघको ५९ औं वार्षिक साधरण सभा तथा अधिवेशन कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ ।<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश ।<br>श्री बेद बहादुर श्रेष्ठ,श्री सविन श्रेष्ठ, श्री राजकुमार न्यौपाने, श्री कृष्ण कटुवाल |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०९/२५ | रत्ननगर उद्योग वाणिज्य संघको रत्ननगर महोत्सव–२०८२ उदघाटन समारोह । | प्रमुख अतिथि–श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष नेउवामहासंघ<br>विशिष्ठ अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश ।<br>श्री अनिल कृष्ण श्रेष्ठ, श्री कृष्ण कटुवाल, श्री बेद बहादुर श्रेष्ठ, श्री केशव भण्डारी । |
| २०८२/०९/२५ | सल्यान उद्योग वाणिज्य संघको दोस्रो प्रादेशिक कृषि, वन पशु पर्यटन उद्योग तथा सास्कृतिक महोत्सव २०८२ महोत्सव उदघाटन समारोह । | विशिष्ट अतिथि–श्री पदम बहादुर शाही, अध्यक्ष, नेउवामहासंघ कर्णाली प्रदेश |
| २०८२/०९/२५ | देवचुली उद्योग वाणिज्य संघको छैटौ देवचुली महोत्सव उदघाटन समारोह । | विशिष्ट अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि–श्री प्रयास कार्की, का.का सदस्य |
| २०८२/०९/२५ | भक्तपुर उद्योग वाणिज्य संघको ३८ औं वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रम । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>अतिथि – श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि –श्री भरत राज आचार्य, कोषाध्यक्ष, नेउवामहासंघ<br>अतिथि–श्री मञ्जुकुमार कोजू, का.का सदस्य नेउवामहासंघ<br>अतिथि–श्री राजकुमार न्यौपाने, का.का सदस्य |
| २०८२/०९/२५ | उद्योग वाणिज्य संघ गैडाकोट, नवलपरासी -ब.सु.पूर्व)को चौथो गैडाकोट महोत्सव–२०८२ उदघाटन समारोह । | प्रमुख अतिथि – श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>विशिष्ट अतिथि– श्री केशव भण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८२/०९/२५ | बेलवारी उद्योग वाणिज्य संघको दोर्स्रै बेलवारी महोत्सव–२०८२ कार्यक्रम । | विशेष अतिथि–श्री राजेन्द्र रावत, नेउवामहासंघ कोशी प्रदेश ।<br>विशिष्ट अतिथि –श्री नविन रिजाल, का.का सदस्य नेउवामहासंघ । |
| २०८२/०९/२६ | सिद्धार्थ उद्योग वाणिज्य संघको ६७ औं वार्षिक साधारण सभा समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि–श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि–श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री कृष्ण प्रसाद शर्मा, श्री दिल सुन्दर श्रेष्ठ, श्री राजकुमार अग्रवाल, श्री किशोर आचार्य, श्री केशव भण्डारी, श्री उज्जल प्रसाद कशजु |
| २०८२/०९/२७ | तनहुँ उद्योग वाणिज्य संघको ४० औं वार्षिक साधारण सभा तथा १८ औं महाधिवेशन कार्यक्रम । | प्रमुख अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि –श्री दिल सुन्दर श्रेष्ठ, अध्यक्ष नेउवामहासंघ बागमती प्रदेश<br>अतिथि–श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश । |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/०९/२९ | बर्दिया उद्योग वाणिज्य संघको बर्दिया राजापुर महोत्सव समारोह । | विशिष्ट अतिथि– श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश । |
| २०८२/०९/३० | बाँसगढी उद्योग वाणिज्य संघको सातौं बाँसगढी औद्योगिक कृषि, पर्यटन, व्यापार, मेला तथा बर्दिया माघ महोत्सव २०८२ समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि–श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, लुम्बिनी प्रदेश नेउवामहासंघ ।<br>विशिष्ट अतिथि –श्री पदम वहादुर शाही, अध्यक्ष, कर्णाली प्रदेश नेउवामहासंघ । |
| २०८२/०९/३० | म्याग्दी उद्योग वाणिज्य संघको ११ औं माघे संक्रान्ति मेला–२०८२ समुद्घाटन कार्यक्रम | प्रमुख अतिथि – श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि– श्री अमृत भट्टचन, अध्यक्ष, नेउवामहासंघ गण्डकी प्रदेश ।<br>अतिथि– श्री युवराज राज भण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८२/१०/०२ | दमक उद्योग वाणिज्य संघको सपत ग्रहन कार्यक्रम । | प्रमुख अतिथि– श्री अन्जन श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ ।<br>विशिष्ट अतिथि– श्री राजेन्द्र राउत, अध्यक्ष, नेउवामहासंघ कोशी प्रदेश ।<br>विशिष्ट अतिथि – श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमति प्रदेश ।<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री उमेश डालमीया, श्री नविन रिजाल, श्री प्रयास कार्की, श्री अमरेश बैदवार |
| २०८२/१०/०७ | नुवाकोट उद्योग वाणिज्य संघको नुवाकोट महोत्सव २०८२ उद्घाटन समारोह । | प्रमुअ अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री ज्योसना श्रेष्ठ, उपाध्यक्ष, नेउवामहासंघ<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री दिल सुन्दर श्रेष्ठ, श्री पदम बहादुर शाही, श्री कृष्ण कटुवाल, देव बहादुर श्रेष्ठ, श्री तारा बहादुर कार्की, श्री भक्त हमाल |
| २०८२/१०/०९ | सुन्धुली उद्योग वाणिज्य संघको सिन्धुली महोत्सव २०८२ को समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि –श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री सुरकृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि – श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री अमरेश चन्द्र बैदार, श्री राजकुमार न्यौपाने, श्री प्रयास कार्की, श्री तारा बहादुर कार्की |
| २०८२/१०/०९ | कञ्चनपुर उद्योग वाणिज्य संघको सपथ ग्रहण समारोह कार्यक्रम । | विशिष्ट अतिथि– श्री जंग बहादुर मल्ल, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री पुष्प राज कुवर, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री कल्पना गैरे, का.का सदस्य नेउवामहासंघ |
| २०८२/१०/१० | उद्योग वाणिज्य संघ गैडाकोट, नवलपरासी (ब.सु.पूर्व)को चौथो गैडाकोट महोत्सव–२०८२ समापन समारेह । | विशिष्ट अतिथि–श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ । |

| मिति | संघको नाम | प्रतिनिधित्व |
|---|---|---|
| २०८२/१०/१४ | वालिङ उद्योग वाणिज्य संघको नवौं वालिङ महोत्सव २०८२ समुद्घाटन समारोह । | प्रमुख अतिथि– श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री कृष्ण प्रसाद शर्मा, अध्यक्ष, नेउवामहासंघ लुम्बिनी प्रदेश<br>विशिष्ट अतिथि– श्री युवराज राज भण्डारी, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि– श्री केशव प्रसाद भण्डारी, का.का सदस्य नेउवामहासंघ |
| २०८२/१०/१४ | उद्योग वाणिज्य संघ काठमाडौंको काठमाडौं महोत्सव –२०८२ Kathmandu Business Expo 2026 समुद्घाटन समारोह । | विशिष्ट अतिथि–श्री अन्जन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री दिल सुन्दर श्रेष्ठ, श्री उमेश डाल्मीयाँ, श्री तारा बहादुर कार्की, श्री अमरेश बैद्यार, श्री प्रयास कार्की, श्री कल्पना गैरे, श्री मञ्जु कोजु, श्री वेद बहादुर श्रेष्ठ, श्री रोशनी धौवज्या, श्री राम शरन थपलिय, श्री नानी राज घिमिरे |
| २०८२/१०/१५ | धादिङ उद्योग वाणिज्य संघको दशौ धादिङ महोत्सव –२०८२ को समुद्घाटन कार्यक्रम । | प्रमुख अतिथि –श्री चन्द्र प्रसाद ढकाल, अध्यक्ष, नेउवामहासंघ ।<br>विशेष अतिथि –श्री हेमराज ढकाल, उपाध्यक्ष, नेउवामहासंघ<br>विशेष अतिथि –श्री दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, नेउवामहासंघ बागमती प्रदेश ।<br>**नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री उमेश डालमीया, श्री प्रयास कार्की, श्री अमरेश बैदार, श्री तारा बहादुर कार्की, श्री रोशनी मैया धैवाजु, श्री राजकुमार न्यौपाने, श्री कल्पना गैरे |
| २०८२/१०/१७ | इलाम उद्योग वाणिज्य संघको १७ औं वार्षिक साधारण सभा कार्यक्रम । | विशिष्ट अतिथि–श्री गोकुल श्रेष्ठ, का.का सदस्य नेउवामहासंघ<br>विशिष्ट अतिथि –श्री दिपक नेपाल, का.का सदस्य नेउवामहासंघ |
| २०८२/१०/१९ | सिन्धुली उद्योग वाणिज्य संघको सिन्धुली महोत्सव २०८२ समापन कार्यक्रम । | प्रमुख अतिथि –श्री सुर कृष्ण वैद्य, उपाध्यक्ष, नेउवामहासंघ<br>अतिथि– श्री वेद बहादुर श्रेष्ठ, का.का. सदस्य नेउवामहासंघ<br>अतिथि –श्री अमरेश चन्द्र बैदार, का.का सदस्य नेउवामहासंघ |
| २०८२/१०/२० | संखुवासभा उद्योग वाणिज्य संघको १८ औं वार्षिक साधारण सभा समुद्घाटन कार्यक्रम । | **नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री नरेन्द्र कुमार खड्का, श्री गोकुल श्रेष्ठ, श्री नविन रिजाल, श्री दिपक नेपाल, श्री कल्पना गैरे, श्री प्रयास कार्की |
| २०८२/१०/२२ | जिल्ला उद्योग वाणिज्य संघ सिराह, लाहानको नवौं पदस्थापना कार्यक्रम । | **नेउवामहासंघका आमन्त्रित का.का सदस्य अतिथिहरू**<br>श्री कृष्ण कटुवाल, श्री लालिमान बुढा, श्री कल्पना गैरे, श्री तारा बहादुर कार्की |

## वस्तुगत परिषद्:

महासंघको विद्यमान विधानको दफा ४२ अनुसार वस्तुगत परिषद्का काम-कर्तव्य स्पष्ट रूपमा निर्धारण गरिएको छ । सोही अनुरूप परिषद् सदस्यहरूको हक-हित संरक्षण, व्यवसाय प्रवर्द्धन तथा सदस्यका गुनासा र समस्या समाधानमा निरन्तर क्रियाशील रह्यो । परिषद्ले सदस्य वस्तुगत संघहरूलाई चलायमान बनाउन सल्लाह-सुझाव संकलन, गुनासा सुनुवाइ, समस्या समाधानका लागि नेपाल सरकारसँग पहल तथा सञ्चार माध्यम मार्फत सदस्यका मुद्दाहरू उजागर गर्ने कार्य गऱ्यो ।

परिषद् सचिवालयद्वारा गरिएको अध्ययन अनुसार हालसम्म २४ वटा (१६.९५) सदस्य वस्तुगत संघ/महासंघको मात्र आफ्नै सचिवालय रहेको, ३ वटा संघसँग जग्गा भए पनि भवन नभएको र ११८ वटा (८३.०९५) संघ पूर्णतः भाडामा सञ्चालनमा रहेको पाइयो । यसमध्ये करिब दुई दर्जन संघहरू निष्क्रिय अवस्थामा रहेका छन् ।

यसले आगामी दिनमा सदस्य संघहरूको भौतिक पूर्वाधार विकासमा महासंघले विशेष ध्यान दिनु पर्ने स्पष्ट संकेत गर्दछ । साथै, निष्क्रिय तथा सम्पर्कविहीन संघहरूलाई पुनः सक्रिय बनाउँदै संस्थागत उद्देश्यअनुसार परिचालन गर्नु महासंघको दायित्व रहेको देखिन्छ । सो कार्यका लागि वस्तुगत परिषद्लाई आगामी दिनमा अझ प्रभावकारी र चलायमान बनाउनु आवश्यक छ ।

## विभिन्न कार्यक्रममा सहभागिता (संक्षेप):

यस अवधिमा सभापति श्री हेमराज ढकालले आर्थिक, औद्योगिक, व्यापार तथा नीतिगत महत्वका विभिन्न कार्यक्रमहरूमा महासंघको नेतृत्व गर्दै सक्रिय सहभागिता जनाउनुभयो । नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, नेपाल गुणस्तर परिषद्, विशेष आर्थिक क्षेत्र प्राधिकरणलगायतका नीतिगत निकायका बैठकहरूमा सहभागी भई निजी क्षेत्रका समस्या, प्राथमिकता र सुधारका प्रस्तावहरू प्रभावकारी रूपमा प्रस्तुत गर्नुभयो ।

त्यसैगरी निर्यात परिषद्को वार्षिक साधारण सभा, उद्योग वाणिज्य संघहरूको अधिवेशन, औद्योगिक व्यापार मेला, क्षेत्रीय महोत्सव, नीति संवाद तथा बजेट परामर्श कार्यक्रमहरूमा उपस्थिति जनाउँदै औद्योगिक विकास, निर्यात प्रवर्द्धन र स्थानीय उत्पादनको प्रोत्साहनमा सहकार्य मजबुत बनाउने पहल गरियो ।

अन्तर्राष्ट्रिय नियोग, विदेशी प्रतिनिधिमण्डल, राजदूतस्तरीय कार्यक्रम तथा द्विपक्षीय व्यवसायिक बैठकहरूमा सहभागितामार्फत अन्तर्राष्ट्रिय सहयोग, व्यापार प्रवर्द्धन र लगानीमैत्री वातावरणको पक्षमा पैरवी गरियो । साथै युवा उद्यमी, श्रमिक–रोजगारदाता संवाद, स्वदेशी उत्पादन प्रवर्द्धन तथा स्थानीय उद्योग संघका कार्यक्रमहरूमा समेत उल्लेखनीय उपस्थिति रह्यो ।

समग्रमा, यस्ता सक्रिय सहभागितामार्फत परिषद्ले निजी क्षेत्रको आवाज नीतिगत तहमा प्रभावकारी रूपमा प्रस्तुत गर्दै संस्थागत पहुँच, प्रभावकारिता र सहकार्यलाई थप सुदृढ बनाएको छ ।

## परिषद्को पहलबाट प्राप्त प्रमुख उपलब्धीहरु :

महासंघका पदाधिकारी तथा परिषद्को निरन्तर प्रयासबाट चालु आर्थिक वर्षको बजेटमार्फत निम्न विषयहरू सम्बोधन गराउन सफलता प्राप्त भएको छः

- ढुवानी सेवा प्रदायकले प्राकृतिक व्यक्तिबाट लिएको सवारी भाडामा अग्रिम कर कट्टी गरिएको रकमलाई करयोग्य आय गणनामा खर्च कट्टी गर्न पाउने व्यवस्था ।
- होटल तथा रिसोर्टलाई विशेष उद्योग सरह आयकर तथा विद्युत महसुल छुट ।
- सौर्य तथा वायु ऊर्जा सम्बन्धी ब्याट्री तथा उपकरण आयातमा १५ भन्सार महसुल मात्र लाग्ने व्यवस्था ।
- निकासी–पैठारी व्यवसायीका लागि एक्जिम कोड लिँदा आवश्यक ३ लाख रूपैयाँको बैंक ग्यारेन्टी खारेज ।
- खाद्यान्न तथा गेडागुडीमा लाग्दै आएको अग्रिम आयकर खारेज ।
- भूमि बैंकसम्बन्धी कानूनी तथा संस्थागत व्यवस्था, कम्तीमा १०० स्थानीय तहमा भूमि बैंक स्थापना, तथा भूमि अभिलेख डिजिटलाइजेसन ।
- उद्योग, कृषि फार्म तथा हाउजिङ्ग परियोजनाका लागि हदबन्दी भन्दा बढी जग्गा खरिद तथा विदेशी लगानीकर्तालाई आवासीय भवन/अपार्टमेन्ट लिजको कानूनी व्यवस्था ।
- पुष्प व्यवसायीले आयात गर्ने बीउ तथा फूलका नमुनामा भन्सार महसुल शून्य ।

## स्थानीय करका विषयमा छलफल



स्थानीय तथा प्रदेश सरकारहरूले लागू गरेका विभिन्न करका कारण उद्योग – व्यवसायमा देखिएका समस्याबारे साउन ११ गते नेपाल उद्योग वाणिज्य महासंघले आफ्ना सदस्य संघहरूसँग छलफल कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा महासंघका पदाधिकारी, कार्यकारिणी सदस्य, जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघका प्रतिनिधि तथा उद्यमी-व्यवसायीहरूको सहभागिता थियो ।

छलफलमा सहभागी उद्यमीहरूले कानुनको दायराभन्दा बाहिर जबरजस्ती कर संकलनका कारण व्यवसाय गम्भीर संकटमा परेको गुनासो गरे । महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले एकद्वार कर प्रणाली संविधानको मर्म भएको उल्लेख गर्दै कानुनभन्दा बाहिरको कर संकलनको खुलेर विरोध गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उपाध्यक्ष सुरकृष्ण वैद्यले अत्यधिक करका कारण व्यवसायिक लागत बढ्दै व्यवसायिक वातावरण बिग्रँदै गएको बताए । उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठले अनावश्यक करले व्यवसायीहरू मानसिक दबाबमा परेको उल्लेख गर्दै समस्या समाधानका लागि महासंघले सरकारी निकायसँग निरन्तर संवाद गर्नुपर्नेमा जोड दिनुभयो ।

कोषाध्यक्ष भरतराज आचार्यले नेपालमा जीडीपी-कर अनुपात दक्षिण एसियाली औसतभन्दा बढी रहेको भन्दै संविधान र कानुनको सीमाभन्दा बाहिर उठाइने कर उद्यमशीलताका लागि बाधक बनेको बताए ।

प्रदेश अध्यक्षहरूले स्थानीय सरकार सञ्चालन ऐनले तोकेको सीमाभित्र मात्र कर लगाए समस्या नआउने तथा अनावश्यक करका विरूद्ध सरोकारवाला निकायमा असन्तुष्टि जनाइएको जानकारी दिए । छलफलमा स्थानीय, प्रदेश, संघीय सरकार तथा निजी क्षेत्रको सहभागितामा स्थानीय करसम्बन्धी समस्या समाधानका लागि स्थायी बोर्ड गठन गर्न सुझावसमेत आएको थियो ।

## धितोपत्र बोर्डमा परिषद् सभापति नियुक्त



वस्तुगत परिषद्का सभापति एवं महासंघका उपाध्यक्ष हेमराज ढकाल नेपाल धितोपत्र बोर्ड (सेबोन) को सस्यमा नियुक्त हुनु भएको छ ।

महासंघलाई सेबोन सदस्यका रूपमा मनोनयन गरि पठाएको थियो । नेपाल धितोपत्र ऐन २०६३ को धारा ३ मा भएको व्यवस्था अनुरूप उहाँ सेबोनको सदस्यमा नियुक्त हुनु भएको हो । सेबोन सदस्य नियुक्त भएपछि उहांले बोर्डको सदस्यका हैसियतले पुँजी बजारको विकासका लागि आफू प्रयत्नशील रहने बताउनु भयो ।

## भौतिक योजना मन्त्रीसमक्ष भेटघाटः



नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं वस्तुगत परिषद्का सभापति हेमराज ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले भदौ ५ गते तत्कालीन भौतिक योजना तथा यातायात मन्त्री

माननीय देवेन्द्र दाहालसँग भेट गरी दुग्ध पदार्थ तथा पेट्रोल ढुवानीमा संलग्न सवारी साधनहरूले भोग्दै आएका अवरोध बारे ध्यानाकर्षण गरायो । महासंघले ढुवानी प्रणालीमा परेको असर न्यूनीकरण गर्न सवारी साधनलाई निर्वाध सञ्चालनको व्यवस्था गर्न आग्रह गरेको थियो । मन्त्री दाहालले समस्या पहिचान गरी प्रस्तुत गर्न आग्रह गर्दै आवश्यक परे कानुनी संशोधन मार्फत समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## Agriculture समूह बैठक सम्पन्न



नेपाल उद्योग वाणिज्य महासंघ वस्तुगत परिषद् अन्तर्गत Agriculture समूहको पहिलो बैठक २०८२ भदौ १८ गते महासंघ सचिवालयमा समूह समन्वयकर्ता तथा कार्यकारिणी समिति सदस्य रविन पुरीको सभापतित्वमा सम्पन्न भयो । बैठकमा वस्तुगत परिषद्का सभापति तथा उपाध्यक्ष हेमराज ढकालको उपस्थिति रहेको थियो ।

बैठकमा कृषि मेशिनरी, सुपारी, पुष्प, कफी, बीउ, अदुवा, रूद्राक्ष, सुन्तला-कागती, बेसार, ओखर, किवी तथा कुचो व्यवसायसँग सम्बन्धित संघ-संस्थाका अध्यक्ष एवं पदाधिकारीहरूको सहभागिता थियो ।

छलफलमा सार्वजनिक खरिद ऐन संशोधन, कृषियन्त्रमा वित्तीय सुविधा, जग्गा अभावका कारण यान्त्रिकरणको समस्या, सुपारी तथा कुचो निर्यात प्रवर्द्धन, पुष्प नीति २०६९ संशोधन, स्वदेशी कफी संरक्षण, स्टकको आधारमा कर्जा व्यवस्था, बीउ व्यवसाय ऐन परिमार्जन, अदुवा बीउ उत्पादनमा वैदेशिक लगानी, रूद्राक्षलाई कृषि प्रणालीमा समावेश, कृषि बजार प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय बजार र पोर्ट विस्तारका विषयमा सुझावहरू प्रस्तुत गरिए ।

कार्यक्रममा वस्तुगत परिषद्का सभापति श्री हेमराज ढकालले उठाइएका विषयहरू नेपाल सरकार समक्ष अविलम्ब पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो भने संयोजक गिरीले महासंघमार्फत सुझाव कार्यान्वयनका लागि निरन्तर पहल गर्ने विश्वास दिलाउनुभयो ।

## Energy & Electronics समूहः



नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत परिषद् अन्तरगत इनर्जी एण्ड इलेक्ट्रोनिक्स समूहको पहिलो बैठक समन्वयकर्ता तथा कार्यकारिणी समिति सदस्य नरेशलाल श्रेष्ठको सभापतित्वमा भदौ १६ गते महासंघ सचिवालयमा सम्पन्न भयो ।

बैठकमा वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकालसहित सौर्य, जलविद्युत, पेट्रोलियम, एलपी ग्यास तथा उर्जा सम्बन्धी विभिन्न संघ-संस्थाका अध्यक्ष तथा पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

बैठकमा नवीकरणीय उर्जा तथा उर्जा दक्षता सम्बन्धी विधेयक संशोधनमा निजी क्षेत्रका सुझाव समावेश गर्न

पहल गर्ने, उर्जा परियोजनामा स्वदेशी उत्पादनको उपयोग बढाउने, ग्यास सुरक्षाका लागि जनचेतना, भण्डारण संरचना विकास तथा पाइपलाइनमार्फत आयातको व्यवस्था गर्ने, माइक्रो टर्बाइन निर्यात सहज बनाउने, ग्रिड सिन्क्रोनाइजेसनका लागि चिनियाँ प्रविधि अध्ययन तथा भ्रमणको पहल गर्ने, नेपाल आयल निगममा निजी क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने लगायतका सुझावहरू आएका थिए ।

बैठकमा सभापति ढकालले उर्जा सुरक्षा तथा स्वदेशी उत्पादन प्रवर्द्धनका लागि महासंघको तर्फबाट सरकार तथा अन्तर्राष्ट्रिय समकक्षी संस्थाहरूसँग पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । संयोजक श्रेष्ठले प्राप्त सुझावका आधारमा आगामी दिनमा आवश्यक कार्य अघि बढाइने जानकारी दिनुभयो ।

## ICT & Entertainment समूह:

नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत परिषद् अन्तर्गत ICT–Entertainment क्लस्टर समूहको पहिलो बैठक भदौ २२ गते महासंघ सचिवालयमा समूह संयोजक तथा कार्यकारिणी समिति सदस्य अरनिको राजभण्डारीको सभापतित्वमा सम्पन्न भयो । बैठकमा वस्तुगत परिषद् सभापति तथा उपाध्यक्ष हेमराज ढकालको उपस्थिति थियो ।

बैठकमा क्यान महासंघ, नेपाल केवल टेलिभिजन महासंघ, नेपाल चलचित्र संघ तथा नेपाल संगीत उद्योग संघका पदाधिकारीहरूको सहभागिता रह्यो ।

बैठकमा सामाजिक सञ्जाल नियमनको सरकारी कदम स्वागतयोग्य भए पनि हठात बन्द गरिनु गलत भएको, पुराना कम्प्युटरको अव्यवस्थित आयातले नेपाल डम्पिङ हुने जोखिम बढेको, चलचित्र विकास बोर्ड लगायत निकायमा महासंघको प्रतिनिधित्व आवश्यक रहेको, केवल टेलिभिजन व्यवसाय गम्भीर संकटमा पुगेको तथा क्लीन फिड नीतिले थप समस्या सिर्जना गर्ने देखिएको विषय उठान गरियो । साथै सिनेमा हल बन्द हुनु, पाइरेसी, अवैध डिजिटल प्लेटफर्म, कपीराइट ऐन संशोधनमा सरोकारवालासँग छलफलको आवश्यकता र गीत-संगीत तथा चलचित्र उद्योग प्रवर्द्धनमा राज्यको सक्रिय भूमिका आवश्यक रहेकोमा जोड दिइयो ।

सो अवसरमा परिषद् सभापति ढकाल र समूह संयोजक राजभण्डारीले पहिलो बैठकबाट आएका महत्वपूर्ण सुझावलाई सम्बोधन गर्न महासंघ अग्रसर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## ढुवानीमा अवरोध विषयमा छलफल:



नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत परिषद्को पहलमा दैनिक उपभोग्य वस्तुको ढुवानीमा देखिएका अवरोध र त्यसले उद्योग -व्यवसायमा पारेको असरबारे भदौ १६ गते (सोमबार) महासंघ सचिवालयमा गहन छलफल सम्पन्न भयो ।

वस्तुगत परिषद्का सभापति हेमराज ढकालको सभापतित्वमा सम्पन्न छलफलमा महासंघका जिल्ला उपाध्यक्ष सुरकृष्ण वैध, निर्यात प्रवर्द्धन समितिका सभापति नरेशलाल श्रेष्ठ, व्यापार समितिका उपसभापति लिलेन्द्र प्रधान तथा विभिन्न वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

छलफलमा २३ जना सहभागीहरूले ढुवानीमा देखिएका अवरोधसम्बन्धी आफ्ना सुझावहरू प्रस्तुत गरेका थिए ।

## ढुवानी व्यवस्थापन सम्बन्धी मुख्य सुझावहरू

सरकारले एकीकृत तथा दीर्घकालीन राष्ट्रिय ढुवानी नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, जसमा आन्तरिक ढुवानी, उपभोग्य वस्तु तथा निर्माण सामग्रीको ढुवानी, समय व्यवस्थापन र ट्राफिक व्यवस्थापनको स्पष्ट व्यवस्था समावेश हुनुपर्ने ।

ट्राफिक प्रशासनमार्फत आन्तरिक ढुवानीमा हुने अवरोधहरू नीतिगत रूपमा हटाई सिंहदरबार र बबरमहलजस्ता संवेदनशील क्षेत्र बाहेक उपत्यकाभित्र ढुवानी साधन निर्वाध सञ्चालनको वातावरण बनाइनुपर्ने ।

ढुवानी समय व्यवस्थापन खुकुलो बनाउँदै बिहानको समयसीमा ९-१० बजेसम्म मात्र सीमित गर्ने, साँझ ४-७ बजेको समयसीमा हटाउने र मालवाहक ट्रकको प्रवेश समय साँझ ७ बजेदेखि खुला गर्ने ।

दूध, डेरी उत्पादन, अण्डा, चल्ला, तरकारी लगायत पेरिसेवल वस्तुको ढुवानीलाई आपतकालीन श्रेणीमा राखी समयसीमाबिनै सञ्चालन गर्न दिने ।

## निष्कर्ष

छलफलको अन्त्यमा उपाध्यक्षद्वय सुरकृष्ण श्रेष्ठ र हेमराज ढकालले उपत्यकामा उपभोग्य वस्तुको उच्च खपतलाई ध्यानमा राख्दै ट्राफिक व्यवस्थापनको नाममा उद्योग -व्यवसायमा अवरोध सिर्जना गर्नु अव्यवहारिक भएको उल्लेख गर्दै उपभोग्य वस्तु र निर्माण सामग्रीको ढुवानीका लागि फरक व्यवस्थापन आवश्यक रहेकोमा जोड दिनुभयो । छलफलबाट प्राप्त सुझावका आधारमा महासंघले अन्तिम सुझाव तयार गरी नेपाल सरकारसमक्ष पेश गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

## हरित अर्थतन्त्रका विषयमा अध्ययन गर्न सभापतिको बेलायत भ्रमण




महासंघका सभापति, उपाध्यक्ष तथा Green Skills Advisory Board-GSAB सदस्य हेमराज ढकालले कार्तिक २४-३० गते बेलायतको अध्ययन भ्रमण गर्नुभयो । भ्रमणको केन्द्र व्यवसायिक शिक्षा, सीप विकास र हरित अर्थतन्त्र थियो । ब्रिटिश काउन्सिलको आयोजनामा भएको भ्रमणमा सभापति ढकालले बेलायती सम्बन्धित संस्थाहरूसँग भेटवार्ता गरी नेपालमा गठन गरिएको Green Skills Advisory र आपसी सहकार्यका अवसरबारे छलफल गर्नुभयो ।

महासंघले ब्रिटिश काउन्सिलको सहयोगमा हरित सीप विकास र दिगो आर्थिक वृद्धिका लागि तालिम कार्यक्रम, सल्लाहकार बोर्ड स्थापना र अन्य पहलहरू सञ्चालन गर्दै आएको छ । सभापति ढकालको भ्रमणबाट यी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

## डिजिटल रूपान्तरणमा अन्तरक्रिया कार्यक्रम

नेपाल उद्योग वाणिज्य महासंघले सदस्य संघहरू माझ सदस्यता सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रविधिको उपयोगबारे अन्तरक्रिया कार्यक्रम आयोजना गर्यो । कार्यक्रम कार्तिक २३ गते ललितपुरमा, बेलायतस्थित क्लाउड परामर्श तथा डिजिटल रूपान्तरण कम्पनी Genesee Solution को सहयोगमा सम्पन्न भएको हो ।




कार्यक्रमका मुख्य अतिथि, वस्तुगत परिषद्का सभापति हेमराज ढकाल हुनुहुन्थ्यो। प्रमुख वक्ता अन्जनीकुमार फुयालले डिजिटल रूपान्तरणमार्फत व्यावसायिक लाभ र सदस्य सेवा सुधारका उपायहरू प्रस्तुत गर्नुभयो। कार्यक्रममा महासंघ कार्यकारिणी समिति सदस्य, अधिकांश वस्तुगत संघका अध्यक्ष र पदाधिकारीहरूले प्रविधिको अधिकतम उपयोगमार्फत व्यक्तिगत, कम्पनी, उद्योग तथा संघहरूले कसरी लाभ लिन सक्छन् भनी अन्तरक्रिया गर्नुभयो।

सभापति ढकालले कार्यक्रम उपयोगी रहेको र आगामी दिनमा पनि यस्ता सहकार्य जारी रहने बताए। महासंघ र सदस्य संघहरूले कम्पनीसँग नजिक सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे।

## संचारमाध्यममार्फत व्यवसायिक मुद्दाहरुको उठानः

यस बीचमा मुलुकको प्रमुख राष्ट्रिय दैनिकहरू, अनलाइन न्यूज पोर्टलहरू मार्फत सदस्यहरूको व्यवसायिक इस्युहरूलाई विभिन्न ३० वटा आलेखहरूमार्फत सरोकारवालासम्म पुरयाउन प्रयास गरियो।

## रोजगारदाता परिषद

यस वर्ष २०८२ मा सम्पन्न प्रमुख गतिविधिहरूको विवरणहरू:

### १. न्यूनतम पारिश्रमिक सम्बन्धी छलफल (२०८१/१२/१२)

न्यूनतम पारिश्रमिक सम्बन्धी सरकारलाई सुझाव प्रदान गर्ने उद्देश्यले नेउवामहासंघ सचिवालयमा बैठक सम्पन्न भयो। बैठकमा आधारभूत तलब संरचना, क्षेत्रगत तलब (Sector–wise wage), उत्पादनशीलता तथा भौगोलिक अवस्थाका आधारमा तलबमान निर्धारण गर्ने विषयमा विस्तृत छलफल भएको थियो। बैठकमा वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठ, वावुकाजी कार्की, अरनिको राजभण्डारीको सहभागिता रहेको थियो।

### २. द्विपक्षीय बैठक – न्यूनतम पारिश्रमिक (२०८२/०१/०८)

परिषदकी सभापति ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रसँग द्विपक्षीय बैठक सम्पन्न भयो। महासंघको तर्फबाटः क्षेत्रगत आधार, भौगोलिक आधार, उत्पादनशीलतालाई ध्यानमा राखी पारिश्रमिक निर्धारण गर्नुपर्ने प्रस्ताव प्रस्तुत गरिएको थियो भने ट्रेड यूनियन पक्षले भौगोलिक आधार लागू गर्न प्राविधिक तयारी आवश्यक पर्ने र तत्काल सम्भव नहुने धारणा राखेको थियो। दुवै पक्षले थप आन्तरिक छलफल पश्चात अगाडि बढ्ने सहमति भएको थियो।

### ३. १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (२०८२/०१/१८)

GEFONT द्वारा १३६ औं मे दिवसको अवसर पारेर मिति २०८२/१/१८ गते आयोजित शुभकामना कार्यक्रममा अध्यक्ष चन्द्र प्रसाद ढकाल सहभागी हुनु भएको थियो। उक्त कार्यक्रममा अध्यक्ष ढकालले शुभकामना मन्तव्य

राख्ने क्रममा रोजगारदाता र श्रमिकबीच सहकार्य, समझदारी र सुदृढ श्रम सम्बन्धको महत्वमा जोड दिनुभयो। वर्तमान आर्थिक मन्दी, न्यून बजार माग तथा अन्तर्राष्ट्रिय परिस्थितिले उद्योग तथा श्रम क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै आपसी सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो साथै मे दिवसले सबैलाई थप उत्प्रेरित गर्ने कुरा प्रस्तुत गर्नुभएको थियो ।

### ४. न्यूनतम पारिश्रमिक सम्बन्धी ज्ञापनपत्र (२०८२/०२/०९)

अखिल नेपाल औद्योगिक मजदुर संघद्वारा न्यूनतम पारिश्रमिक विषयमा महासंघमा ज्ञापनपत्र बुझाइएको थियो । यस वर्ष पारिश्रमिक वृद्धि वर्ष भएकाले त्यसतर्फ गम्भीरतापूर्वक ध्यान दिन आग्रह गरिएको थियो । महासंघले न्यूनतम पारिश्रमिक विषयमा विस्तृत छलफल गरी सहमतिमै निष्कर्षमा पुग्ने प्रतिबद्धता जनाएको थियो ।

### ५. रोजगारदाता परिषदको १२ औं बैठक (२०८२/०२/१९)

सभापति ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा रोजगारदाता परिषदको १२ औं बैठक सम्पन्न भयो । त्रिपक्षीय छलफल चलिरहेको अवस्थामा महासंघको औपचारिक धारणा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा रणनीतिक छलफल भएको थियो ।

### ६. निजी क्षेत्रमा स्याहार अर्थतन्त्र सम्बन्धी प्रदेशस्तरीय गोष्ठी

रोजगारदाता परिषद र मधेश प्रदेश महासंघको संयुक्त आयोजनामा जनकपुरमा १ दिने गोष्ठी सम्पन्न भयो । कार्यक्रममा निजी क्षेत्रमा स्याहार अर्थतन्त्र (Care Economy) को सान्दर्भिकता, मर्यादित कामसँगको सम्बन्ध तथा नीतिगत आवश्यकताबारे छलफल भएको थियो । कार्यक्रममा विभिन्न जिल्ला उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा एशोसिएट सदस्य गरी ५० जनाको सहभागिता रहेको थियो ।

### ७. न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी गतिविधिहरू

विभिन्न मितिमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको कुल १२ पटक बैठक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सम्पन्न भयो । इतिहासमै पहिलो पटक त्रिपक्षीय सहमतिमा न्यूनतम पारिश्रमिक निर्धारण हुनु यस वर्षको महत्वपूर्ण उपलब्धि रह्यो । बैठकहरूमा वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठ, रोजगारदाता परिषद्का उपसभापतिहरू बाबुकाजी कार्की र अरनिको राजभण्डारी लगायत सचिवालयको सक्रिय सहभागिता रहेको थियो ।

न्यूनतम ज्याला निर्धारण समितिमा प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न २०८२ आषाढ १९ गते महासंघमा रोजगारदाताहरूको छलफल बैठक आयोजना गरी विभिन्न आधार समेटेर साझा धारणा तथा तथ्याङ्क तयार गरिएको थियो ।

### ८. द्विपक्षीय बैठक

नेपाल उद्योग वाणिज्य महासंघ र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको संयुक्त आयोजनामा २०८२ आषाढ १५ गते बुढानीलकण्ठस्थित होटल लेमन ट्रीमा द्विपक्षीय बैठक सम्पन्न भयो । बैठकमा रोजगारदाता र ट्रेड युनियनबीच सुमधुर औद्योगिक सम्बन्ध कायम राख्दै भविष्यमा न्यूनतम ज्याला निर्धारण गर्दा भौगोलिक तथा क्षेत्रगत आधारमा ज्याला संरचना विकास गर्ने विषयमा छलफल भयो । साथै, पूर्व सम्झौताका आधारमा ToR तयार गरी संयुक्त रूपमा कार्य गर्ने सहमति गरिएको थियो ।

## ९. औपचारिकीकरण प्रवर्द्धन कार्यक्रम

नेपाल उद्योग वाणिज्य महासंघले अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा २०८२ आषाढ ३१ गते काठमाडौंमा औपचारिकीकरण सम्बन्धी एक दिवसीय उच्चस्तरीय छलफल कार्यक्रम आयोजना गर्यो । कार्यक्रमको उद्देश्य औपचारिकीकरणको प्रगति, चुनौती र महत्वबारे सञ्चारकर्मी तथा सरोकारवालाहरूसँग अन्तरक्रिया गर्नु, महासंघबाट भइरहेका गतिविधिहरूको जानकारी गराउनु तथा मिडियामार्फत जनचेतना अभिवृद्धि गर्नु रहेको थियो । महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदिप कोईराला, उपसचिव गगनसिंह विष्ट, औपचारिकीकरण समितिका सदस्यज्यूहरू, पूर्व सचिव महेश दाहाल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाल, ज्योत्स्ना श्रेष्ठ र कार्यकारिणी समितिका सदस्य वावुकाजी कार्की, आईएलओका कार्यक्रम संयोजक सौरभ शाह लगायत औपचारिकीकरणका विषयगत विज्ञहरूको उपस्थिती सहित करिव ५० जनाको सहभागिता रहेको थियो ।

## १०. सशक्त महिला, समृद्ध नेपाल



नेपाल उद्योग वाणिज्य महासंघ, रोजगारदाता परिषदद्वारा सञ्चालित "सशक्त महिला, समृद्ध नेपाल" कार्यक्रम अन्तर्गत स्याहार सेवाको आवश्यकताको अध्ययन प्रतिवेदन तथा गुनासो सुनुवाइ संयन्त्र सञ्चालन निर्देशिका प्रदेशस्तरमा प्रमाणीकरण गर्ने उद्देश्यले विभिन्न प्रदेशहरूमा कार्यशाला सञ्चालन गरिएको छ । यस क्रममा मिति २०८२ श्रावण २२ र २३ गते सुदूरपश्चिम प्रदेशस्तरीय प्रमाणीकरण कार्यशाला सफलतापूर्वक सम्पन्न भएको थियो । उक्त कार्यशालामा सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्ला उद्योग वाणिज्य संघहरू, प्रदेश उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरू तथा महिला उद्यमीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रम सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री माननीय नवराज खड्का ज्युको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने महासंघ रोजगारदाता परिषदका सभापति ज्योत्स्ना श्रेष्ठ विशिष्ट अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा महासंघका उपाध्यक्षले स्याहार कार्यको आर्थिक तथा सामाजिक महत्वबारे प्रकाश पार्दै स्याहार कार्यको योगदान अझै पनि राष्ट्रिय आय (GDP) मा पर्याप्त रूपमा परिलक्षित हुन नसकेको उल्लेख गर्नुभयो । सभापति श्रेष्ठले उद्योग -व्यवसाय क्षेत्रलाई स्याहार सेवाको आवश्यकताबारे सचेत गराउने तथा कार्यस्थलमैत्री वातावरण निर्माणका लागि महासंघले पहल गरिरहेको जानकारी दिनुभयो ।

यसै कार्यक्रम अन्तर्गत कर्णाली र मधेश प्रदेशमा पनि समान प्रकृतिका प्रमाणीकरण कार्यशालाहरू आयोजना गरिएको थियो । कर्णाली प्रदेशमा आयोजित कार्यशालामा महासंघका केन्द्रीय सदस्य तथा महिला उद्यमशिलता विकास समितिका सभापति कमला श्रेष्ठले महासंघको प्रतिनिधित्व गर्नुभएको थियो । प्रदेशस्तरीय प्रमाणीकरण कार्यशालाहरूबाट प्राप्त सुझाव तथा प्रतिक्रियाहरूलाई समेट्दै अध्ययन प्रतिवेदन र निर्देशिकालाई थप परिमार्जन गर्ने कार्य अगाडि बढाइएको छ । कार्यक्रम मार्फत स्याहार सेवाको महत्व प्रवर्द्धन, महिला उद्यमशीलता सशक्तीकरण तथा कार्यस्थलमा उत्तरदायी र समावेशी संरचना विकास गर्ने लक्ष्य अनुरूप गतिविधिहरू निरन्तर सञ्चालनमा रहेका छन ।

## ११. रोजगारदाता परिषद्को १३ औं बैठक २०८२/५/४

रोजगारदाता परिषद्को १३ औं बैठक २०८२/५/४ गते सभापति ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा सम्पन्न भयो । बैठकमा हालै वृद्धि भएको न्यूनतम पारिश्रमिकबारे सूचना सामाजिक सञ्जालमार्फत प्रवाह गर्ने, ट्रेड युनियन ऐन संशोधन प्रक्रियामा महासंघका तर्फबाट ठोस र तयारी सहित सुझाव पेश गर्ने । ILO Convention सम्बन्धी आगामी तयारी, Platform Economy, होटल क्षेत्रको सेवा शुल्क (Service Charge) लगायतका विषयमा सरकार समक्ष सुझाव दिने जस्ता महत्वपूर्ण विषयमा निर्णय तथा छलफल भएको थियो ।

## १२. कृषि मूल्य शृंखला तथा महिला उद्यमशीलता

४ जुलाई २०२५ मा जनकपुरमा "कृषि मूल्य शृंखलाका अवरोधहरू र महिला उद्यमशीलता विकासका अवसरहरू" सम्बन्धी प्रतिवेदन प्रमाणीकरणका लागि एक दिवसीय गोष्ठी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा रोजगारदाता परिषद्की सभापति ज्योत्स्ना श्रेष्ठ तथा कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेतको उपस्थिति रहेको थियो ।

## १३. महिला उद्यमशीलता सहायता केन्द्र स्थापना

अनौपचारिक रूपमा व्यवसाय सञ्चालन गरिरहेका तथा दर्ता प्रक्रियाबारे जानकारी नभएका महिलाहरूलाई लक्षित गरी महासंघले जनकपुर, वीरगञ्ज, सुर्खेत, दैलेख, कैलाली र डोटी गरी ६ जिल्लामा महिला उद्यमशीलता सहायता केन्द्र स्थापना गरेको छ । यी केन्द्रहरूले व्यवसाय दर्ता, कर प्रणाली, कानुनी पालना लगायतका विषयमा परामर्श तथा सहजीकरण प्रदान गरिरहेका छन भने केन्द्रको पहलपछि केही अनौपचारिक व्यवसायहरू औपचारिक दर्ता प्रक्रियामा प्रवेश गरेका छन् ।

## १४. प्रदेशगत लगानी सम्बन्धी स्थितिपत्र

कर्णाली र सुदूरपश्चिम प्रदेशमा लगानीको अवस्था, चुनौती तथा अवसरहरू सम्बन्धी विस्तृत स्थितिपत्र तयार गरी कर्णाली र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीसमक्ष प्रतिवेदन हस्तान्तरण गर्ने काम सम्पन्न भएको छ । प्रदेश तथा नगर स्तरिय लैंगिकमैत्रि बजेट तथा कार्यक्रम स्थितिपत्रहरूको विकास तथा हस्तान्तरण गर्ने काम मधेश, कर्णाली र सुदुरपश्चिम प्रदेशका जनकपुर, सुर्खेत, नारायण, कैलाली र गोदावरीलाई हस्तान्तरण गर्ने काम सम्पन्न भएको ।

## १५. सशक्त महिला-समृद्ध नेपाल कार्यक्रम (मे २०-नोभेम्बर २०२५) संक्षिप्त रिपोर्ट

अन्तर्राष्ट्रिय श्रम संगठनको नियमित सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघले मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेश लक्षित "सशक्त महिला-समृद्ध नेपाल" कार्यक्रम सञ्चालन गर्यो । कार्यक्रमको मुख्य उद्देश्य स्याहारको महत्व र आवश्यकता पहिचान गरी महिला उद्यमशिलता प्रवर्द्धन गर्नु र यौनजन्य हिंसामा परेका महिलालाई रोजगारमा पहुँच दिनु थियो ।





**मुख्य उपलब्धिहरू:**

तीनवटा प्रदेशमा १-१ स्याहार केन्द्र पाइलट (हाल नेपाल सेरामिक बारमा स्थापना)

- ९ वटा प्रतिष्ठानमा गुनासो सुनुवाई संयन्त्र स्थापना (मधेश ५, कर्णाली र सुदूरपश्चिम १-१)
- ६ वटा महिला उद्यम सहायता कक्ष स्थापना (जनकपुर, बिरगंज, सुर्खेत, दैलेख, कैलाली, डोटी)
- उद्योग दर्ता गरिएका १८ उद्योग, २२२ जना व्यवसायिक परामर्श प्राप्त, १८८ जना व्यवसाय औपचारिककरण तालिम प्राप्त
- हिंसामा परेका महिलालाई रोजगारीमा रेफर (२१ जना रेफर, २ जना रोजगारी प्राप्त)
- औपचारिककरण सामाजिक संवाद तालिम निर्देशिका, सदस्यता रणनीति, ओपेड लेख र प्रकाशन (६ वटा)
- ३३ वटा गतिविधिमा कुल १,३३९ जना लाभान्वित, विभिन्न प्रतिनिधिहरू (महासंघ, प्रदेश संघ, स्टार्टअप, पत्रकार, नागरिक समाज) सहभागी

कार्यक्रमले स्याहारको महत्व पहिचान, महिला उद्यमशिलता प्रवर्द्धन, गुनासो सुनुवाई प्रणाली स्थापना र यौनजन्य हिंसामा परेका महिलालाई रोजगारमा पहुँच सुनिश्चित गर्दै ६ महिनामा प्रभावकारी परिणाम देखाएको छ ।

१६. केन्द्रीय श्रम सल्लाहकार परिषद सञ्चालन कार्यविधि २०८२ को मस्यौदालाई अन्तिम रूप दिन नेउवामहासंघको तर्फबाट दिनुपर्ने सुझावका लागि मिति २०८२ कार्तिक १४ गते सभापति ज्योत्स्ना श्रेष्ठको सभापतित्वमा नेउवामहासंघ सचिवालयमा बैठक बस्यो । बैठकमा कार्यविधि सञ्चालन गर्न आवश्यक कुराहरूका वारेमा छलफल भएको थियो ।

### १७. शिशु स्याहार केन्द्र स्थापना

नेपाल उद्योग वाणिज्य महासंघले अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा सुर्खेतस्थित लघु औद्योगिक ग्राममा शिशु स्याहार केन्द्र स्थापना गरेको छ । केन्द्रले महिला उद्यमी र श्रमिकहरूलाई कार्यस्थलमै सुरक्षित बाल स्याहार सेवा प्रदान गर्ने उद्देश्य राखेको छ ।




कार्यक्रम रोजगारदाता परिषद् सभापति ज्योत्स्ना श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भयो, जसमा सामाजिक विकास मन्त्रालयका सचिव, जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारी र अन्य विशिष्ट व्यक्तित्वहरू उपस्थित थिए । सभापति श्रेष्ठले यस पहलले महिलाहरूको रोजगारी निरन्तरता र सुरक्षित कार्य वातावरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

### १८. नेपालगंजमा अनौपचारिक क्षेत्रका व्यवसायलाई औपचारिकीकरण सम्बन्धी दुई दिने पुनर्ताजगी तालिम सम्पन्न

नेपाल उद्योग वाणिज्य महासंघ (नेउवामहासंघ) को पहलमा अनौपचारिक क्षेत्रका व्यवसायलाई औपचारिकीकरण गर्ने उद्देश्यले दुई दिने पुनर्ताजगी तालिम कार्यक्रम नेपालगंजमा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन नेउवामहासंघका कार्यकारिणी समितिका सदस्य अब्दुल वाहित मन्सुरीले गर्नुभएको थियो । तालिमको मुख्य उद्देश्य अनौपचारिक क्षेत्रका व्यवसायलाई कानुनी दायरामा ल्याई व्यवस्थित र दिगो बनाउने रहेको आयोजकले जनाएको छ ।

उक्त कार्यक्रममा जनकपुर, वीरगंज, सुर्खेत, दैलेख, डोटी र कैलालीबाट आएका सहजकर्ता तथा प्रदेश संयोजकहरूको सहभागिता रहेको थियो । सहभागीहरूले औपचारिकीकरणका प्रक्रिया, कानुनी प्रावधान तथा व्यवसाय दर्ता सम्बन्धी विषयमा छलफल तथा अनुभव आदान-प्रदान गरेका थिए ।

**१९. बाल श्रम उन्मुलन सम्बन्धी छैटो सम्मेलन**

रोजगारदाता परिषदकी सभापति ज्योत्स्ना श्रेष्ठले २०२६ फेब्रुअरी ११ देखि १३, सम्म मोरक्कोमा आयोजना हुने बाल श्रम उन्मूलन सम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको रोजगारदाताको तर्फबाट प्रतिनिधित्व गर्नुहुनेछ ।

उक्त सम्मेलनमा सभापति श्रेष्ठले नेपाल उद्योग वाणिज्य महासंघले बाल श्रम उन्मूलनका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रम, पहल तथा निजी क्षेत्रको प्रतिबद्धताबारे सम्बोधन गर्नुहुनेछ । यस सहभागिताले अन्तर्राष्ट्रिय स्तरमा अनुभव आदान-प्रदान तथा सहकार्य सुदृढीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## अन्य बैठक तथा छलफलहरुमा परिषदका सभापति, उपसभापतिहरु, सदस्यहरु र सचिवालयको प्रतिनिधित्व सम्बन्धी यस प्रकार रहेको छ ।

| मिति | कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरू | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | केन्द्रिय श्रम सल्लाहकार परिषदको बैठक | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम, मन्त्रालय | | ज्योत्स्ना श्रेष्ठ |
| | ट्रेड युनियन ऐन २०४९ को संशोधन मस्यौदा तयार समिति | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम मन्त्रालय | ट्रेड युनियन ऐन २०४९ को संशोधन मस्यौदा तयार सम्बन्धमा | ज्योत्स्ना श्रेष्ठ |
| | Care Working Group बैठक | राष्ट्रिय योजना आयोग | राष्ट्रिय योजना आयोग | Care Economy | ज्योत्स्ना श्रेष्ठ |
| | नयां ऐन मस्यौदा सिफारिश समितिको बैठक | श्रम मन्त्रालय | श्रम मन्त्रालय | बालश्रम ऐन, २०५६ लाई प्रतिस्थापन गरी समयसापेक्ष नयां ऐन बनाउन सम्वन्धी छलफल | डा. रामशरण थपलिया |
| | श्रम समन्वय समिति | श्रम विभाग | श्रम विभाग | उद्योग प्रतिष्ठानहरूमा आउने समस्याहरूलाई मध्यनजर गरी गठित समिति । | अरनिको राजभण्डारी |
| | श्रम मन्त्रालयद्वारा गठित मध्यस्थ समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | त्रिवेणी स्पिनिङ्ग मिल्समा देखिएको श्रम विवादलाई मध्यस्थको माध्यमबाट समाधान गर्न गठित समितमा | वावुकाजी कार्की |

| मिति | कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरू | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | अन्तराष्ट्रिय महासन्धीको प्रतिवेदनका विषयमा Observations / Direct Requests को Response सहित नियमित प्रतिवेदन तयार गर्न सहसचिवज्यूको संयोजकत्वमा गठित कार्यदल | श्रम मन्त्रालय | श्रम मन्त्रालय | अन्तराष्ट्रिय महासन्धीको प्रतिवेदनका विषयमा Observations / Direct Requests को Response सहित नियमित प्रतिवेदन तयार गर्न सहसचिवज्यूको संयोजकत्वमा गठित कार्यदल | डा. रामशरण थपलिया |
| | औपचारिकीकरण समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | अनौपचारिक व्यवसायलाई औपचारिक बनाउदै लैजाने बारेमा छलफल | गोकर्णराज अवस्थी |
| | सामाजिक सुरक्षा कोषको बोर्ड | सामाजिक सुरक्षा कोष | सामाजिक सुरक्षा कोष | सामाजिक सुरक्षाका वारेमा छलफल | अन्जन श्रेष्ठ |
| | एलायन्स ८.७ समन्वय उपसमिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | | वावुकाजी कार्की |
| | Osh समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | श्रमिकहरूको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी निर्देशिका/मापदण्ड /कार्यविधि तयार गर्ने | डा. रामशरण थपलिया |
| | श्रम संहिता तर्जुमा समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | श्रम अभ्यासका लागि आचार संहिता सम्बन्धी | अरनिको राजभण्डारी |
| | बालश्रम मुक्त सिफारिश समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | बालश्रम मुक्त उद्योग व्यवसाय तथा बस्तु (सप्लाई चेन समेत) प्रमाणिकरण निर्देशिका/मापदण्ड/ कार्यविधि निर्माण गर्न | डा. रामशरण थपलिया |
| | औपचारिकीकरण समिति | श्रम मन्त्रालय | श्रम मन्त्रालय | अनौपचारिक व्यवसायको वारेमा छलफल | गोकर्णराज अवस्थी |
| | कल्याणकारी कोष | श्रम मन्त्रालय कल्याणकारी कोष | श्रम मन्त्रालय | | सचिवालय |

| मिति | कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरू | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| २०८२/१/१५ | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी कार्यक्रम | श्रम मन्त्रालय | पाटन औद्योगक क्षेत्र | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी दिवसको अवसर पारेर पाटन औद्योगिक क्षेत्रमा आखा शिविर र शुभकामना कार्यक्रम । | विनोद ढकाल |
| २०८२/१/१६ | श्रम पोर्टल उदघाटन | श्रम मन्त्रालय | श्रम मन्त्रालय | सार्वजनिक र निजी श्रम बजारका निकायहरू, प्रशिक्षण वा तालिम प्रदायक, रोजगारी सेवा प्रदायक, रोजगारी प्रदायक बीच सूचना प्रणालीमा आधारित सहकार्य स्थापित गर्दै सीपमूलक तालिम, उद्यमशिलता र रोजगारीका अवसरहरू सम्वन्धी सूचनामा पहुंच र अभिवृद्धि गर्न साझा एवं एकिकृत श्रम बजार सूचना प्रणाली श्रम पोर्टलको उदघाटन । | वावुकाजी कार्की |
| २०८२/१/१७ | कृषिमा बालश्रम सम्बन्धी राष्ट्रिय सम्वाद कार्यक्रम | श्रम मन्त्रालय | स्क्वायर होटल, पुल्चोक | नेपाल सरकारले २०७९ सम्ममा निकृष्ट प्रकारका बालश्रम र २०८२ सम्ममा सवै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य राखेको हुनाले सोही विषयमा छलफल | ज्योत्स्ना श्रेष्ठ<br>वावुकाजी कार्की |
| २०८२/१/१८ | May day | NTUC | जावलाखेल | मे दिवसको छलफल तथा शुभकामना कार्यक्रम | अरनिको राजभण्डारी |
| २०८२/१/२४ | सेमिनार | NTUC and JILAF | होटल हिमालय | Industrial Relation and Labour Policies | ज्योत्स्ना श्रेष्ठ |
| २-१३ जुन २०२३ | 113th International Labour Conference: | ILO | Switzerland | | चन्द्र प्रसाद ढकाल<br>ज्योत्स्ना श्रेष्ठ |
| २०८२/३/१० | Annual Steering Committee Meeting Decent Work Country Program for Nepal | श्रम मन्त्रालय | हिमालय होटल | Decent Work Country Program for Nepal | |

| मिति | कार्यक्रमको नाम | आयोजक | स्थान | छलफलका विषय तथा निर्णयहरू | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| २०८२/३/११ | National Sensitization Workshop on Just Transition | श्रम मन्त्रालय | हिमालय होटल | Just Transition | ज्योत्स्ना श्रेष्ठ |
| २०८२/४/१२ | Training on Integrated Labour Management Information System (ILMIS) | श्रम विभाग | होटल टुलिप | Training on Integrated Labour Management Information System (ILMIS) | ज्योत्स्ना श्रेष्ठ, सचिवालय |
| २०८२/७/१८ | केन्द्रिय श्रम सल्लाहकार परिषदको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को मस्यौदा उपर छलफल | श्रम मन्त्रालय | श्रम मन्त्रालय | केन्द्रिय श्रम सल्लाहकार परिषदको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को मस्यौदा उपर छलफल | ज्योत्स्ना श्रेष्ठ, अरनिको राजभण्डारी |
| २०८२/८/१ | National Consultation Workshop With Stakeholders on the Review of the Second National Master Plan on Child Labour | ILO | स्क्वार होटल | Review of the Second National Master Plan on Child Labour | अरनिको राजभण्डारी |
| २०८२/८/३ | बदलिलो परिवेशमा श्रम र रोजगारीका विषयहरू र आगामी कार्यदिशा | JTUCC | सुर्य हेरिटेज होटेल, ठमेल, काठमाडौं । | बदलिलो परिवेशमा श्रम र रोजगारीका विषयहरू र आगामी कार्यदिशा | बबुकाजी कार्की |

# प्रदेश

## कोशी प्रदेश

- २०८२ बैशाख १२ गते, कोशी प्रदेशको आवश्यकता र निजी क्षेत्रको चाहना अनुसार प्रदेशको आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा २०८२ बैशाख १८ र १९ गते हुने प्रदेश लगानी सम्मेलनको तयारीका लागि यस महासंघले पूर्व तयारी कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा कोशी प्रदेशको आर्थिक अवस्था, लगानीका सम्भावना,



विभिन्न लगानी क्षेत्र, अवसर तथा चुनौतीका साथै आवश्यक सुधारका सुझावहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न वित्तीय संस्था, लगानीकर्ता तथा निजी क्षेत्रका प्रतिनिधिहरू सहभागी भएका थिए । कार्यक्रममा कोशी प्रदेशका जिल्ला नगर उद्योग वाणिज्य संघ तथा वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू उपस्थित थिए । यस अवसरमा अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षता, माननीय मुख्यमन्त्री हिकमत कार्कीको प्रमुख आतिथ्यता र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको विशिष्ट आतिथ्यता रहेको थियो ।



- २०८२ साल बैशाख १८ र १९ गते, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेशको आयोजना अन्तर्गत भएको कोशी प्रदेश लगानी सम्मेलन २०८१ मा नेपालको उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकाल, प्रदेश अध्यक्ष श्री राजेन्द्र राउत, तथा प्रदेशका का.का. सदस्यहरूले सहभागिता जनाउनुभयो ।



- २०८२ बैशाख ३१ गते सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको आयोजनामा प्रदेशस्तरमा श्रम बजारको अवस्था, बेरोजगारीको स्थिति, र रोजगारीका अवसरसम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट पनि प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रमको अध्यक्षता माननीय सामाजिक विकास मन्त्री पाँचकर्ण राईले गर्नु भएको थियो भने कार्यकारी निर्देशक राधारमण भण्डारीले प्रतिनिधित्व गर्नु भएको थियो ।



- २०८२ जेठ ५ गते कोशी प्रदेश सरकारले आ.ब. ०८२/८३ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम अध्यक्ष श्री राजेन्द्र राउतको नेतृत्वमा प्रस्तुत गरिएको छ ।
- २०८२ जेठ ५ गते कोशी प्रदेशका प्रहरी प्रमुख डीआईजी ईश्वर कार्कीलाई कोशी प्रदेशमा स्वागत गर्ने कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउतको उपस्थिति रहेको थियो ।




- २०८२ जेठ १० गते नेपाल छुर्पी व्यवसायी संघ, झापाको वार्षिक साधारण सभामा अध्यक्षज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउत विशिष्ट अतिथिका रूपमा उपस्थित हुनु भएको थियो ।

- २०८२ जेठ १९ र २० गते, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले "श्रम ऐन, २०७४ मा आवश्यक संशोधन" सम्बन्धी दुई दिने सुझाव संकलन कार्यक्रम आयोजना गरेको थियो । यस कार्यक्रममा महासंघ अन्तरगतका १० उद्योगी तथा व्यवसायीहरूले सहभागिता जनाएका थिए । कार्यक्रमको उद्देश्य, श्रम ऐनका प्रवधानहरूमा सुधार आवश्यकताबारे सुझाव संकलन गर्नु र व्यावसायिक तथा उद्योग जन्य सुरक्षा प्रवर्द्धन गर्नु रहेको थियो ।

- २०८२ जेठ २२ गते, जर्मन आर्थिक सहायता तथा विकास मन्त्रालय तर्फबाट हाल जर्मन सहायता निकाय (GIZ) ले आन्तरिक राजश्व विभागको सहकार्यमा नेपालमा राजश्व प्रशासन सहयोग परियोजना अन्तरगत विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको सन्दर्भमा, यस महासंघ र समृद्धि फाउण्डेशनको सहकार्यमा नेपालको कर, कानून र प्रशासनमा देखिएका समस्या तथा गर्नुपर्ने सुधारसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो । कार्यक्रममा कानून व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट, उद्योग ी तथा व्यवसायी लगायतका सहभागीहरूले योगदान गरेका थिए । यस अवसरमा महासंघका केन्द्रीय सदस्य तथा प्रदेश च्याप्टर सल्लाहकार श्री अविनाश बोहराले पनि सहभागिता जनाउनु भएको थियो ।



- २०८२ जेठ २३ र २४ गते, स्थानीय तह निर्वाचन २०७९ बाट उपप्रमुख/उपाध्यक्ष पदमा निर्वाचित भई संविधान र स्थानीय सरकारका काम, कर्तव्य तथा अधिकार अनुसार पदिय जिम्मेवारी बहन गरिरहेका उपप्रमुख तथा उपाध्यक्षहरूको अन्तरक्रिया गर्ने उद्देश्यले "उपप्रमुख/उपाध्यक्ष राष्ट्रिय भेला" कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा का.का. सदस्य श्री सरू केसी पनि सहभागी हुनु भएको थियो ।

- २०८२ जेठ २५, २६ र २६ गते सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार तथा प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा भएको प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड छनौट प्रतियोगिता उद्घाटन समारोहमा कोशी प्रदेश सभामुख अम्बर बहादुर विष्ट प्रमुख अतिथि रहेका थिए भने अध्यक्ष श्री राजेन्द्र राउत अतिथि विशेषको रूपमा उपस्थित हुनु भएको थियो ।

- २०८२ जेठ २५ गते विराटनगरमा भन्सार एजेन्ट महासंघ नेपालको १६औँ स्थापना दिवस कार्यक्रम भन्सार एजेन्ट संघको सह–आयोजनामा सम्पन्न भयो । कार्यक्रममा महासंघका कोषाध्यक्ष श्री सुवाष आचार्यले विशेष उपस्थिति जनाउँदै कार्यक्रमलाई थप औपचारिकता प्रदान गर्नुभयो ।



- २०८२ जेठ २७ गते श्रम तथा रोजगार कार्यालय, विराटनगरको आयोजनामा औद्योगिक करिडोर लगायत विभिन्न औद्योगिक क्षेत्रहरूमा महिला श्रमिकको कार्यस्थल सुरक्षा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा यस महासंघ अन्तर्गतका ७ जना रोजगारदाता प्रतिनिधिहरूले पनि सहभागिता जनाएका थिए ।

- २०७८ जेठ २८, २९ र ३० गते विराटनगरमा उदय परियोजनाको सहयोग तथा यस महासंघको आयोजनामा ऋण, लगानी, र व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउत, कार्यकारी सदस्य श्री राजन श्रेष्ठ, कार्यकारी निर्देशक श्री राधारमण भण्डारीसहित कोशी प्रदेशका जिल्लाहरू तथा नगर उद्योग वाणिज्य संघका कार्यालय प्रमुखहरूले सहभागिता जनाएका थिए ।
- २०७८ आषाढ १ मा राष्ट्रिय योजना आयोगको आयोजनामा सोहौं योजनाको कार्यान्वयन, अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रतर्फ सहज स्तरोन्नति, साथै कोशी प्रदेश र अन्तरगतका स्थानीय तहमा उद्योग , व्यापार र भन्सारसँग सम्बन्धित क्षेत्रमा देखिएका चुनौती र समस्याका बारेमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा महासंघ अन्तरगतका ३० जना उद्योग ी तथा व्यवसायी प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।
- २०८२ आषाढ २ र ३ गते राष्ट्रिय योजना आयोगको आयोजनामा "Subregional Capacity Buliding Workshop on Chllaanges and Way Forward on Trade and Transport Connectivity in Eastern South Asia" नामक कार्यशालामा यस महासंघ अन्तर्गतका १५ जना उद्योगी/व्यवसायी प्रतिनिधिहरू सहभागी भएका थिए ।
- कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्ने क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयले आयोजना गरेको राजश्व परामर्श समितिको बैठकको अध्यक्षता श्री राजेन्द्र राउतले गर्नुभयो ।



- २०७८ आषाढ १ गते, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश र राष्ट्रिय योजना आयोगको संयुक्त आयोजनामा झापाको बिर्तामोडमा आर्थिक क्षेत्रका समसामयिक विषयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रमको अध्यक्षता महासंघका उपाध्यक्ष श्री कुमारमणि पोखरेलले गर्नु भएको थियो भने प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय प्रा.डा. शिव अधिकारी हुनु भएको थियो ।
- २०८२ आषाढ २ गते, राष्ट्रिय योजना आयोगको आयोजनामा Subregional Capacity Buliding Workshop on Chllaanges and Way Forward on Trade and Transport Connectivity in Eastern South सम्बन्धि कार्यशाला/गोष्ठी नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा सम्पन्न भयो । यस कार्यक्रममा महासंघ अन्तर्गतका १५ जना उद्योगी/व्यवसायी प्रतिनिधिहरू सहभागी भए ।
- २०८२ आषाढ ३ गते नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको आयोजना गरेको "सञ्चारमाध्यममार्फत उत्पादन, बजार र पूर्वाधार विकासको अन्तरसम्बन्ध" विषयक बहस कार्यक्रममा कार्यसमिति सदस्य श्री राजन श्रेष्ठ र कार्यकारी निर्देशक श्री राधारमण भण्डारी सहभागी हुनुहुन्थ्यो ।



- २०८२ आषाढ ७ गते, नेपाल उद्योग वाणिज्य महासंघको कोशी प्रदेशबाट मौद्रिक नीतिसँग सम्बन्धित राय–

सुझावहरू महासंघमार्फत प्रस्तुत गरिएको थियो । उक्त प्रस्तुतिकरण अध्यक्ष श्री राजेन्द्र राउतको नेतृत्वमा गरिएको थियो ।

- २०८२ आषाढ ०७ मा NYEF Sunsarif\ Chapter को साधारण सभा सम्पन्न भएको थियो । यस कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउत विशेष अतिथिको रूपमा उपस्थित हुनु भएको थियो । अध्यक्षज्यूले सभा अवसरमा शुभकामना मन्तव्य पनि राख्नु भएको थियो ।




- २०८२ साल आषाढ ८ गते, कोशी प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकाललाई महासंघको सचिवालयमा स्वागत गर्नु भएको थियो ।



- २०७८ आषाढ १६ गते नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको ९ औं कार्यसमिति बैठक महासंघको सचिवालय, विराटनगरमा सम्पन्न भयो । उक्त बैठक महासंघका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा आयोजना गरिएको थियो र बैठकमा विभिन्न महत्वपूर्ण निर्णयहरू लिइएका थिए ।



- २०८२ आषाढ २४ गते विराटनगर भन्सार कार्यालयको आयोजनामा व्यापार सहजीकरण सम्बन्धी बैठक सम्पन्न भयो । उक्त कार्यक्रममा कोषाध्यक्ष श्री सुवास आचार्य तथा कर तथा भन्सार समिति सभापति श्री देवकीनन्दन अग्रवालले विशेष सहभागिता जनाउनुभयो । बैठकमा व्यापार सहज बनाउने उपाय, भन्सार प्रक्रियामा सुधार, र व्यापारी तथा सम्बन्धित निकायबीच समन्वय बढाउने विषयमा छलफल गरिएको थियो ।

- २०७८ आषाढ २६ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र तथ्यांक समन्वय कार्यालय, मोरङको आयोजनामा आयोजित "प्रदेश प्रोफाइल वितरण तथा आर्थिक गणना तथ्याङ्कको आवश्यकता" सम्बन्धी गोष्ठीमा महासंघको प्रतिनिधित्व गरिएको थियो ।

- २०८२ आषाढ २७ मा भोजपुर उद्योग वाणिज्य संघको १४औँ वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रमको उद्घाटन यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले गर्नुभएको थियो । यसअघि, आषाढ २६ गते कोशी प्रदेश सरकारले पर्यटन वर्ष २०८२ लाई सफल बनाउने उद्देश्यसहित भोजपुर जिल्लाको टेम्के डाँडाको भ्रमण गरेको थियो । कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष श्री राजेन्द्र राउत हुनुहुन्थ्यो भने अतिथि रूपमा का.का सदस्यहरू र कोशी प्रदेशका विभिन्न उद्योग वाणिज्य संघका अध्यक्षहरू उपस्थित रहनु भएको थियो ।



- २०८२ आषाढ ३० गते राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय श्रम संगठन नेपालद्वारा संयुक्त रूपमा आयोजना गरिएको प्रदेशस्तरीय तीन दिने आवासीय तालिम "क्षमता विकास र श्रम अधिकार सम्बन्धी जनचेतना अभिवृद्धि" को उद्घाटन कार्यक्रम सम्पन्न भयो । उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा अध्यक्ष श्री राजेन्द्र राउत उपस्थित हुनु भएको थियो ।



- २०८२ साल श्रावण ६ गते, सहज परियोजनाद्वारा आयोजित तरकारी क्षेत्र सम्बन्धी सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधित्व रहेको थियो ।



- २०८२ श्रावण ७ गते, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माले नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउतलाई लुम्बिनी प्रदेशमा स्वागत गर्नुभएको छ । स्वागत समारोहको क्रममा दुवै प्रदेशका नेतृत्वले उद्योग ी व्यवसायीको हकहितका लागि सामूहिक रूपमा विषय उठाउने र पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै दुई प्रदेशबीचको समन्वय अझ सुमधुर बनाउन आवश्यकताको विषयमा सहमति जनाउनुभयो । सो कार्यक्रममा लुम्बिनी प्रदेशका पदाधिकारी र विभिन्न जिल्लाका उद्योग वाणिज्य



संघका अध्यक्षहरूले पनि सक्रिय सहभागिता जनाएका थिए । प्रमुख अतिथिको रूपमा अध्यक्ष श्री राजेन्द्र राउत उपस्थित थिए ।

- २०८२ साल श्रावण ९ गते कोशी प्रदेशमा आउन लागेको निर्वाचन सम्बन्धी विषयमा जानकारी प्राप्त गर्न तथा त्यसबारे विचार विमर्श गर्न का.का. सदस्य श्री राजन श्रेष्ठ र का.का. सदस्य श्री देवकीनन्दन अग्रवालको उपस्थितिमा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा निर्वाचन प्रक्रिया, तयारी तथा सम्बन्धित अन्य विषयमा सहभागीहरूले आपसमा अनुभव र सुझावहरू साटासाट गरे ।



- २०८२ श्रावण १७ मा नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशको निर्माणाधीन भवनको पहिलो तल्लाको छत ढलाई सफलतापूर्वक सम्पन्न गरिएको छ ।

- २०८२ साल श्रावण ३० गते, नेपाल राष्ट्र बैंक विराटनगरमा आयोजना गरिएको उद्योगी तथा व्यवसायीहरूसँगको छलफल कार्यक्रममा यस महासंघले सक्रिय सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा. विश्वनाथ पौडेलको उपस्थितिमा विचार-विमर्श गरिएको थियो ।



- २०८२ भाद्र ४ गते, यस महासंघको आयोजनामा स्टार्टअप नीति तथा यसको कार्यान्वयन विधि सम्बन्धी दोश्रो दिनको अभिमुखिकरण कार्यक्रम झापाको विर्तामोडमा सम्पन्न भएको छ । कार्यक्रममा मेची कोरिडोर अन्तर्गत ताप्लेजुन्ग, पाँचथर, इलाम र झापाका उद्योग वाणिज्य सङ्घका अध्यक्षहरू तथा स्थानीय तहका अधिकृतहरू सहित करिब ३० जनाको सहभागिता रहेको थियो ।

- २०८२ भाद्र ५ गते, दमक उद्योग वाणिज्य संघले आफ्नो ३४ औं स्थापना दिवसको अवसरमा आयोजना गरेका अन्तरवस्तुगत संघ फुटसल प्रतियोगिता लगायतका कार्यक्रमको शुभारम्भ यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले गर्नु भएको थियो । यस अवसरमा प्रमुख अतिथिको रूपमा अध्यक्ष श्री राउतको उपस्थिति रह्यो ।



- २०८२ भाद्र ६ गते, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजना तथा नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) को प्राविधिक सहयोगमा उद्योग ी व्यवसायीहरूका लागि विराटनगरमा स्टार्टअप र नवप्रवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सुनसरी र मोरङ जिल्लाका स्थानीय तहका अधिकृतहरू, जिल्ला/नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा सचिवालय प्रमुखहरू सहित करिब ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको नेतृत्व अध्यक्ष श्री राजेन्द्र राउतले गर्नु भएको थियो ।

- २०८२ भाद्र ७ गते यस महासंघको आयोजनामा स्टार्टअप नीति तथा यसको कार्यान्वयन विधि सम्बन्धी अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा कोशी कोरिडर अन्तर्गत भोजपुर, खोटाङ, संखुवासभा, तेह्रथुम, धनकुटा, उदयपुर र त्रियुगाका उद्योग वाणिज्य सङ्घका अध्यक्षहरू तथा स्थानीय तहका अधिकृतहरू गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता श्री राजेन्द्र राउतले गर्नु भएको थियो ।




- २०८२ भाद्र ११ गते कोशी प्रदेशमा संविधान दिवस २०८२ को अवसरमा कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिकमत कार्की अध्यक्षत्व गर्नुभएको थियो । कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउतले पनि सहभागिता जनाउनुभयो ।
- २०८२ भाद्र १३ गते, NYEF Biratnagar Chapter द्वारा आयोजना गरिएको महिला उद्यमी सम्बन्धी कार्यक्रममा सदस्य महिला उद्यमीहरूको सहभागिता रहेको थियो ।
- २०८२ भाद्र १३ र १४ गते त्रियुगा उद्योग वाणिज्य सङ्घको नवौं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनको उद्घाटन यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले गर्नुभयो । उद्घाटनअघि, भाद्र १३ गते कोशी प्रदेश सरकारको पर्यटन वर्ष २०८२ कार्यक्रम सफल बनाउन उदयपुर जिल्लाको रौतामाई पोखरीमा भ्रमण गरिएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी, स्थानीय प्रहरी प्रशासनका प्रतिनिधि र अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो । कोशी पर्यटन वर्ष २०८२ कार्यक्रमको संयोजन सुन्दर हरैचा उद्योग वाणिज्य सङ्घका अध्यक्ष नारायण कार्कीले गर्नुभएको थियो ।



- सत्रमा प्रमुख अतिथि अध्यक्ष श्री राजेन्द्र राउत हुनुहुन्थ्यो भने केन्द्रिय सदस्यहरूमा उमेश डाल्मिया र अमरेश बैधवार, महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष टिकाराज ढकाल, कोषाध्यक्ष सुवास आचार्य, का.का. सदस्य धुर्वलाल श्रेष्ठ, झापा उद्योग संघका अध्यक्ष यमबहादुर श्रेष्ठ, मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेम प्रसाई, कन्काई उद्योग वाणिज्य सङ्घका काबा अध्यक्ष जनक कार्की, दमक उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल गुरागाईं, उर्लाबारी उद्योग वाणिज्य सङ्घका अध्यक्ष तारामान लिम्बू, निवर्तमान अध्यक्ष शेरबहादुर भण्डारी, पथरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक बस्नेत, लेटाङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष खड्गबहादुर श्रेष्ठ, बेलबारी उद्योग वाणिज्य सङ्घका अध्यक्ष अशोक श्रेष्ठ, सुन्दर हरैचा उद्योग वाणिज्य सङ्घका अध्यक्ष नारायण कार्की, इटहरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीवन पराजुली, इनरूवा उद्योग वाणिज्य सङ्घका अध्यक्ष वीरेन्द्र शाह, झुम्का उद्योग वाणिज्य सङ्घका अध्यक्ष नवीन चौधरी, उदयपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जमान सिंह बस्नेत, पूर्व अध्यक्ष पुष्कर खड्का, भोजपुर उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष प्रकाश श्रेष्ठ, निवर्तमान अध्यक्ष कर्ण मोक्तान, बेलका उद्योग वाणिज्य सङ्घका महासचिव सुशील विक्रम थापा, महासङ्घ कोशी प्रदेशका कार्यकारी निर्देशक श्याम भण्डारी लगायत कटारी नगरपालिकाका मेयर राजेश चन्द्र श्रेष्ठ र त्रियुगा नगरपालिकाका मेयर बसन्त बस्नेत सहभागी थिए ।

- २०८२ भाद्र १५ गते, Environment, social and governance (ESG) सम्बन्धमा भाद्र १६ गते विराटनगरमा आयोजना हुन गइरहेको गोष्ठीमा सहभागी हुन आएका IFC(International Finance Corporation) का Ms . Lopa Rahaman, Ms . Sophia Tamot लगायतको टोलीलाई आज नेपाल उद्योग वाणिज्य महासंघको सचिवालयमा अध्यक्ष श्री राजेन्द्र राउतले स्वागत गर्नुभयो । उक्त टोलीलाई मोरङ र सुनसरी करिडोरमा रहेका उद्योग हरूमा अध्ययन अवलोकन गराइयो । यस अवसरमा अध्यक्ष श्री राजेन्द्र राउतसहित का.का. सदस्य श्री देवकी नन्दन अग्रवाल र श्री श्रवण कुमार अग्रवाल पनि उपस्थित थिए ।



- २०८२ भाद्र १६ गते विराटनगरमा नेपाल उद्योग वाणिज्य महासंघ, आईएफसी र युरोपियन युनियनको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सहकार्यमा वातावरण र सामाजिक सुशासन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ आईएफसीका प्रतिनिधिहरूले दिनुभएको थियो । सो अवसरमा कोशी प्रदेशका जिल्ला नगर उद्योग वाणिज्य संघका प्रतिनिधि तथा ४० भन्दा बढी उद्योग प्रतिष्ठानका संचालकहरू गरी करिब ५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता श्री राजेन्द्र राउतले गर्नु भएको थियो भने निवर्तमान अध्यक्ष श्री टिकाराज ढकाल पनि कार्यक्रममा सहभागी हुनु भएको थियो ।



- २०८२ असोज ५ गते जेन्जी आन्दोलनको क्रममा क्षति पुगेको जिल्ला प्रशासन कार्यालयलाई अध्यक्षज्यूले १० वटा कम्प्युटर सहयोग गर्नुभएको थियो ।

- २०८२ असोज ८ गते जेन्जी आन्दोलनपश्चात विराटनगरमा नव नियुक्त अर्थमन्त्री रामेश्वर खनालज्यूलाई अर्थतन्त्रको क्षेत्रमा आवश्यक सुधारका विषयमा महासंघका अध्यक्षज्यूले बुँदागत रूपमा सुझाव र राय प्रस्तुत गर्नुभएको थियो ।



- २०८२ असोज ११ गते, विश्व पर्यटन दिवस २०२५ को अवसरमा नेपाल



उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको पर्यटन तथा हवाई यातायात समितिले "पर्यटन सङ्कटबाट सम्भावना" विषयक अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्‍यो । कार्यक्रमको अध्यक्षता पर्यटन तथा हवाई यातायात समिति सभापति भविष श्रेष्ठले गर्नुभएको थियो ।

- २०८२ असोज २१ गते, आश्विन १८-१९ गतेको बाढीपहिरोबाट क्षतिग्रस्त इलामका पीडित परिवारहरूको राहतका लागि १०० सेट थाल, कचौरा, गिलास र चम्मच सहयोग प्रदान गरियो । यस पहलले प्रभावित परिवारहरूको दैनिक जीवनमा सहजता ल्याउने उद्देश्य राखेको थियो ।
- २०८२ कार्तिक २२ गते, लेटाङ्ग उद्योग वाणिज्य संघका कोषाध्यक्ष श्री निर्मल दाहाल मोटरसाइकल दुर्घटनामा परी घाइते हुनु भएको खबर प्राप्त भएको छ । उहाँको उपचारका लागि रू. पचास हजार सहयोग प्रदान गरिएको छ ।
- २०८२ कार्तिक २८ गते, नेपाल उद्योग परिसंघ र स्वीस सरकार अन्तर्गतको सहयोगी संस्था भ्लक्क्च्भ एचयवभअत बीचको सम्बन्धि कार्यक्रम साझेदारीको सम्झौता कार्यक्रममा का.का. सदस्य श्री राजन श्रेष्ठ सहभागि रहनु भएको थियो ।
- २०८२ मंसिर १ गते, १४औँ राष्ट्रिय कर दिवसको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा करदाता सम्मान कार्यक्रममा डीडीका सदस्य तथा कर तथा राजश्व समिति सभापति श्री देवकीनन्दन अग्रवालले सहभागिता जनाउँदै मन्तव्य प्रस्तुत गर्नुभयो ।



- २०८२ मंसिर ५ गते नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) को समापन कार्यक्रममा सहभागी भई परियोजनालाई धन्यवाद ज्ञापन गरिएको थियो । सो अवसरमा कोषाध्यक्ष श्री सुवास आचार्यले परियोजनाका लागि आभार व्यक्त गर्दै यसको योगदानको सराहना गर्नुभयो ।



- २०८२ मंसिर १७ गते विराटनगर भन्सार कार्यालयको आयोजनामा भन्सार तथा व्यापारसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा डब्ल्यूटीओ (विश्व व्यापार संगठन) का प्रावधान र तिनको कार्यान्वयन सम्बन्धी जानकारी प्रस्तुत गरिएको थियो । कार्यक्रममा का.का. सदस्य तथा कर तथा राजश्व समितिका सभापति श्री देवकी नन्दन अग्रवालले पनि सहभागिता जनाउनु भएको थियो ।



- २०८२ पौष १२ गते सुनसरी उद्योग वाणिज्य संघ, धरानको ४२औं वार्षिक साधारणसभाको समुद्घाटन कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा प्रमुख आतिथ्य आन्तरिक राजश्व विभागका महानिर्देशक श्री मदन दाहालले गर्नु भएको थियो भने विशिष्ट आतिथ्य अध्यक्ष श्री राजेन्द्र राउतले प्रदान गर्नुभएको थियो ।




- २०८२ पौष १३ मा, Swiss Contact अन्तर्गत सञ्चालित नेपाल कृषि बजार विकास कार्यक्रम सहज परियोजनाका वरिष्ठ प्रबन्धक श्री पदमलाल भण्डारीलाई धन्यवाद व्यक्त गर्दै, अध्यक्ष श्री राजेन्द्र राउतले मायाको चिनो प्रदान गर्नुभएको छ ।
- २०८२ पौष १८ गते, नेपाल सिमेन्ट उत्पादक सङ्घ, काठमाडौंको आयोजनामा, Design and Construction of Rigid Pavement सम्बन्धी एक दिने कार्यशाला, गोष्ठी तथा तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । यस कार्यक्रममा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीज्यू प्रमुख अतिथि थिए भने अध्यक्ष श्री राजेन्द्र राउतले कार्यक्रमको अध्यक्षता गर्नुभयो ।
- २०८२ पौष २५ गते, बेलबारी उद्योग वाणिज्य सङ्घको आयोजनामा दोस्रो बेलबारी महोत्सवको उद्घाटन कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको अध्यक्षता श्री राजेन्द्र राउतज्यूले गर्नुभयो ।




- २०८२ पौष २८ गते महासंघको ११औं कार्यसमितिको बैठक सम्पन्न भयो । बैठकमा आठौं प्रदेश सभा निर्वाचन कार्यक्रमसमेत विभिन्न अन्य महत्वपूर्ण विषयमा छलफल गरी आवश्यक निर्णयहरू गरियो ।
- २०८२ पुष २८ गते, दमक उद्योग वाणिज्य सङ्घका नवनिर्वाचित अध्यक्ष श्री गोपाल गुरागाईं तथा जितपुर सिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री मोहन शर्मालाई स्वागत र सम्मान गरिएको छ । यस अवसरमा अध्यक्ष श्री राजेन्द्र राउत, निवर्तमान अध्यक्ष श्री टिकाराज ढकाल, पूर्वअध्यक्ष श्री नरेन्द्र खड्का तथा केन्द्रीय सदस्य श्री गोकुल श्रेष्ठ पनि उपस्थित हुनु भएको थियो ।



- २०८२ पौष २९ मा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको अगुवाई तथा सगरमाथा आइल्याबको सहयोगमा कोशी प्रदेशमा उद्योग -नेतृत्वमा आधारित, माग-आधारित तथा समन्वयमुखी टिभेट सुधार प्रक्रियालाई

औपचारिक रूपमा सुरू गर्ने उद्देश्यले महासंघमा टिभेट सेन्टर फर एक्सिलेन्सको स्टेरिङ कमिटी गठन गरिएको छ । यस कमिटीको कार्यकारी निर्देशकका रूपमा श्री राधारमण भण्डारी (श्याम) नियुक्त भएका छन् ।

- २०८२ पौष २९ गते, नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशको अगुवाई तथा सगरमाथा आइल्याबको सहयोगमा, कोशी प्रदेशमा उद्योग -नेतृत्वमा आधारित, माग–आधारित तथा समन्वयमुखी टिभेट सुधार प्रक्रियालाई औपचारिक रूपमा सुरु गर्ने उद्देश्यले टिभेट सेन्टर फर एक्सिलेन्सको स्टियरिङ कमिटी गठन गरेको छ । यस कमिटीको नेतृत्व कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम) ले गर्नेछन् ।




- २०८२ माघ २ गते दमक उद्योग वाणिज्य सङ्घको ३४औँ साधारण सभा एवं अधिवेशनबाट निर्वाचित अध्यक्ष श्री गोपाल गुरागाई तथा अन्य पदाधिकारी एवं कार्यसमितिका सदस्यहरूको १९औँ पदस्थापन समारोहमा अध्यक्ष श्री राजेन्द्र राउतले सहभागी भई बधाई तथा शुभकामना व्यक्त गर्दै मन्तव्य प्रस्तुत गर्नु भएको थियो ।




- २०८२ माघ ७ गते झापा उद्योग वाणिज्य संघ, झापाले "झापा औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव २०८२" को आयोजन गरेको थियो । उद्घाटन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशको प्रतिनिधित्व उपस्थित थियो र शुभकामना मन्तव्य प्रस्तुत गरियो । कार्यक्रममा विशिष्ट अतिथि अध्यक्ष श्री राजेन्द्र राउत, निवर्तमान अध्यक्ष श्री टिकाराज ढकाल तथा पूर्व अध्यक्ष श्री नरेन्द्र खड्का उपस्थित थिए ।





- २०८२ माघ १२ गते, ७४ औँ अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा Customs protecting society through vigliance and commitment नाराका साथ विराटनगर भन्सार कार्यालयले आयोजना गरेको कार्यक्रममा यस महासंघका कार्यसमिति सदस्य, का.का. सदस्य तथा राजस्व समितिका सभापति श्री देवकी नन्दन अग्रवालले सहभागिता जनाउँदै शुभकामना मन्तव्य प्रस्तुत गर्नुभयो ।
- २०८२ माघ २० गते, संखुवासभा उद्योग वाणिज्य सङ्घको १८औँ वार्षिक साधारण सभा यस महासंघका अध्यक्ष

श्री राजेन्द्र राउतको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रममा अध्यक्षज्यूले मन्तव्य प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा पूर्वअध्यक्ष श्री नरेन्द्र खड्का, उपाध्यक्ष श्री कुमारमणि पोखरेल, तथा का.का. सदस्यहरू श्री ध्रुवलाल श्रेष्ठ, विरेन्द्र साह, राजन श्रेष्ठ, रविन दाहाल र भविष श्रेष्ठको उपस्थिती रहेको थियो । यसैगरी, कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम) पनि कार्यक्रममा उपस्थित रहनुभएको थियो ।

## मधेश प्रदेश



- मिति २०८२ बैशाख ०९ गते नीति तथा योजना आयोग मधेश प्रदेश द्वारा आयोजना गरिएको २०८२/२०८३ को Pre Budget छलफलमा प्रदेश महासंघका अध्यक्ष श्री अशोक टेमानी, बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री हरि प्रसाद गौतम, बारा उद्योग वाणिज्य संघका अध्यक्ष श्री राज कुमार साह तथा महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री जितेन्द्र चौधरी, कार्यकारी निर्देशक प्रदीप दत्तको सहभागिता रहेको थियो ।
- श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश द्वारा गठन गरिएको प्रदेश स्तरीय श्रम सल्लाहकार परिषद समितिमा प्रदेश महासंघद्वारा पाँचजनाको नाम यस प्रकार सिफारिस गरिएको थियो । बीरगंज उद्योग वाणिज्य संघका अद्यक्ष श्री हरि प्रसाद गौतम, प्रदेश महासंघका उपाध्यक्ष श्री जितेन्द्र महासेठ, बारा पर्सा औद्योगिक करिडोरका सभापति श्री संजय साह, घरेलु तथा साना उद्योग महासंघका महिला समितिका सभापति श्री सुधा कर्ण तथा जनकपुरधाम उद्योग वाणिज्य संघका महिला उपाध्यक्ष श्री रिंकु साह रहेका छन् ।
- मिति २०८२ जेष्ठ २६ र २७ गते मधेश प्रदेशका कृषि मन्त्रालय द्वारा आयोजना गरिएको Madhesh Food Forum कार्यक्रममा प्रदेश महासंघका अध्यक्ष श्री अशोक टेमानी तथा बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री हरि प्रसाद गौतम ज्यू तथा कार्यकारी निर्देशक प्रदीप दत्त को सहभागिता रहेको थियो ।
- मिति २०८२ भाद्र २५ र २६ गते अन्तराष्ट्रिय श्रम संगठन तथा प्रदेश महासंघ द्वारा आयोजित Formalize Your Business (FYB) तालिम सम्पन्न भएको कार्यक्रममा नेउवामहासंघ मधेश प्रदेशका जिल्ला तथा नगर उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री जितेन्द्र महासेठ, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री सुरेन्द्र भण्डारी तथा कार्यकारी निर्देशक प्रदीप दत्तको सहभागिता रहेको थियो ।
- मिति २०८२ भदौ २९ गते श्रम तथा यातायात मन्त्रालय द्वारा आयोजित त्रिपक्षीय सामाजिक सम्बाद र श्रम सम्बन्धि समस्याहरू समाधानमा प्रदेश श्रम सल्लाहकार परिषद्को भूमिका विषयक कार्यशाला गोष्ठी कार्यक्रममा नेउवामहासंघ मधेश प्रदेशका जिल्ला नगर उपाध्यक्ष श्री जितेन्द्र महासेठ, बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री हरि प्रसाद गौतम, बारा पर्सा औद्योगिक करिडोरका सभापति श्री संजय साहको सहभागिता रहेको थियो ।
- मिति २०८२ कार्तिक १७ गते गाउँ पालिका राष्ट्रिय महासंघ नेपाल तथा नेपाल नगर पालिका संघद्वारा आयोजित श्रम आप्रावाशन र पुनः एकीकरणको सम्बन्धमा प्रदेश स्तरीय परामर्श गोष्ठीमा नेउवामहासंघ मधेश प्रदेशको सहभागिता रहेको थियो ।

- मिति २०८२ कार्तिक १८ गते राष्ट्रिय योजना आयोग द्वारा आयोजना गरिएको हेरचाह आवश्यकता र नीतिहरूको प्रादेशिक परामर्श कार्यक्रममा प्रदेश महासंघको सहभागिता रहेको थियो ।

- मिति २०८२ कार्तिक २१ गते अर्थमन्त्रि श्री रामेश्वर खनालसंग निजि क्षेत्रको छलफल तथा कर दायरा बिस्तार बिस्तार र निजिगत स्थायित्वको माग सम्बन्धि भएको अन्तरक्रिया कार्यक्रममा प्रदेश महासंघका अध्यक्ष श्री अशोक टेमानी, बीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष श्री हरि प्रसाद गौतम लगायत बीरगंजका प्रमुख उद्योगि व्यवसायीहरूको सहभागिता रहेको थियो ।

- मिति २०८२ पौष ४ गते नेपाल राष्ट्र बैंक बीरगंज कार्यालय द्वारा गभर्नरको प्रमुख आतिथ्यतामा "Role of Central Bank in Transforming Economics: Central and Regional (Madhesh) Prospectss" विषयक अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ- मधेश प्रदेशका अध्यक्ष श्री अशोक टेमानीज्युको सहभागिता रहेको थियो ।



- मिति २०८२ पौष ७ गते नेपाल उद्योग वाणिज्य महासंघको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ–मधेश प्रदेशका अध्यक्ष श्री अशोक टेमानिज्युको अध्यक्षतामा "सशक्त महिला समृद्ध नेपाल "कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्षज्युहरू प्रदेश महासंघका विभिन्न समितिका सभापतिहरूका साथै रोजगारदाताहरू तथा उद्यमीहरूको उल्लेखीय सहभागिता रहेको थियो ।

- मिति २०८२ पौष १९ गते भारतीय दुतावाश तथा PHD Chamber of Commerce को सयुक्त आयोजनामा जनकपुरमा सम्पन्न "नयाँ प्रविधि तथा स्टार्टअप क्षेत्रमा भारत–नेपाल सहकार्य" विषयक गोलमेच छलफल कार्यक्रममा ४० भन्दा बढी स्टार्टअपहरू तथा सूक्ष्म, साना तथा मझौला उद्योग (MSME) का प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रदेश महासंघका जिल्ला नगर उपाध्यक्ष श्री जितेन्द्र कुमार महासेठको सहभागिता रहेको थियो ।




- मिति २०८२ पौष २० गते Save The Children तथा KOICA को आयोजनामा गरिएकोयुवा लक्षित रोजगारी र प्रविधि सम्बन्धि प्रदेश स्तरीय नीतिगत छलफल कार्यक्रममा प्रदेश महासंघको सहभागिता सहेको थियो ।

- मिति २०८२ पौष २९ गते UK AID तथा RAIN द्वारा आयोजना गरिएको जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना छलफल कार्यक्रममा प्रदेश महासंघको सहभागिता रहेको थियो ।

# बागमती प्रदेश

## बागमतीमा पूर्व बजेट छलफल सम्पन्न:

मिति २०८२ ।०१ ।२२



हेटौंडा – बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा पूर्व बजेट छलफल सम्पन्न भयो । कार्यक्रममा निजी क्षेत्रका प्रतिनिधिहरूले उद्योगी समस्याको समाधान, सहुलियत र नीति सुधारका सुझाव प्रस्तुत गरे । मन्त्री तथा सचिवहरूले सुझावहरू आगामी बजेटमा सम्बोधन गरिने विश्वास व्यक्त गरे ।

## नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कार्यकारिणी समितिको ११ औं बैठक सम्पन्न:

मितिः २०८२ जेठ १३



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको ११ औं कार्यकारिणी बैठक अध्यक्ष श्री दिल सुन्दर श्रेष्ठको सभाध्यक्षतामा हेटौंडामा सम्पन्न भयो । बैठकले दुई नयाँ एशोसियट सदस्यलाई स्वीकृति दिएको र आगामी आर्थिक वर्षका लागि विभिन्न मन्त्रालयमा प्रस्तावना पेश गर्ने निर्णय गरेको छ । साथै, महासंघको सचिवालय भवन निर्माणका लागि उपयुक्त जग्गा खरिद तयारी अगाडि बढाउने निर्णय पनि भएको छ । बैठकमा केन्द्रीय सदस्यहरू श्री डि.बी. बस्नेत, श्री अमरेश चन्द्र बैदार, श्री वेद बहादुर श्रेष्ठ, श्री ताराबहादुर कार्की र श्री रोशनी मैंया धौबञ्जा उपस्थित थिए ।

## बागमती प्रदेश वाणिज्य नीति मस्यौदा छलफल कार्यक्रम सम्पन्न :

२०८२ जेठ १४



बागमती प्रदेश सरकारले तयार गरेको वाणिज्य नीतिको मस्यौदा उपर निजी क्षेत्रसँग छलफल गर्ने उद्देश्यले नीति संवाद कार्यक्रम आयोजना गरियो । कार्यक्रम उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव श्री हेमराज भुसालको सभाध्यक्षतामा, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष श्री दिल सुन्दर श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

कार्यक्रममा उद्योगी व्यवसायीहरूले ब्राण्डिङ्ग, प्याकेजिङ्ग, सस्तो ऋण, निर्यात प्रवर्द्धन, गुणस्तर परीक्षण ल्याब, कोल्ड स्टोरेज सञ्चालन, महिला उद्यमी समर्थन, हस्तकला ग्राम स्थापना, ढुवानी लागत घटाउने उपाय लगायतका सुझावहरू प्रस्तुत गरे ।

मन्त्रालयका सचिव श्री भुसालले छलफलबाट नीति परिपक्व भएको र सुझावहरू समेटेर सबै जिल्लालाई समेट्ने नीति तयार गरिने बताए । कार्यक्रममा ७६ उद्योगी व्यवसायी, संघसंस्थाका पदाधिकारी उपस्थित थिए ।

## अध्ययन अवलोकन भ्रमणमा नेउवामहासंघ बागमती प्रदेशको सहभागिता:

२०८२ जेठ २४



उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय बागमती प्रदेशको आयोजनामा आयोजित अन्तर–प्रदेश भ्रमण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका लघु उद्यमी हिरा बर्तौला, विन्दु सुवेदी र मिना उप्रेतीले सहभागिता जनाए । भ्रमण टोलीले मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयदेखि विभिन्न लघु तथा साना उद्योग को अवलोकन गर्यो । प्रतिनिधिहरू मकवानपुर र चितवन जिल्लाबाट सहभागी भएका थिए ।

## राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम – माडी, चितवन

मितिः २०८२ ।०३ ।०८




बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन र उद्योग वाणिज्य संघ माडीको सहकार्यमा होटल प्याराडाईज, माडीमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता, अन्तर्राष्ट्रिय अभ्यास, प्रदेश सरकार र निजी क्षेत्रको भूमिका, रोजगारी सम्बन्धी अनलाइन डाटाबेस प्रणालीलगायत विषयमा छलफल गरिएको थियो । सामाजिक विकास मन्त्रालयका सचिव श्री विनु बज्राचार्य कुँवरज्यू, महाशाखा प्रमुख श्री घनश्याम खनालज्यू, वरिष्ठ अनुगमन अधिकृत श्री सुरेन्द्र कुमार रामज्यू, माडी नगरपालिकाका प्रमुख श्री ताराकुमारी काजी महतोज्यू लगायतले विचार व्यक्त गर्नुभएको थियो ।

उद्योग वाणिज्य संघ माडीका अध्यक्ष श्री रेशमलाल आचार्यज्यूले कार्यक्रमको लागि सहयोग प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा उद्योगी व्यवसायी, संघसंस्था प्रतिनिधि गरी ६१ जनाको सहभागिता रहेको थियो ।

## २०८२।०५ ।३० – जेन्जी आन्दोलनमा निजी क्षेत्रको क्षति संकलन

बागमती प्रदेशभर जेन्जी आन्दोलनका क्रममा निजी क्षेत्रमा भएको क्षति संकलन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सहजीकरणमा सम्पन्न भयो । निषेधाज्ञा जारी भए पनि प्रदेशका सबै जिल्लाबाट अनलाइन फाराम मार्फत विवरण संकलन गरियो । संकलन अनुसार, काठमाडौंमा अन्य जिल्लाको तुलनामा सबैभन्दा बढी उद्योग र प्रतिष्ठानमा क्षति भएको पाइएको छ ।

## नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको १२ औं बैठक सम्पन्न

२०८२ मंसिर ९ गते, भक्तपुर – अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभाध्यक्षतामा सम्पन्न बैठकमा आगामी प्रदेश सभाको तयारी, सचिवालयका लागि जग्गा अनुगमन, र आ.व. २०८१/८२ को आर्थिक विवरण पारित गर्ने लगायतका निर्णयहरू गरियो । बैठकमा बागमती प्रदेशका पदेन सदस्य र केन्द्रीय सदस्यहरूको उपस्थिति थियो । सोही अवसरमा कार्यकारी निर्देशक विवेक मानन्धरको जन्मदिनको शुभकामना दिइयो ।



## नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशलाई भक्तपुर उद्योग वाणिज्य संघको स्वागत

मितिः २०८२ मंसिर १०



भक्तपुर उद्योग वाणिज्य संघले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको १२ औं बैठकको भोलिपल्ट स्वागत तथा छलफल कार्यक्रम आयोजना गरेको छ । संघका अध्यक्ष रोशनी मैया धौबञ्जा जीको सभाध्यक्षतामा आयोजित कार्यक्रममा अध्यक्षले प्रदेश महासंघलाई भक्तपुरमा कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याएबापत धन्यवाद व्यक्त गर्नुभयो ।

प्रदेश महासंघका अध्यक्ष दिल सुन्दर श्रेष्ठले आगामी दिनमा पनि सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य र प्रदेश कार्यकारिणी सदस्यहरू तथा भक्तपुर उद्योग वाणिज्य संघका पदाधिकारी र पूर्वअध्यक्षहरूको उपस्थिती रहेको थियो ।

## दोलखामा २ दिने ई–कमर्स तालिम :

मितिः २०८२ पौष ८-९




नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरको आयोजनामा दोलखाको चरिकोटमा ६० जना साना तथा लघु उद्यमीलाई ई-कमर्स तालिम प्रदान गरियो । तालिमको उद्देश्य उद्यमीहरूलाई डिजिटल माध्यमबाट व्यवसाय प्रवर्द्धन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु थियो ।

तालिमको उद्घाटन उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री विन्दु श्रेष्ठज्यूले गर्नुभयो । तालिममा सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइएको थियो । प्रमुख अतिथि, स्थानीय संघसंस्थाका अध्यक्ष, प्रशिक्षक र प्रशिक्षार्थीहरूको सहभागिता रहेको यस कार्यक्रमले उद्यमीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच बढाउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

समापन समारोह उद्योग अधिकृत भाष्कर ढुंगानाज्यूको सभाध्यक्षतामा सम्पन्न भयो । सहभागी उद्यमीहरूले तालिमबाट प्राप्त ज्ञान व्यवहारमा प्रयोग गरी व्यवसाय विस्तारमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन

बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८२ पौष २१-२२ मा हेटौंडामा आयोजना भयो । प्रदेशभरिका उत्कृष्ट महिला उद्यमीहरू सहभागी भई अनुभव साटासाट, चुनौती र सुझाव साझा गरे । उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठ, निर्देशक पुष्कर चन्द्र भट्टराई, सचिव हेमराज भुसाल लगायत प्रमुख अतिथि, विशिष्ट अतिथि तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका प्रतिनिधिहरूले कार्यक्रमलाई सफल र महिला उद्यमी मैत्री बनाउन सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गरे । सम्मेलनमा सामाजिक सुरक्षा कोष, कच्चा पदार्थ, तालिम, प्रविधि हस्तान्तरण, ऋण सुविधा लगायतका विषयमा छलफल भएको थियो । दुवै दिन सम्मेलनमा सहभागी महिला उद्यमीहरूले सक्रिय सहभागिता जनाएका थिए र आगामी नीतिका लागि सुझावहरू संकलन गरियो ।



## नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशको १३ औं बैठक

नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशको १३ औं बैठक काठमाडौंको होटल यलो प्यागोडामा सम्पन्न भयो । बैठकले फागुन १-२ गते हेटौंडामा प्रदेश सभा गर्ने र नियमावली अनुसार १३ एशोसियट सदस्यको सदस्यता खारेज

गर्ने निर्णय गर्यो । अध्यक्ष दिल सुन्दर श्रेष्ठले नयाँ कार्यकारिणी समिति सर्वसम्मत निर्वाचित गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



## दक्ष जनशक्ति उत्पादनकोलागि सीप परीक्षणसहितको तालिम शुरु ।

२०८२ माघ १८



दक्ष जनशक्ति उत्पादनको लागि थाहानगरमा सिलाई कटाई तालिम सुरू भएको छ । १० जना युवालाई ३९० घण्टा तालिम प्रशिक्षक आरती श्रेष्ठले दिनेछन् र तालिमपश्चात राष्ट्रिय सीप परीक्षण केन्द्रबाट सीप परीक्षा हुनेछ । कार्यक्रम उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सहकार्यमा आयोजना भएको हो ।

## नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सहभागिताहरू (२०८१-८२)

| मिति | कार्यक्रम/आयोजनाको नाम | सहभागि व्यक्तिहरू |
|---|---|---|
| २०८१ चैत्र २८ | ५९ औं वार्षिक साधारण सभा र उद्योग वाणिज्य दिवस | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष गुणराज श्रेष्ठ, दुर्गाराज श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्यहरू, कार्यकारी निर्देशक विवेक मानन्धर |
| २०८२ बैशाख १७ | सडक दुर्घटना जोखिम न्यूनिकरण बैठक | कार्यकारिणी सदस्य उत्तमशर्मा ढकाल |
| २०८२ बैशाख १८ | प्रादेशिक टिभीटी प्रोफाइल अन्तरक्रिया | उपाध्यक्ष गुणराज श्रेष्ठ |
| २०८२ बैशाख २२ | पूर्व बजेट छलफल | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, अन्य सदस्यहरू |
| २०८२ बैशाख २६-२८ | मोबाईल व्यवसायी महासंघ साधारण सभा, युवा सम्मेलन | कोषाध्यक्ष कविराज खत्री |
| २०८२ बैशाख ३१ | उद्योग व्यवसाय अन्तरप्रदेश अनुभव आदानप्रदान | कोषाध्यक्ष कविराज खत्री, सदस्य जीवनकाजी माकजु श्रेष्ठ, कार्यकारी निर्देशक विवेक मानन्धर |
| २०८२ जेठ १२-३० | मानव अधिकार कार्यशाला, उद्योग परिसंघ अन्तरक्रिया, नव प्रवर्तन सम्मेलन | उपाध्यक्ष दुर्गाराज श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, अन्य सदस्यहरू |

| मिति | कार्यक्रम/आयोजनाको नाम | सहभागि व्यक्तिहरू |
|---|---|---|
| २०८२ असार ६-१२ | भक्तपुर औद्योगिक मेला, सीप महोत्सव | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, अन्य सदस्यहरू |
| २०८२ असार १९ - श्रावण १५ | विभिन्न छलफल, भवन हस्तान्तरण | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, कार्यकारी निर्देशक विवेक मानन्धर |
| २०८२ श्रावण २६ - भाद्र १४ | मुख्यमन्त्री स्वागत, वार्षिक साधारण सभा | उपाध्यक्ष गुणराज श्रेष्ठ, अध्यक्ष दिल सुन्दर श्रेष्ठ, अन्य सदस्यहरू |
| २०८२ असोज-कात्तिक | वार्षिक सभा, प्राविधिक शिक्षा छलफल | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष, कोषाध्यक्ष, कार्यकारी निर्देशक, सदस्यहरू |
| २०८२ मंसिर-पौष | कृषि निर्यात सहजीकरण, उद्योग महोत्सव | कार्यकारी निर्देशक विवेक मानन्धर, अध्यक्ष दिल सुन्दर श्रेष्ठ, अन्य सदस्यहरू |
| २०८२ माघ १४-१५ | काठमाडौं, धादिङ्ग महोत्सव | अध्यक्ष दिल सुन्दर श्रेष्ठ, उपाध्यक्ष गुणराज श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्यहरू |

## गण्डकी प्रदेश

- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाईद्वारा धवलागिरी प्राविधिक शिक्षालयको सहयोगमा म्याग्दीको तातोपानीमा १२ दिने (६० घण्टा) बारिस्टा तालिम सम्पन्न भएको छ, जसमा २० जनाको सहभागिता रहेको थियो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको पहलमा मिति २०८१ फागुन २४ गते देवचुली-१४, नवलपुरस्थित जनज्योति नमुना मा.वि.मा नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाईको आयोजनामा, धवलागिरी प्राविधिक शिक्षालयको प्राविधिक सहयोगमा मुस्ताङ जिल्लाको जोमसोम बजारस्थित होटलका कामदार हरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८१ फागुन १७ देखि २८ गतेसम्म १२ दिने (६० घण्टा) बारिस्टा तालिम सम्पन्न भएको छ, जसमा २० जनाको सहभागिता रहेको थियो ।
- २०८१ चैत्र ७ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको चौथौँ कार्यसमितिको बैठकको आयोजना गरियो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाईको आयोजनामा पोखरा औद्योगिक










क्षेत्र उद्योग संघको सहयोगमा पोखरा औद्योगिक क्षेत्रभित्रका उद्योगका कामदारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८२ बैशाख ७ देखि २१ गतेसम्म २० दिने (९६ घण्टा) तालिम सम्पन्न ।














- २०८२ बैशाख १६ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले गण्डकी प्रदेश सरकारसँग प्रि-बजेट अन्तरक्रिया तथा निजी क्षेत्रका अवसर र चुनौती सम्बन्धी सुझाव संकलन कार्यक्रम होटल पौवा लेकसाइडमा आर्थिक मामिला मन्त्री डा. टकराज गुरूङको प्रमुख आतिथ्यतामा सम्पन्न गर्यो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाईद्वारा पोखराका उद्योग तथा होटलका म्यानेजर र सुपरभाइजरहरूलाई व्यवसायिक स्वास्थ्य तथा सुरक्षा सम्बन्धी ३ दिने तालिम (२०८२ बैशाख १०-१२) होटल पौवा लेकसाइडमा १८ जनाको सहभागितामा सम्पन्न गरियो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले नेकपा महासचिव नेत्र विक्रम चन्द विप्लपसँग आर्थिक, सामाजिक र राजनीतिक विषयमा अन्तरक्रिया कार्यक्रम लाङघाली भान्छा घर, लेकसाइडमा पूर्व अध्यक्ष आन्नद राज मुल्मीको विशेष आतिथ्यतामा सम्पन्न गर्यो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाईले वालिङ उद्योग वाणिज्य संघको सहयोगमा मिति २०८२ जेष्ठ ४-१५ गते १२ दिने (६० घण्टा) प्लम्वर तालिम २३ जनाको सहभागितामा सम्पन्न गर्यो । तालिमको प्रमुख आतिथ्यता पूर्व सांसद मोहन रेग्मी ज्यू र विशेष आतिथ्यता विरूपा गाउँपालिका अध्यक्ष सूर्य बहादुर कुँवर ज्यूले गर्नु भएको थियो ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाईले २०८२ जेष्ठ ८ गते पोखराका सदस्य उद्योग हरूसँग २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम र सम्भावित सदस्य, प्राविधिक विद्यालय तथा तालिम संस्थाको भुमिका सम्बन्धी अन्तक्रिया लाङघाली भान्छा घर, लेकसाइडमा सम्पन्न गर्यो ।
- २०८२ जेष्ठ ११ गते नेपाल उद्योग वाणिज्य महासंघ र GIZ समन्वय तथा समृद्धी फाउण्डेशनको आयोजनामा

नेपालको कर कानुन र प्रशासनमा हाल भएका समस्या तथा गर्नुपर्ने सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम अतिथि रिसोर्ट एण्ड स्पा लेकसाइडमा सम्पन्न गरियो ।

- २०८२ जेष्ठ १३ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको समन्वय तथा UNDP आयोजनामा Dialouge on Responsible Business Conduct with Civil Society Organization (CSO's) and Private Sectors to implement the National Action Plan on Business and Human Rights । सम्बन्धी कार्यक्रम होटल माउन्ट कैलाश लेकसाइडमा सम्पन्न गरियो ।



- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाईद्वारा २०८२ जेष्ठ १६-२७ गते पोखरामा १२ दिने (६० घण्टा) बारटेन्डर तालिम सम्पन्न भएको थियो, जसमा २५ जना होटल तथा रेष्टुरेन्टका कामदारले सहभागिता जनाएका थिए ।
- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाई र गण्डकी अटो मेकानिकल वर्क्स एसोसिएसनको समन्वयमा २०८२ जेष्ठ १९ देखि असार ३ गते पश्चिमाञ्चल इन्जिनियरिङ कलेज, पोखरामा १५ दिने (९६ घण्टे) तालिम सम्पन्न भयो । तालिममा २५ जना कामदारले सहभागिता जनाए ।



- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाई र इलेक्ट्रो मेकानिकल एशोसिएसनको समन्वयमा २०८२ जेष्ठ २५ देखि असार ७ गतेसम्म हिमन्त रेष्टुरेन्ट लेकसाइडमा १२ दिने (६० घण्टा) तालिम सम्पन्न भयो । तालिममा विभिन्न उद्योग का २७ कामदारले सहभागिता जनाए ।



- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको सिप विकास इकाई र रेवान पोखराको समन्वयमा मिति २०८२ जेष्ठ २६ देखि असार ०७ सम्म कान्तिपुर टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज, पोखरामा १२ दिने (६० घण्टा) तालिम सम्पन्न भयो । तालिममा विभिन्न होटलका ३९ जना कामदारले सहभागिता जनाएका थिए ।



- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सिप विकास इकाइद्वारा २०८२ जेष्ठ ३० देखि असार १० सम्म पोखरामा १२ दिने (६० घण्टा) बारिस्टा तालिम सम्पन्न गरियो, जसमा

२५ जना होटल तथा रेष्टुरेन्ट कर्मचारी सहभागी भए ।

- नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको सिप विकास इकाईले पोखरा औद्योगिक क्षेत्र उद्योग संघको समन्वयमा २०८२ असार १-१० गते १० दिने (५० घण्टा) तालिम सञ्चालन गरेको थियो, जसमा ११ जना कामदारले सहभागिता जनाएका थिए ।
- २०८२ असार २० गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाई द्धारा संचालित सिप स्तोन्नती तालिमको समिक्ष बैठक स्याङजा जिल्ला आधिखोला गाउँपालिका वडा न ४ सिरूबारी सामुदायिक होम स्टेमा सम्पन्न गरियो ।
- २०८२ असार २१ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश को १५औँ कार्यकारिणी समित बैठक स्याङजा जिल्ला आधिखोला गाउँपालिका वडा न ४ सिरूबारी सामुदायिक होम स्टेमा महत्वपूर्ण निर्णय सहित सम्पन्न गरियो ।






- २०८२ असार २१ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश जिल्ला नगर भेला स्याङजा जिल्ला आधिखोला गाउँपालिका वडा न ४ सिरूबारी सामुदायिक होम स्टेमा महत्पूर्ण सुझाव सहित सम्पन्न गरियो ।
- १५ बैठकको निर्णय अनुसार गल्याङ उद्योग वाणिज्य संघका अध्यक्ष श्री डोल प्रसाद श्रेष्ठ ज्यूको विगत ११ महिनादेखि दुवै मृगौला फेल भई के एम सी हस्पिटल काठमाण्डौमा उपचारत हुनुहुन्छ उहाँको स्वास्थ्य लाभको कामना सहित रू ५५,५५५ । रूपैँया उपचारका लागि सहयोग रकम उहाँको खातामा जम्मा गरियको थियो ।
- २०८२ भाद्र ०२ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित औद्योगीक प्रशिक्षार्थी सम्बन्धी अभिमुखीकारण कार्यक्रम तनहुँ जिल्लामा रहेको निर्मल मा.वि. को सभाहलमा सम्पन्न गरिएको थियो ।



- २०८२ भदौ १६ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजना तथा वालिङ उद्योग वाणिज्य संघको समन्वयमा औद्योगीक प्रशिक्षार्थी सम्बन्धी अभिमुखीकरण कार्यक्रम वालिङ उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको थियो ।



- २०८२ भदौ १९ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजना तथा पोखरा उद्योग वाणिज्य संघको समन्वयमा औद्योगीक प्रशिक्षार्थी सम्बन्धी अभिमुखीकरण कार्यक्रम पोखरा उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको थियो ।



- २०८२ असोज ३० गते महासंघ गण्डकी प्रदेशको १६औँ कार्यकारिणी समितिको बैठक अध्यक्ष श्री अमृत भट्टचन ज्यू अध्यक्षतामा महासंघको सचिवालयमा महत्वपूर्ण निर्णय सहित सम्पन्न भएको थियो ।
- २०८२ कार्तिक १४ गते महासंघ गण्डकी प्रदेश र ENSSURE, NVQS, QualiTY परियोजना संग महासंघको सचिवालयमा बैठक सम्पन्न गरिएको थियो ।
- २०८२ कार्तिक १७ गते महासंघ गण्डकी प्रदेश सिप विकास इकाइ र बागलुङ उद्योग वाणिज्य संघको समन्वयमा २४ महिने औद्योगीक प्रशिक्षार्थी तथा सिप स्तरोन्नति तालिम र अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो, जसमा पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, ढोरपाटन र गलकोटका उद्योग वाणिज्य संघका पदाधिकारीहरू सहभागी थिए ।।




- २०८२ कार्तिक १७ गते महासंघ गण्डकी प्रदेश सिप विकास इकाइ र बागलुङ उद्योग वाणिज्य संघको समन्वयमा २४ महिने औद्योगीक प्रशिक्षार्थी तथा सिप स्तरोन्नति तालिम र अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो, जसमा पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, ढोरपाटन र गलकोटका उद्योग वाणिज्य संघका पदाधिकारीहरू सहभागी थिए ।।
- २०८२ कार्तिक २० गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइ द्वारा आयोजना तथा तनहुँ उद्योग वाणिज्य संघको समन्वयमा २४ महिने औद्योगीक प्रशिक्षार्थी तालिम, सिप स्तरोन्ती तालिम सम्बन्धी जानकारी

तथा जिल्ला नगर उद्योग वाणिज्य संघका पदाधिकारीहरू संग अन्तरक्रिया कार्यक्रम तनहुँ उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरियो । जस्मा तनहुँ, लमजुङ, लिगलिग पालुङ्टार, भिमाद् र भानु उद्योग वाणिज्य संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।




- २०८२ कार्तिक २४ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइ द्धारा आयोजना तथा वालिङ उद्योग वाणिज्य संघको समन्वयमा इन्स्योर र NVQS परियोजनाको कार्यक्रम सम्बन्धी जिल्ला नगर उद्योग वाणिज्य संघका पदाधिकारीहरू संग अन्तरक्रिया कार्यक्रम वालिङ उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरियो । जस्मा भिरकोट, वालिङ, चापाकोट र गल्याङ उद्योग वाणिज्य संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।



- २०८२ कार्तिक २७ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित Hire -an Apprentice Day सम्बन्धी कार्यक्रम पोखरा प्राविधिक शिक्षालय फूलबारीमा सम्पन्न गरियो ।
- २०८२ कार्तिक २८ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित Hire -an Apprentice Day सम्बन्धी कार्यक्रम गण्डकी बहुप्राविधिक शिक्षालय भण्डारढिक पोखरा सम्पन्न गरियो ।
- २०८२ कार्तिक २८ गते महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित Hire -an Apprentice Day सम्बन्धी कार्यक्रम श्री रणविर जनहित मा.वि वालिङ १ स्याङजामा सम्पन्न गरियो ।
- मिति २०८२ पुष ४ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित एनभिक्यूस परियोजना कार्यक्रम अन्तर्गत सीप परिक्षण तथा नयाँ पेशा पहिचान कार्यशाला कार्यशाला गोष्ठी मादी गाउँपालिका वडा नं. याङ्जाकोट होमस्टेमा सम्पन्न भएको थियो ।
- मिति २०८२ पुष १८ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित क्वालिटी परियोजनाको कार्यक्रम अन्तर्गत इव्ट सेमिनार पोखरा उद्योग वाणिज्य संघको हलमा सम्पन्न भएको थियो ।
- मिति २०८२ माघ १० गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित एनभिक्यूस परियोजना कार्यक्रम अन्तर्गत सीप परिक्षण तथा नयाँ पेशा पहिचान कार्यशाला गोष्ठी

पोखरा मा रहेको पोखरा औद्योगिक क्षेत्र उद्योग संघमा सम्पन्न भएको थियो ।

- मिति २०८२ माघ १४ गते गण्डकी प्रदेश सरकारले लागु गरेको वातावरण व्यवस्थापन दस्तुर सम्बन्धी नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश उपाध्यक्ष श्री सूर्य बहादुर भुजेल ज्यूले माननिय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे ज्यूलाई ज्ञापन पत्र बुझाउनुभएको थियो ।
- मिति २०८२ माघ १५ र १६ गते नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अन्तर्गत सिप विकास इकाइद्धारा आयोजित इन्स्योर परियोजनाको कार्यक्रम अन्तर्गत विभिन्न उद्योग हरूमा कार्यरत कामदाहरूलाइ २ दिने व्यवसायजन्य स्वास्थ्य सुरक्षा तालिम सम्पन्न भएको थियो ।

**नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश र क्वालिटि परियोजनाको समझदारी र समझौता भए पश्चात तपसिल बमोजिमको विद्यालयमा तपसिल बमोजिमको मितिमा उत्प्रेरणामूलक सिकाई सत्र सम्पन्न गरियो ।**

**तपसिल**

| क्र.सं. | विद्यालयको नाम | मिति | उत्प्रेरणामूलक सिकाई सत्रको विषय |
|---|---|---|---|
| १ | भानुभक्त आचार्य मा.वि. स्याङजा | २०८२ ।०९ ।०३ | कम्प्युटर इन्जिनियरिङ्ग |
| २ | भाग्योदयम मा.वि. भिरकोट स्याङ्गजा | २०८२ ।०९ ।०३ | बलि विज्ञान |
| ३ | रणविर जनहित मा.वि. स्याङजा | २०८२ ।०९ ।०८ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग |
| ४ | विरेन्द्र मा.वि. वालिङ, स्याङजा | २०८२ ।०९ ।०८ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग |
| ५ | श्री शुक्रराज मा.वि. पोखरा | २०८२ ।०९ ।११ | पशु विज्ञान |
| ६ | आनन्द ज्योति मा.वि. बेगनास | २०८२ ।०९ ।१३ | बलि विज्ञान |
| ७ | भुरूङचौकी मा.वि. | २०८२ ।०९ ।०४ | सिभिल इन्जिनियरिङ्ग |
| ८ | ब्रम्मरूपा मा.वि. पोखरा | | कम्प्युटर इन्जिनियरिङ्ग |
| ९ | धवलागिरि बहिरा आ.मा.वि. बाग्लुङ | २०८२ ।०९ ।११ | कम्प्युटर इन्जिनियरिङ्ग |
| १० | धौलागिरी पोलिटेक्निक स्कूल बलेवा बाग्लुङ | २०८२ ।०९ ।०७ | बलि विज्ञान, पशु विज्ञान |

**नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश र क्वालिटि परियोजनाको समझदारी र समझौता भए पश्चात तपसिल बमोजिमको विद्यालयमा तपसिल बमोजिमको मितिमा उत्प्रेरणामूलक सिकाई सत्र सम्पन्न गरियो ।**

**२०८२ सालभरिका सबै कार्यक्रमहरू**

| मिति (वि.सं.) | कार्यक्रम | पद/भूमिका | सहभागी/संलग्न व्यक्ति |
|---|---|---|---|
| २०८२ बैशाख ९ | औद्योगिक प्रशिक्षार्थी तालिम समीक्षा बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ बैशाख ९ | औद्योगिक प्रशिक्षार्थी तालिम समीक्षा बैठक | कार्यक्रम संयोजक | श्री शोभा कोइराला आचार्य |
| २०८२ बैशाख १२ | औद्योगिक नीति २०८१ अन्तरक्रिया | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ बैशाख १२ | औद्योगिक नीति २०८१ अन्तरक्रिया | सदस्य | श्री हरिकुमार श्रेष्ठ, श्री रामकली खड्का, झलक लाल श्रेष्ठ |
| २०८२ बैशाख १२ | औद्योगिक नीति २०८१ अन्तरक्रिया | कार्यालय प्रमुख | निशान खनाल |
| २०८२ बैशाख १८ | नेपाल घरेलु तथा साना उद्योग महासंघ गण्डकी प्रदेश अधिवेशन | सदस्य | श्री गोपी अधिकारी |
| २०८२ बैशाख २१ | औद्योगिक व्यवसाय ऐन २०७५ संशोधन सम्बन्धी अन्तरक्रिया | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |

| मिति (वि.सं.) | कार्यक्रम | पद/भूमिका | सहभागी/संलग्न व्यक्ति |
|---|---|---|---|
| २०८२ बैशाख २१ | औद्योगिक व्यवसाय ऐन २०७५ संशोधन सम्बन्धी अन्तरक्रिया | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ बैशाख २३ | व्यवसायिक शिक्षा र तालिम क्षेत्र अन्तरक्रिया | सदस्य | श्री हरिकुमार श्रेष्ठ |
| २०८२ बैशाख २४ | प्रादेशिक जलवायु समन्वय समितिको बैठक | सदस्य | श्री झलक लाल श्रेष्ठ |
| २०८२ बैशाख ३१ | परियोजना निर्देशक समितिको बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ ६ | जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण कार्यक्रम | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ ७ | उद्योग तथा पर्यटन मन्त्रालय अन्तरक्रिया (इ-कमर्स, व्यापार रणनीति) | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ ७ | उद्योग तथा पर्यटन मन्त्रालय अन्तरक्रिया (इ-कमर्स, व्यापार रणनीति) | कार्यक्रम संयोजक | श्री शोभा कोइराला आचार्य |
| २०८२ जेष्ठ ७ | गणतन्त्र दिवस पूर्व तयारी बैठक | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ जेष्ठ १२ | व्यवसायमा मानव अधिकार सम्मान कार्यशाला | कार्यक्रम समिति सदस्य | श्री झलक लाल श्रेष्ठ |
| २०८२ जेष्ठ १५ | गणतन्त्र दिवस मूल समारोह | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ १८ | ढोरपाटन उद्योग वाणिज्य संघ ४औं साधारण सभा | सदस्य | श्री गोपी अधिकारी |
| २०८२ जेष्ठ २० | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका मस्यौदा बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ २३ | देवचुली उद्योग वाणिज्य संघ ९औं साधारण सभा /४औं अधिवेशन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ जेष्ठ २३ | गैर सरकारी संस्था महासंघ गण्डकी प्रदेश अन्तरक्रिया | कार्यक्रम कोओडिनेटर | श्री शोभा कोइराला आचार्य |
| २०८२ जेष्ठ २६ | प्रि-बजेट छलफल | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ जेष्ठ २७ | आन्तरिक कच्चा पदार्थ प्रयोग सम्बन्धी अन्तर क्रिया | कार्यक्रम समिति सदस्य | श्री हरिकुमार श्रेष्ठ |
| २०८२ असार १६ | रोजगार सूचना केन्द्र समन्वय समिति बैठक | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ असार २० | नीति तथा योजना आयोग अन्तरक्रिया | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ असार २४ | तालिम पाठ्यक्रम परिमार्जन बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ असार २५ | निजी क्षेत्र अभिमुखिकरण तथा परियोजना प्रगति समिक्षा बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ असार २५ | निजी क्षेत्र अभिमुखिकरण तथा परियोजना प्रगति समिक्षा बैठक | कार्यक्रम कोओडिनेटर | श्री शोभा कोइराला आचार्य |
| २०८२ श्रावण ११ | निःशुल्क फेशन डिजाईन तथा गार्मेन्ट तालिम उद्घाटन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ श्रावण १६ | बागलुङ उद्योग वाणिज्य संघ योजना कार्यशाला | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ श्रावण १६ | बागलुङ उद्योग वाणिज्य संघ योजना कार्यशाला | कोषाध्यक्ष | श्री नवराज सुवेदी |
| २०८२ भदौ ६ | राष्ट्रिय फोहोर व्यवस्थापन अनुसन्धान कार्यक्रम | सदस्य | श्री काशी गुरूङ |
| २०८२ भदौ ८ | वालिङ उद्योग वाणिज्य संघ १६औं तिज मेला उद्घाटन | कोषाध्यक्ष | श्री नवराज सुवेदी |

| मिति (वि.सं.) | कार्यक्रम | पद/भूमिका | सहभागी/संलग्न व्यक्ति |
|---|---|---|---|
| २०८२ भदौ १४ | पोखरा उद्योग वाणिज्य संघ ७१औं वार्षिक अधिवेशन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ भदौ १४ | पोखरा उद्योग वाणिज्य संघ ७१औं वार्षिक अधिवेशन | कोषाध्यक्ष | श्री नवराज सुवेदी |
| २०८२ भदौ १४ | पोखरा उद्योग वाणिज्य संघ ७१औं वार्षिक अधिवेशन | कार्यसमिति सदस्य | श्री रामकली खड्का, झलक लाल श्रेष्ठ |
| २०८२ भदौ १४ | पोखरा उद्योग वाणिज्य संघ ७१औं वार्षिक अधिवेशन | कार्यालय प्रमुख | निशान खनाल |
| २०८२ भदौ १५ | रेवान ३१औं साधारण सभा | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ भदौ १७ | संविधान दिवस पूर्व तयारी बैठक | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ भदौ १८ | पोखरा विश्वविद्यालय प्रादेशिक कार्यशाला | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ भदौ १९ | वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन छलफल | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ भदौ १९ | वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन छलफल | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ भदौ २० | लेखनाथ उद्योग वाणिज्य संघ २९औं साधारण सभा/१५औं महाधिवेशन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ भदौ २० | लेखनाथ उद्योग वाणिज्य संघ २९औं साधारण सभा/१५औं महाधिवेशन | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ भदौ २० | लेखनाथ उद्योग वाणिज्य संघ २९औं साधारण सभा/१५औं महाधिवेशन | कोषाध्यक्ष | श्री नवराज सुवेदी |
| २०८२ भदौ २० | लेखनाथ उद्योग वाणिज्य संघ २९औं साधारण सभा/१५औं महाधिवेशन | कार्यसमिति सदस्य तथा कार्यालय प्रमुख | सहभागी |
| २०८२ भदौ २७ | नेपाल उद्योग वाणिज्य महासंघ १३औं कार्यकारिणी समितिको बैठक | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ असोज ३ | जेन जी आन्दोलनमा उद्योग/पर्यटन क्षेत्रमा क्षति सम्बन्धी छलफल | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ कार्तिक २० | गण्डकी प्रदेश पोषण तथा खाद्य सुरक्षा निदेशिका समिति बैठक | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ मंसिर ११ | आठौं सामाजिक सुरक्षा दिवस २०८२ | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ मंसिर १२ | रेवान २७औं पोखरा सडक महोत्सव छलफल/पिकनिक | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ मंसिर २४-२५ | नेपाल उद्योग वाणिज्य महासंघ १४औं कार्यकारिणी समिति बैठक | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ पौष ११-२१ | आठौं बाग्लुङ महोत्सव | कार्यकारिणी समितिको आतिथ्यता | - |
| २०८२ मंसिर १७ | ३४औं राष्ट्रिय औद्योगिक व्यापार मेला / क्यान ईन्फोटेक २०८२ उद्धाटन | कार्यकारिणी समितिको आतिथ्यता | - |
| २०८२ पुष ४ | नवलपुर उद्योग वाणिज्य संघ ११औं साधारण सभा/६औं अधिवेशन उद्धाटन | अध्यक्ष | श्री अमृत भट्टचन |

| मिति (वि.सं.) | कार्यक्रम | पद/भूमिका | सहभागी/संलग्न व्यक्ति |
|---|---|---|---|
| २०८२ पुष ९ | पर्वत उद्योग वाणिज्य संघ गण्डकी प्रदेशस्तरीय औद्योगिक व्यापार मेला/८औं पर्वत महोत्सव उद्घाटन | कार्यकारिणी समितिको आतिथ्यता | - |
| २०८२ पुष ४ | सृजना विकास केन्द्र, पोखरा - नागरिक जागरण अभियान अन्तर संवाद | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ पुष १९ | चितवन उद्योग वाणिज्य संघ ५९औं साधारण सभा/अधिवेशन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ पुष १४-२८ | गोरखा उद्योग वाणिज्य संघ १२औं गोरखा महोत्सव/ प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक व्यापार मेला | कार्यकारिणी समितिको आतिथ्यता | - |
| २०८२ पुष १३-१७ | रेवान २७औं पोखरा सडक महोत्सव उद्घाटन/ समापन | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ पौष २५ | शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ ७औं वार्षिक साधारण सभा | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ पौष २५ | शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ ७औं वार्षिक साधारण सभा | सदस्य | श्री हरिकुमार श्रेष्ठ |
| २०८२ पौष २५-माघ १० | चौथो गैडाकोट महोत्सव उद्घाटन/समापन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ पौष २५ | तेस्रो चापाकोट महोत्सव उद्घाटन | कोषाध्यक्ष | श्री नवराज सुवेदी |
| २०८२ पौष २५ | पोखरा उद्योग संघ १ दिने अभिमुखिकरण/ अन्तरक्रिया | सदस्य | श्री रामकली खड्का |
| २०८२ पौष २७ | तनहुँ उद्योग वाणिज्य संघ ४०औं साधारण सभा /१८औं महाधिवेशन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ पौष २६ | लमजुङ उद्योग वाणिज्य संघ ५०औं स्वर्ण जयन्ति | कार्यसमिति सदस्य | श्री गुणराज सिल्वाल |
| २०८२ माघ ८ | नवौं लमजुङ महोत्सव २०८२ उद्घाटन | अध्यक्ष | श्री अमृत भट्टचन |
| २०८२ माघ १४ | वालिङ उद्योग वाणिज्य संघ नवौं बालिङ महो त्सव उद्घाटन | कार्यकारिणी समितिको आतिथ्यता | - |
| २०८२ माघ १५ | जलवायु परिवर्तन न्यूनिकरण/अनुकूल राष्ट्रिय कार्यान्वयन योजना प्रादेशिक छलफल | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ माघ १५ | गृह मन्त्रालय अध्यागमन विभाग अन्तरक्रिया | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |
| २०८२ माघ १५ | गृह मन्त्रालय अध्यागमन विभाग अन्तरक्रिया | उपाध्यक्ष | श्री सूर्य बहादुर भुजेल |
| २०८२ माघ १५ | गृह मन्त्रालय अध्यागमन विभाग अन्तरक्रिया | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ माघ १६ | रोजगार सूचना केन्द्र संचालन/व्यवस्थापन निदे 'शिका २०७८ समन्वय समिति बैठक | सल्लाहकार | श्री लक्ष्मी प्रसाद त्रिपाठी |
| २०८२ माघ २२ | गण्डकी प्रदेश स्थापना दिवस मूल समारोह | संस्थापक अध्यक्ष | श्री संजिव बहादुर कोइराला |

# लुम्बिनी प्रदेश

## भैरहवामा आईसीपीसँग रेल सञ्जाल जोड्न माग

मिति २०८२ वैशाख ४ गते भैरहवामा आयोजित छलफल कार्यक्रममा प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष निर्माणाधीन भैरहवा आईसीपी समयमै सम्पन्न गरी त्यसलाई भारतीय रेल सञ्जालसँग जोड्न कूटनीतिक पहल गर्न माग गर्नुभयो । साथै, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालनका लागि आवश्यक पूर्वाधार सुनिश्चित गर्न आग्रह गरिएको थियो ।



## माल्टाबाट लुम्बिनीमा पर्यटक र लगानी ल्याउन अनुरोध



मिति २०८२ जेठ २ गते नेपालका लागि माल्टाका महामहिम राजदूत मिस्टर रूबेल गाउसीसँग भएको भेटमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले लुम्बिनीमा माल्टाबाट पर्यटक संख्या वृद्धि र वैदेशिक लगानी भित्र्याउन अनुरोध गर्नुभयो । शान्ति भूमि लुम्बिनी तथा नेपालका हिमाली र पर्यटकीय गन्तव्यप्रति माल्टाली पर्यटक आकर्षित गर्न प्रदेश तयार रहेको उहाँले बताउनुभयो ।

## लुम्बिनी प्रदेश बजेटमा पूँजीगत खर्च र पर्यटनमा जोड दिन सुझाव

मिति २०८२ जेठ ३ गते आयोजित आ.व. २०८२/८३ को पूर्व-बजेट अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशले पूँजीगत खर्च वृद्धि तथा कृषि र पर्यटन केन्द्रित कार्यक्रमसहितको बजेट ल्याउन प्रदेश सरकारलाई सुझाव दिएको छ । महासंघले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालन, कर प्रणालीलाई व्यवहारिक बनाउने र भैरहवा तथा नेपालगञ्जलाई क्यासिनो सिटीका रूपमा विकास गर्नुपर्ने प्रस्ताव गरेको छ । सुझाव प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले आर्थिक मामिला तथा योजना मन्त्री दिनेश पन्थीलाई हस्तान्तरण गर्नुभयो, जसमा मन्त्रीले निजी क्षेत्रका उपयुक्त सुझाव बजेटमा समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



## बजेट प्रतिक्रिया : कृषि, उत्पादनमुखी र निजी क्षेत्रमैत्री बजेट

नेपाल सरकारले मिति २०८२ जेठ १५ गते सार्वजनिक गरेको आ.व. २०८२/८३ को बजेट कृषि तथा उत्पादनमुखी र निजी क्षेत्रमैत्री देखिएको छ । नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशले निजी क्षेत्रका तर्फबाट दिएका कर,

उद्योग, लगानी, वित्तीय सहुलियत तथा पूर्वाधार सम्बन्धी सुझावहरू बजेटमा समेटिएकाले बजेट स्वागतयोग्य रहेको छ ।



अग्रिम कर खारेजी, एक्जिम कोडमा बैंक ग्यारेन्टी हटाउने, भैरहवा सेज सञ्चालन सहजीकरण, युवा उद्यमशीलताका लागि सहुलियत ऋण, उद्योगी-व्यवसायीका लागि ब्याज सहुलियत तथा ऋण पुनर्तालिकीकरण, डिजिटल भुक्तानीमा भ्याट हटाउने व्यवस्था तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालन र भैरहवा आईसीपी निर्माण सम्पन्न गर्ने विषयहरूले निजी क्षेत्रलाई उत्साहित बनाएको छ ।

यद्यपि ठूलो बजेट र न्यून राजस्व संकलनको सन्दर्भमा प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । आगामी मौद्रिक नीति र निर्देशिकाबाट यी व्यवस्थाहरू कार्यान्वयन हुने विश्वासका साथ समग्रमा बजेट सकारात्मक रहेको निष्कर्ष लिइएको छ ।

## बैंक तथा वित्तीय सेवा र एसएमई समस्याबारे छलफल



मिति २०८२ साउन १ गते नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश सचिवालयमा अध्यक्ष कृष्णप्रसाद शर्माको अध्यक्षतामा स्विस सरकारको विकास सहयोगी संस्था SDC का पदाधिकारी र लुम्बिनी प्रदेशका उद्योगी-व्यवसायीहरूबीच साना तथा मझौला उद्योगमा बैंक तथा वित्तीय क्षेत्रबाट भइरहेको सेवा प्रवाह र विद्यमान समस्याबारे छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो । साथै, स्विस विकास सहयोगसँग समन्वयका विषयमा समेत विचार-विमर्श गरिएको थियो ।

## लुम्बिनी–कोशी प्रदेशबीच समन्वय सुदृढ गर्ने प्रतिबद्धता



मिति २०८२ श्रावण ७ गते नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतलाई लुम्बिनी प्रदेशमा स्वागत गर्नुभयो । सो अवसरमा उद्योगी-व्यवसायीहरूको हकहितका विषयमा संयुक्त पहल गर्दै दुई प्रदेशबीच समन्वय थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

## पूर्वाधार विकासमा स्वदेशी निर्माण सामग्री प्रयोग गर्न महासंघको जोड




मिति २०८२/०४/०९ गते नेपाल इन्जिनियर्स एसोसिएसन लुम्बिनी प्रदेशद्वारा आयोजित "लुम्बिनी प्रदेशको आत्मनिर्भर पूर्वाधार विकासका अवसर र चुनौती" विषयक सेमिनारमा

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले पूर्वाधार विकासमा गुणस्तर सुनिश्चित गर्दै नेपालमै उत्पादित स्वदेशी निर्माण सामग्री प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

## अध्यक्षज्यूद्वारा विभिन्न उद्योग वाणिज्य संघहरूको भ्रमण

मिति २०८२ श्रावण २६-३१ गते नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कृष्णप्रसाद शर्माले पाल्पा, कोहलपुर, पोखरा, लेखनाथ, म्याग्दी, बाग्लुङ, पर्वत लगायतका उद्योग वाणिज्य संघहरूमा भेटघाट गर्नुभयो । सो अवसरमा अध्यक्षज्यूले संघहरूको संस्थागत विकास, आर्थिक समृद्धि, पर्यटन प्रवर्द्धन र विद्यमान आर्थिक चुनौतीको समाधानबारे छलफल गर्दै समस्याहरू समाधान गर्न निरन्तर प्रतिबद्धता व्यक्त गर्नुभयो । बैठकमा लुम्बिनी प्रदेशका कार्यकारिणी सदस्य वीरेन्द्रकुमार अग्रहरी पनि सहभागी थिए ।






## उद्योग सुरक्षा र रोजगारी सुनिश्चित गर्दै लुम्बिनी संरक्षणमा महासंघको जोड

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशले लुम्बिनी-भैरहवा करिडोरका उद्योगलाई स्थानान्तरण गर्न सर्वोच्च अदालतले दिएको आदेशप्रति सम्मान व्यक्त गर्दै उद्योग, रोजगारी र पर्यावरणबीच सन्तुलन कायम गर्न सरकारसँग आग्रह गरेको छ । अध्यक्ष कृष्णप्रसाद शर्माले उद्योगीहरूको संवैधानिक अधिकार, उचित क्षतिपूर्ति, वैकल्पिक औद्योगिक क्षेत्र र श्रमिकहित सुरक्षित हुने कार्यक्रमको आवश्यकता औँल्याउँदै, लुम्बिनी विश्व सम्पदा क्षेत्रको संरक्षण सबैको साझा जिम्मेवारी रहेको बताउनुभयो । महासंघले औद्योगिक र पर्यटकीय विकासलाई व्यवस्थित र सुरक्षित दृष्टिकोणबाट अघि बढाउन सरकारसँग सहकार्य गर्न तत्पर रहेको जनाएको छ ।


नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश

## आन्दोलनमा क्षति भएका उद्योगहरूको अवलोकन

मिति २०८२/५/२४ गते नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मासहितको टोलीले आन्दोलनमा

क्षति भएका तिलोत्तमा उद्योग वाणिज्य संघ र अन्य औद्योगिक क्षेत्रहरूको अवलोकन गर्नुभयो । महासंघले निजी प्रतिष्ठानमा क्षति हुन नदिन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको र दोषीलाई कानुनी कारबाहीमा ल्याउनुपर्ने धारणा व्यक्त गरेको छ ।



## दशैं सस्तो बजारको उद्घाटन



मिति २०८२/०६/०८ गते नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माको प्रमुख आतिथ्यतामा सिद्धार्थ उद्योग वाणिज्य संघद्वारा आयोजित दशैं सस्तो बजारको उद्घाटन सम्पन्न भयो । अध्यक्ष शर्माले स्वदेशी उत्पादनको प्रवर्द्धन र आम नागरिकलाई सुपथ मूल्यमा वस्तु उपलब्ध गराउने पहलको प्रशंसा गर्नुभयो । बजार मिति २०८२/०६/०८ देखि १२ गतेसम्म सञ्चालन हुनेछ ।

## अध्यक्षज्यूद्वारा विभिन्न उद्योग वाणिज्य संघको साधारण सभा र भ्रमण

मिति २०८२ कार्तिक १८-२९ गते नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले लुम्बिनी र अन्य जिल्लाका उद्योग वाणिज्य संघको साधारण सभामा उपस्थित भएर संघको विकासमा प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै नारायणपुर, दाङ्ग, देउखुरी, तौलिहवा, कोहलपुर, बर्दिया, गुलरिया लगायतका संघका अध्यक्ष र पदाधिकारीहरूसँग भेटघाट गर्नुभयो ।







## उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीसँग औद्योगिक समस्या छलफल



मिति २०८२ कार्तिक २५ गते नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मासहितको टोलीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हासँग भेटघाट गरी औद्योगिक समस्याहरूमा छलफल गर्नुभयो । बैठकमा नदीजन्य पदार्थ (गिट्टी-बालुवा) निर्यात खोल्न, सेजको घटेको भाडादर कार्यान्वयन गर्न र विद्यमान उद्योगी समस्याको समाधानका विषय उठाइएको थियो ।

## सुशासन सुनिश्चित गर्न दण्डहिनता अन्त्य आवश्यक: महासंघ



मिति २०८२ कार्तिक २८ गते संसदीय खुलापन, बाह्य पहुँच र प्रादेशिक अभ्यास कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले प्रतिनिधित्व गर्दै प्रदेशको नीति, विधेयक निर्माणमा निजी क्षेत्रको नियमित परामर्श आवश्यक रहेको र सुशासन सुनिश्चित गर्न दण्डहिनताको अन्त्य गरी दोषीलाई कारबाही गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । जेन-जी आन्दोलनपश्चात् भ्रष्टाचार र पारदर्शिता रोक्न राज्यको सक्रियता अपरिहार्य भएको उहाँको भनाइ थियो ।

## अर्थमन्त्री समक्ष १५ बुँदे ज्ञापन पत्र हस्तान्तरण



मिति २०८२ मंसिर ११ गते भैरहवामा सिद्धार्थ उद्योग वाणिज्य संघद्वारा आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले लुम्बिनी प्रदेशको आर्थिक विकास र व्यावसायिक सुधारका लागि १५ बुँदे ज्ञापन पत्र अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई हस्तान्तरण गर्नुभयो । ज्ञापन पत्रमा खानी-नदीजन्य उत्पादनहरूको प्रशोधन र भारततर्फ निकासी, भैरहवा भन्सार समयमै सञ्चालन, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो नीति निर्माण र अन्य भन्सार नाकाहरूको सुधारसम्बन्धी मागहरू समेटिएका थिए ।

## प्रदेश भेला सम्पन्न: व्यावसायिक एकता र सुरक्षा प्रमुख एजेन्डा




मिति २०८२ पौष ७ गते दाङ लमहीमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशद्वारा आयोजित प्रदेश भेला अध्यक्ष कृष्णप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न भयो । संस्थापक अध्यक्ष गुणनिधि तिवारी प्रमुख अतिथिको रूपमा उपस्थित रहनुभएको भेलामा १२ जिल्लाका ३३ उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी र केन्द्रीय सदस्यहरूले व्यावसायिक सुरक्षा, आर्थिक विकास, पर्यटन प्रवर्द्धन र निजी क्षेत्रको मनोबल उठाउने नीतिगत सुधारबारे छलफल गर्नुभयो । भेलाले प्रदेश अध्यक्ष शर्मालाई जिल्ला नगर उपाध्यक्ष पदका लागि सर्वसम्मत रूपमा समर्थन गर्ने निर्णय पनि लिएको छ ।

| ति | कार्यक्रम/स्थान | महासंघ प्रतिनिधि | मुख्य उद्धेश्य/एजेन्डा |
|---|---|---|---|
| २०८२।०५।०७ | चेम्बर अफ कमर्श रूपन्देही १८औँ साधारण सभा तथा नवौँ अधिवेशन | अध्यक्ष कृष्णप्रसाद शर्मा | संघीय साधारण सभा र अधिवेशन, नीति समीक्षा |
| २०८२।०५।१४ | पोखरा उद्योग वाणिज्य संघ ७१औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | जिल्ला उद्योग प्रवर्द्धन र अनुभव साटासाट |
| २०८२।०५।१५ | टिकापुर उद्योग वाणिज्य संघ २६औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | स्थानीय उद्योग र व्यवसाय प्रवर्द्धन |
| २०८२।०५।२० | रोल्पा उद्योग वाणिज्य संघ २१औँ साधारण सभा तथा नवौँ अधिवेशन | अध्यक्ष कृष्णप्रसाद शर्मा | जिल्ला उद्योग संघको साधारण सभा र नीति समीक्षा |
| २०८२।०५।२५ | महासंघ १३औँ कार्यकारिणी समितिको बैठक | अध्यक्ष कृष्णप्रसाद शर्मा | संघीय नीति तथा निर्णय प्रक्रिया |
| २०८२।०५।२७ | शान्ति सद्भाव र्‍याली | अध्यक्ष, एशोसिएट उपाध्यक्ष, कार्यकारी निर्देशक | शान्ति र सद्भाव प्रवर्द्धन |
| २०८२।०६।०८ | दशैँ सस्तो बजार, सिद्धार्थ उद्योग वाणिज्य संघ | अध्यक्ष (उद्घाटन), एशोसिएट उपाध्यक्ष, कार्यकारी निर्देशक | उपभोक्ता हित र व्यापार प्रवर्द्धन |
| २०८२।०६।०९ | वर्तमान परिवेश, चुनौती र समाधान अन्तरक्रिया, नेपाल पत्रकार महासंघ रूपन्देही | अध्यक्ष कृष्णप्रसाद शर्मा | उद्योग र सञ्चार सम्बन्धी छलफल |
| २०८२।०६।२३ | प्रादेशिक गुनासो व्यवस्थापन, नेपाल राष्ट्र बैंक | अध्यक्ष कृष्णप्रसाद शर्मा | वित्तीय गुनासो व्यवस्थापन |
| २०८२।०६।२४ | पोषण तथा खाद्य सुरक्षा अन्तरक्रिया, लुम्बिनी योजना आयोग | एशोसिएट उपाध्यक्ष | पोषण र खाद्य सुरक्षा कार्यक्रम |
| २०८२।०६।२४ | रामपुर उद्योग वाणिज्य संघ ११औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | स्थानीय उद्योग प्रोत्साहन |
| २०८२।०६।२५ | पाल्पा उद्योग वाणिज्य संघ ७१औँ साधारण सभा तथा १७औँ अधिवेशन | अध्यक्ष कृष्णप्रसाद शर्मा | जिल्ला उद्योग साधारण सभा |
| २०८२।०६।२५ | नारायणपुर उद्योग वाणिज्य संघ २१औँ साधारण सभा | उपाध्यक्ष बालकृष्ण सुवेदी | जिल्ला उद्योग प्रोत्साहन |
| २०८२।०६।२७ | बुटवल उद्योग वाणिज्य संघ ७२औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | स्थानीय उद्योग र व्यापार प्रवर्द्धन |
| २०८२।०६।२९ | भन्सार कार्यालय बेलहिया, अनलाईन डाटाबेस अन्तरक्रिया | अध्यक्ष, एशोसिएट उपाध्यक्ष | भन्सार प्रक्रिया सुधार र डेटा व्यवस्थापन |
| २०८२।०६।२९ | विशेष आर्थिक क्षेत्र अन्तरक्रिया | अध्यक्ष कृष्णप्रसाद शर्मा | नीति सुधार र उद्योगी सुझाव |
| २०८२।०७।२२ | बढैयाताल उद्योग वाणिज्य संघ ३औँ अधिवेशन | अध्यक्ष, पदेन सदस्य | संघीय अधिवेशन र नीति सुझाव |
| २०८२।०७।२२ | देउखुरी उद्योग वाणिज्य संघ २२औँ साधारण सभा | उपाध्यक्ष बालकृष्ण सुवेदी | स्थानीय उद्योग प्रोत्साहन |
| २०८२।०७।२२ | रूपन्देही उद्योग संघ ४७औँ साधारण सभा तथा २४औँ अधिवेशन | एशोसिएट उपाध्यक्ष | जिल्ला उद्योग प्रवर्द्धन |
| २०८२।०७।२३ | नेपाल राष्ट्र बैंक गुनासो सुनुवाई उपसमिति बैठक | एशोसिएट उपाध्यक्ष | वित्तीय गुनासो व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| २०८२।०७।२३ | काभ्रे उद्योग वाणिज्य संघ ४३औँ साधारण सभा तथा ५९औँ स्थापना दिवस | अध्यक्ष, पदेन सदस्य | जिल्ला उद्योग प्रवर्द्धन र अनुभव साटासाट |
| २०८२।०७।२४ | अन्तर्राष्ट्रिय लेखा दिवस, चार्टर्ड एकाउन्टेन्ट्स | एशोसिएट उपाध्यक्ष, कार्यकारी निर्देशक | लेखा र वित्तीय नीति अन्तरक्रिया |
| २०८२।०७।२७ | धादिङ उद्योग वाणिज्य संघ ३२औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | जिल्ला उद्योग प्रवर्द्धन |
| २०८२।०७।२८ | संसदीय खुलापन बाह्य पहुँच कार्यक्रम | अध्यक्ष कृष्णप्रसाद शर्मा | प्रदेश नीति, विधेयक र निजी क्षेत्रको सहभागिता |
| २०८२।०७।२९ | गढवा उद्योग वाणिज्य संघ १०औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | स्थानीय उद्योग प्रवर्द्धन |
| २०८२।०८।०३ | ७औँ लुम्बिनी महोत्सव उद्घाटन | अध्यक्ष कृष्णप्रसाद शर्मा | सांस्कृतिक, पर्यटन र औद्योगिक प्रवर्द्धन |
| २०८२।०८।०४ | बुद्धभूमी कृषि, व्यापार, सांस्कृतिक महोत्सव | अध्यक्ष कृष्णप्रसाद शर्मा | औद्योगिक र सांस्कृतिक प्रवर्द्धन |
| २०८२।०८।०६ | लुम्बिनी होटल संघ ७औँ साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | होटल उद्योग प्रवर्द्धन |
| २०८२।०८।०९ | ११औँ उद्योग दिवस छलफल, उद्योग वाणिज्य निर्देशनालय | अध्यक्ष कृष्णप्रसाद शर्मा | उद्योग दिवस र नीति सुधार |
| २०८२।०८।१० | लम्की महोत्सव उद्घाटन | अध्यक्ष कृष्णप्रसाद शर्मा | स्थानीय उद्योग, पर्यटन र सांस्कृतिक प्रवर्द्धन |
| २०८२।०८।११ | अर्थमन्त्री अन्तरक्रिया, सिद्धार्थ उद्योग वाणिज्य संघ | अध्यक्ष, एशोसिएट उपाध्यक्ष, कार्यकारी निर्देशक | आर्थिक नीति, उद्योग समाधान |
| २०८२।०८।१२ | उद्यम सम्वर्द्धन समापन कार्यक्रम | अध्यक्ष कृष्णप्रसाद शर्मा | उद्यम प्रवर्द्धन र नीति सुधार |
| २०८२।०८।२२-२३ | बहु-क्षेत्रीय पोषण कार्यक्रम, लुम्बिनी योजना आयोग | एशोसिएट उपाध्यक्ष | पोषण र खाद्य सुरक्षा योजना |
| २०८२।०८।२४ | १४औँ कार्यकारिणी समिति बैठक, महासंघ | अध्यक्ष कृष्णप्रसाद शर्मा | संघीय निर्णय प्रक्रिया |
| २०८२।०८।२४ | राजश्व संकलन नीति संवाद, लुम्बिनी योजना आयोग | उपाध्यक्ष, एशोसिएट उपाध्यक्ष, कार्यकारी निर्देशक | राजश्व संकलन सुधार र नीति सुझाव |
| २०८२।०८।२७ | सिसहनियाँ उद्योग वाणिज्य संघ ११औँ साधारण सभा | उपाध्यक्ष बालकृष्ण सुवेदी | स्थानीय उद्योग प्रवर्द्धन |
| २०८२।०८।२८ | प्रादेशिक गुनासो व्यवस्थापन, नेपाल राष्ट्र बैंक | एशोसिएट उपाध्यक्ष | वित्तीय गुनासो व्यवस्थापन |
| २०८२।०९।०३ | १६ औँ राष्ट्रिय औद्योगिक प्रदर्शनी, रूपन्देही उद्योग संघ | एशोसिएट उपाध्यक्ष | उद्योग, कृषि, पर्यटन प्रदर्शनी |
| २०८२।०९।०३ | चालु पूँजी कर्जा प्रभावकारिता छलफल, नेपाल राष्ट्र बैंक | अध्यक्ष कृष्णप्रसाद शर्मा | वित्तीय नीति र उद्योग समाधान |
| २०८२।०९।०९ | कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी, कोहलपुर महोत्सव | अध्यक्ष कृष्णप्रसाद शर्मा | कृषि र उद्योग प्रवर्द्धन |
| २०८२।०९।१२ | पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसिएसन साधारण सभा | अध्यक्ष कृष्णप्रसाद शर्मा | पेट्रोलियम उद्योग प्रवर्द्धन |

| | | | |
|---|---|---|---|
| २०८२।०९।१३ | तेस्रो न्युज फेस्टिभल, लुम्बिनी प्रेस क्लव | अध्यक्ष कृष्णप्रसाद शर्मा | सञ्चार र उद्योगी अन्तरक्रिया |
| २०८२।०९।१३ | उद्योगी समस्या समाधान छलफल | एशोसिएट उपाध्यक्ष | उद्योगी समस्या समाधान |
| २०८२।०९।१३ | १० औँ चन्द्रौटा कृषि, पर्यटन, औद्योगिक प्रदर्शनी मेला | अध्यक्ष कृष्णप्रसाद शर्मा | कृषि र औद्योगिक प्रवर्द्धन |
| २०८२।०९।१४ | समृद्ध नेपाल निर्माण प्यानल छलफल, रूपन्देही उद्योग संघ | एशोसिएट उपाध्यक्ष | स्वदेशी उद्यमशीलता र उद्योग प्रवर्द्धन |
| २०८२।०९।१८ | स्वर्गद्धारी भिंगृ प्युठान महोत्सव उद्घाटन | उपाध्यक्ष बालकृष्ण सुवेदी | स्थानीय पर्यटन र उद्योग प्रवर्द्धन |
| २०८२।०९।२६ | १५औँ कार्यकारिणी समितिको बैठक, नेउबा महासंघ | अध्यक्ष कृष्णप्रसाद शर्मा | संघीय निर्णय र नीति समीक्षा |
| २०८२।०९।२६ | सिद्धार्थ उद्योग वाणिज्य संघ ६७औँ साधारण सभा | अध्यक्ष, उपाध्यक्ष, एशोसिएट उपाध्यक्ष | उद्योग प्रवर्द्धन र साधारण सभा |
| २०८२।०९।२७ | तनहुँ उद्योग वाणिज्य संघ ४० औँ साधारण सभा तथा १८ औँ अधिवेशन | अध्यक्ष कृष्णप्रसाद शर्मा | जिल्ला उद्योग प्रवर्द्धन |
| २०८२।०९।२९ | टिकापुर महोत्सव २०८२ उद्घाटन | अध्यक्ष कृष्णप्रसाद शर्मा | सांस्कृतिक र उद्योग प्रवर्द्धन |
| २०८२।०९।२९ | बर्दिया राजापुर सांस्कृतिक माघ महोत्सव उद्घाटन | अध्यक्ष कृष्णप्रसाद शर्मा | सांस्कृतिक र स्थानीय उद्योग प्रवर्द्धन |
| २०८२।०९।३० | बासगढी औद्योगिक कृषि पर्यटन व्यापार मेला उद्घाटन, बर्दिया | अध्यक्ष कृष्णप्रसाद शर्मा | कृषि, उद्योग र पर्यटन प्रवर्द्धन |

# कर्णाली प्रदेश

## नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा २०८२ बैसाख देखि माघ सम्म भएका क्रियाकलाप तथा गतिबिधिहरु

### १. संस्थागत सहभागिता

| कार्यक्रमको मिति | कार्यक्रमको बिषय | सहभागिको नाम | आयोजक | कैफियत |
|---|---|---|---|---|
| २०८२ असार १३ | बैठकमा सहभागि | पदम बहादुर शाही | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश । | प्रादेशिक औद्योगिक प्रदर्शनीकार्यक्रम संचालन सम्बन्धि छलफल |
| २०८२ असार २० | बैठकमा सहभागि | पदम बहादुर शाही | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश | कर्णली प्रदेशस्तरिय अनुगमन तथा मुल्याङ्कन समिति गठन |
| २०८२ असार २१ | शैक्षिक सम्मेलनमा सहभागि | पदम बहादुर शाही | काठमाडौं बिश्वबिद्यालय, स्कुल अफ एजुकेशन | शैक्षिक सम्मेलन २०२५ |
| २०८२ असार ३१ | कार्यशालामा सहभागि | भानुभक्त बराल | कृषि क्षेत्र बिकाश कार्यक्रम | कर्णाली प्रदेशस्तरिय गोष्ठि |

| कार्यक्रमको मिति | कार्यक्रमको बिषय | सहभागिको नाम | आयोजक | कैफियत |
|---|---|---|---|---|
| २०८२ श्रावण ८ | कार्यशालामा सहभागि | लोक प्रसाद लामिछाने | बीरेन्द्रनगर नगरपालिका | सन्चार रणनिती बिकाश सम्बन्धि कार्यशाला गोष्ठि |
| २०८२ श्रावण २३ | कार्यक्रममा सहभागि | पदम बहादुर शाही | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश स्थापना दिवसको पुर्व तयारी बैठक |
| २०८२ श्रावण ३१ | कार्यक्रममा सहभागि | पदम बहादुर शाही | सुर्खेत बहुमुखि क्याम्पस | बिबिए सम्भाब्यता अध्ययन तथा अन्तरक्रिया कार्यक्रम |
| २०८२ भाद्र ३ | छलफलमा सहभागि | पदम बहादुर शाही | नेपाल राष्ट्र बैंक | बैंक तथा बित्तिय संस्था र नीजि क्षेत्रबीच अन्तरक्रिया कार्यक्रम |
| २०८२ भाद्र ४ | प्रभातफेरीमा सहभागि | पदम बहादुर शाही<br>हर्षबिक्रम खडका<br>भानुभक्त बराल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश । | कर्णाली प्रदेश स्थापना दिवस मनाउने सम्बन्धमा |
| २०८२ भाद्र ५ | अधिबेशनमा सहभागि | पदम बहादुर शाही | नेपाल घरेलु तथा साना उद्योग महासंघ | नेपाल घरेलु तथा साना उद्योग महासंघ र जिल्ला महिला उद्यमि समितिको तेश्रो अबिधेशन |
| २०८२ भाद्र १६ | प्रादेशिक कार्यशाला | लोक प्रसाद लामिछाने | यु एन वमन | Global Accelerator On Jobs Social Protection For Transition को रोडम्याप |
| २०८२ भाद्र १६ | बैठकमा सहभागि | हर्षबिक्रम खडका | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश | संबिधान दिवस तथा राष्ट्रिय दिवस मुल समारोह समिति गठन । |
| २०८२ भाद्र १९ | परामर्श बैठकमा सहभागि | पदम बहादुर शाही | सामाजिक बिकाश मन्त्रालय, कर्णाली प्रदेश | युवाहरूका लागि गुणस्तरिय प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिमको अर्को चरण थपका लागि सुझाव संकलन |
| २०८२ भाद्र २४ | परियोजना समन्वय समितिको बैठकमा सहभागि | भानुभक्त बराल | सामाजिक बिकाश मन्त्रालय, कर्णाली प्रदेश | नेपाल ब्यावसायिक योग्यता प्रणालिपरियोजना कार्यान्वयनका लागि समन्वय समितिको बैठकमा उपस्थित भई धारणा प्रस्तुत । |
| २०८२ आश्विन १५-१७ | बिजनेस ईन्कुबेशन म्यानेजर तलिममा सहभागि | भुपेन्द्र शाही<br>सन्त बहादुर बिष्ट<br>लेकराज पुरि | औद्योगिक ब्यावसाय बिकाश प्रतिष्ठान | बिजनेस ईन्कुबेशन सेन्टर सम्बन्धि तलिममा |
| २०८२ आश्विन ३० | मस्कट अनावरण कार्यक्रममा सहभागि | पदम बहादुर शाही<br>हर्षबिक्रम खडका | स्पाईनल ईन्जुरी संघ | पाङग्राको उडान अभियानको मस्कट अनावरण |
| २०८२ कार्तिक १६ | बैठकमा सहभागि | पदम बहादुर शाही | कर्णाली प्रदेश योजना आयोग | बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयनको लागि प्रदेशस्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा उपस्थित भई धारणा प्रस्तुत |

| कार्यक्रमको मिति | कार्यक्रमको बिषय | सहभागिको नाम | आयोजक | कैफियत |
|---|---|---|---|---|
| २०८२ कार्तिक १६ | अन्तरक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही<br>हर्षबिक्रम खडका | स्पाईनल ईन्जुरी संघ | पहुंचयुक्त पुर्वाधार निर्माणमा सरोकारवालाको भुमिका सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सहभागि |
| २०८२ कार्तिक ३० | अन्तरक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही<br>प्रेम भण्डारी | कर्णाली प्रदेश योजना आयोग | नेपालमा पोषणयुक्त खाद्य पदार्थको पहुंच र लागत लेखाजोखा गर्न सन २०२१ म गरिएको अध्ययनको प्रस्तुतिमा सहभागि भई निजि क्षेत्रको तर्फबाट धारणा प्रस्तुत |
| २०८२ मंसिर १ | अन्तरक्रिया कार्यक्रममा सहभागि | पदम बहादुर शाही | राष्ट्रिय मानव अधिकार आयोग | ब्यावसाय र मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा निजिक्षेत्र,नागरिक समाज र सरोकारवालाहरूको भुमिका सम्बन्धि कार्यक्रम |
| २०८२ मंसिर २ | मिडिया कार्यशालामा सहभागि | पदम बहादुर शाही<br>लोक प्रसाद लामिछाने | सामाजिक सुरक्षा कोष | सामाजिक सुरक्षामा सबैको पहुंचको बिषयमा छलफल |
| २०८२ मंसिर ८ | साक्षात्कार कार्यक्रममा सहभागि | पदम बहादुर शाही | नेपाल राष्ट बैंक | बिप्रेषण कारोवारलाई ईजाजत पत्र लिएर मात्र गर्ने सम्बन्धि कार्यशाला |
| २०८२ मंसिर ८ | कार्यक्रममा सहभागि | लोक प्रसाद लामिछाने | सामाजिक बिकाश मन्त्रालय, कर्णाली प्रदेश | महिला हिंशा बिरूद्धको १६ दिने अभियानको तयारी बैठक |
| २०८२ मंसिर ११ | सामाजिक सुरक्षा दिवसमा सहभागि | भानुभक्त बराल | मुख्यमन्त्रि तथा मन्त्रि परिषदको कार्यालय | आठौं सामाजिक सुरक्षा दिवस |
| २०८२ मंसिर १९ | अन्तरक्रिया कार्यक्रममा सहभागि | प्रेम भण्डारी | आवाज | बलबिबाह न्युनिकरण सम्बन्धि अन्तरक्रिया |
| २०८२ मंसिर २९ | अन्तरक्रिया कार्यक्रममा सहभागि | भानुभक्त बराल<br>प्रेम भण्डारी | श्रम तथा रोजगार कार्यालय | मर्यादित श्रमको कार्यान्वयन का बिषयमा टेड युनियन र रोजगारदाताको अर्न्तक्रिया |
| २०८२ पौष ३ | अन्तरक्रिया कार्यक्रममा सहभागि | प्रेम भण्डारी | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश । | श्रम आप्रवासन चक्रमा शुसाशन सम्बन्धि सरोकारवाला बिच अर्न्तक्रिया |
| २०८२ पौष ९ | समन्वयात्मक बैठकमा सहभागि | महेश केशर खनाल | नेपाल रेडक्रस सोसाईटि | प्रदेश स्तरिय समन्वयात्मक बैठक |
| २०८२ पौष २५ | महोत्सव उद्धाटन कार्यक्रममा उपस्थिति | पदम बहादुर शाही<br>हर्षबिक्रम खडका | सल्यान उद्योग बाणिज्य संघ | दोश्रो प्रादेशिक कृषि,वन,पशु,पर्यटन, उद्योग तथा सांस्कृतिक महोत्सब २०८२ |

| कार्यक्रमको मिति | कार्यक्रमको बिषय | सहभागिको नाम | आयोजक | कैफियत |
|---|---|---|---|---|
| २०८२ पौष २६ | साधारण सभामा सहभागि | भनुभक्त बराल | स्टेशनरी ब्या.महासंघ, कर्णाली प्रदेश | सातौं बार्षिक समधारण सभा तथा चौथो अबिधेशन |
| २०८२ पौष २९ | बैठकमा सहभागि | प्रेम भण्डारी | कर्णाली प्रदेश योजना आयोग | पेषण तथा खाद्य सुरक्षा समितिको बैठक |
| २०८२ पौष २९ | समन्वयात्मक बैठकमा सहभागि | कुमार प्याकुरेल | राष्टिय प्रकृति संरक्षण कोष | हरित जलवायु सम्बन्धि अन्तरक्रियात्मक परामर्श बैठक |
| २०८२ पौष २९ | बैठकमा सहभागि | पदम बहादुर शाही | आर्थिक मामिला तथा योजना मन्त्रालय | आय,ब्यय प्रक्षेपण समितिको बैठक |

## कर्णाली प्रदेश स्तरिय रोजगार मेला सम्पन्न




कर्णाली प्रदेश सरकार सामाजिक बिकाश मन्त्रालयको आयोजना तथा निजि क्षेत्रको सहआयोजनामा श्रमिकलाई आफनो क्षमता अनुसारको काम खोज्न र रोगारदाता लाई आफुलाई आवश्यक पर्ने दक्षता भएको दक्ष कामदार खोज्ने झन्झट हटाइ सहजै श्रमिक र रोजगारदाताहरूको भेट गराई आबश्यक सहजिकरणका लागि श्रमिक र रोजगारदाता बिचको अभाव कम गर्नका लागि २०८२ असार १९ र २० गते कर्णाली प्रदेश स्तरिय रोजगार मेला सम्पन्न भयो ।

## Local Meeting सम्पन्न



EWPN कार्यक्रमअन्तर्गत नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशले प्रदेश महासंघका सदस्यहरू, सरकारी निकाय, EWPN का स्टाफ र पार्टनरको बैठक मिति २०८२ असार १२ गते सुर्खेतको वीरेन्द्रनगर र मिति २०८२ असार २३ गते दैलेखको नारायण नगरपालिकामा सम्पन्न गरेको छ । बैठकमा महिला उद्यमशीलता सहायता कक्षको प्रभावकारी संचालनबारे महत्वपूर्ण छलफल भएको छ । यस सहायता कक्षको स्थापनाले महिलालाई व्यवसाय तथा उद्यमशीलता क्षेत्रमा सहज पहुँच र सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । विशेष गरी व्यवसाय सुरू गर्न चाहने वा सञ्चालनमा चुनौती खेपिरहेका महिलाहरूलाई आवश्यक जानकारी, कानुनी तथा प्राविधिक परामर्श, तालिम तथा सीप अभिवृद्धि, बजार पहुँच र वित्तीय सेवा उपयोग गर्न प्रेरित गर्नुका साथै स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन, रोजगारी सृजना गर्न र लैंगिक समानतामा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

## केयर मोडल भ्यालीडेशन वर्कशप सम्पन्न



मिति २०८२ श्रावण १९ गते EWPN कार्यक्रमअन्तर्गत केयर मोडल भ्यालीडेशन वर्कशप सम्पन्न भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा भएको यस कार्यक्रमको प्रमुख आतिथ्यता कर्णाली प्रदेश सरकारका सामाजिक बिकाश मन्त्रि घनश्याम भण्डारी, बिशिष्ट आतिथ्यता नेपाल उद्योग वाणिज्य महासंघ काठमाडौँका सदस्य कमला श्रेष्ठ लगाएत बिभिन्न क्षेत्रका ब्यक्तिहरूको उपस्थिति रहेको थियो । EWPN कार्यक्रम अन्तर्गत अर्न्तराष्ट्रिय श्रम संगठन ले तयार गरेको ड्राफटमाथि छलफल गरि उपस्थित ब्यक्तित्वहरूबाट सुझाव संकलन तथा कर्णाली प्रदेशका बिभिन्न १० वटा पालिकाहरूबाट भर्चुअल माध्यमबाट सुझावहरू संकलन गरि कार्यक्रम सम्पन्न गरियो ।

## Grievance Handling Mechanism सम्बन्धि तालिम



मिति २०८२ श्रावण १९ गते देखि २० गते सम्म EWPN कार्यक्रमअन्तर्गत Grievance Handling Mechanism Training सम्पन्न भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजनामा भएको यस कार्यक्रममा प्रशिक्षणमार्फत उद्योग प्रतिष्ठानमा उत्पन्न हुन सक्ने समस्या वा गुनासोलाई समयमै, पारदर्शी र निष्पक्ष ढंगले समाधान गर्ने क्षमता विकास गरिएको थियो । उद्योग प्रतिष्ठानमा गुनासो सुनुवाई संयन्त्रको आवश्यकता, यसको स्थापना तथा संचालन सम्बन्धि १.५ दिनको तालिम नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदम बहादुर शाहीज्यूको अध्यक्षता तथा नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य कमला श्रेष्ठज्युको आतिथ्यता र रोजगारदाता एबं बिभिन्न सरकारी निकायको सहभागितामा सम्पन्न गरियो ।

## बजार सरसफाई कार्यक्रम सम्पन्न

कर्णाली प्रदेश स्थापना दिवस तथा सहिद दिवस २०८२ को अवसरमा नेपाल उद्योग बाणिज्य महासंघ, कर्णाली प्रदेशको आयोजना एवं बिरेन्द्रनगर नगरपालिकाको समन्वयमा बीरेन्द्रनगर बजार सरसफाई कार्यक्रम सम्पन्न गरीयो ।

## प्राविधिक विद्यालयहरूलाई अप्रेन्टिसशिपमा भर्ना र निरन्तरतामा सहयोग

नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश अन्तर्गतको सीप विकास इकाईले पाँचवटा प्राविधिक विद्यालयहरूमा विद्यार्थी भर्ना र निरन्तरतामा सहयोग पुऱ्याउँदै प्रेरणादायी कक्षाहरू सञ्चालन गरेको छ । यी कक्षाहरूको उद्देश्य सिभिल इञ्जिनियरिङ प्रि-डिप्लोमा र कम्प्युटर साइन्स प्रि-डिप्लोमा कार्यक्रमका विद्यार्थीहरूलाई प्रेरित गरि निर्माण र IT क्षेत्रका सफल ब्यावसायीहरूले आफ्ना करियर यात्रा साझा गर्दै प्राविधिक शिक्षाको महत्व र अवसरहरूबारे जानकारी दिनु रहेको थियो । यसले विद्यार्थीहरूलाई आफ्नो अध्ययनमा निरन्तरता राख्न र पेशागत विकासमा उत्साहका साथ अघि बढ्न प्रोत्साहित गऱ्यो ।

## SUT सामग्री/मोड्युल विकास

FNCCI–KP को सीप विकास इकाई ले CAN-सुर्खेत सँगको सहकार्यमा दुईवटा नयाँ ९६ घण्टा SUT सामग्री मोडेल विकास गरेको छ, जसको फोकस वेबपेज डिजाइनिङ र डिजिटल मार्केटिङ मा रहेको छ । साथै FNCCI–KP को सीप विकास इकाईले बैदेशिक रोजगारीबाट फर्किएका मजदुर र उद्यमी आकांक्षीहरूका लागि तीन चरणको व्यवसाय परामर्श सत्र आयोजना गऱ्यो, जसबाट १०६ जना सहभागीहरू लाभान्वित भए । सत्रहरूमा व्यवसाय योजना लेखन, प्यानल छलफल, अनुभव आदानप्रदान र बजार अध्ययन जस्ता गतिविधिहरू समावेश थिए ।

## उद्योगहरूमा अवसरको म्यापिङ



नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश (FNCCI–KP) अन्तर्गतको सीप विकास इकाई (SDU) ले सुर्खेतका तीन प्रमुख क्षेत्रहरू-होटल, अटोमोबाइल वर्कशप, र ग्रिल तथा शटर व्यवसायहरूमा अवसरहरूको म्यापिङ सम्पन्न गऱ्यो । यस प्रक्रियामा १५० उद्योग सर्वेक्षण गरिए जस्ले उद्योगको हालको अवस्था, आगामि योजना र आवश्यक जनशक्ति लगाएतका बिबिध श्रेत्रहरूको सर्बेक्षण गरिएको छ ।

## वैदेशिक रोजगारि बाट फर्किएका युवाहरुका लागि व्यवसायिक परामर्श सत्र सम्पन्न ।

एफएनसिसिआई-कर्णाली प्रदेशको सीप विकास इकाइद्वारा फर्किएका वैदेशिक रोजगारि तथा व्यवसाय सुरू गर्ने इच्छुक व्यक्तिहरूका लागि व्यवसायिक परामर्श सत्र आयोजना गरियो । कार्यक्रम वीरेन्द्रनगर, सुर्खेतस्थित सुवा होटलमा सम्पन्न भएको थियो । एफएनसिसिआईका उपाध्यक्ष तथा सीप विकास इकाइ संयोजक हर्ष विक्रम खड्काको अध्यक्षतामा आयोजित कार्यक्रममा सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशअन्तर्गतको शैक्षिक विकास महाशाखाका प्रमुख सुवर्ण कुमार खड्का प्रमुख अतिथिका रूपमा सहभागी थिए । अन्य विशिष्ट अतिथिहरूमा एफएनसिसिआई कार्यसमिति सदस्य भानुभक्त बराल, एसडीयू सदस्य पूर्णदेव अधिकारी, कार्यकारी निर्देशक महेश केशर खनाल, ENSSURE /Helvetas का प्रतिनिधिहरू, तथा सुर्खेत कोरिया सम्पर्क समितिका संयोजक गणेश अधिकारी र परामर्शदाता ऋषिकेशर खनाललगायत ३४ जना फर्किएका श्रमिकहरू सहभागी थिए । कार्यक्रम उद्घाटन र प्राविधिक सत्र गरी दुई भागमा विभाजित थियो । उद्घाटन सत्रमा अतिथिहरूको मन्तव्यपछि फर्किएका श्रमिकहरूलाई उद्यमशीलता, सीप प्रयोग, र व्यवसाय सुरुवातमा उत्प्रेरणा दिने उद्देश्यका साथ प्रशिक्षण सत्र सञ्चालन गरियो । 'फर्किएका श्रमिक: कर्णालीका परिवर्तनकर्ता' शीर्षक अन्तर्गत सञ्चालित प्राविधिक सत्रमा उद्यमशिल सोच, व्यवसाय सुरू गर्ने तरिका, बजारको मूल्याङ्कन, व्यवसाय योजना निर्माण, वित्तीय स्रोत पहिचान र कानुनी पक्षहरूको जानकारी दिइयो । सहभागीहरूले तालिम उपयोगी रहेको प्रतिक्रिया दिए तापनि विषयवस्तु अझ व्यावसायिक तथा परियोजना-केन्द्रित हुनुपर्ने, सरकार र वित्तीय संस्थाबाट निरन्तर सहयोगको आवश्यकता रहेको, र पछिल्लो फलोअप तथा परामर्श प्रणाली आवश्यक भएको बताएका थिए । समय अभाव, विविध पृष्ठभूमिका सहभागी, सरकारी संस्थाप्रति निराशा र लेखित मूल्याङ्कनको अभावजस्ता केही सीमितताहरू पनि देखिएका थिए । निष्कर्षस्वरूप, कार्यक्रमले फर्किएका श्रमिकहरूमा व्यवसायप्रति रूचि र प्रेरणा जगाउन सफल भए पनि आगामी दिनमा थप क्षेत्रविशेषमा केन्द्रित, व्यावहारिक परियोजना आधारित तालिम तथा निरन्तर परामर्श कार्यक्रम आवश्यक रहेको सुझाव दिइयो ।

## विदेशबाट फर्किएका युवाहरू र नवउद्यमीहरूका लागि व्यवसायिक परामर्श सत्र सम्पन्न ।

नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश (FNCCI–Karnali Province) को सीप विकास इकाइले आयोजना गरेको यस सत्रको उद्देश्य कर्णाली प्रदेशमा व्यवसाय स्थापना गर्न चाहने युवाहरूलाई आवश्यक मार्गदर्शन तथा

प्रेरणा प्रदान गर्नु थियो । कार्यक्रमको प्रमुख अतिथि कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम साहा रहेका थिए भने (FNCCI–Karnali Province) का अध्यक्ष पदमबहादुर शाही, कर्णालीका ११ वटै जिल्लाका जिल्ला अध्यक्षहरू, फर्किएका युवाहरू र नवउद्यमीहरू सहभागी थिए । ENSSURE परियोजनाका प्राविधिक अधिकृत ज्ञानेन्द्रप्रसाद चौधरीले परियोजनाको हालको प्रगति र यसको कार्यान्वयनमा सामाजिक विकास मन्त्रालय र (FNCCI–Karnali Province) को भूमिकाबारे जानकारी प्रस्तुत गरे । सफल व्यवसायी तथा फर्किएका युवा गणेश अधिकारीले आफ्नो प्रेरणादायक अनुभव साझा गर्दै विदेशमा सिकेका सीपलाई स्वदेशमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरे । कार्यक्रममा मन्त्री साहाले फर्किएका युवाहरूलाई व्यवसायमा प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा आवश्यक स्रोत व्यवस्थापनको संकेत गरे । (FNCCI–Karnali Province) का अध्यक्ष शाहीले युवाहरूलाई विदेशमा सिकेका सीपको सदुपयोग गर्न आग्रह गर्दै महासंघको निरन्तर सहयोग रहने बताए ।

## त्रिपक्षीय सम्झौतामा हस्ताक्षर



नेपाल उद्योग वाणिज्य महासंघ - कर्णाली प्रदेशले युवाहरूको लागि अपरेन्टिससिप अवसर बढाउन शैक्षिक संस्था र निजी क्षेत्रबीच सहयोग बलियो बनाउन "हायर एन अपरेन्टिस डे" कार्यक्रम आयोजना गर्‍यो । यस अवसरमा दुईवटा प्राविधिक विद्यालय (श्री नेरा माध्यमिक विद्यालय, बिरेन्द्रनगर-सुर्खेत र श्री मालिका माध्यमिक विद्यालय, मटेला), सहभागी उद्योगहरू र अपरेन्टिसहरूबीच त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भए । कार्यक्रमको मुख्य अतिथि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री घनश्याम भण्डारी थिए भने अध्यक्षता श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री गणेशकुमार न्यौपानेले गरे । यस अवसरमा ३० आईटी कम्पनीहरू सहभागी थिए जसले उद्योग र शैक्षिक संस्थाबीच सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत गर्ने लक्ष्य रहेको छ । यस कार्यक्रमले कर्णाली प्रदेशमा युवाहरूको व्यावहारिक कौशल विकास, कार्यस्थल शिक्षा र उद्योग साझेदारीको महत्वलाई उजागर गर्दछ ।

## सीसीटीभी जडान तालिम सम्पन्न



नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश को सीप विकास इकाईले इन्स्योर परियोजना (ENSSURE Project – Phase II) को सहयोगमा तथा कम्प्युटर एशोसिएसन नेपाल (CAN) सुर्खेत को सहकार्यमा ९६ घण्टे सीसीटीभी जडान तालिम (कामदार हरूका लागि थप सीप तालीम ) सम्पन्न गरेको छ । फागुन २० देखी सुरु भएको तालिम चैत्र १५ सम्म सञ्चालनमा रहेको उक्त तालिममा बिरेन्द्रनगरका २० जना आईटी व्यवसायी सहभागी भएका छन् । उनीहरूलाई सीसीटीभी जडान तथा व्यवस्थापनको व्यावहारिक सीप प्रदान गरिनेछ, जसले सुरक्षासम्बन्धी प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न मद्दत पुर्‍याउनेछ । तालिम उद्घाटन समारोहमा नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष पदम बहादुर शाही, उपाध्यक्ष हर्ष विक्रम

खड्का, इन्स्योर परियोजनाका प्रतिनिधि नरेशसिंह थारू, तथा कम्प्युटर एशोसिएसन नेपाल (CAN) सुर्खेतका अध्यक्ष दल बहादुर राना लगायतको उपस्थिति रहेको थियो ।

## ९६ घण्टाको वेटर प्रशिक्षण कार्यक्रम सुरु ।

जेष्ठ १२ देखि असार ८ सम्म (२८ दिन) हिमालयन कलेज अफ होटल म्यानेजमेन्टमा ENSSURE–II को प्राविधिक सहयोगमा २० जना कार्यरत कर्मचारीहरूको लागि ९६ घण्टेको वेटर प्रशिक्षण कार्यक्रम सुरू भएको छ । यस प्रशिक्षणमा विभिन्न होटल तथा रेस्टुरेन्टहरूमा कार्यरत २० जना प्रशिक्षणार्थीले सहभागिता जनाएका थिए। कार्यक्रमको उद्घाटन एफएनसीसीआई-केपीको स्किल डेभलपमेन्ट युनिटका समन्वयक श्री हर्ष बिक्रम खड्का, ENSSURE प्रतिनिधि श्री रतन बहादुर विश्वकर्मा, एससीसीआईको उपमहासचिव श्री पूर्णदेव अधिकारी, एफएनसीसीआई-केपीका कार्यकारी निर्देशक श्री महेश केशर खनालको उपस्थितिमा भएको थियो। प्रशिक्षण पश्चात प्रशिक्षणार्थीहरूले आफ्नो कार्यक्षेत्रमा प्राप्त ज्ञान र कौशललाई प्रयोग गरी सेवा गुणस्तर सुधार गर्न सक्ने अपेक्षा गरिएको छ ।

## गुनासो सुनुवाई संयन्त्र गठन





कर्णाली प्रदेशमा कार्यस्थलमा हुन सक्ने लैरिक हिंशा तथा यौनजन्य दुर्ब्यवहार र भेदभाव न्युनिरणका लागि परिक्षण स्वरूप गुनासो सुनुवाई प्रणाली बिकाश गरी सुर्खेत जिल्ला बीरेन्द्रनगर नगरपालिका वडा नं. १२ मा औद्योगिक क्षेत्रभित्र रहेको सुरक्षा ग्याविन वायर एण्ड ईण्डष्ट्रिज प्रा.लि. का ब्यवस्थापक श्री हेमराज शर्माको अध्यक्षतामा ३ सदस्यिय गुनासो सुनुवाई संयन्त्र र सुर्खेत जिल्ला बीरेन्द्रनगर नगरपालिका वडा नं. ६ मा रहेको कृषि बजारमा कृषि बजार ब्यवस्थापन समितिका अध्यक्ष श्री टोपेन्द्रजर शाहीको अध्यक्षतामा ३ सदस्यिय गुनासो सुनुवाई संयन्त्र गठन गरियो ।

Barista, Commercial House, Plumber, Refrigeration & AC Mechanics -Ref & AC Mechanics विषयक सीप अभिवृद्धि तालिम सफलतापूर्वक सञ्चालन गरिएको थियो। तालिमको मुख्य उद्देश्य सम्बन्धित क्षेत्रमा कार्यरत तथा यस क्षेत्रमा संलग्न हुन चाहने व्यक्तिहरूको प्राविधिक सीप अभिवृद्धि गर्नु, बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्नु तथा सहभागीहरूको रोजगारी र आत्म-रोजगारीका अवसरहरू बढाउनु रहेको थियो । सहभागीहरू सम्बन्धित पृष्ठभूमिका व्यक्ति थिए र सबैले तालिम सफलतापूर्वक सम्पन्न गरी Barista, Commercial House, Plumber, Refrigeration & AC Mechanics -Ref & AC Mechanics विषयक आवश्यक ज्ञान, सीप र आत्मविश्वास हासिल गरेका छन् ।

## आन्तरिक उडानका लागि बिमान कम्पनीसंग छलफल

निजी बायुसेवा कम्पनीहरूले संघीयताको मर्म विपरीत कर्णाली प्रदेशमा पर्याप्त पूर्वाधार हुँदाहुँदै नेपालगञ्जबाट उडान सञ्चालन गर्न थालेको सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशको पहलमा मिति २०८२ साल माघ २७ गते टेकु, काठमाडौंस्थित महासंघमा छलफल सम्पन्न भयो ।



छलफलमा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री राजिव विक्रम शाहको विशेष उपस्थिति तथा प्रदेश अध्यक्ष पदमबहादुर शाहीको पहलमा समिट एयर, तारा एयर र सीता एयरका प्रतिनिधिहरूसँग वीरेन्द्रनगर (सुर्खेत)बाट जुम्ला, मुगु, डोल्पा, हुम्ला र कालिकोटमा नियमित उडान सञ्चालन गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो । बायुसेवा कम्पनीहरूलाई ७ दिनभित्र कर्णाली प्रदेश उद्योग, वन तथा पर्यटन मन्त्रालयमा लिखित राय पठाई यथाशीघ्र नियमित उडान सुरू गर्न अनुरोध गरिएको छ ।

त्यसैगरी, पर्यटन व्यवसायीहरूसँगको छलफलमा कर्णालीमा पर्यटन प्रवर्द्धनका गतिविधि तथा उडान सेवा सुर्खेतबाटै सञ्चालन गर्न आग्रह गरिएको छ । बायुसेवा कम्पनीहरूले उडान सुरू गरे आफूहरू कर्णालीबाटै व्यवसाय सञ्चालन गर्न तयार रहेको व्यवसायीहरूले बताएका छन् ।

## सुदूरपश्चिम

### फिर्ता आप्रवासीहरुको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम धनगढी



मिति २०८२ साल बैशाख २४ गते बुधबारका दिन यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजना र हेल्भेटास नेपाल इन्स्योर परियोजनाको सहयोगमा "फिर्ता आप्रवासीहरुको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम होटल आस्था धनगढीमा सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमार ज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा उपस्थित हभागिलाई नेपाल बैंकर्स एशोसिएसन सुदूरपश्चिम प्रदेश अध्यक्ष पुकार सुबेदी ज्यूले कर्जा लगाएत बैंकिङ सम्बन्धिका सुबिधा, प्रक्रिया, आदिका विषयमा र एशोसिएसन अफ चार्टर्ड एकाउन्टेन्स अफ नेपाल ९ब्क्षल्० का सुदूरपश्चिम अध्यक्ष टेक राज पनेरू ज्यूले व्यवसायका प्रकृति, व्यवसाय दर्ता प्रक्रिया लगाएत लेखा सम्बन्धिका विषयमा जानकारी दिनु भएको थियो साथै उपाध्यक्ष अनिल कुमार भोजनिया ज्यूले सहभागिलाई नेपालमै स्वरोजगार र उद्यमी बन्न प्रेरित गर्दै आफ्नो व्यवसायिक अनुभवहरू सुनाउनु भएको थियो ।

### फिर्ता आप्रवासीहरुको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम टीकापुर

मिति २०८२ साल जेठ २२ गते विहिबारका दिन यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजना र हेल्भेटास नेपाल इन्स्योर परियोजनाको सहयोगमा "फिर्ता आप्रवासीहरूको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम टीकापुरमा सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य श्री सन्तोष खड्का ज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा उपस्थित सहभागिलाई नेपाल बैंकर जनक ओभ्राज्यूले कर्जा लगाएत बैंकिङ सम्बन्धिका सुबिधा, प्रक्रिया, आदिका विषयमा र एशोसिएसन अफ चार्टर्ड

एकाउन्टेन्स अफ नेपाल (ACAN) का सुदूरपश्चिम अध्यक्ष टेक राज पनेरू ज्यूले व्यवसायका प्रकृति, व्यवसाय दर्ता प्रक्रिया लगाएत लेखा सम्बन्धिका विषयमा जानकारी दिनु भएको थियो साथै कार्यकारिणी सदस्य सन्तोष खड्का ज्यूले सहभागिहरूलाई नेपालमै स्वरोजगार र उद्यमी बन्न प्रेरित गर्दै आफ्नो व्यवसायिक अनुभवहरू सुनाउनु भएको थियो ।



## फिर्ता आप्रवासीहरुको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम महेन्द्रनगर

मिति २०८२ साल जेठ २३ गते शुक्रबारका दिन यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजना र हेल्भेटास नेपाल इन्स्योर परियोजनाको सहयोगमा "फिर्ता आप्रवासीहरूको लागि व्यवसायिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम महेन्द्रनगरमा सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारिणी समिति सदस्य श्री मेखराज दाहाल ज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा उपस्थित सहभागिलाई नेपाल बैंकर निरन्जन अवस्थी ज्यूले कर्जा लगाएत बैंकिङ सम्बन्धिका सुबिधा, प्रक्रिया, आदिका विषयमा र एशोसिएसन अफ चार्टर्ड एकाउन्टेन्स अफ नेपाल (ACAN) का सुदूरपश्चिम अध्यक्ष टेक राज पनेरू ज्यूले व्यवसायका प्रकृति, व्यवसाय दर्ता प्रक्रिया लगाएत लेखा सम्बन्धिका विषयमा जानकारी दिनु भएको थियो र कञ्चनपुर होटल व्यवसायी संघका निवर्तमान अध्यक्ष जगदिश चन्द्र भट्टज्यूले सहभागिलाई नेपालमै स्वरोजगार र उद्यमी बन्न प्रेरित गर्दै आफ्नो व्यवसायिक अनुभवहरू सुनाउनु भएको थियो । कार्यक्रमलाई आफ्नो भनाई सहित समापन गर्दै कार्यकारिणी सदस्य मेखराज दाहाल ज्यूले सम्पूर्ण विज्ञज्यूहरूलाई र सहभागिहरूलाई उपस्थित भई कार्यक्रम सफल बनाई दिनु भएकोमा धन्यवाद दिदै आफ्नै देशमा उद्यम गरी स्वरोजगार हुन प्रेरित गर्नु भएके थियो ।



## व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी तालिम

मिति २०८२ साल जेठ २८ गते बुधबारका दिन यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजना र हेल्भेटास नेपाल इन्स्योर परियोजनाको सहयोगमा "व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी ३ दिने तालिम" धनगढीमा सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री मदन राज पन्त ज्यूको अध्यक्षतामा र सामाजिक विकास मन्त्रालयका सचिव डा. हेम राज रेग्मी ज्यूको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम समापन गरिएको थियो ।



## लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) का लागि FNCCI को प्रादेशिक संरचना र सरोकारवालाहरु बीच परियोजना परिचयात्मक बैठक



मिति २०८२ साल असार १० गते मंगलबारका दिन नेपाल उद्योग वाणिज्य महासंघको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) का लागि FNCCI को प्रादेशिक संरचना र सरोकारवालाहरू बीच परियोजना परिचयात्मक बैठक सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ र अन्तराष्ट्रिय श्रम संगठन बीच सम्झौता भएको सशक्त महिला समृद्ध नेपाल कार्यक्रमका संयोजक एवं नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक श्री हरि पौडेल ज्यूले सो परिचयात्मक बैठकको बारेमा जानकारी गराउनु भएको थियो ।

## "संघिय तथा प्रादेशिक स्तरमा हेरचाह, सेवाहरुको आवश्यकता तथा अवसरहरुको पहिचान" र "कार्यस्थलमा हुने हिंसा दुर्व्यवहार र विभेदको रोकथाम तथा समाधानका लागि गुनासो संयन्त्रका विकास तथा प्रचारप्रसार" सम्बन्धी कार्यशाला गोष्ठी



नेपाल उद्योग वाणिज्य महासंघ, काठमाडौंको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा मिति २०८२ साल श्रावण २२ र २३ गते "संघिय तथा प्रादेशिक स्तरमा हेरचाह, सेवाहरूको आवश्यकता तथा अवसरहरूको पहिचान" र "कार्यस्थलमा हुने हिंसा दुर्व्यवहार र विभेदको रोकथाम तथा समाधानका लागि गुनासो संयन्त्रका विकास तथा प्रचारप्रसार" सम्बन्धी २ दिने कार्यशाला गोष्ठी धनगढीमा सम्पन्न भएको थियो ।

उक्त २ दिने कार्यशाला गोष्ठीको उद्घाटन समारोहमा प्रमुख अतिथि प्रदेश नीति तथा योजना आयोगकि माननीय उपाध्यक्ष जीवन राना ज्यू, विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघकि उपाध्यक्ष ज्योत्साना श्रेष्ठ ज्यू हुनुहुन्थ्यो भने कार्यक्रमको अध्यक्षता नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष अनिल कुमार भोजनिया ज्यूले गर्नु भएको थियो ।

## प्रदेश तथा स्थानीय पालिकासंग समन्वय बैठक



मिति २०८२ साल असोज १० गते शुक्रबारका दिन सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजनामा प्रदेश तथा स्थानीय पालिकासंग समन्वय बैठक होटल डिभोटी धनगढीमा सम्पन्न भएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री मदन राज पन्तज्यूको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रदेश सरकार, स्थानीय पालिका, कैलाली उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका प्रतिनिधिज्यूहरूको उपस्थिती रहेको थियो ।

## "आफ्नो व्यवसाय औपचारिकीकरण गर्नुहोस्" विषयक तालिम



मिति २०८२ साल कार्तिक १९ र २० गतेका दिन अन्तराष्ट्रिय श्रम संगठन (ILO) को प्राविधिक सहयोग र नेपाल उद्योग वाणिज्य महासंघ र यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वय तथा कैलाी उद्योग वाणिज्य संघको आयोजनामा सञ्चालित "सशक्त महिला समृद्ध नेपाल" कार्यक्रम अन्तर्गत दुई दिने "आफ्नो व्यवसाय औपचारिकीकरण गर्नुहोस्" विषयक तालिम धनगढीमा सम्पन्न भएको थियो ।

उक्त तालिममा अनौपचारिक रूपमा व्यवसाय सञ्चालन गरिरहेका महिला उद्यमीहरूको व्यवसायलाई औपचारि बनाउने सम्बन्धि ज्ञान र सीप प्रदान गर्नु रहेको थियो । कार्यक्रममा सहभागीहरूले व्यवसाय दर्ता प्रक्रिया, कर प्रणाली, कानूनी अनुपालन, औपचारिक व्यवसायबाट प्राप्त हुने लाभ, व्यवसाय सञ्चालनका चुनौती तथा व्यवसायलाई दिगो र प्रभावकारी बनाउन सकिने उपायहरूबारे व्यावहारिक ज्ञान प्राप्त गरे । कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमार भोजनियाज्यूले महिला उद्यमशिलता सुदृढिकरणका लागि सहकार्य, समन्वय र हातेमालोको आवश्यकता रहेको बताउंदै महिला उद्यमीहरूलाई आत्मनिर्भर र सशक्त बनाउन सबैको भूमिकाको महत्व औंल्याउनु भयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका कार्यकारी निर्देशक ज्योती भट्ट र कैलाली उद्योग वाणिज्य संघका कार्यालय प्रमुख दिनेश ओझाको पनि विशेष उपस्थिती रहेको थियो ।

तालिमको समापन सत्र कैलाली उद्योग वाणिज्य संघका कोषाध्यक्ष श्री तिलक बोहराज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सुदूरपश्चिम प्रदेश सरकार तथा स्थानीय पालिकासंग समन्वय बैठक



मिति २०८२ साल कार्तिक ३० गते आइतबारका दिन नेपाल सरकार, युरोपेली संघ तथा संयुक्त राष्ट्रसंघको साझा कार्यक्रम "सशक्त महिला समृद्ध नेपाल" अन्तर्गत नेपाल उद्योग वाणिज्य महासंघको समन्वयमा, यस प्रदेश महासंघको आयोजनामा तथा कैलाली उद्योग वाणिज्य संघको सहकार्यमा उक्त बैठक सम्पन्न भएको थियो ।

कार्यक्रममा महासंघ सुदूरपश्चिम प्रदेशले कार्यक्रम अन्तर्गत सम्पन्न गरेका गतिविधिहरूको प्रस्तुतिकरण गर्नुका साथै कैलाली उद्योग वाणिज्य संघमा स्थापना गरिएको महिला उद्यमशिलता सहायता कक्षको प्रगती विवरण पेश गरिएको थियो । साथै आगामी दिनमा उक्त कक्षलाई कसरी थप प्रभावकारी रूपमा अगाडि बढाउने भन्ने विषयमा छलफल गरिएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमार भोजनिया ज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा धनगढी उप-महानगरपालिकाकी उप-मेयर श्री कन्दकला राना प्रमुख अतिथिका रूपमा उपस्थित रहनु भएको थियो ।

## सुदूरपश्चिम प्रदेशमा लगानी सम्भावना, अवसर तथा चुनौती स्थिति पत्र मुख्यमन्त्रीलाई हस्तान्तरण



मिति २०८२ साल मंसिर २२ गते सोमबारका दिन नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालज्यू, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष मदन राज पन्त ज्यू र सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यू बीच भेटघाट एवं छलफल भएको थियो । उक्त भेटघाट एवं छलफलमा नेपाल उद्योग वाणिज्य महासंघद्वारा सुदूरपश्चिम प्रदेश लगानी सम्मेलनको अवसरमा तयार पारिएको सुदूरपश्चिम प्रदेशमा लगानी सम्भावना, अवसर तथा चुनौती स्थिति पत्र महासंघका अध्यक्ष ज्यूले मुख्यमन्त्रीज्यूलाई हस्तान्तरण गर्नु भएको थियो । उक्त भेटमा प्रदेशका माननीय मन्त्रीज्यूहरू, प्रदेश योजना आयोगका उपाध्यक्षज्यू र सदस्यज्यूहरू, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष, कार्यकारी निर्देशक, नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक, प्रदेश सरकारका सचिवज्यूहरू समेतको उपस्थिती रहेको थियो ।

## प्रदेशस्तरीय समीक्षा बैठक



मिति २०८२ साल पौष ११ गते शुक्रबारका दिन नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको आयोजनामा नेपाल सरकार, युरोपेली संघ तथा संयुक्त राष्ट्रसंघद्वारा सञ्चालित "सशक्त महिला समृद्ध नेपाल" कार्यक्रम अन्तर्गत आयोजित प्रदेशस्तरीय समीक्षा बैठक होटल फ्लोरा धनगढीमा सम्पन्न भएको थियो । बैठकमा EWPN कार्यक्रम अन्तर्गत प्रदेश स्तरमा भएको उपलब्धी, अवसर, चुनौती तथा कार्यक्रमको दीगोपनाबारे विस्तृत छलफल गरिएको थियो ।

बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका सहायक निर्देशक हरि पौडेलले हेल्पडेस्क सेवा, गुनासो सुनुवाई संयन्त्र, केयर सेन्टर स्थापना तथा रेफरल प्रणालीलाई रोजगारीसंग जोड्ने विषयमा प्रस्तुती राख्नु भएको थियो । उहांले महिलाहरूलाई आवश्यक परामर्श, सीप तथा अवसरसम्म पहुंच दिलाउन यी संयन्त्रहरू अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नु भएको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष मदन राज पन्तले गर्नु भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य तथा कैलाली उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पुष्पराज कुंवर प्रमुख अतिथि तथा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर राज ओझा विशिष्ट अतिथिको रूपमा उपस्थित हुनु भएको थियो । कार्यक्रमको सञ्चालन प्रदेश महासंघका कार्यकारी निर्देशक ज्योती भट्टले गर्नुभएको थियो ।

# समिति/फोरम एवं परियोजनाका गतिविधिहरु :

## उद्योग समिति

१. आ.व. २०८२ ।८३ का लागि नेपाल सरकारले सार्वजनिक गर्ने राजस्व नीतिमा सुझाव पेश गर्नको लागि राजस्व परापर्श समिति अन्तर्गत गठित "उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति" मा महासंघको तर्फबाट समिति सभापति राजेश कुमार अग्रवाल र उपसभापति नानीराज घिमिरेले प्रतिनिधित्व गर्नुभएको । उपसमितिमा महासंघले प्रस्तुत गरेका सुझाव मध्ये अधिकांश सुझाव बजेटमा सम्बोधन गरिएका छन् । महासंघका सुझावमध्ये बजेटमा समावेश भएका मुख्य विषयहरूः

- इआइए र आइइई अध्ययन र स्वीकृतिको प्रक्रिया छोट्याउने र सरलिकरण गर्ने ।
- विशेष आर्थिक क्षेत्र एवं औद्योगिक क्षेत्रको भाडादर घटाउने र औद्योगिक क्षेत्रका उद्योगको उत्पादन ३० प्रतिशतभन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा दिने ।
- औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत उत्पादन कम्पनी सरह र त्यस्तो औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगलाई विशेष आर्थिक क्षेत्रका उद्योग सरहको सुविधा उपलब्ध गराइने ।
- उधारो उठाउने सम्बन्धी कानून तर्जुमा गर्ने, एक्जिम कोडका लागि आवश्यक रू ३ लाखको बैंक ग्यारेन्टी खारेजी, भन्सारमा स्वचालित मूल्याङ्कन प्रणाली स्थापना गर्ने ।

२. नेपाली उद्योगले आफ्नो उत्पादन भारतमा सहुलियति निकासीका लागि शिफारिश गर्न गरिएका अनुरोध सम्बन्धमा उद्योग विभागका महानिर्देशकको अध्यक्षतामा उ.प्र.प. प्राविधिक समितिको ८ वटा बैठक बसी हालसम्म ७४ वटा निवेदनका औद्योगिक वस्तु निकासी सिफारिश गरिएको । वस्तु सिफारिश गर्नुअघि प्राप्त निवेदनको उद्योग विभाग र महासंघले संयुक्तरूपमा स्थलगत निरिक्षण समेत गर्दै आइरहेको छ ।

३. नेपालमा उत्पादन भएका वस्तुहरू चीन निकासीका लागि उत्पत्तिको प्रमाण पत्र जारी गर्न उवासंघहरूलाई सिफारिश गर्दै आइरहेको । चीन सरकारले आफ्नो राजदुतावासमार्फत प्रमाणपत्र छपाइ गरेर Hard copy नै उपलब्ध गराउने गरेको हुंदा फारम उपलब्ध गराउन मन्त्रालय मार्फत अनुरोध गरिएको ।

४. स्वदेशी उद्योगहरूले सार्वजनिक निकायमा स्वदेशी वस्तु आपूर्तिको लागि टेण्डर विड गर्न आवश्यक "वस्तुको उत्पत्ति प्रमाणीकरण" सिफारिश गरिंदै आएको ।

५. भन्सार विभाग अन्तर्गतको Nepal National Single Window (NNSW) पोर्टल प्रयोग गरी नेपालबाट निर्यात हुने वस्तुको लागि उत्पत्तिको प्रमाण पत्र जारी गर्दा EXIM Code लिएका फर्महरूले मात्र प्रवेश अनुमति पाउने हुंदा स्थाई लेखा नम्बर (PAN) मात्र लिएका साना तथा घरेलु उद्यमीहरूलाई समेत सहजता हुने गरी PAN बाट प्रविष्टि अनुमति प्रदान गर्न अनुरोध गरिएको ।

६. नेपालमा उत्पादन गरी भारत निर्यात गरिने विभिन्न वस्तुहरू जस्तै सिमेण्ट, जुत्ता, प्लाइउड, स्टिलबाट बने का वस्तुहरूमा भारतले BIS License अनिवार्य गरेको कारण नेपालबाट तत्तत् वस्तुहरूको निर्यातमा अवरोध सिर्जना भएको थियो । स्टिलजन्य उत्पादन लगायतका वस्तु निर्वाध रूपमा भारत निर्यात सुचारू गर्न सम्वन्धित निकायहरूमा आवश्यक पहल तथा सहजीकरण गरिदिन अनुरोध गर्दै मन्त्रालयमा पत्राचार गरिएको । तत्पश्चात् हाल ती वस्तुहरूको निर्वाधरूपमा निर्यात सुचारू भएको छ ।

७. गत भाद्र २३ र २४ गते नेपालमा भएको युवा (GenZ) पुस्ताको आन्दोलनको क्रममा अन्य सरकारी कार्यालय सरह उद्योग विभागको कार्यालयमा समेत आगजनी एवं तोडफोड भई कार्यालयका कम्प्यूटर तथा फाइलहरू

समेत आगजानीमा परी नियमित कार्यसम्पादनमा समेत असर परेकोले निजी क्षेत्र पनि सरकारसंगको सहकार्यमा संगै रहेको सकारात्मक सन्देश प्रवाहको लागि यस महासंघले उद्योग विभागलाई पांच (५) थान डेस्कटप कम्प्यूटर (Accer all in one PC, Aspire C24 Intel Core i5, 13th Generation, 24” Monitor) सहयोग स्वरूप उपलब्ध गराएको ।

८. नेपाल सरकारले हरेक वर्ष झैं यस वर्ष पनि मंसीर ९ गते उद्योग दिवस मनाउने कार्यक्रमको मुल समारोह आयोजक समितिमा रही कार्य गरिएको ।

९. नेपाल गुणस्तर तथा नापतौल विभागले विभिन्न उत्पादनहरूको गुणस्तर मापदण्ड तर्जुमा गर्न गठित प्राविधिक समितिमा महासंघको तर्फबाट सहभागिता जनाउंदै आएको ।

## स्थल यातायात तथा पारवहन समिति

स्थल यातायात तथा पारवहन समितिले यातायात तथा ढुवानीको क्षेत्रमा कार्य गर्दै आईरहेको छ । यस बीचमा समितिले निम्न कार्यहरू गरेको छ ।

१. मिति २०८२ श्रावण ६ गते स्थल यातायात तथा पारवहन समिति र एशियाली विकास बैकका परामर्शदाता बीच नेपालको Industrial and Logistics Master Plan सम्बन्धि छलफल भएको थियो ।

२. मिति २०८२ असोज ६ गते स्थल यातायात तथा पारवहन समितिले अर्थतन्त्र पुनरूत्थानका लागि निजी क्षेत्रको साझा प्रतिबद्धता सम्बन्धि छलफल कार्यक्रमको आयोजना गरी उक्त छलफलमा आधारित प्रतिदवेदन प्रकाशन गरेको थियो ।

३. मिति २०८२ मंसिर ३ गते स्थल यातायात तथा पारवहन समिति र एशियाली विकास बैकको SASEC परियो जनाको औद्योगिक र लजिस्टिक गुरूयोजना (Industrial and Logistics master plan) सम्बन्धी तथ्य पत्ता लगाउने मिसन (Fact Finding Mission) बीच नेपालको Industrial and Logistics Master Plan सम्बन्धि छलफल भएको थियो । उक्त छलफलमा निम्न लिखित सुभावहरू व्यक्त भएका थिए ।

   - भौतिक पूर्वाधारहरूको स्तरन्नोती हुन पर्ने ।
   - नीतिगत सुधार
   - अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला (International Accredited Laboratory) र स्वचालित सामान स्क्यान मेसिन (Automatic Goods Scan Machine) भन्सार बिन्दुहरूमा स्थापना गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने ।
   - कागजात सरलीकरणः यो समस्या समाधान गर्न राष्ट्रिय एकल विन्डो प्रणाली (National Single Window – NSW) को पूर्ण कार्यान्वयनलाई मास्टर प्लानमा राख्न पर्ने र cross boarder मा data exchange को व्यवस्था हुन पर्ने ।
   - Industrial and Logistics Master Plan final गर्नु पहिले यातायात र ढुवानीको क्षेत्रका साथै निर्यात तथा आयात कर्ताहरू संग व्यापक र गहन छलफल गर्नु पर्ने ।

४. मिति २०८२ माघ २ गते South Asia Watch on Trade, Economics and Environment (SAWTEE) and the Nepal–India Business Forum (NIBF) को सहकार्यमा Nepal–India Transit Treaty Evolution & Modernization सम्बन्धि छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## कार्यक्रममा सहभागी

| मिति | आयोजक/स्थान | कार्यक्रमको विषय | सहभागी प्रतिनिधि |
|---|---|---|---|
| २०८२ बैशाख १७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र (BIMSTEC FTA) सम्बन्धी अन्तरक्रिया | श्री शिव प्रसाद घिमिरे (सभापति) र श्री सीता अधिकारी (आमन्त्रित सदस्य) |
| २०८२ श्रावण ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लजिस्टिक्स नीति, २०६९ को कार्यान्वयनका लागि गुरूयोजना तर्जुमा छलफल | श्री मनोज कुमार दास (सदस्य) |
| २०८२ कार्तिक २५ | नेपाल उद्योग वाणिज्य महासंघ | GIZ Mission Team सँग Global Alliance for Trade Facilitation (GATF) सम्बन्धी बैठक | श्री मनोज कुमार दास (सदस्य) |

## व्यापार समिति

नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत कार्यकारिणी समिति सदस्य डा. सुबोध कुमार गुप्ताको सभापतित्वमा गठित व्यापार समिति निजी क्षेत्रको व्यापारिक हकहित संरक्षण र प्रवर्द्धन गर्दै आएको छ । समितिले व्यापार सहजीकरण, आयात-निर्यात व्यवस्थापन, भन्सार र सम्बन्धित नीतिनियम सुधारका लागि सरोकारवालासँग समन्वय, परामर्श र बहसमार्फत महासंघको प्रतिनिधित्व गर्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

समितिद्वारा मिति २०८२ साल बैशाष १ गते देखि हालसम्म सम्पादित गतिविधिहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**१. सातौं बैठक**

**समितिको सातौं बैठक (२०८२।०२।०४) का सुझावहरू – व्यापार प्रवर्द्धन**

- डीडी प्रणालीमा सुधार आवश्यक ।
- आयात भन्सार मूल्यांकन असमान भएकाले स्वचालित मूल्यांकन पोर्टल विकास गरी पारदर्शी बनाउनु ।
- खाद्य वस्तुमा अग्रिम आयकर हटाउने पहल ।
- लेखा नियम अनुसार उधारो कारोबार व्यवस्थित गर्न र अर्को आर्थिक वर्षमा प्रावधान लागू गर्न ।
- निर्माणाधीन सडक पूर्वाधार समयमै सम्पन्न गर्न ।
- MRP कार्यान्वयन चुनौतीपूर्ण, चरणबद्ध र पूर्व तयारीसहित लागू गर्न ।
- प्रमुख नाकामा ऋजभअप एयकत (ICP) र अन्तर्राष्ट्रिय प्रयोगशाला निर्माण ।
- निर्यात बीमा व्यवस्था लागू गर्न ।
- One Window System पूर्ण रूपमा कार्यान्वयन ।
- भारतसँगको व्यापार विवाद समाधानका लागि नेपाल-भारत विवाद समाधान संयन्त्र विकास ।

**२. MRP कार्यान्वयन सम्बन्धी सुझाव**

उपसभापति श्री लिलेन्द्र प्रधानले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०८२।०१।२३) र उपभोक्ता अधिकार संरक्षण

मञ्च (२०८२।०२।०९) मा महासंघको प्रतिनिधित्व गर्दै प्रस्तुत गरेका सुझावहरूः

- महासंघले उपभोक्ताको हित र मूल्य पारदर्शिताका लागि MRP कार्यान्वयनलाई सकारात्मक रूपमा लिन्छ, तर वर्तमान व्यवसायिक अवस्था र संरचनात्मक चुनौतीका कारण तत्काल एकोहोरो कार्यान्वयन व्यवहारिक छैन ।
- असमान भन्सार मूल्यांकन, भौगोलिक ढुवानी खर्च, आयातित वस्तुमा लेबलिङ्ग असहज जस्ता चुनौतीहरूको समाधान आवश्यक छ ।
- लेबलिङ्ग र MRP कार्यान्वयनका लागि स्पष्ट नियमावली र कार्यविधि तयार गर्नुपर्छ ।
- उद्योगी/व्यवसायीलाई सचेतना र अभिमुखिकरण कार्यक्रम आवश्यक छ ।
- नियमको प्रभावकारी निगरानीका लागि नियामक निकायको क्षमता अभिवृद्धि गर्नुपर्छ ।
- चरणबद्ध रणनीतिअन्तर्गत प्रारम्भमा स्वदेशी उत्पादित र अत्यावश्यक उपभोग्य वस्तुमा लागू गर्न सकिन्छ ।

**३. आ.ब. २०८२/८३ का लागि बजेट सुझाव (संक्षिप्त)**

- **भन्सार सुधारः** सबै भन्सार कार्यालयमा पूर्ण डिजिटल प्रणाली कार्यान्वयन, स्क्यानर जडान, भारतसँग प्रणाली एकीकरण ।
- **एकद्वार प्रणालीः** आवश्यक पूर्वाधार विकास गरी पूर्ण कार्यान्वयन ।
- **स्वचालित मूल्यांकन पोर्टलः** पारदर्शी र समान मूल्यांकन सुनिश्चित गर्न ।
- **भन्सार दर नियन्त्रणः** दर १-२% मा सीमित गरी स्वतः समायोजन प्रणाली ।
- **निर्यात प्रवर्द्धनः** अन्तर्राष्ट्रिय बजार विश्लेषणका लागि तथ्यांक र सूचना प्रणाली निर्माण ।
- **मुख्य भन्सार नाका सुधारः** डिजिटल प्रणालीसहित आवश्यक पूर्वाधार निर्माण ।
- **निर्यात सुरक्षाः** सम्बन्धित पूर्वाधार र व्यवस्थापन सुनिश्चित ।
- **प्रयोगशाला स्थापनाः** अन्तर्राष्ट्रिय मापदण्ड अनुसार परीक्षण प्रयोगशाला निर्माण ।
- **नगद प्रोत्साहनः** न्यूनतम १०% कायम, निर्यात बिन्दुबाट १५ दिनभित्र बैंक खातामा रकम जम्मा । क्षेत्रगत रूपले कोष वृद्धि ।
- **कच्चा पदार्थ भन्सारः** तयारी वस्तुको तुलनामा कम/शून्य भन्सार, मूल्य अभिवृद्धि कर क्रमशः घटाउने ।
- **औद्योगिक क्षेत्र सुधारः** नियम सरलीकृत, भाडा रू. ४/वर्गमिटर, सडक, विजुली, पानी, सुरक्षा, बैंक सुविधा विकास ।
- **व्यापार मेला/प्रदर्शनीः** उद्योग /व्यवसायी/निर्यातकर्ताको सहभागिता सुनिश्चित कोष ।
- **सडक/पहुँच पूर्वाधारः** द्रुतराजमार्ग, सुरूङमार्ग, प्रमुख व्यापारिक नाका जोड्ने सडक विस्तार र स्तरोन्नति ।

**४. बजेट समीक्षा – आर्थिक वर्ष २०८२/८३**

**(क) सम्बोधन भएका प्रमुख मुद्दाः**

- प्रमुख भन्सार नाकामा एकीकृत जाँच चौकी स्थापना र स्तरोन्नती गरी व्यापार सहजीकरण ।
- खाद्यान्न, गेडागुडी, फलफूल, वनस्पति, पशुजन्य तथा दूधजन्य पदार्थमा अग्रिम आयकर खारेज ।
- भन्सार मुल्यांकनको लागि अन्तर्राष्ट्रिय मूल्य प्रवृत्तिको स्वचालित डाटावेस निर्माण ।

- यात्रुहरूले ५ हजार अमेरिकी डलरसम्मको विदेशी मुद्रा सजिलै ल्याउन सक्ने व्यवस्थाको सरलिकरण ।
- निकासी पैठारीका लागि रू. ३ लाख बैंक ग्यारेन्टी खारेज ।
- प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेशिनरी तथा उपकरण पैठारीमा भन्सार तथा अन्य कर हटाइने ।
- उच्च मूल्यका कृषि उपज (अर्गानिक फलफूल, तरकारी, मासु) निर्यात प्रवर्द्धनको लागि क्वारेन्टाइन, प्लान्ट र प्रयोगशालाको स्तर सुधार ।
- अलैंची, चिया, कफी, अदुवा, बेसार, सुन्तला, खुर्सानी, छुर्पी, दूध पदार्थको गुणस्तर परीक्षण, मापदण्ड र ब्राण्डिङ्ग ।
- विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योगलाई प्रारम्भिक तीन वर्ष भाडा छुट; मासिक भाडा प्रति वर्गमिटर रू. २० बाट रू. ५ मा घटाइने ।
- औद्योगिक क्षेत्रका उद्योगले ३०% भन्दा बढी निर्यात गरेमा विशेष आर्थिक क्षेत्रसमान सुविधा ।
- उद्योग -व्यवसाय सम्बद्ध सरकारी सेवा एकल बिन्दुबाट सरल र प्रविधिमैत्री ।
- पूर्व-पश्चिम राजमार्गको ४२२ किलोमिटर सडक चार लेनमा स्तरोन्नती ।
- काठमाडौं-तराई मधेश द्रुतमार्ग निर्माण कार्य आर्थिक वर्ष २०८३/८४ भित्र सम्पन्न ।

**४. सम्बोधन नभएका प्रमुख मुद्दाहरू (संक्षिप्त) :**

- सबै भन्सार कार्यालयमा नयाँ प्रणाली पूर्ण रूपमा कार्यान्वयन गरी समस्याहरू समाधान गर्नु ।
- साना व्यवसायीलाई कारोबार आधारित समान कर लागू गर्नु ।
- नेपाली वस्तुहरूको निर्यातमा माग, मूल्य र प्रतिस्पर्धात्मक स्थिति विश्लेषणका लागि तथ्यांक प्रणाली विकास गर्नु ।
- निर्यात बीमा व्यवस्था गर्नु ।
- आवश्यक मशिनरी पार्ट्स तेस्रो मुलुकबाट सहज आयात गर्न अनुमति दिनु ।
- पुनः भन्सार मूल्यांकन गर्दा अतिरिक्त चार्ज हटाउन व्यवस्था सुधार गर्नु ।
- कच्चा पदार्थमा कम भन्सार, तयारी वस्तुमा उच्च भन्सार; भ्याट कम/छुट, क्रमशः मूल्य अभिवृद्धि कर घटाउन ।
- कृषि र वनजन्य उत्पादनमा भ्याट छुट र बीमा व्यवस्था गर्नु ।
- कफी उत्पादन र प्रशोधनका लागि विशेष आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नु ।
- धरौटी व्यवस्थामा सुधार, अनावश्यक अतिरिक्त धरौटी फिर्ता प्रक्रिया सहज बनाउनु ।
- रसुवा र तातोपानी नाकासहित चीनसँग जोडिने सडक तथा पूर्वाधार अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुधार गर्नु ।

**५. नेपाल-भारत गृह सचिवस्तरीय बैठकः संक्षिप्त एजेण्डा**

- **सवारी शुल्क सुधारः** भारतीय सीमा क्षेत्रमा नेपालतर्फ भित्रिने मालवाहक सवारीसाधनले सेवा उपभोग नगरी प्रवेश गर्दा पनि तौल पुल/पार्किङ्ग शुल्क असुल हुने; केवल सेवा उपभोगको मात्र शुल्क लिने व्यवस्था गर्नुपर्ने ।
- **कृषि वस्तु प्रतिवन्धः** चामल, धान, प्याज जस्ता वस्तुमा भारतले लगाउने प्रतिबन्धले अवैध कारोबार बढाउने; नेपालका लागि विशेष व्यवस्था सुनिश्चित गर्नुपर्ने ।

- **सीमा भन्सार मुद्रा व्यवस्थापनः** सीमास्थित भन्सारमा आधिकारिक मुद्रा विनिमय काउन्टरको व्यवस्था गरी ठगी, चोरी र नक्कली नोटको जोखिम नियन्त्रण ।
- **सुरक्षा चुनौतीः** अपराध, तस्करी, जबरजस्ती असुली, धम्की आदि नियन्त्रण गर्न सुरक्षा निकायबीच नियमित समन्वय र सूचना आदानप्रदान ।
- **खुला सीमा व्यवस्थापनः** डिजिटल परिचय पत्र प्रणाली, तोकिएको नाकाबाट आवतजावत, व्यवसायिक परिचयपत्र जस्ता उपाय अपनाउन ।
- **अवैध ओसारपोसार नियन्त्रणः** सुन, औषधी, मोबाईल, कपडा, दैनिक उपभोग्य वस्तु आदिको अवैध ओसारपोसार रोक्न संयुक्त निगरानी ।
- **सवारी अनुमति असमानता सुधारः** नेपाली–भारतीय सवारी अनुमतिमा असमानता छ; उपयुक्त सम्झौता गरी सुधार गर्न ।
- **टोल प्लाजा सुविधाः** भारतीय टोल प्लाजामा सबै प्रकारका नेपाली सवारी साधनलाई सुविधा दिन ।
- **सीमाक्षेत्र स्तम्भ व्यवस्थापनः** हराएका वा विस्थापित सीमा स्तम्भको वैज्ञानिक अभिलेख र व्यवस्थापन ।
- **दशगजा क्षेत्र सुरक्षाः** अपराधिक गतिविधि रोक्न निगरानी पोष्ट, CCTV र स्थानीय सूचना प्रणाली, साथै क्षेत्रको सौन्दर्यीकरण ।
- **बैठक तथा निजी क्षेत्र सहभागिताः** नियमित द्विपक्षीय बैठक आयोजना र निजी क्षेत्र प्रतिनिधि सहभागी हुने व्यवस्था ।
- **अन्तर्राष्ट्रिय उडान सुविधाः** गौतम बुद्ध, भैरहवा, पोखरा विमानस्थलबाट नयाँ दिल्लीसम्म नियमित अन्तर्राष्ट्रिय उडान ।
- **पूर्वाधार र बाढी व्यवस्थापनः** भारततर्फ निर्माण/पूर्वाधारका कारण हुने बाढी रोकथामका लागि पूर्व तयारी र प्राविधिक समन्वय ।

### ६. विद्युतीय व्यापार (इ–कमर्स) सम्बन्धी सुझावहरू – नेउवामहासंघ

- **रणनीति संशोधनः** २०७६ को राष्ट्रिय विद्युतीय व्यापार रणनीति समय सापेक्ष संशोधन गर्नुपर्ने ।
- **सचेतना कार्यक्रमः** २०८१ को इ–कमर्स ऐन अनुसार अनलाइन कारोबार दर्ता आवश्यक भएकाहरूमा जानकारी अभाव भएकाले सचेतनामूलक कार्यक्रमहरू संचालन गर्नुपर्ने ।
- **साना व्यवसायीको सहजताः** साना व्यवसायीलाई चरणबद्ध र लचकशील समयावधि सहित दर्ता प्रक्रिया कार्यान्वयन गरिनु ।
- **दण्डको व्यवहारिकताः** ऐनअनुसार जरिवाना/कैदको प्रावधान अव्यवहारिक भएकाले पुनर्विचार गरी उपयुक्त दण्ड व्यवस्था गर्नुपर्ने । व्यवसायीलाई प्रवर्द्धनात्मक दृष्टिले दर्ता पोर्टलमार्फत कारोबार गर्न प्रोत्साहित गर्नु ।

### ७. भन्सार सुधार र आधुनिकीकरण योजना (२०८२ साउन २७)

- विद्यमान प्रणाली पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने; भौतिक निरीक्षण कम गर्नुपर्ने ।
- सर्वर डाउन हुन नदिने पूर्वाधार व्यवस्था गर्नुपर्ने ।
- भारतसँग प्रणाली एकीकरण आवश्यक ।
- स्क्यानर लगायत उपकरण यथाशिघ्र जडान गर्ने ।

- धरौटी र दस्तुरको हिसाबलाई सुधार गरी, अप्रिय अभ्यास हटाउने ।
- प्राकृतिक विपद् जोखिम व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरी तयारी गर्ने ।

**८. काठमाडौं महानगरपालिका – बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण (२०८२ भदौ ३)**

- व्यवसायीलाई खाद्य प्रविधि र गुणस्तर कानुनबारे जनचेतना कार्यक्रम मार्फत जानकारी दिने ।
- व्यवसाय दर्ता/नविकरणमा अभिमुखिकरण गरी व्यवसाय सञ्चालन नियम बुझाउने ।
- महानगरद्वारा कार्यवाहीमा गोपनियता कायम राख्ने ।
- महानगरभित्र नभए पनि वितरण हुने व्यवसायको नियम उल्लङ्घन भए वाणिज्य विभागलाई जानकारी दिने ।

**८ औं बैठक (२०७८ ।०७ ।२१) सारांशः**

- **मस्यौदा छलफलः** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागद्वारा तयार पारिएको "बजारको तह र मूल्य निर्धारण सम्बन्धी मापदण्ड, २०७७" माथि समितिका सदस्य र सम्बन्धित संघ/संस्थाको उपस्थितिमा विस्तृत छलफल ।

**मुख्य सुझावहरूः**

- बजारको तह कम्तीमा ४ तहसम्म आवश्यक, थप तह स्थानीय सरकारलाई जानकारी दिई थप्न पाउने व्यवस्था ।
- प्रत्येक तहमा न्यूनतम २०% नाफा लिन पाउने प्रावधान, उद्योगमा कठनाइ हुने अवस्थामा १०% नाफा नियमले समस्या बढाउँछ ।
- नियमविपरित कार्य भएमा उपभोक्ता ठगी प्रमाणित भएमा क्रमिक कारवाही (चेतावनी → आर्थिक सजाय → कडा कारवाही) सुनिश्चित गर्ने ।
- सरकारी निकायमा बारम्बार विवरण बुझाउने प्रणाली हटाइ, डिजिटल एकीकृत प्रणालीमार्फत आवश्यक जानकारी उपलब्ध गराउने ।
- मापदण्ड निजी क्षेत्रमैत्री बनाइ प्रतिस्पर्धा र व्यवसायिक स्वतन्त्रता सुनिश्चित गर्न पुनरावलोकन आवश्यक ।

**कानूनी आधारमा समस्याः**

- मापदण्ड उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम (१२) अनुसार तयार भएको उल्लेख भए पनि आवश्यक नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको, त्यसैले कानूनी आधार स्पष्ट नभएको महासंघको बुझाइ ।

**सिफारिसः**

- थप कानूनी र आर्थिक परामर्श लिएर वाणिज्य विभागलाई जवाफ पठाउने ।

## विद्युतीय व्यापार (इ-कमर्स) निर्देशिका, २०८२ सम्बन्धी बैठक

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको इ-कमर्स निर्देशिका, २०८२ को मस्यौदामा राय/सुझाव तयार पार्न महासंघको व्यापार समिति र सूचना प्रविधि विकास समितिको संयुक्त बैठक मिति २०८२ पोष २८ मा बस्यो । बैठकमा प्रस्तावित मस्यौदाको दफावार छलफल गरी तीन मुख्य राय/सुझाव सरकारलाई प्रस्तुत गरिएको छ ।

| दफा/विषय | विद्यमान व्यवस्था | देखिएका समस्या (कारण) | सुझाव |
|---|---|---|---|
| प्रस्तावना | पारदर्शिता, सुरक्षा, उपभोक्ता संरक्षणमा केन्द्रित रहेको । | प्रवर्द्धन, स्टार्टअप र डिजिटल अर्थतन्त्र विस्तार पक्ष कमजोर रहेको । | व्यवसाय प्रवर्द्धन, स्टार्टअप/साना तथा मझौला उद्योग लाई सहयोग तथा डिजिटल अर्थतन्त्र विस्तार स्पष्ट रूपमा समावेश गरिनुपर्ने । |
| दफा २ | "व्यवसायी" को परिभाषा अत्यन्त व्यापक गरिएको । | प्लेटफर्म अपरेटर, विक्रेता, मध्यस्थ सबैमा एउटै दायित्व देखिन्छ । साथै सामाजिक सञ्जाल मार्फत गरिने व्यापार सम्बन्धी स्पष्टता नरहेको । | • यी सबैका भिन्न भिन्न कार्य भएकोले छुट्टाछुट्टै परिभाषा गरी दायित्व तोकिनुपर्ने ।<br>• सामाजिक सञ्जाल मार्फत व्यापार सम्बन्धी स्पष्ट रूपमा छुट्टै व्यवस्था हुनुपर्ने । |
| दफा ३ | प्रत्येक विद्युतीय व्यवसायीले विभागको पोर्टलमा अनिवार्य रूपमा फर्मको सूचीकरण गर्नुपर्ने । | साना व्यवसाय, स्टार्टअप तथा घरेलु उद्योगका लागि प्रवेश अवरोध हुने । | • कारोबारको आधारमा चरणवद्ध सूचीकरण गरिने व्यवस्था हुनुपर्ने ।<br>• साथै, ऐनको दफा ४ को उपदफा १ बमोजिम व्यवस्था स्पष्ट रूपमा गरिनु पर्ने ।<br>• तथापि, एक द्वार प्रणालीको अवधारणा अनुरूप कम्पनी रजिष्ट्रारको कार्यालयमा विद्युतीय व्यापार गर्ने उद्देश्यले दर्ता भएका सम्पूर्ण उद्योग व्यवसायहरूको Unified API (Application Programming Interface) मार्फत स्वतः सूचीकरण (Auto-Listing) हुने व्यवस्था हुनुपर्ने । |
| दफा ४ | सूचीकरणका लागि धेरै कागजात अनिवार्य रहेको । | Cyber Audit, Policy Document तयार गर्न समय लाग्ने तथा महँगो हुनुका साथै जटिल<br>रहेको । सानाव्यवसायीहरू हतोत्साहित हुनुका अनौपचारिक व्यापार प्रवर्द्धन हुन सक्ने । | • जेखिमको आधारमा न्यूनतम् साइबर सुरक्षा मापदण्ड तोकिनुपर्ने ।<br>• ठूला प्लेटफर्मका लागि मात्र विस्तृत अडिट गरिने व्यवस्था हुनुपर्ने ।<br>• घरेलु तथा साना, स्टार्टअपलाई सरल कागजात तथा न्यूनतम मापदण्ड पालना गरिने व्यवस्था हुनुपर्ने ।<br>• तथापि, प्रारम्भिक चरणमा Self Declaration प्रणाली स्वीकार्य गर्ने व्यवस्था हुनुपर्ने ।<br>• तत्पश्चात्, आवश्यक तयारी समय दिई र उक्त समयमा आवश्यक अभिमुखिकरण, सचेतना तथा तालिम दिई मात्र पूर्ण नियम पालना लागुहुने व्यवस्था गरिनुपर्ने । |

| दफा/विषय | विद्यमान व्यवस्था | देखिएका समस्या (कारण) | सुझाव |
|---|---|---|---|
| दफा ५ | निर्देशिका जारी भएपछि संचालनमा रहेका तर सूचीकरण भइनसकेका विद्युतीय व्यवसायहरूलाई ३५ दिनभित्र सूचीकरण गर्नुपर्ने र नगरेमा ऐन बमोजिम कारवाही गरी प्रदान गरेको थप ७ दिनको म्यादभित्र सूचीकरण नगरेमा विभागले त्यस्तो प्लेटफर्मलाई खारेज गरि कारवाही चलाउने । | विद्युतीय व्यवसाय प्रवर्द्धन तथा विस्तारको प्रारम्भिक चरण मै कठोर कारवाहीको व्यवस्था रहेको । साथै, सूचीकरण नभएकालागि प्रदान गरिएको ३५ दिनको समयसीमा न्यून रहेको । | ◆ चरणवद्ध सहजीकरण तथा नियमन गरिने व्यवस्था हुनुपर्ने ।<br>◆ पहिलो चरणमा, निर्देशिका जारी पश्चात अनिवार्य रूपमा अभिमुखीकरण मार्फत सचेतना तथा सहजीकरण गरी ९० दिनभित्र सूचीकरण गर्ने/गराउने व्यवस्था हुनुपर्ने ।<br>◆ तत्पश्चात् समेत, सूचीकरण नभएको अवस्थामा कडा चेतावनी तथा आर्थिक जरिवाना लगाई कारवाही गर्ने व्यवस्था हुनुपर्ने । |
| दफा ८(१) | विद्युतीय व्यापार (इ-कमर्स) प्लेटफर्मले प्रयोगकर्ताको व्यक्तिगत विवरण एनक्रिप्टेड रूपमा सुरक्षित राख्नुपर्नेछ । | यस दफालाई थप स्पष्टता दिनुपर्ने । | ◆ विद्युतीय व्यापार (इ-कमर्स) प्लेटफर्मले प्रयोगकर्ताको संवेदनशील व्यक्तिगत विवरण, विशेषगरी पासवर्ड, फोन/मोबाइल नं., ठेगाना, जन्म मिति लगायत प्रमाणीकरणका लागि प्रयोग हुने जानकारी सुरक्षितरूपमा एनक्रिप्टेड गरी राख्नुपर्नेछ । अन्य सामान्य व्यक्तिगत विवरणको हकमा अनधिकृत पहुँच, दुरूपयोग वा चुहावट हुन नदिन उचित प्राविधिक तथा व्यवस्थापकीय सुरक्षाका उपाय अवलम्वन गर्नुपर्नेछ । |
| दफा ८(२) | अनधिकृत पहुँच वा प्रयोगकर्ताको सूचना चुहावट भएमा वा प्लेटफर्ममा कुनै खराबी उत्पन्न भएमा तुरून्त कारोबार बन्द गरी साको जानकारी विभागमा दिई सो पुनः प्राप्ती (रिकभरी) भईसकेपछि मात्र व्यवसाय सुचारू गर्नुपर्नेछ । | कारोबार बन्द गर्न व्यवहारिक नरहेकोले । सुरक्षालाई सुनिश्चित गरी कारोबार सञ्चालन गर्न सकिने अवस्था समेत कारोबार बन्द गर्दा विक्रेता, क्रेता तथा मध्यस्थ लगायता सबै पक्षहरूलाई अवरोध खडा हुने भएकोले । | यस दफामा देहाय बमोजिम परिमार्जित गर्नुपर्नेः अनधिकृत पहुँच वा प्रयोगकर्ताको सूचना चुहावट भएमा वा प्लेटफर्ममा कुनै खराबी उत्पन्न भएमा सोको जानकारी विभागमा दिई सो पुनः प्राप्ती (रिकभरी) भईसकेपछि मात्र व्यवसाय सुचारू गर्नुपर्नेछ । |

| दफा/विषय | विद्यमान व्यवस्था | देखिएका समस्या (कारण) | सुझाव |
|---|---|---|---|
| दफा ९ (१ र २) | सबै विद्युतीय व्यापार व्यवसायीले व्यावसायिक कारोबार गर्दा डिजिटल भुक्तानी मात्र प्रयोग गर्नुपर्ने । नगद भुक्तानी गरिएको अवस्थामा कारोबारको विद्युतीय बीजक अनिवार्य रूपमा जारी गर्नुपर्ने । | यस प्रकारको वाक्यले बुझाईमा भिन्नता भई समस्या ल्याउने सक्ने सम्भावना रहेको जस्तैः नियमन तथा निरिक्षण गर्ने निकायले निषेध जस्तै व्यवहार गर्न सक्ने । डिजिटल भुक्तानी नभए विद्युतीय व्यापार मान्य हुदैन भन्ने धेरैको बुझाई हुन सक्छ । यसर्थ नीतिगत स्पष्टता आवश्यक छ भने Cash on Delivery (COD) ग्रहकहरूको सुरक्षाको दृष्टिकोणले प्रमुख रोजाई र प्रचलनमा रहेकोले यसलाई तत्काल हटाउँदा व्यापार र उपभोक्ता दुबै प्रभावित हुने भएकोले । | • नीतिगत स्पष्ट रूपमा वाक्यलाई परिमार्जन गरि नुपर्ने ।<br>• COD लाई संक्रमणकालीन रूपमा निरन्तरता दिने गरी व्यवस्था हुनुपर्ने ।<br>• COD भएपनि विलिङ र रेकर्ड अनिवार्य गरि नुपर्ने ।<br>• डिजिटल भुक्तानी प्रयोगमा प्रोत्साहनमुलक नीतिगत (छुट, क्यासव्याक) व्यवस्था गरिनुपर्ने ।<br>• विद्युतीय व्यापारको संचालन गर्दा नेपाल राष्ट्र बैंकबाट इजाजत वा मान्यता प्राप्त बैंक तथा भुक्तानी सेवा प्रदायक (Payment Service Provider-PSP) द्वारा प्रदान गरिएको डिजिटल पेमेन्ट गेटवे मार्फत भुक्तानी स्वीकार गरिनुपर्ने व्यवस्था हुनुपर्ने । |
| दफा ९ (३) | उपदफा (१) बमोजिमको कारोबारसंग सम्बन्धित भुक्तानी असफल भएमा सम्बन्धित फर्मले ७ दिनभित्र रिफण्ड तथा रिटर्नको व्यवस्था मिलाउनु पर्नेछ । | तोकिएको समयसीमाभित्र वस्तु वा सेवाको आपूर्ती नभएको वा अन्य कुनै कारण वस्तु रिटर्न गर्नुपरेमा र सो वापत भुक्तानी अघि नै भईसकेको अवस्थामा मात्र विद्युतीय फर्मले रिफण्ड वा रिटर्न गर्नुपर्ने दायित्व हुन आउँछ नकि भुक्तानी असफल भएको अवस्थामा । यसर्थ यस दफमा अस्पष्टता रहेको । साथै ७ दिनभित्र रिफण्ड तथा रिटर्न गर्ने समयसीमा सबै भौगोलिक क्षेत्र र व्यापार मोडेलका लागि उपयुक्त नरहेको । | • यस दफालाई स्पष्ट रूपमा परिमार्जन गरिनुपर्ने । रिटर्न वा रिफण्ड गर्ने अवस्थामा क्रेताको समेत दायित्वलाई स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने ।<br>• शहरी क्षेत्रका लागि ७ दिन तथा ग्रामिण क्षेत्रका लागि १० देखि १५ दिन भित्र रिटर्न तथा रिफण्ड गर्ने गरी व्यवस्था हुनुपर्ने ।<br>• रिटर्न तथा रिफण्डको खर्च क्रेता, विक्रेता र प्लेटफर्म बीच स्पष्ट रूपमा बाडफाँड हुने गरी व्यवस्था गरिनुपर्ने । |
| दफा १० | भ्रामक वा अतिरञ्जित सूचना तथा विज्ञापन निषेध गरिएको । | प्लेटफर्म संचालनकर्ता तथा विक्रेता बीचको दायित्वमा अस्पष्टता रहेको । | • दुबै जिम्मेवारी स्पष्ट रूपमा उल्लेखित रूपमा गरिनुपर्ने ।<br>• तथापि, कुनै अन्य अज्ञात स्रोतबाट Auto-play हुने विज्ञापन, सूचना, साम्रगी आदिको जिम्मेवार प्लेटफर्मको नहुने व्यवस्था हुनुपर्ने । |

| दफा/विषय | विद्यमान व्यवस्था | देखिएका समस्या (कारण) | सुझाव |
|---|---|---|---|
| दफा ११ | बहुनिकाय निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था हुनुका साथै ऐन अनुसार कडा कारवाहीको व्यवस्था रहेको । | धेरै सरकारी निकायहरूबाट निरीक्षण तथा अनुगमन हुनसक्ने भएकोले व्यवसायीमाथि खर्च तथा समयको बोझ थपिनुका साथै डर र अनिश्चितताको वातावरण सिर्जना हुने । | • एकद्वार प्रणाली मार्फत निरिक्षण तथा अनुगमन हुने व्यवस्था गरिनुपर्ने ।<br>• निरिक्षण तथा अनुगमन टोलीमा निजिक्षेत्र/सम्बन्धित व्यवसायिक संस्थाको तर्फबाट समेत प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने । यसो गर्दा विद्युतीय कारोबारमा हुने वा हुन सक्ने समस्याहरूबारे सम्बन्धित संघसंस्थाले समस्या नदोहोरिन आवश्यकता अनुसारको सहजीकरण, सचेतना, अभिमुखिकरण तथा तालिम आफ्ना सदस्यहरूलाई प्रदान गर्न सकिने वातावरण सिजृना हुने भएकोले ।<br>• अनुगमन अघि सूचना दिनुपर्ने व्यवस्था हुनुपर्ने ।<br>• पहिलो पटक गल्ती हुदाँ गल्तीको प्रकृतीका आधारमा सचेतना दिने र क्रमशः जरीवाना तथा कारवाही गरिने व्यवस्था हुनुपर्ने । |
| दफा १२ | १५ दिन भित्र गुनासो समाधान गरिसक्नुपर्ने व्यवस्था रहेको । | जटिल विवादका लागि तोकिएको १५ दिनको समयसीमा कम हुन सक्ने । | विवादको प्रकृति अनुसार समयसीमामा लचकता अपनाउनु पर्ने । |
| दफा १३ | वैकल्पिक गुनासो व्यवस्थापनका लागि विभागमा विवाद समाधान समितिको व्यवस्था रहेको । | विभागमा रहने विवाद समितिमा निजिक्षेत्र वा सम्बन्धित व्यवसायिक संघ/संस्था प्रतिनिधित्व नरहेको । | • विद्युतीय व्यापार ऐन, २०८१ को दफा ३३को उपदफा ६ बमोजिम गुनासो व्यवस्थापनको लागि विद्युतीय प्रणालीमा आधारित संयन्त्र - अनलाइन रिड्रेसल मेकानिजम्) विकास गरी विवाद व्यवस्थापन गरिने व्यवस्था हुनुपर्ने ।<br>• उक्त अनलाइन संयन्त्रमार्फत विवाद समाधान नहुदाँ सम्बन्धित व्यवसायिक संघ/संस्था मार्फत मध्यस्थता गरिने व्यवस्था हुनुपर्ने । र<br>• अन्तिम विकल्पको रूपमा मात्र विभाग अन्तर्गत रहने विवाद समिति मार्फत विवाद समाधान गरिने व्यवस्थाका साथै उक्त विवाद समितिमा कम्तीमा २ जना निजि क्षेत्र/सम्बन्धित व्यवसायिक संस्थाको तर्फबाट समेत प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने । यसो गर्दा विद्युतीय कारोबारमा हुने वा हुन सक्ने विवादहरूबारे सम्बन्धित संघसंस्थाले समस्या नदोहोरिन आवश्यकता अनुसारको सहजीकरण, सचेतना, अभिमुखिकरण तथा तालिम आफ्ना सदस्यहरूलाई प्रदान गर्न सकिने वातावरण सिजृना हुने भएकोले । |
| दफा १५ (१) | मन्त्रालयले आवश्यकता बमोजिम प्लेटफर्मका लागि न्यूनतम सूचना प्रविधि मापदण्ड जारी गर्न सक्नेछ । | घेरेलु, साना तथा ठुला सबै प्रकारका विद्युतीय व्यवसायहरूलाई ध्यानमा राखी मात्र मापदण्ड तयार गर्नुपर्ने भएकोले । | • प्लेटफर्मका लागि न्यूनतम सूचना प्रविधि मापदण्ड तयार गर्दा निजिक्षेत्र/सम्बन्धित व्यवसायिक संघसंस्थासंगको परामर्शमा मात्र अन्तिम रूपदिई जारी गर्ने व्यवस्था हुनुपर्ने । |

| दफा/विषय | विद्यमान व्यवस्था | देखिएका समस्या (कारण) | सुझाव |
|---|---|---|---|
| दफा १५ (२) | जारी मापदण्डको आधारमा विभाग मार्फत प्लेटफर्म परीक्षण गरी प्रमाणीकरण गराउनु पर्नेछ । | विभागसंग आवश्यक प्रमाणीकरण गर्ने नहुने भएकोले । | यस दफालाई परिमार्जित गरी Independent Expert बाट परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था हुनुपर्ने । |
| दफा १६ (२) | त्यस्तो विदेशी कम्पनीले नेपालको सम्बन्धित वाणिज्य, कम्पनी तथा फर्म, पारवहन, करप्रणाली, उपभोक्ता संरक्षण तथा डेटा गोपनीयता र संरक्षणसंग सम्बन्धित कानुन लगायत अन्य प्रचलित कानुनहरूको पालना गर्नुपर्नेछ । | यस दफामा सम्बन्धित सबै कानुनहरू समेटीसकेपछि अन्य प्रचलित कानुनहरू नराख्दा उपयुक्त हुनेभएकोले । | यस दफालाई देहाय बमोजिम परिमार्जन गर्नुपर्नेः त्यस्तो विदेशी कम्पनीले नेपालको सम्बन्धित वाणिज्य, कम्पनी तथा फर्म, पारवहन, करप्रणाली, उपभोक्ता संरक्षण तथा डेटा गोपनीयता र संरक्षणसंग सम्बन्धित कानुनहरूको पालना गर्नुपर्नेछ । |
| दफा १७ | मन्त्रालय र विभागका कर्मचारीका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था रहेको । | निर्देशिका लगायत विद्युतीय कारोबार सम्बन्धी निजि क्षेत्र/सम्बन्धित व्यवसायिक संघसंस्थाहरूको समेत क्षमता अभिवृद्धि गर्दा विद्युतीय व्यापारको प्रवर्द्धन तथा सुरक्षित संचालन हुने भएकोले । | क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रममा निजि क्षेत्र/सम्बन्धित व्यवसायिक संघसंस्थाहरूका सदस्य प्रतिनिधि तथा कर्मचारीहरूको सहभागिता गराउने व्यवस्था हुनुपर्ने । |
| विद्युतीय व्यापार ऐन, २०८१ | उच्च आर्थिक जरिवाना तथा कैद सजाय | हाल विकसित हुँदै गएको विद्युतीय व्यवसाय वातावरण तथा निजीक्षेत्र नीतिको मर्मसँग मेल नखाने देखिन्छन् । व्यवसाय संचलनका क्रममा हुन सक्ने प्रशासनिक, प्रक्रियागत वा अनिच्छित त्रुटिका कारण व्यवसायीलाई आपरिधककरण गर्ने र कैद सजायको व्यवस्था गर्नु व्यवसायको प्रवर्द्धनको सट्टा हतोत्साहित गर्ने भएकोले । | व्यवसाय प्रवर्द्धन, नवप्रवर्तन र सुधारमुखी दृष्टिकोण अनुसार कैद सजाय हटाई उपयुक्त, समानुपातिक तथा सुधारमुखी दण्ड व्यवस्था गरिनुपर्ने । |

### ११.. BIMSTEC FTA सम्बन्धी तयार गरिएको संक्षिप्त सुझाव

सन् २००४ मा विमस्टेक सदस्य राष्ट्रहरू बीच विमस्टेक स्वतन्त्र व्यापार क्षेत्र (एफटीए) ढाँचा सम्झौता (The Framework Agreement of BIMSTEC FTA) उपर निम्न उद्देश्यहरूको प्राप्तीका लागि सहमति भएको थियो ।

- सदस्य राष्ट्रहरू बीच आर्थिक, व्यापार तथा लगानी सहकार्यलाई सुदृढीकरण तथा वृद्धि गर्ने ।

- पारदर्शी, उदार र सहज लगानी व्यवस्था सृजना गरी वस्तु तथा सेवाहरूको प्रगतिशील उदारीकरण र व्यापार प्रवर्द्धन गर्ने ।
- सदस्य राष्ट्रहरू बीच घनिष्ठ सहयोगका लागि नयाँ क्षेत्रहरूको खोजी र उपयुक्त उपायहरूको विकास गर्ने ।
- यस क्षेत्रका अतिकम विकसित मुलुकहरूको थप प्रभावकारी आर्थिक एकीकरणका लागि सहजीकरण गर्ने र पक्षहरू बीचको विकास अन्तरलाई कम गर्ने ।

विमस्टेक स्वतन्त्र व्यापार क्षेत्र (एफटीए) अन्र्तगत वार्ता गर्न व्यापार वार्ता समितिको गठन भई सम्झौताका लागि सदस्य राष्ट्रहरू बीच वार्ता भईरहेको । निम्नानुसारका ६ वटा सम्झौताहरू वार्ता भई रहेका छन् ।

- Agreement on Trade in Goods of the Framework Agreement on the BIMSTEC Free Trade Area
- Agreement on Cooperation and Mutual Assistance in Customs Matters for the BIMSTEC Free Trade Area
- Agreement on Dispute Settlement Procedures and Mechanism of the Framework Agreement on the BIMSTEC Free Trade Area
- Agreement on Investment of the Framework Agreement on the BIMSTEC Free Trade Area
- Agreement on Trade Facilitation for the Framework Agreement on the BIMSTEC Free Trade Area
- (2nd) Protocol to amend the Framework Agreement on the BIMSTEC Free Trade Area.

उपरोक्त सम्झौताहरूबाट सिर्जना हुने अवसरहरूलाई नेपालले भरपुर उपयोग गर्न र आफ्नो निर्यात क्षमता बढाउन निम्नानुसार पूर्वतयारी गर्नुपर्ने अत्यावश्यक देखिन्छ ।

- **पूर्वाधार विकास :** व्यापार सहजीकरणका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सडक सञ्जाल, अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त प्रयोगशाला र कृषिजन्य वस्तुको निर्यातका लागि कोल्ड स्टोरेजको व्यवस्था हुनुपर्ने ।
- **उत्पादन क्षमता अभिवृद्धि :** आन्तरिक उत्पादन बढाउन नियमित उर्जा आपूर्ती सुनिश्चित गर्ने, दक्ष जनशक्ति विकास गर्ने र निर्यातयोग्य वस्तुहरूको विविधीकरणमा जोड दिने ।
- **प्रविधि र कच्चा पदार्थ :** विश्व बजारमा प्रचलित नयाँ प्रविधिको प्रयोग बढाउने र आयातमा आधारित अर्थतन्त्रलाई प्रतिस्थापन गर्न कच्चा पदार्थ उत्पादन गर्ने उद्योगहरू स्वदेशमै स्थापना गर्नुपर्ने ।
- **भन्सार तथा सीमा नाका :** एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाह को प्रभावकारी सञ्चालनका साथै भन्सार नाकाहरूमा अन्तर्राष्ट्रिय मापदण्डको सेवा सुविधा उपलब्ध गराउनुपर्ने ।
- **औधोगिक वातावरण :** समग्रमा देशमा औधोगिक र लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्ने ।

## निर्यात प्रवर्द्धन समिति

### विद्यमान अवस्था

विश्वका सवै विकसित एवं विकासशिल देशहरूले निर्यात व्यापारलाई आर्थिक विकासको मेरूदण्डको रूपमा अंगिकार गरी यसको विकास एवं प्रवर्द्धनमा निरन्तर तवरले लागि रहेका छन् । तर हाम्रो जस्तो अतिकम विकसित देशको आयात व्यापारको तुलनामा निर्यातको मात्रा निकै कम छ । आ.व. २०८१/८२ मा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा १९.३ प्रतिशतले वृद्वि भई रू.२०८१.१५ अर्वको भएको छ । कुल व्यापारमा निकासी तथा पैठारीको अनुपातः १:६.५ रहेको छ । कूल निकासी ८१.८ प्रतिशतले वृद्वि भई रू २७७.०३ अर्व पुगेको छ । यसैगरि आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनामा वस्तु निर्यात ४३.७६ वृद्वि भई रू. १४२.०२ अर्ब पुगेको छ भने कुल

पैठारी १४.१८ प्रतिशतले वृद्धि भई रू. ९३९.०२ अर्ब पुगेको छ । उक्त अवधीमा कूल व्यापारघाटा रू. ७९७.० अर्व रहेको छ । यस अवधीमा निर्यात-आयात अनुपात १:६.६ रहेको छ ।

नेपालबाट निकासी भएका प्रमुख वस्तुहरूमा सोयाविन तेल, यार्न, ऊनी गलैंचा, तयारी पोशाक, पामतेल, सूर्यमुखी तेल, जुट तथा जुटका सामानहरू, उनी फेल्टका उत्पादन, जुस, चीया, फलाम तथा फलामका उत्पादनहरू, प्लाईउड, अलैंची, पश्मिना शल प्रमुख रूपमा रहेका छन् ।

यसबाट के देखिन्छ भने अझै पनि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा निर्यात प्रवर्द्धनका लागि भएका पहलहरू प्रभावहिन भएको देखिन्छ । निर्यात क्षेत्रलाई सरकारले प्राथमिकताको क्षेत्रमा राख्नु पर्दछ ।

नेपालको आयात निर्यातको स्थिति निम्न चित्रबाट बुझ्न सकिन्छ ।




विशेषगरी सामुन्द्रिक बन्दरगाहसम्म पहुच नहुनु, चर्को हवाई एवम् कार्गो ढुवानी खर्च आदि कारणहरूले गर्दा नेपाली निर्यातका वस्तुहरू छिमेकी मुलुकहरूको दाजोमा महंगो भई न्यून प्रतिस्पर्धात्मक हुनपुगेका छन् । हाम्रो ढुवानी भाडा छिमेकी देशहरूको भन्दा करिव २५-३० प्रतिशत ले बढि छ जसले गर्दा ऋयकत या मयष्लन द्यगकष्लभकक महंगो हुन आउछ ।

सन् २०२६ देखि बंगलादेश र लाओस संगै नेपाललाई पनि संयुक्त राष्ट्र संघले मध्यम आय भएको विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्दैछ । त्यसपछि अविकसित मुलुकको रूपमा नेपालले पाइरहेको निर्यात भन्सार महशुल रहित बजार, बहुपक्षीय सहयोग र अनुदान एवम् सरसुविधाहरू कटौती हुने छन् र समग्र निर्यात प्रणालीमा ४ प्रतिशतले कमी आउने कुरा अध्ययनले देखाएको छ । त्यसैले स्तरोन्नती पछी त्यसको प्रभाव कम गर्नका लागि अहिले देखिनै तयारी गर्नु पर्दछ ।

## २. मुख्य कार्यहरु

क. निर्यात प्रबर्द्धन समितिको तर्फवाट आर्थिक वर्ष २०८२/८३ को वजेटको लागि निम्न लिखीत सुझावहरू पठाईएको थियो ।

- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्यावको अभावले गर्दा निर्यात गर्न सकिने विभिन्न निर्यात संभावना भएका वस्तुहरू पनि निर्यात हुन नसकिरहको अवस्था छ । साथै, भन्सार Clear`ing मा लामो समय लाग्ने र कृषिजन्य वस्तुहरू विग्रेर खेर जाने गरेकाले अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्याव स्थापना हुन पर्ने ।

- निर्यात व्यवसायलाई प्रवाह हुने कर्जामा अधिकतम ०.५ प्रतिशत प्रिमियममा कर्जा पाउने व्यवस्था हुन पर्ने ।
- निर्यातमा नगद अनुदान (Cash Incentive)
- अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रूपमा भुक्तानी प्राप्त गर्नको लागि विद्युतीय व्यापार (e-commerce) कारोबार गर्ने व्यवस्था ।
- सन् २०२६ पछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने हुँदा तत् पश्चात निर्यातमा देखिने थप चुनौतिहरूलाई सम्बोधन गर्नको लागि आवश्यक तयारी गर्न पर्ने ।
- निर्यातमा जोखिमलाई न्युनिकरण गर्न विश्वव्यापी रूपमा अवलम्बन हुँदै आएको Export Credit Insurance (ECI) नेपालमा पनि लागू गर्न आवश्यक ।

ख. सरोकारवालाहरूसंग कुनै छलफल नै नगरी नेपाल सरकारले निर्यात नगद अनुदान स्थगित गरेकोले रोक्का भएको निर्यात अनुदानलाई पुनः साबिक झैं सुचारू गराउनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई महासंघबाट लिखित रूपमा अनुरोध गरिएको थियो ।

ग. नेपाल बंगलादेश बीच सचिवस्तरीय बैठकमा उठाइनु पर्ने मुख्य व्यापार, पारवहन सुविधा लगायतका विषयहरूमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लिखित रूपमा नै सुझावहरू पठाईएको थियो ।

## कार्यक्रममा सहभागी

- मिति २०८२ बैशाख १५ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको नेपाल-चीन व्यापारको सम्बन्धमा उद्योगी, व्यापारी तथा व्यापार-पारवहन सम्बद्ध सरोकारवाला (निजीक्षेत्र) ले भोग्नुपरेको समस्या, व्यापार तथा पारवहनका क्षेत्रगत सवाल एवम् चुनौतीहरू विषय सम्बन्धी छलफल कार्यकम्रमा नेपाल उद्योग बाणिज्य महासंघबाट निर्यात प्रवर्द्धन समितिका सभापति श्री नरेशलाल श्रेष्ठ सहभागी हुनु भएको थियो ।
- मिति २०८२ बैशाख १७ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र (BIMSTEC FTA) सम्बन्धी छलफल कार्यकम्रमा नेपाल उद्योग बाणिज्य महासंघबाट निर्यात प्रवर्द्धन समितिका सभापति श्री नरेशलाल श्रेष्ठ, आमन्त्रीत सदस्यहरू श्री बलराम गुरूङ र श्री डिल्ली रत्न तुलाधर सहभागी हुनु भएको थियो ।
- मिति २०८२ बैशाख ३१ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको दक्षिण एशियाली क्षैत्रीय सहयोग संगठन (SAARC) अर्न्तगत SA FTA /SATIS को कार्यान्वयनको अवस्था तथा भविस्यको सम्भावना विषय सम्बन्धी छलफल कार्यकम्रमा नेपाल उद्योग बाणिज्य महासंघबाट उपाध्यक्ष श्री हेमराज ढकाल, निर्यात प्रवर्द्धन समितिका सभापति श्री नरेशलाल श्रेष्ठ, सदस्यहरू श्री धन प्रसाद लामिछाने, ईश्वर बहादुर गुरूङ, आमन्त्रीत सदस्य श्री बलराम गुरूङ सहभागी हुनु भएको थियो ।
- मिति २०८२ असार ३१ गते निर्यात प्रवर्द्धन केन्द्रमा भएको महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) सम्मान कार्यक्रम सम्बन्धि तयारी बैठकमा समितिका सभापति श्री नरेशलाल श्रेष्ठ र उपसभापति श्री पशुपतिदेव पाण्डे सहभागी हुनु भएको थियो ।
- मिति २०८२ भाद्र ८ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको नेपाल र संयुक्त राज्य अमेरिका बीच व्यापार तथा लगानी सम्बन्धि छलफल कार्यक्रममा समितिका सभापति श्री नरेशलाल श्रेष्ठ र उपसभापति श्री पशुपतिदेव पाण्डे सहभागी हुनु भएको थियो ।
- मिति २०८२ कार्तिक २५ गते नेपाल उद्योग, वाणिज्य महासंघमा GIZ Mission Team संग GIZ's global programme- Global Alliance for Trade Facilitation (GATF) सम्बन्धि बैठकमा समितिका सभापति श्री नरेशलाल श्रेष्ठ र उपसभापति श्री पशुपतिदेव पाण्डे सहभागी हुनु भएको थियो ।

- मिति २०८२ पौष ११ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको Nepal-China Coordination Mechanism on Border Trade and Cooperation को तयारी बैठकमा नेपाल उद्योग बाणिज्य महासंघबाट श्री रेशम बहादुर पोखेल सहभागी हुनु भएको थियो ।

## व्यापार मेला समिति

नेपाल उद्योग वाणिज्य महासंघले हरेक वर्ष आयोजना गर्दै आएको नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको १०औं संस्करण २०८२ बैशाख २५ देखि २९ सम्म भृकुटीमण्डप काठमाडौमा आयोजना भएको थियो । उक्त मेलाको उद्घाटन तत्कालीन उद्योग मन्त्री माननीय श्री दामोदर भण्डारीज्यूले गर्नु भएको थियो । मेलामा १०५ भन्दा बढी स्टलहरू राखिएका थिए जहां नेपाली परम्परागत हस्तकला, वस्त्र, जडीबुटी, जैविक उत्पादनहरू तथा अन्य विविध मौलिक सिर्जनाहरू प्रदर्शन गरिएको थियो । यस मेलामा अन्तर्राष्ट्रिय सहभागिताअन्तर्गत चीन र बंगलादेशबाट पनि प्रदर्शकहरू सहभागी भएका थिए । मेलामा सहभागी भएका १०५ वटा स्टलहरूमध्ये ४१ वटा चीनबाट, ८ वटा बंगलादेशबाट र ५६ वटा नेपालबाट थिए । ती स्टलहरूमा सहभागीहरूले आफ्ना उत्पादनहरू, प्रविधि तथा सेवाहरू प्रदर्शन गरे र व्यापारिक अवसरहरूको खोजी गरे ।

१०५ स्टलहरूमध्ये नेपाल व्यापार एकीकरण रणनीति (NTIS) अन्तर्गतका उत्पादनसँग सम्बन्धित नेपाली घरेलु, साना तथा मध्यम उद्यमहरू (SMEs) लाई प्रोत्साहन गर्न १० वटा स्टल निःशुल्क उपलब्ध गराइएको थियो ।






- २०८२ असार ५ देखि ७ सम्म चीनको कुनमिङ शहरमा आयोजना भएको China South Asia Expo मा ५६ स्टल मार्फत नेपाली निकासी योग्य बस्तुहरूको प्रर्दशनी एंव विक्रि गरिएको थियो । उक्त मेलामा नेउवामहासंघको समेत १ वटा स्टल राखि आयोजक एंव चिनिया व्यापारीहरू र नेपाली व्यापारी विच B2B को समन्वय एव सहजिकरण गरेको थियो । मेलामा नेउवामंहासघका व्यापार मेला समितिका उपसभापति एंव कार्यकारिणी समितिका सदस्यहरूको समेत सहभागीता भएको थियो ।
- २०८२ असार १२ देखि १६ सम्म चीनको ग्चगलअजष शहरमा आयोजना भएको Eurasia Commodity And Trade fair मा ८ वटा स्टल मार्फत नेपाली निकासी योग्य बस्तुहरूको प्रर्दशनी एंव विक्रि गरिएको थियो ।
- असोज ९ देखि १२ सम्म भारतको दिल्ली शहरमा World Food India, सम्पन्न भयो । उक्त मेलामा नेउवामंहासघका व्यापार मेला समितिका सभापति श्री उमेश डालमियाको संयोजकत्वमा ३ जना व्यापारीक प्रतिनिधि मण्डलले भाग लिएको थियो ।

- पौष २२ देखि २६ सम्म भारतको नया दिल्लीमा आयोजना भएको South Largest Integrated Food and Manufacturing Show मा महासंघका उपाध्यक्ष श्री हेमहाज ढकालज्यू, व्यापार मेला समितिका सभापति श्री उमेश डालमियाज्यु र उपसभापति श्री सबिन श्रेष्ठज्यू लगायत खाद्य बस्तुसंग सम्बन्धित कार्यकारिणी समिति सदस्यहरू, जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्ष तथा पदाधिकारीहरू बस्तुगत संघहरू तथा एशोसिएट सदस्यहरू गरी ३२ जना व्यापारी प्रतिनिधिमण्डलले मेलाको अवलोकन एंव B2B meeting मा भाग लिएको थियो । उक्त मेलामा महासंघको पहलमा ८ वटा नेपाली कम्पनीहरूले नेपाली निकासीयोग्य बस्तुहरू जस्तै कफी, चिया, खाद्यसंग सम्बन्धित सामान, अलैंची तथा जडिबुटीको स्टल राखि प्रर्दशनी समेत गरिएको थियो ।









- Expo Riyadh २०३० मा नेपालको सहभागिता, र World Expo सम्बन्धि समन्वय तथा निर्देशन समितिको बैठकमा महासंघको तर्फबाट नेउवामहासंघका व्यापार मेला समितिको सदस्य तथा भक्तपूर उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्ण मुरारी न्यौपानेले भाग लिनु भएको थियो ।
- यस १ वर्षको अवधिमा ५ पटक व्यापार मेला समितिको बैठक बसेको थियो ।

## महिला उद्यमी विकास समिति :

महिला उद्यमी विकास समितिको मुख्य उद्देश्य महिला उद्यमीको सशक्तीकरण, नेटवर्क विस्तार, व्यवसायिक सीप अभिबृद्धि, बजार प्रवर्द्धन सहयोग तथा नीतिगत सुधारका लागि सरकार र सम्बन्धित निकायमा आवाज उठाउनु हो । समितिले यस उद्देश्य अनुरूप तालिम, गोष्ठी, मेला, सम्मेलन र अन्तरक्रिया जस्ता कार्यक्रम आयोजना गर्दै आएको छ । साथै, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्ने र विभिन्न समिति तथा कार्यक्रमहरूमा प्रतिनिधित्व गर्ने काम पनि गर्दै आएको छ ।

- समितिले नेपाल फर्निचर व्यवसायी महासंघ र लायन्स क्लव अफ काठमाडौं सेन्ट्रलको सहकार्यमा, नेपाल क्यान्सर अस्पताल, हरि सिद्धिस्थितको प्राविधिक



सहयोगमा २०८२ कार्तिक ३० गते काठमाडौंमा महिलाहरूको स्तन तथा पाठेघर निःशुल्क परीक्षण कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा डा. मुरारी मान श्रेष्ठ, डा. अनुशा शर्मा, डा. सुनिता श्रेष्ठ लगायतका विशेषज्ञले सेवा प्रदान गर्दै क्यान्सर सम्बन्धी सचेतना पनि दिएका थिए ।



- कार्यक्रमको उद्घाटनमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल र सभापति श्री कमला श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभयो । अध्यक्ष ढकालले कार्यक्रमले महिलाहरूको जीवनस्तर र स्वास्थ्य सचेतनामा योगदान पुग्ने विश्वास व्यक्त गर्दै आयोजकहरूलाई धन्यवाद र सहभागी महिला दिदीबहिनीहरूलाई शुभकामना दिनुभयो । सभापति श्रेष्ठले कार्यक्रमको महत्व र छोटो समयमा धेरै महिलाहरूको सहभागिता सुनिश्चित भएको कुरा उल्लेख गर्दै सम्बन्धित निकायहरूसँगको सहकार्यका लागि आभार व्यक्त गर्नुभयो ।



- महासंघका कोषाध्यक्ष श्री भरतराज आचार्य लगायत कार्यकारिणी समितिका सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्षहरू, नेपाल क्यान्सर अस्पतालका प्रमुख लगायत विषेशज्ञ डाक्टरहरू, लाइन्स क्लब अफ काठमाडौ सेन्ट्रलका अध्यक्ष समेतको उपस्थिति रहेको उक्त कार्यक्रमको समापन समारोहमा उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ उपस्थित भई महिलाहरूका लागि यो निःशुल्क स्वास्थ्य सेवा सम्पन्न गर्न सकिएकोमा खुशी व्यक्त गर्नुहुंदै यस किसिमको कार्यक्रमले जनसमुदायमा सचेतना बढाउने साथै यस परिक्षणबाट धेरै महिला दिदी बहिनीहरूले लाभ लिन सक्ने बताउनु भयो । कार्यक्रमको समापन समारोहमा सहयोगी संघ संस्थाहरूलाई सम्मान समेत गरिएको थियो । उक्त कार्यक्रमा १३५ जना महिलाहरूले स्वास्थ्य परिक्षण गराउनु भएको थियो ।




- यसरी नै वीरगञ्ज उद्योग वाणिज्य संघले मिति २०८२ भाद्र १४ गते "बृहत महिला सम्मेलन २०८२" आयोजना गरेको थियो । बारा र पर्शा जिल्लाका महिलाहरूले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, सामाजिक सेवा लगायत विविध क्षेत्रमा आवद्ध भई आ-आफ्ना क्षेत्रमा सफलापूर्वक कार्य सम्पादन गरिरहेको सामाजिक पहिचान र उनीहरूमा लुकेर रहेको प्रतिभाको उजागर गर्ने उद्देश्यका साथ सम्माननीय पूर्व राष्ट्रपति विद्या देवी भण्डारीको प्रमुख आतिथ्यतामा आयोजना गरिएको उक्त सम्मेलनमा समितिको तर्फबाट सभापति श्री कमला श्रेष्ठले विशिष्ट आतिथ्यता ग्रहण गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । सोही कार्यक्रम अन्तरगत "नारीः शक्ति, समर्पण र सम्मान" विषयक कार्यशालामा सहभागिहरूकामाझ आफ्ना प्रेरक भनाईहरू राख्नुहुंदै विषयगत छलफल (Panel Discussion) को नेतृत्व समेत गर्नुभएको थियो ।
- यस महासंघ र अन्तराष्ट्रि श्रम संगठन (आई.एल.ओ.) को सहकार्यमा मिति २०८२ श्रावण १९ र २० गते "सशक्त

महिला समृद्ध नेपाल" कार्यक्रम अन्तरगत सुर्खेतको वीरेन्द्रनगरमा दुईदिने तालिम सम्पन्न भएको थियो । कर्णाली प्रदेशका माननीय सामाजिक विकास मन्त्री श्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यमा आयोजना भएको उक्त कार्यक्रमको मुख्य उद्देश्य संस्थागत तहमा गुनासो सुनुवाई संयन्त्र (Grievance Handling Mechanism) स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गरी संयन्त्रलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु रहेको थियो । कर्णाली प्रदेश सरकार, स्थानिय निकाय, उद्योग प्रतिष्ठान लगायत सम्बन्धित निकायका प्रतिनिधिहरूको सहभागिहता रहेको उक्त कार्यक्रममा सभापति कमला श्रेष्ठले विशेष आतिथ्यता ग्रहण गर्दै महिलालाई आर्थिक रूपमा सक्षम बनाउन, रोजगारीको निरन्तरता कायम राख्न साथै सन्तुलित पारिवारिक वातावरण सुनिश्चित गर्न यो संयन्त्र अनिवार्य भएको धारणा प्रकट गर्नु भएको थियो ।





- मिति २०८२ श्रावण १८ गते कर्णाली प्रदेशका अध्यक्ष लगायत पदाधिकारीहरू, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लगायत पदाधिकारीहरू साथै त्यहांका स्थानिय महिला उद्यमीहरूसंग उद्योग व्यवसायका समसामयिक समस्याहरूबारे छलफल गर्नुभएको थियो । साथै महिला उद्यमीहरूले संचालन गर्दै आएका उद्योग व्यवसायहरू यसका सम्भावना, कच्चा पदार्थ, सरकारले व्यवस्था गरेका नीति नियमहरू, महिला उद्यमीहरूले सामना गर्नुपरेका समस्याहरू, उत्पादित वस्तुको गुणस्तर साथै बजारीकरण लगायत विविध विषयहरूमा अन्तरक्रिया गर्नुभएको थियो ।



- यसैगरी उहांले मिति २०८२ श्रावण १६ गते नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी लगायत स्थानिय महिला उद्यमीहरूसंग भेटघाट गरी उद्योग व्यवसाय देखा परेका समस्याहरू, महासंघले सरकारसंग गरेका पहलहरू लगायत महिला उद्यमीहरूको विकास, विस्तार एवं प्रवर्द्धनका लागि समितिले गर्दै अएका कार्यहरू, सरकारसंग गरेका पहलहरूका साथै आगामी दिनमा महिला उद्यमीहरूको विकासका लागि गर्न सकिने कार्यहरूबारे विस्तृत छलफल गर्नुभएको थियो ।




- अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एफसिएले आरोही (परमर्श, सीप र सहयोगमार्फत महिला उद्यमशीलतालाई अगाडि बढाउने) कार्यक्रम अन्तरगत २०८२ जेष्ठ ३० गते काठमाडौंमा आयोजना गरेको "Breaking Barriers: Women's Entrepreneurship in Nepal" विषयक



कार्यक्रमको Panel Discussion मा समितिका उपसभापति श्री सरस्वती राईले भाग लिनु भएको थियो । छलफलको क्रममा उहांले महिला उद्यमीहरूले सामना गर्दै आएका विभिन्न समस्या एवं चुनौतिहरूका बारेमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

- यसै सन्दर्भमा महिला उद्यमशीलताका समसामयिक विषयमा छलफल गर्न समितिले यही २०८२ वैशाख २८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालिन माननीय मन्त्री श्री शरतसिंह भण्डारीज्यूसंग भेटघाट गऱ्यो । सोही क्रममा सभापति श्री कमला श्रेष्ठले डिजिटल युगको आवश्यकता र बजारको मागलाई मध्यनजर गर्दै सातैवटा प्रदेशका स्थानिय महिला उद्यमी व्यवसायीहरूलाई डिजिटल प्रविधिको ज्ञान र सीपको विकास गराई उद्यमशीलताको प्रवर्द्धन गर्ने, स्वरोजगारी बनाउने साथै रोजगारी समेत सृजना गर्ने उद्देश्यले डिजिटल मार्केटिङ सम्बन्धी तालिम कार्यक्रम संचालन गर्ने योजना बनाएको कुरा प्रस्तुत गर्नुहुंदै तालिम संचालन गर्न आवश्यक बजेटको व्यवस्थाका लागि माननीय मन्त्रीज्यू समक्ष अनुरोध गर्नुभयो साथै समितिमार्फत कार्यक्रमको अवधारणा समेत पेश गरिएको छ । सोही क्रममा माननीय मन्त्रीज्यूले महिला उद्यमशीलताका क्षेत्रमा गरिने क्रियाकलापहरूमा मन्त्रालय निरन्तर रूपमा महासंघसंग सहकार्य गरी अघि बढ्ने बताउनु भएको थियो ।



- यसैगरी समितिले सोही मितिमा महिला उद्यमशीलताका समसामयिक विषयमा छलफल गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका तत्कालिन माननीय मन्त्री श्री नवल किशोर साह सुडीज्यूसंग भेटघाट गरेको थियो । छलफलको क्रममा माननीय मन्त्रीज्यूले महासंघसंग गरिने सहकार्यमा मन्त्रालय सधै सकारात्मक हुने बताउनु हुदै मन्त्रालयका सचिवज्यूसंग भेटी थप छलफल गर्न समेत सल्लाह दिनुभयो ।



- तत्पश्चात समितिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका तत्कालिन सचिव श्री लक्ष्मी कुमारी बस्नेतसंग समेत भेटघाट गरी महिला उद्यमशीलताका बारेमा छलफल गरेको थियो । छलफलको क्रममा उहांले महिला उद्यमशीलता प्रवर्द्धनका लागि गरिने क्रियाकलापमा सहकार्यका लागि मन्त्रालय सधै तत्पर रहने आश्वासन दिनुभयो । यसै क्रममा समितिले मन्त्रालयको सहयोग, समन्वय र सहकार्यमा मुलुकभरका महिला उद्यमीहरूलाई सहभागी गराई "महिला उद्यमीहरूको राष्ट्रिय सम्मेलन" आयोजना गर्नका लागि आ.व. २०८२/०८३ को बजेटमा सो कार्यक्रम समावेस गरिदिनका लागि कार्यक्रमको अवधारणा पत्र सहित अनुरोध गरेको थियो ।



- नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तरगत सातै प्रदेशका एक/एक जना महिला उद्यमीलाई

राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार प्रदान गर्ने कार्यक्रम भए अनुसार यस वर्ष प्रदान गरिने पुरस्कारका लागि मन्त्रालयले मिति २०८२ बैशाख २० गते सूचना प्रकाशित गरी १५ दिनको समयसीमा भित्र आवेदन माग गरेकाले योग्यता पुगेका स्थानिय महिला उद्यमीलाई जानकारी गराई कार्यक्रममा सहभागि गराईदिन सातै प्रदेशका अध्यक्षज्यूहरूलाई अनुरोध गरिएको थियो । साथै उक्त पुरस्कार सिफारिशका लागि गठित समितिमा उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठले प्रतिनिधित्व गर्दै आउनु भएको छ ।



- नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशले गत: चैत्र महिनामा आयोजना गरेको ढाका महोत्सवको समुद्घाटन समारोहमा सभापति श्री कमला श्रेष्ठले आतिथ्यता ग्रहण गर्नुभएको थियो । ढाका कपडाको उत्पादनलाई प्रबर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त ३ दिने महोत्सवमा विभिन्न सरकारी, निजी एवं सरोकारवाला निकायहरूको प्रतिनिधित्व रहेको थियो । "नेपाली भेषभूषा, हाम्रो बोली, ढाकाको सारी, ढाकाकै चोली" भन्ने नारा सहित स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न कोशी प्रदेशका मुख्यमन्त्री श्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा आयोजित उक्त महोत्सवको समुद्घाटन समारोहमा उहांले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## स्वास्थ्य तथा विपद् व्यवस्थापन समिति :

### सहकार्यको स्थायीत्व र स्थानीयकरण सम्बन्धी कार्यशाला



२०७८ बैशाख २४-२५ गते होटल बसेरामा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भयो। गोष्ठी गृहमन्त्रालयको संयोजनमा, नेपाल उद्योग वाणिज्य महासंघ र अन्य सरोकारवालाको सहकार्यमा आयोजित थियो । कार्यक्रममा सरकारी अधिकारी, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरू सहभागी भए र नेपालको बहु-सरोकारवाला स्थानीयकरण मोडेलको मूल्याङ्कन तथा सुधार गरिएको थियो ।

कार्यशालामा स्थानीय स्वयंसेवकको सहभागिता, विपद् प्रतिकार्य क्षमता सुधार, डाटा व्यवस्थापन, स्रोत अभाव, र निजी क्षेत्रको सीमित संलग्नता जस्ता चुनौतीहरूमा ध्यान दिइयो । कार्यक्रमको निष्कर्ष अनुसार, विपद् सम्बन्धी पहलहरू जिल्लास्तरमा निजी क्षेत्रको सहकार्यमा प्रभावकारी रूपमा विस्तार गर्न सकिने ठहर भयो ।

### स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको डेनिस रेडक्रस प्रतिनिधिसँग भेटवार्ता

२०८२ असार २० गते नेपाल उद्योग वाणिज्य महासंघमा डेनिस रेडक्रस सोसाइटिका प्रतिनिधिसँग स्वास्थ्य तथा

विपद व्यवस्थापन समितिको उपाध्यक्ष श्री हेमराज ढकालको विशेष आतिथ्यता र सभापति श्री भक्त बहादुर हमालको सभापतित्वमा भेटवार्ता सम्पन्न भयो ।



उपाध्यक्ष ढकालले महासंघले विपदको समयमा अग्रपंक्तिमा रहेर सहयोग गर्दै आएको अनुभव साझा गर्नुभएको र डेनिस रेडक्रससँग सहकार्यका लागि महासंघ सधैं तत्पर रहेको बताउनुभयो । सभापति हमालले महासंघको संरचना, सदस्यता, कार्यक्षेत्र र समितिबाट सम्पन्न कामका बारेमा जानकारी दिनुभयो ।

डेनिस रेडक्रस प्रतिनिधि राजेश पौडेलले निजी क्षेत्रको नेटवर्क विपद व्यवस्थापनमा महत्वपूर्ण रहेको र आवश्यकता अनुसार सामग्री आपूर्ति, यातायात, खाद्यान्न, औषधि, टेन्ट, कपडा आदि क्षेत्रमा निजी क्षेत्रको भूमिका अपरिहार्य रहेको बताउनुभयो । प्रतिनिधि जेस्पर नेइल्सेनले नेपालमा नउत्पादित हुने अत्यावश्यक वस्तुको उत्पादन र विपदकालीन आपूर्तिमा निजी क्षेत्रसँग सहकार्यको महत्व औंल्याउनुभयो ।

बैठकमा महासंघका समिति सदस्यहरू र आमन्त्रित सदस्यहरू पनि उपस्थित थिए । सभापति हमालले भविष्यमा रेडक्रससँग सहकार्यको प्रस्ताव राख्दै महासंघ सधैं हातेमालोका लागि तत्पर रहेको बताउँदै बैठक समापन गर्नुभयो ।

## स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको नियमित बैठक (२०८२ असार २०)

स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको बैठक महासंघ सचिवालयमा सभापति श्री भक्त बहादुर हमालको अध्यक्षतामा सम्पन्न भयो । बैठकमा उपसभापति श्री रविन पुरी, श्री दीपक प्रसाद दाहाल, सदस्य श्री सुरेश घिमिरे र आमन्त्रित सदस्य श्री देव नारायण चौंलागाईंको उपस्थिति थियो ।

बैठकले विपद व्यवस्थापनका लागि महासंघमा कोष खडा गर्ने निर्णय गर्‍यो । कोषमा सदस्यता नविकरण शुल्कको १०% र समितिको संकलित रकम राखिने छ । साथै, मनसुनजन्य विपदको सम्भावना भएकाले सचेतना सूचना जारी गर्ने, राहत सामग्रीको व्यवस्था गर्न सदस्य संघसँग सम्झौता गर्ने र आवश्यकता अनुसार अध्यक्षसँग सल्लाह गरेर कार्य योजना तयार गर्ने निर्णय भयो ।

## विपद जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना :

विपद व्यवस्थापन र व्यवसाय निरन्तरता योजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम साउन ८ गते महासंघको स्वास्थ्य विपद व्यवस्था समिति र यूनिसेफको सहकार्यमा आयोजना गरियो । विपद केहो, यसको जोखिम के के हुन सक्छन, विपदले व्यवसायमा कसरी हानी गर्न सक्दछ, यसको न्यूनिकरण गर्न के के गर्नुपर्दछ लगायतका विभिन्न विषयहरूको बारेमा जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरियो ।

## Monsoon Preparedness and Response National Action Plan 2082

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगत रहेको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाले मनसुन पूर्व तयारीका लागि मनसुनको समयमा आपूर्ति व्यवस्थापनको विषयमा निजी क्षेत्रसंग सहकार्य गर्न Monsoon Preparedness and Response National Action Plan 2082 तयार गर्न माननीय मन्त्रीज्यूको उपस्थितिमा निजी क्षेत्रसंग कार्यक्रम आयोजना गरेको थियो । सो अवसरमा महासंघका कार्यकारिणी समिति सदस्य एवं स्वास्थ्य तथा विपद व्यवस्थापनका उप-सभापति श्री रविन पुरीज्यूको सहभागिता रहेको थियो । सो अवसरमा उपसभापति पुरीले नेपाल उद्योग वाणिज्य महासंघ सदाझैं अग्रपंक्तीमा रहेर आफ्नो भूमिका निर्वाह गर्ने बताउनुभयो ।

## एशियन डिजास्टर रेडिनेश फण्ड समिति मिटिङः

स्वास्थ्य विपद तथा व्यवस्थापन समितिका सभापति श्री भक्त हमालले महासंघ मार्फत एशियन डिजास्टर रेडिनेश फण्ड समिति (ADRF) को भर्चुअल बैठकमा सहभागिता रह्यो । उक्त बैठकमा सभापति हमालले विपद् एवं स्वास्थ्य संग सम्बन्धित कार्यक्रमहरू देशैभरि जनचेतनामुलक ढंगबाट निरन्तर कार्यहरू गराउनुपर्ने बताउनुभयो । उक्त कार्यको सहकार्यको लागि महासंघ सदैव सहकार्य गर्न तयार रहेको समेत बताउनुभयो ।

## पुर्वसुचना (Early Warning) सम्बन्धी राष्ट्रिय कार्यशाला

मिति २०८२ श्रावण २२-२३ मा नगरकोट, होटल कन्ट्री भिल्लामा २-दिने "अर्ली वार्निङ फर अल" राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरियो । गोष्ठीको उद्घाटन राष्ट्रिय विपद प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टको सभापतित्वमा र गृह मन्त्री रमेश लेखक को प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा गृह मन्त्रालयका उच्च अधिकारी, यूएन एजेंसी प्रतिनिधि, ७ वटै प्रदेशका सरोकारवालाहरू र निजी क्षेत्रको सहभागिता थियो ।

कार्यशालाको उद्देश्य संयुक्त राष्ट्रसंघले २०२७ सम्म विश्वभर पूर्वसूचना प्रणाली लागू गर्ने लक्ष्यअनुसार नेपालमा तयारी गर्नु र जोखिम व्यवस्थापन योजना तयार गर्नु थियो । नेपाल सरकार गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद प्राधिकरणले प्रदेशदेखि राष्ट्रिय स्तरसम्म कार्य विभाजन गरी तयारी थालनी गरेको छ ।

### महत्वपूर्ण निर्णयः

- नेपाल २०२७ सम्म प्रणाली लागू गर्ने लक्ष्य राख्ने तर पूर्ण रूपमा सन् २०३० सम्म लागु गर्ने ।
- निजी क्षेत्रसँग प्रत्यक्ष सहकार्य गर्दै पूर्वसूचना प्रणालीको मस्यौदा तयार ।
- अर्को चरणको गोष्ठी आयोजना गरी कार्य योजना मूर्त रूप दिने तयारी ।

### पशुपंछी औषधि व्यवसायी भेटवार्ता (सारांश)

स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको समन्वयमा नेपाल पशुपंक्षी औषधि व्यवसायी संघको प्रतिनिधिमण्डल महासंघ सचिवालयमा भेटियो । व्यवसायीहरूले व्यवसाय नविकरणमा उत्पन्न समस्या समाधान गर्न सहयोगको माग गरे ।

औषधि व्यवस्था विभागको नियमअनुसार व्यवसाय नविकरणका लागि परिक्षा उत्तीर्ण प्रमाणपत्र आवश्यक भए पनि विगतमा तालीम लिएका व्यवसायीमध्ये ३५३ मध्ये ४३ मात्र उत्तीर्ण भएका कारण धेरै व्यवसायीहरू समस्यामा परेका थिए । महासंघले यसलाई ध्यानमा राख्दै अनुभवका आधारमा व्यवसाय लाइसेन्स स्वतः नविकरण गर्न विभागसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गर्यो ।

भेटवार्तामा सभापति भक्त बहादुर हमाल, उपाध्यक्ष हेमराज ढकाल, सह सभापति दीपक प्रसाद दहाल, सदस्य रविन पुरी, नानिराज घिमिरे, पशुपति देव पाण्डे र सुरेश घिमिरे उपस्थित थिए ।

## विपद पुर्व तयारी बैठक

नेपाल सरकार गृह मन्त्रालयले निजी क्षेत्रसँग सहकार्यका लागि विपद पूर्व तयारी बैठक आयोजना गऱ्यो । महासंघका स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति भक्त हमालले महासंघ सधैं अग्रपंक्तीमा रहेर सामाजिक उत्तरदायित्व पूरा गर्ने र सबैभन्दा ठूलो निजी क्षेत्रीय नेटवर्क भएको बताए ।

## बैंक, वित्तीय तथा वीमा समिति

१. आ.व. २०८२ /८३ का लागि नेपाल सरकारले सार्वजनिक गर्ने राजस्व नीतिमा सुझाव पेश गर्नको लागि राजस्व परापर्श समिति अन्तर्गत गठित "बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूंजीबजार उपसमिति" मा महासंघको तर्फबाट समिति सभापति आनन्द कुमार बगरिया र उपसभापति कुश प्रसाद मल्लीले प्रतिनिधित्व गर्नुभएको । उपसमितिमा महासंघले प्रस्तुत गरेका सुझाव मध्ये अधिकांश सुझाव बजेटमा सम्बोधन गरिएका छन् । महासंघका सुझावमध्ये बजेटमा समावेश भएका मुख्य विषयहरूः

- पछिल्लो समय समग्र बजार मागमा कमी आई व्यवसाय संकुचन भएको कारणले समस्यामा परेका उद्योगी व्यवसायीहरूको कर्जाको पुनर्तालिकीकरण तथा व्याज जरिवानामा सहुलियत प्रदान गर्ने ।
- सम्बन्धित व्यक्तिले आफ्नो केवाइसी विवरण वर्षमा एकाउंमा मात्र भरे पुग्ने व्यवस्था गर्ने ।
- उधारो कारोबारसम्बन्धी कानून तर्जुमा गर्ने ।
- बैंक तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैर बैकिङ्ग सम्पत्ति व्यवस्थापनको लागि एसेट मेनेजमेण्ट कम्पनीको स्थापना गरिने ।

२. नेपाल राष्ट्र बैंकका नवनियुक्ति गभर्नर डा. विश्वनाथ पौडेलसंग जेठ ७ गते महासंघ अध्यक्ष लगायत पदाधिकारी एवं समितिका सदस्यहरूले भेट गरी सफल कार्यकालको शुभकामना एवं बधाई दिंदै निजी क्षेत्रका तर्फबाट सुझाव प्रस्तुत गर्नुभएको ।

३. नेपाल राष्ट्र बैंकले आ.व. २०८२ /८३ को लागि सार्वजनिक गर्ने मौद्रिक नीतिमा समावेश गर्नको लागि महासंघको तर्फबाट प्रस्तुत गरिने सुझाव संकलन गरी राष्ट्र बैंकसमक्ष प्रस्तुत गरिएको । यस आ.व. को मौद्रिक नीतिमा पूंजी चलायमान बनाउन तथा अर्थतन्त्रमा सकारात्मक प्रभावको लागि विभिन्न नीति जस्तै चालु पुँजी कर्जा र अन्य क्षेत्रमा सुधार, व्यक्तिगत घर निर्माण तथा खरिदमा कर्जाको सीमा वृद्धि, साना तथा मझौला व्यवसाय प्रवर्द्धनका लागि रू. १० लाखसम्मको कर्जा प्रवाहमा बैंकहरूले स्वयं धितो मूल्यांकन गर्न सक्ने जस्ता कार्यक्रम ल्याएको थियो ।

४. चालु आर्थिक वर्षको प्रथम त्रैमास (असोज मसान्त)मा कर्जाको सावां व्याजको किस्ता बुझाउने समय नजिकिंदै गर्दा देशका विभिन्न भागहरूमा भएका आन्दोलन, विरोध प्रदर्शन, तोडफोडका घटना लगायत अविरल वर्षा तथा बाढी पहिरोले देशको पूर्वी एवं मध्य भागमा पुऱ्याएको क्षति, एवं यसैसयमा नेपालीहरूको महान चाड दशैंको कारण लामो समय सार्वजनिक विदा पर्न गएकोले ऋणिहरूलाई समयमै किस्ता बुझाउन समस्या भएकोले असो ज मसान्तको किस्ता बुझाउने समय सीमा थप गरिदिने आवश्यक व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकलाई अनुरो ध गरिएको । राष्ट्र बैंकले प्रभावित कर्जालाई ऋणीको अनुरोधमा व्यवसायमा परेको प्रभावको यकिन गरी ०८२ पौषसम्मको लागि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सक्ने व्यवस्था गरेको ।

# शिक्षा, सिप विकास र रोजगार समिति

## सूचना तथा संचार प्रविधि विकास समिति

- राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८२ मनाउने सिलसिलामा गठित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बिभिन्न समिति/उपसमितिहरूमा समितिका सभापति लगायत सदस्यहरूको प्रतिनिधित्व रहेको थियो ।
- सूचना तथा सञ्चार प्रविधि विकास समितिका सभापतिको सभापतित्वमा व्यापार समितिसंगको संयुक्त वैठक वसी विद्युतीय व्यापार निर्देशिका, २०८२ को मस्यौदा माथि छलफल गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुझाव पठाइएको थियो ।

## स्टार्ट अप एण्ड इनोभेसन फोरम

**१. नेपालमा स्टार्टअप एण्ड ईन्नोभेशनः** नेपालमा स्टार्टअपको इतिहास हेर्दा भण्डै १५ वर्ष पुरा भएको देखिन्छ । विश्वमा प्रविधि र इन्टरनेटमा पहुँच बढ्दै आएसंगै नेपाली युवाहरूमा पनि प्रविधि–आधारित व्यवसायहरू जस्तै आईटी, इ–कमर्स, फिनटेक, एग्रो–टेक, र पर्यटनमा नवउद्यम स्टार्टअप गर्नेहरू बढ्दै गए । यसबिचमा नवसोच वा नवप्रवर्तनकारी उद्यम स्टार्टअप व्यवसायका रूपमा परिचित हुँदै र चुनौतीहरूबाट आफूलाई जोगाउँदै सफल उद्यमका रूपमा स्थापित भएको उदाहरण पनि छन् ।




स्टार्टअपको चहलपहल संगैं नेपाल सरकारले सन् २०३० सम्म एक हजार स्टार्टअप र एक लाख गुणस्तरिय रोजगारी सिर्जना गर्ने लक्ष्य लियो । तत्कालीन समयमा नेपाली निजी क्षेत्रहरूको छाता संगठन नेपाल उद्योग वाणिज्य महासघले पनि आफूलाई यस बिषयम तयार गर्दै र महासंघको १० बर्षे National Economic Transformation 2030 रणनीतिक (भिजन) पेपरमा स्टार्टअप एण्ड ईन्नोभेशन समितिले उद्योग मन्त्रालय तथा विभिन्न सरोकारवालाहरूको समेत सहभागीतामा स्टार्टअप नीति, स्टार्टअपहरूलाई कर छुट, सहुलियपूर्ण कर्जा वितरण, स्टार्टअप कोष तथा बोर्डको गठन लगायतका विषयहरूलाई जोड दिएर स्टार्टअप नीति निर्माणमा मन्त्रालयलाई सघाउने प्रतिवद्धता व्यक्त गरे अनुसार नेपाल राष्ट्रिय स्टार्टअप नीतिको मश्यौदा बनाएर मन्त्रालयलाई हस्तान्तरण गऱ्यो । महासंघले स्टार्टअप र त्यसले गरेका पहलकदमीहरूलाई निरन्तरता दिने गरी मिती २०८०।३।२२ कार्यकारिणी समिति सदस्य जूना माथेमाको सभापतित्वमा स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको गठन गऱ्यो । फोरम गठन लगत्तै नेपालमा स्टार्टअप र यसको विकासका लागि बिभिन्न अध्ययनहरूबाट प्राप्त सुझावहरूका साथै नवगठित

फोरमका सदस्यहरूबाट प्राप्त सुझाव र अघिको समितिले गर्न बाँकी बिषयहरूलाई समेतलाई समेटेर फोरमको सफल संचालनका लागि समूहमा काम गर्ने क्षमता (टिम वर्क), समन्वय गर्ने भाषाको कला, समस्या समाधान गर्ने क्षमता, नेतृत्वदायी क्षमता, रचनात्मक चिन्तन, उद्देश्य केन्द्रित सुझाव, व्यवसायिक योजना बनाउने सिप, लगनशीलता तथा धैर्यता, व्यवस्थापन क्षमता, आर्थिक व्यवस्थापन, व्यापारिक सिप, जोखिम उठाउने क्षमता आदिको पहिचान गर्दै यि बषियहरूलाई यस प्रकार पाँचवटा थिम नीतिमा पैरवी र त्यसमा जनचेतना, अनुसन्धान तथा ज्ञान विकास, क्षमता अभिबृद्धि, स्टार्टअप र ईन्नोभेशनको स्तरोन्नती र संजाल निर्माण, र समन्वयमा आफूलाई केन्द्रित गर्दै अगाडी बढाउने रणनीतिक बैकठको निर्णय अनुसार फोरमले काम गर्दै आएको छ ।

यिनै ५ वटा कार्यलाई नै आफ्नो मूल मन्त्र मान्दै महासंघ, स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले हालसम्म १७ वटा बैठक आयोजना गरिसकेको र ईन्कुबेशन, आईडिया पिचिङ, NYEF Startup Award, राष्ट्रिय स्टार्टअप नीति २०८० को कार्यान्वयन, स्टार्टअप उद्यम कर्जा संचालन कार्यबिधिहरू (२०७९ देखी २०८२) को निर्माण, व्यवसाय संवर्धन सेवा संचालन तथा व्यवस्थापन कार्यबिधि २०८२, बिद्युतिय व्यापार बिधेयक २०८०, गिग ईकोनोमि लगायत सरकार तथा विकास साझेदारबाट आयोजना गरिदै आईएका स्टार्टअप संग सम्बन्धित योजना तथा कार्यक्रमहरूको देशभरका स्टार्टअपहरूको जानकारीका लागि स्टार्टअप नेशनल नेटवर्क (WhatsApp Group) मार्फत सूचनाहरूलाई सर्बसुलभ बनाउन निरन्तर योगदान पुऱ्याउँदै आईरहेको ।

## स्टार्टअप नेशनल नेटवर्कमा प्रदेश, जिल्लानगर, बस्तुगत र NYEF सम्मको प्रतिनिधित्वः

नेपालमा हालसम्म के कति स्टार्टअप छन् र तीनको अवस्थाको कुनै आधिकरीक अध्ययन भएको पाईदैन । तथापी, नेपाल उद्योग वाणिज्य महासंघ अर्न्तगतको स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले अंगिकार गरेको रणनीति नं. ५ अर्न्तगतबाट स्टार्टअपलाई राष्ट्रिय रूपमा पहिचान तथा सूचनालाई राष्ट्रव्यापी गराउने उद्देश्यले महासंघ जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ, ल्थ्ँ, स्टार्टअपमा आबद्ध राष्ट्रिय, प्रदेश र स्थानीय व्यक्तित्वहरूलाई समाबेश गरेर महासंघ स्टार्टअप नेशनल नेटवर्क (WhatsApp Live Network) निर्माण गरिईएको थियो । हालसम्म ७ प्रदेश, ३५ जिल्ला नगर, १४ बस्तुगत र १६ ल्थ्ँ जोडिईएका र व्यक्ति गरी जम्मा ९८ जना यस समूहमा जोडिनु भएको । नेटवर्कको उद्देश्य देश तथा विदेशमा आयोजना भइरहेका र आयोजना हुन लागेका स्टार्टअप ईभेन्ट, स्टार्टअप उद्यम कर्जा लगाएतका बिषयहरूका बारेमा यस संजाल मार्फत सूचना पुऱ्याइँदै आईएको छ ।



## स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले आफ्नो कार्यकाल २०७९ देखि २०८२ माघ सम्म गरेका प्रमुख कार्यहरुको संक्षिप्त जानकारी :



**२०८० असार २२ मा टार्टअप एण्ड ईन्नोभेशन फोरमको सपथ तथा पहिलो बैठक बस्यो ।** पहिलो बैठकमा फोरम सदस्यहरूको काम कर्तव्यका बारेमा जानकारीका साथमा रणनीतिक बैठक आयोजना गर्ने सम्बन्धमा छलफल गरिएका थिए ।



**फोरमको दोस्रो तथा रणनीति तर्जुमा:** २०८० श्रावण १६ मा फोरमका सदस्य सहित पदाधिकारी र स्रोतव्यक्तिको उपस्थितीमा फोरमको रणनीतिक बैठक होटल स्क्वायर, ललितपुरमा बसेर मुख्य ५ वटा रणनीति तयार पारेको थियो ।



**राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८०:** उद्योग वाणिज्य महासंघको स्टार्टअप एण्ड ईन्नोभेशन समितिले मस्यौदा तयार गरेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई उपलब्ध गराए अनुसार हालको स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको नियमित पहलमा मिति २०८१ जेष्ठमा मन्त्रालयले सो नीति कार्यान्वयनमा ल्याएको ।



**स्टार्टअप नेशन २०३०:** सन् २०२३ को स्टार्टअप सम्मेलनले आउने ७ बर्ष भित्र नेपाललाई "स्टार्टअप" मुलूक बनाउने लक्ष्य लिएको थियो । सम्मेलन काठमाण्डौमा सम्पन्न भएको थियो । भने २०२४ को सम्मेलनको लक्ष्य २०३० सम्म नेपाललाई दक्षिण एशियामा स्टार्टअप–मैत्री राष्ट्रका रूपमा स्थापित गर्ने थियो ।



**स्टार्टअप नीति सम्बाद:** राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० कार्यान्वयनमा आएसंगै नीतिमा भएका व्यवस्था नीतिको उद्देश्य, नीतिको रणनीति र कार्यनीतिका बारेमा स्टार्टअप एण्ड ईन्नोभेशन फेरमले बहस आयोजना गरेका थियो र उक्त बहसमा पायोनियर ल फमले फोरमलाई सहयोग गरेको थियो ।




**बार्षिक नीति, कार्यक्रम र बजेटका लागि सुझाव:** स्टार्टअप प्रवर्द्धनार्थ फोरमका तर्फबाट प्रत्येक बर्ष सजिलो दर्ता, सहुलियत कर्जा, ह्याड्होल्डिङ, १० बर्ष कर छुट, प्रबिधिसहितका स्टार्टअपलाई कम्तिमा ६ बर्षका लागि बिना ब्याजे ऋण, सरकारी बैकल्पिक लगानी कोष, स्टार्टअप बोर्ड सम्बन्धमा सुझावहरू पेश गरिदै आएको ।




**स्टार्टअप मधेश २०२४-२०३०:** २०२४ नोभेम्बर ९ मा स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको सहजिकरणमा मधेश प्रादेशिक सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानसंगको सहकार्यमा मधेश प्रदेश स्टार्टअप समितिले "मधेश स्टार्टअप तथा उद्यमी सम्मेलन २०२४ सम्पन्न गरिएको ।



**उद्यमशिलता ईकोसिस्टमका लागि समुदायमा आधारीत ईन्क्यूवेशन भर्चुअल तालिमः** स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले उद्यमशिलता ईकोसिस्टमको क्षमता अभिबृद्धिका लागि एग्ः नेदरल्याण्डससंगको फोरमले मिति २०८० चैत्र १४ गते देखि ५ हप्ते भर्चुअल तालिम संचालन गरेको थियो ।




**नेपाल युवा उद्यमी मञ्च स्टार्टअप अवार्डः** नेपाल उद्योग वाणिज्य महासंघ अर्न्तगतको युवा उद्यमी मञ्चले वार्षिक आयोजना गर्दै आएको स्टार्टअप अवार्ड २०२४ र २०२५ लाई महासंघबाट आर्थिक र फोरमका तर्फबाट आइडिया पिचिङ तथा छनौटका काममा सहयोग प्रदान गरेको थियो ।



**स्टार्टअप उद्यम कर्जा संचालन कार्यबिधि सम्बादः** सरकारद्धारा संचालीत स्टार्टअप कर्जा र त्यको कार्यबिधिका बारेमा जानकारी दिने उद्देश्यले महासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका सभापतिको अध्यक्षतामा सम्बाद कार्यक्रमको आयोजना गर्दै आएको छ ।



**कर्णाली प्रदेश स्तरीय स्टार्टअप संबादः** मिति २०८२ भदौ १७ मा स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्धारा कर्णाली प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।



**सुदूरपश्चिम प्रदेश स्तरीय स्टार्टअप संबादः** मिति २०८२ भदौ २३, स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्धारा सुदूरपश्चिम प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।



**मधेश प्रदेश स्तरीय स्टार्टअप संबादः** मिति २०८२ आश्विन ०४ स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्धारा मधेश प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।



**स्टार्टअप एण्ड ईन्नोभेशन फोरम १६औ बैठकः** जेनजी आन्दोलनले स्टार्टअप तथा समग्र व्यवसायमा पारेको प्रभाव, पुर्नउत्थानका लागि महासंघ र फोरमले गर्न सक्ने प्रयास र FNCCI ईन्क्यूवेशनको सम्भाव्यता र प्रभावकारीताका बारेमा मिति २०८२ कार्तिक १४ गते फोरमको १६ औं बैठकमा छलफल गरिएको थियो ।



**नेउवामहासंघ उद्यम सम्बादः** मिति २०८१ मंसीर ३ मा स्टार्टअप, लघु, घरेलु तथा साना उद्यम, ICT, अन्तराष्ट्रिय लगानी समिति तथा फोरमहरूको सहकार्यमा महासंघले स्टार्टअप उद्यम, लघु तथा साना उद्यम, ICT र अन्तराष्ट्रिय लगानीका बारेमा बृहत संबाद कार्यक्रम आयोजना गरिएको । स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका तर्फबाट समापतिज्यूले स्टार्टअप नीतिका बारेमा बहस गर्नका साथै प्यानलको मोडरेशन पनि गर्नु भएको ।



**स्टार्टअप र महिला उद्यमशिलता बिषयक अर्न्तक्रियाः** मिति २०८२ माघ २६ गते नेपाल उद्योग वाणिज्यसंघमा स्टार्टअप एण्ड ईन्नोभेशन फोरम र महिला उद्यमी विकास समितिले डिल्लीबजार कन्या बहुमुखी क्याप्सको सहकार्यमा स्टार्टअप र महिला उद्यमशिलताका बारेमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो । सभापतिद्धय जूना माथेमा र कमला श्रेष्ठले सहजिकरण गरेको उक्त कार्यक्रमको कन्या क्याम्पसका ४० जना शिक्षक तथा विद्यार्थिहरूको सहभागी रहेका थिए ।

**७. नेउवामहासंघ उद्यम सम्बादः** मिति २०८१ मंसीर ३ मा स्टार्टअप, लघु, घरेलु तथा साना उद्यम, ICT, अन्तराष्ट्रिय लगानी समिति तथा फोरमहरूको सहकार्यमा महासंघले स्टार्टअप उद्यम, लघु तथा साना उद्यम, ICT र अन्तराष्ट्रिय लगानीका बारेमा बृहत संबाद कार्यक्रम आयोजना गरिएको । स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका तर्फबाट समापतिज्यूले स्टार्टअप नीतिका बारेमा बहस गर्नका साथै प्यानलको मोडरेशन पनि गर्नु भएको ।

**११. अन्य गतिविधिहरूः**

क. फोरम सभापतीद्धारा महासंघ अध्यक्ष सहितको BIMSTEC सम्मेलनमा भाग लिएर भारतिय स्टार्टअप तथा इन्नेभेसन संग छलफल गर्नु भएको ।

ख. ITC ILO ईटलीको आयोजनामा संचालीत बैदेशिक रोजगार र त्यसबाट फर्केकाहरूको पुन:एकिकरण बिषयको १५ दिनको तालिममा सभापतिज्यूको सहभागी रहनका साथै त्यसबाट प्राप्त ज्ञानबाट महासंघमा पुनः एकिकरण निर्देशिका विकास गर्न पहल गरिए अनुसार निर्देशिका तयार भएको ।

ग. त्यस्तै, ICIMOD द्धारा आयोजना गरिएको स्टार्टअप भारत भ्रमणमा सहभागी भई भारतको हाईद्राबाद T-HUB बाट सिकेका कुरालाई नेपाल सरकार, नेउवामहासंघ र सम्बन्धीत अरू निकायसंग त्यस्तै नभएपनि केही गर्न प्रस्तावहरू तयारगरी तत्-तत निकायहरूमा साझेदारीका लागि पहल गर्ने क्रममा २०८२/८३ को नीति तथा कार्यक्रममा अर्थमन्त्रिज्यूलाई सुझाव दिने क्रममा ७ प्रदेशका लागि ७ वटा ईन्कुबेशन सेन्टर स्थापनाको प्रस्ताव पेश गरिएको ।

घ. बिद्युतीय व्यापार बिद्येयक, २०८०, स्टार्टअप कर्जा संचालन कार्यबिधि २०८०, २०८१ र २०८२, बैदेशिक लगानी ऐन, आदिका सरकार तथा सरकारका निकायद्धारा आयोजित छलफल तथा बैठकहरूमा सभापतिज्यू स्वंम तथा सदस्यहरूको सहभागिता रहदै आईएको ।

ङ. बिद्युतीय व्यापार बिद्येयक, २०८० का बारेमा राष्ट्रिय सभाका सदस्यहरूसंग छलफल गरिएको ।

च. राष्ट्रिय युवा परिषद, सानोठिमी संग नवउद्धम तथा स्टार्टअप कार्यक्रमहरूमा सहकार्य तथा समन्वय गरिदै आएको । आ.ब. २०८०/२०८१ का लागि परिषदले आयोजना गर्ने स्टार्टअप पिचिङ कार्यक्रममा बिचारहरूको छनौटमा महासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरम सुरूदेखी सहभागी भएर परिषदलाई सहयोग गरेको थियो ।

छ. नेपाल उद्योग वाणिज्य महासंघद्धारा दिगो उद्यमशीलता, व्यवसाय वृद्धि तथा क्षेत्रीय सहकार्यका लागि ६-७ नोभेम्बर २०२३ मा नेपलमा आयोजित कन्फेडेरेसन अफ एसिया-प्यासिफिक चेम्बर्स अफ कमर्स एण्ड इन्डस्ट्री (CACCI) को ३७औँ सम्मेलनले नेपालमा स्टार्टअप, नवप्रवर्तन (Innovation) र लगानीका अवसरहरूका छलफल गरेको र सो कार्यक्रममा सभापतिज्य नेपालको स्टार्टअप ईकोसिस्टमका बारेमा प्रस्तुति गर्नु भएको थियो ।

ज. सन् २०२४ को अप्रिल २८-२९ आयोजित तेस्रो नेपाल लगानी सम्मेलन सभापतिज्यूद्धारा 'Enhancing Nepal's Startup Climate and Ease of Doing Business' शिर्षकमा नीति सुधार, प्रशासनिक झन्झट (रेड टेप) घटाउने तथा नवप्रवर्तन प्रवर्द्धन गर्ने विषयमा केन्द्रित छलफल भएको थियो ।

झ. नेपालको स्टार्टअप इकोसिस्टमलाई भारतमा आयोजना हुने स्टार्टअप महाकूम्भ, मेलाहरूमा नेपालको सहभागीता तथा आइआईटी स्टार्टअप मद्रास नेपालका स्टार्टअपहरूलाई सहभागी गराउने सर्न्दभमा नेपाल स्थित भारतीय दुतावासद्धारा आयोजित कार्यक्रमहरूमा महासंघका तर्फबाट स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका सभापतिज्यू स्वयम सहभागी भएर महासंघका तर्फबाट धारणा राख्दै आउनु भएको । उक्त समयमा सभापतिजूले नेपाल उद्योग वाणिज्य महासंघको ७७ वटै जिल्लामा आफ्नो नेटवर्क र स्टार्टअपले पनि स्टार्टअप नेशनल नेटवर्क स्थापना गरि समन्वयका कामहरू गरिरहेकाले यसकार्यमा ईच्छुक स्टार्टअपहरूसंग दुतावसलाई समन्वय गराउने काममा सहयोग गर्न सकिने धारणा व्यक्त गर्नु भएको थियो ।

**१२. सरकार तथा विश्वबिद्यालय समितिहरूमा महासंघ स्टार्टअप फोरमको तर्फबाट सदस्यमा मनोनयनः**

| क्र.सं. | प्रतिनिधित्व गर्ने निकाय र बिषय | प्रतिनिधि |
|---|---|---|
| १ | स्टार्टअप तथा सूचना प्रबिधिक्षेत्रलाई अर्थतन्त्रको सम्बाहक क्षेत्रको रूपमा स्थापीत गर्न नीतिगत, कानूनी तथा संस्थाथत सुधार सम्बन्धमा अध्ययन प्रतिवेदन समिति, अर्थ मन्त्रालय | जूना माथेमा |
| २ | त्रि.वि. ईन्क्यूबेसन, व्यवसाय प्रवर्द्धन केन्द्र, अर्थशास्त्र बिभाग, कीर्तिपुर | जूना माथेमा |
| ३ | स्टार्टअप कर्जा संचालन समिति बिज्ञ, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वर | हरि पौडेल |

१३. स्टार्टअप उद्यम विकासका लागि सरकारी पहलकदमी :

| क्र.सं. | बिधेयक, नीति, नियमावली र कार्यबिधि | कार्यान्वयनमा आएको मिति |
|---|---|---|
| १ | सरकारको नीति तथा कार्यक्रम, २०७९/८० | २०७९/०२/१० |
| २ | स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यबिधि, २०७९ | २०७९/०२/१० |
| ३ | राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० | २०८०/०२/०२ |
| ४ | सरकारको नीति तथा कार्यक्रम २०८०/८१ | २०८०/०२/०५ |
| ५ | स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यबिधि, २०८० | २०८०/१०/१८ |
| ६ | केही नेपाल ऐनहरू संशोधन गर्न बनेको अध्यादेश, २०८१ ले स्टार्टअप परिभाषालाई संशोधन गर्न पारित गरेको । | २०८१/०३/२४ |
| ७ | स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यबिधि, २०८१ | २०८१/०४/३२ |
| ८ | उद्यमशिलता प्रवर्द्धन केन्द्र संचालन तथा व्यवस्थापन कार्यबिधि, २०८१ | २०८१/०४/३२ |
| ९ | आर्थिक तथा व्यवसायिक वातावरणको सुधार र लगानी प्रवर्द्धनसम्बन्धी केही नेपाल कानूनहरू संशोधन गर्न बनाइएको अध्यादेश, २०८१ ले ११ वटा कानूनहरूमा संशोधन पारित गरेको । | २०८१/०९/२९ |
| १० | स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यबिधि, २०८२ | २०८२/९/१९ |

## पुंजीबजार फोरम

- नेपाल राष्ट्र बैंकले आ.व. २०८१।८२ को मौद्रिक नीतिको तेस्रो समिक्षा मार्फत शेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाएर १०० प्रतिशतमा झारेको थियो । महासंघले यस विषयमा बारम्बार आफ्नो सुझाव प्रस्तुत गर्दै आएको थियो ।
- मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा हटाउन महासंघले शुरूवातदेखि नै सुझाव दिंदै आएकोमा राष्ट्र बैंकले २०८२ असोज २२ मा परिपत्रमार्फत यो व्यवस्था हटाइएको सूचना प्रकाशन गरेको थियो ।

# कृषि उद्यम केन्द्र

## कोदो बाली प्रवर्द्धनका लागि बागमती प्रदेश र कृषि उद्यम केन्द्र बीच सहकार्य

७ जेठ २०८२ मा कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी. बस्नेतले बागमती प्रदेश सरकारलाई कोदो खेती विस्तार तथा बजारीकरणको अवधारणा पत्र हस्तान्तरण गर्नुभयो ।



### मुख्य उद्देश्य:

- आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा कोदो प्रवर्द्धनलाई समावेश गर्ने ।
- कृषि विकासका लागि प्रदेश सरकार र उद्यम केन्द्रबीच निरन्तर समन्वय र सहकार्य गर्ने ।

## कृषि उद्यमी क्षमता अभिवृद्धि तालिम सम्पन्न

२०८२ वैशाख २४-२६ सम्म काभ्रेको धुलिखेलमा २१ जिल्लाका अगुवा कृषि उद्यमीहरूका लागि तीन दिने सीप विकास तथा क्षमता अभिवृद्धि तालिम सफलतापूर्वक सम्पन्न भयो ।

## प्रमुख उपलब्धि तथा सम्बोधन:



- **उद्घाटन:** नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री सुर कृष्ण वैद्यले गर्नुभयो । उहाँले कृषिको व्यवसायीकरण र बीमा सरलीकरणमार्फत युवा पलायन रोक्न सकिनेमा जोड दिनुभयो ।
- **प्रतिबद्धता:** कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी. बस्नेतले कृषि विधेयक, बजार प्रवर्द्धन र निर्यात वृद्धिका लागि केन्द्रले गरिरहेको पहलका बारेमा जानकारी दिनुभयो ।
- **सहभागिता:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतका २१ जिल्लाका अगुवा उद्यमीहरूको उपस्थिति थियो ।
- **विज्ञ टोली:** दिपेन्द्र कुमार जोशी र डा. जीत बहादुर चन्दसहित १० जना विज्ञहरूले प्रशिक्षण दिनुभएको थियो ।

## कृषि क्षेत्रका चुनौती, सम्भावना र नवप्रवर्तन विषयक छलफल सम्पन्न



४ जेठ २०८२ मा कृषि क्षेत्रका चुनौती, सम्भावना र नवप्रवर्तन विषयक छलफल कार्यक्रम ने.उ.वा. महासंघ कृषि उद्यम केन्द्रको पहलमा विभिन्न कृषि सम्बद्ध संघसंस्थाको संयुक्त आयोजनामा काठमाडौंमा सम्पन्न भयो ।

कार्यक्रममा महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले कृषि विकासका लागि सरकार-निजी क्षेत्र सहकार्य आवश्यक रहेको बताए भने केन्द्रका सभापति श्री डी.बी. बस्नेतले उठेका विषय मन्त्रालयमा प्रस्तुत गर्ने प्रतिबद्धता जनाए । ३० भन्दा बढी संघसंस्थाको सहभागिता रहेको कार्यक्रममा नीति, प्रविधि र बजारीकरणबारे छलफल भयो ।

## प्रस्तावित कृषि विधेयक र राष्ट्रिय कृषि नीति बारे छलफल सम्पन्न



२ असार २०८२ मा कृषि उद्यम केन्द्रको आयोजनामा प्रस्तावित कृषि विधेयक र राष्ट्रिय कृषि नीतिबारे सरोकारवालाबीच छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि श्री हेमराज ढकालले कृषक-मैत्री नीति आवश्यक रहेको बताउँदै विधेयक सुधारका लागि सुझाव संकलन महत्वपूर्ण भएको उल्लेख गर्नुभयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले प्राप्त सुझावहरू एकीकृत गरी मन्त्रालयमा पेश गर्ने र व्यवसायीको हकहितका लागि निरन्तर पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा विभिन्न कृषि तथा व्यवसायिक संघसंस्थाको सहभागिता रहेको थियो ।

## नेपाल आँप महोत्सव २०२५ सम्पन्न



कृषि उद्यम केन्द्र लगायत विभिन्न संस्थाको आयोजनामा तीन दिने नेपाल आँप महोत्सव असार १५ मा सम्पन्न भयो । कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीले आँपको व्यवसायिक खेती, मूल्य अभिवृद्धि र बजार विस्तारमार्फत रोजगारी सिर्जना तथा निर्यात सम्भावना रहेको बताउनुभयो ।

महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले नेपाली आँपको ब्रान्डिङ गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिने उल्लेख गर्नुभयो । कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले आँपको प्रवर्द्धन र बजारीकरणमा केन्द्रको निरन्तर सहयोग रहने बताउनुभयो । महोत्सवमा महासंघ, कृषि उद्यम केन्द्र र विभिन्न सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो ।

## राष्ट्रिय कोदो दिवस तयारीबारे छलफल सम्पन्न



कृषि उद्यम केन्द्र, नेपाल कोदो तथा फापर संघ र सहकार्य संस्थाहरूको आयोजनामा राष्ट्रिय कोदो दिवस तयारी तथा कोदो बालीको मूल्य शृंखला विषयमा ५ श्रावण २०८२ मा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति तथा संघका अध्यक्ष श्री डी.बी. बस्नेतले कोदोको व्यवसायीकरण, आयात प्रतिस्थापन र कृषकले उचित मूल्य पाउने वातावरण निर्माणमा संघ क्रियाशील रहने बताउनुभयो ।

सरकारले १६ साउनलाई राष्ट्रिय कोदो दिवस घोषणा गरेसँगै उत्पादन, बजार, प्रविधि, ब्रान्डिङ र नीति सुधारमा जोड दिनुपर्ने सरोकारवालाहरूले धारणा राखे । कार्यक्रममा कोदो बालीको मूल्य शृंखलाबारे केन्द्रका प्रमुख कार्यकारी अधिकृत श्री दीपेन्द्र कुमार जोशीले प्रस्तुतिकरण गर्नुभएको थियो ।

## कृषि क्षेत्र तथा कृषि व्यवसायका नीतिगत समस्या र समाधानबारे छलफल सम्पन्न



कृषि उद्यम केन्द्रको आयोजनामा श्रावण ८, २०८२ मा कृषि क्षेत्र तथा कृषि व्यवसायका नीतिगत समस्या र समाधानबारे सरोकारवालाबीच अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा ने.उ.वा. महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले प्रस्तावित कृषि विधेयक र नीतिलाई समयसापेक्ष बनाउन छुटेका विषय समेट्नुपर्ने बताउँदै आयात-निर्यातका समस्यामा महासंघले पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले व्यवसायीमैत्री नीति बिना कृषि आधुनिकीकरण र आयात प्रतिस्थापन सम्भव नहुने उल्लेख गर्नुभयो । कार्यक्रममा विभिन्न कृषि तथा व्यवसायिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## प्रथम कोदो दिवसमा सरोकारवालाको एकै स्वरः रैथाने बाली संरक्षणमा जोड



कृषि उद्यम केन्द्र र सहकार्य संस्थाहरूको सहआयोजनामा तथा नेपाल कोदो तथा फापर संघको आयोजनामा साउन १६ गते "कोदो जन्य परिकारको आधारः खाद्य सुरक्षा र स्वस्थ जीवन" नारासहित प्रथम कोदो दिवस तथा संगोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल र उपाध्यक्ष श्री हेमराज ढकालले रैथाने बाली संरक्षण, उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निजी–सरकार सहकार्यको आवश्यकता औंल्याउनुभयो । एफएओ नेपालका प्रतिनिधिले कोदो नेपालको परम्परागत खाद्य बाली भएकाले विश्वव्यापी ब्रान्ड बन्न सक्ने सम्भावना रहेको बताए ।

नेपाल कोदो तथा फापर संघका अध्यक्ष तथा कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले कोदो संरक्षण, व्यवसायीकरण र बजारीकरणका लागि कार्ययोजना सहित अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा १४० जनाको सहभागिता रहेको थियो ।

## नेपालमा पारिवारिक खेतीसम्बन्धी क्षेत्रीय भेला सम्पन्न




कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजनामा १२–१४ अगष्ट २०२५ मा पारिवारिक खेतीसम्बन्धी क्षेत्रीय भेला सम्पन्न भयो । कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले सहभागिता जनाउँदै धारणा राख्नुभयो ।

एशिया, ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रका किसान, नीति निर्माता र कृषि विज्ञहरूको सहभागिता रहेको भेलाको उद्घाटन कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा नेपालमा पारिवारिक खेतीको आवश्यकता र महत्वबारे छलफल भयो ।



## अर्गानिक मेलाबारे छलफल सम्पन्न

संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुन गइरहेको अन्तर ाष्ट्रिय अर्गानिक मेलामा सहभागिताबारे ६ भदौमा कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेत र मेलाका आयोजकबीच

छलफल सम्पन्न भयो । आयोजकले नेपाली मौलिक तथा अर्गानिक वस्तुको प्रवर्द्धन र निर्यातका लागि मेलामा सहभागिताले महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आवश्यक व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

कृषि उद्यम केन्द्रका सभापति श्री बस्नेतले अघिल्लो वर्षको सफल सहभागितालाई निरन्तरता दिँदै यस वर्ष पनि सरकारसँग सहकार्य गरी नेपाली अर्गानिक वस्तुको प्रवर्द्धनका लागि मेलामा सहभागिता जनाउने योजना रहेको बताउनुभयो ।

## ईजरायली राजदूतलाई कृषि उद्यम केन्द्रमा स्वागत तथा छलफल



भाद्र १० गते नेपालका लागि ईजरायली राजदूत महामहिम Mr. Shmulik Ari Bass लाई कृषि उद्यम केन्द्रमा स्वागत गर्दै नेपालमा कृषि व्यवसायीकरण र प्रविधि विकासमा सहकार्यबारे छलफल सम्पन्न भयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले ईजरायली सरकारको सहयोग र पूर्वमा ४ जना सहभागी ईजरायल पठाइएको जानकारी साझा गर्नुभयो । राजदूतले कार्यक्रम पुनः सञ्चालनका लागि सहकार्य गर्न इच्छुक रहेको र निजी क्षेत्रले अग्रसर हुनुपर्ने बताए ।

कार्यक्रममा केन्द्रका बोर्ड सदस्यहरू र नेपाल डेरी एसोसिएसनका पूर्वअध्यक्ष श्री सुमित केडियाको सहभागिता रहेको थियो ।

## आधुनिक थोक कृषि बजार सम्बन्धी कार्यशाला सम्पन्न




कृषि तथा पशुपन्छी विकास मन्त्रालय, मुक्तिनाथ कृषि कम्पनी र कृषि उद्यम केन्द्रको सहआयोजनामा आधुनिक थोक कृषि बजार स्थापना र संचालनबारे कार्यशाला गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा मन्त्री श्री रामनाथ अधिकारीले साना किसानको जीवनस्तर उकास्न निजी क्षेत्रको भूमिकामा जोड दिनुभयो । ने.उ.वा. महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले करार खेती ऐन समयमै कार्यान्वयन भएमा आयात प्रतिस्थापन र दिगो बजार सम्भव हुने बताउनुभयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले उत्पादन, बजार र बजारीकरणमा सुधारको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने जोड दिनुभयो । कार्यक्रममा विभिन्न संघसंस्था र सरोकारवालाको सक्रिय सहभागिता रहेको थियो ।

## काभ्रे उवासंघको साधारण सभा तथा स्थापना दिवसमा कृषि उद्यम केन्द्रको सहभागिता




२०८२ कार्तिक २३ गते बनेपामा सम्पन्न ४३ औं साधारण सभा तथा ५९ औं स्थापना दिवसमा कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले सहभागिता जनाउनुभयो ।

सभापतिले काभ्रेको व्यवसायीक तरकारी खेती, निर्यात सम्भावना र स्थानीय उत्पादन प्रवर्द्धनमा सरोकारवालालाई आव्हान गर्नुभयो । साथै, विगतमा केन्द्रले संचालन गरेको एक गाउँ-एक उत्पादन कार्यक्रम अन्तर्गत डेरी व्यवसायलाई आधुनिकीकरण गर्ने पहल उल्लेख गर्नुभयो ।

कार्यक्रमको उद्घाटन ने.उ.वा. महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले गर्नुभयो । कार्यक्रममा महासंघका वरिष्ठ पदाधिकारी र विभिन्न उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## कृषि उद्योगका वर्तमान अवस्था र भावी कार्यदिशा विषयक कार्यशाला सम्पन्न





२०८२ कार्तिक २७-२८ मा काभ्रेको धुलिखेलमा कृषि उद्योगका वर्तमान अवस्था र भावी कार्यदिशाबारे कार्यशाला सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन कृषि मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माले गर्नु भएको थियो । उहाँले स्वदेशी उत्पादन प्राथमिकता दिन र आयात प्रतिस्थापनका लागि उपयुक्त नीति नियमको तयारीमा सरकार सक्रिय रहेको बताउनुभयो ।

कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत श्री दीपेन्द्र कुमार जोशीले "कृषि उद्योगका लागि मार्गचित्र" प्रस्तुत गर्नुभयो । विभिन्न जिल्लाका कर्मचारी, उद्यमी, कृषक र सरोकारवालाहरूको सहभागिता रहेको कार्यशालामा परियोजना निर्देशक श्री हिक्मत कुमार श्रेष्ठले दोस्रो चरणको कार्यक्रम तयारीको प्रतिबद्धता जनाउनुभयो ।

## समृद्धिका लागि कृषि विषयक अन्तरक्रिया कार्यक्रम २०८२ सम्पन्न






नेपाल कृषि तथा पशुपन्छी व्यवसायी संघको आयोजना तथा कृषि उद्यम केन्द्रको सहकार्यमा कार्तिक २९ गते वृहत अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका कृषि मन्त्री श्री मधुसुदन पौडेलले

कृषि व्यवसायीक विकासका लागि प्रदेश सरकार तयार रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री सुरकृष्ण बैद्य, कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेत, सहसभापति श्री राज कुमार कार्की र अन्य सरोकारवालाहरूले सुझाव दिनुभयो । कार्यक्रममा कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत श्री दीपेन्द्र कुमार जोशीले समृद्धिका लागि कृषि कार्यपत्र प्रस्तुत गर्नुभयो ।

## ग्रामीण उद्यम सेवा विद्यार्थीहरुको प्रस्तुतिकरणमा सहभागिता



मंसिर ११ गते Kathmandu University School कलेजका ग्रामीण उद्यम सेवा विद्यार्थीहरूले लम्जु, पाल्पा र दोलखा उद्योग वाणिज्य संघका लागि जिल्लाको सम्भाव्य वस्तु, अवसर, चुनौती र बजारबारे प्रतिवेदन प्रस्तुत गरे ।

कृषि उद्यम केन्द्रका सभापति श्री डी.बी. बस्नेतले कार्यक्रमले स्थानीय उद्यमशीलता विकास र युवा पलायन कम गर्न योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । डिन डा. विजय के.सी.ले विद्यार्थीहरूले व्यवहारिक ज्ञान हासिल गर्दै जिल्लाको वस्तु पहिचानमा सफलता पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य संघका प्रतिनिधि, कृषि उद्यम केन्द्रका अधिकारी र कलेजका प्राध्यापक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## खाद्य पदार्थ सम्बन्धी दोश्रो राष्ट्रिय संवादमा कृषि उद्यम केन्द्रको सहभागिता

मंसिर २९, २०८२ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका मन्त्री अनिल कुमार सिन्हाको प्रमुख आतिथ्यतामा दोश्रो राष्ट्रिय खाद्य संवाद कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत श्री दीपेन्द्र कुमार जोशीले नेपालमा खाद्य व्यवस्थापनमा चुनौती, निजी क्षेत्रको योगदान र स्वदेशी उत्पादन प्रवर्द्धनका लागि आवश्यक ऐन र कानूनको कार्यान्वयनमा सरकारको ध्यान जानुपर्ने बताए ।

## कृषि उत्पादनको बजारीकरण विषयक अन्तरक्रियात्मक गोष्ठी सम्पन्न



कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी बैंकको संयुक्त आयोजनामा मंसिर ६, २०८२ मा कृषि उत्पादनको बजारीकरण र सहकारी लगानी विषयक एक दिने अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी विकास बैंकका निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले कृषकले उचित मूल्य पाउन ढुवानी र मूल्य निर्धारणमा सुधार

